# विषयसूची


*विषयसूची* १

*तालिका सूची* ९

*शब्द संक्षेप* १०

*परिच्छेद १: परिचय* ११

१.१ पृष्ठभूमि ११

१.२ आवधिक योजनाको उद्देश्य १२

१.३ आवधिक योजना पूर्वतयारी क्रियाकलाप तथा चरण १२

१.३.१ सन्दर्भ सामाग्रीको अध्ययन १२

१.३.२ वहुसरोकारबालाहरुसँगको प्रारम्भिक छलफल तथा अभिमुखीकरण १३

१.३.३ तथ्याङ्क संकलन तथा वस्तुस्थिती विश्लेषण १३

१.३.४ वडा स्तरीय परामर्श भेला १३

१.३.५ आवधिक योजना तर्जुमा कार्यशाला १३

१.३.६ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी १४

१.३.७ प्रमाणीकरण कार्यशाला १४

१.३.८ अन्तिम प्रतिवेदन पेश १४

१.४ सीमा, जोखिम तथा पूर्वानूमान १४

*परिच्छेद २: गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा* १६

२.१ गाउँपालिकाको परिचय १६

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना १६

२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा १७

२.१.३ जनसांख्यिक अवस्था १८

२.२ आर्थिक विकास अवस्था २०

२.२.१ कृषि तथा खाद्य सुरक्षा २०

२.२.२ पर्यटन तथा संस्कृति २०

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति २१

२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा २१

२.२.५ सहकारी २३

२.३ सामाजिक विकासको अवस्था २३

२.३.१ स्वास्थ्य तथा पोषण २३

२.३.२ शैक्षिक विकास २३
२.३.३ खानेपानी तथा सरसफाई २५
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण २५
२.३.५ युवा, खेलकुद तथा कला २५
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था २६
२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण २६
२.४.२ सडक, पुल तथा यातायात २६
२.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा २७
२.४.४ सूचना, सञ्चार तथा प्रविधि २७
२.५ वन, वातावरण तथा विपद्् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था २७
२.५.१ वन तथा जैविक विविधता २७
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन २७
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन २८
२.५.४ महामारी तथा विपद्् व्यवस्थापन २८
२.६ सुशासन तथा संस्थागत व्यवस्था २८
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन २८
२.६.२ सङ्गठनात्मक विकास २९
२.६.३ श्रोत परिचालन २९
२.६.४ योजना व्यवस्थापन २९
*परिच्छेद ३: सोच तथा विकासको अवधारणा* *३०*
३.१ पृष्ठभूमि ३०
३.२ प्रमुख समस्या तथा चुनौती ३०
३.३ प्रमुख सम्भावना तथा अवसर ३०
३.४ आवधिक योजना तयारीका सिद्धान्त ३१
३.५ दिगो विकास, राष्ट्रिय र प्रदेश लक्ष्यसँग आवधिक योजनाको तादाम्यता ३३
३.५.१ राष्ट्रिय पन्ध्रौं योजनाको सोच ३४
३.५.२ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य ३४
३.६ चम्पादेवी गाउँपालिकाको दीर्घकालीन  सोच, लक्ष्य, उद्देश्य ३५
३.७ रणनीति तथा प्राथमिकता ३५
३.७ परिमाणात्मक लक्ष्य ३६
३.८ समष्टिगत रणनीति, कार्यक्रम तथा आयोजना ४२

*परिच्छेद ४: आर्थिक क्षेत्र* ४३

४.१ कृषि तथा पशुपन्छी ४३

४.१.१ पृष्ठभूमि ४३

४.१.२ समस्या तथा चुनौती ४३

४.१.३ संभावना तथा अवसर ४४

४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ४४

४.१.५कृषि क्षेत्रको अपेक्षित उपलब्धि तथा नतिजा खाका ४६

४.१.६ पशुपन्छीपालन क्षेत्रको अपेक्षित उपलब्धि तथा नतिजा खाका ४९

४.२ सिँचाइ ५१

४.२.१ पृष्ठभूमि ५१

४.२.२ समस्या तथा चुनौती ५१

४.२.३ संभावना तथा अवसर ५१

४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५१

४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ५४

४.२.६ अनुमान तथा जोखिम पक्ष ५५

४.३ पर्यटन, सँस्कृति तथा सम्पदा ५६

४.३.१ पृष्ठभूमि ५६

४.३.२ समस्या तथा चुनौती ५६

४.३.३ संभावना तथा अवसर ५६

४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५७

४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ५८

४.३.६ अनुमान तथा जोखिम पक्ष ५९

४.४.१ पृष्ठभूमि ६०

४.४.२ समस्या तथा चुनौती ६०

४.४.३ संभावना तथा अवसर ६०

४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ६१

४.४.६ अनुमान तथा जोखिम पक्ष ६३

४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ६४

४.५.१ पृष्ठभूमि ६४

४.५.२ सम्भावना अवसर ६४

४.५.३ समस्या चुनौती ६५

४.५.३ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ६५

४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ६७

४.५.६ अनुमान तथा जोखिम पक्ष ६८

*परिच्छेद ५: सामाजिक क्षेत्र* ६९

*५.१ स्वास्थ्य तथा पोषण* ६९

५.१.१ पृष्ठभूमि ६९
५.१.२ समस्या तथा चुनौती ६९
५.१.३ संभावना तथा अवसर ७०
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७०
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ७३
४.५.६ अनुमान तथा जोखिम पक्ष ७५

५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ७६

५.२.१ पृष्ठभूमि ७६
५.२.२ समस्या तथा चुनौती ७६
५.२.३ संभावना तथा अवसर ७६
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७७
५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ७९
५.२.६ अनुमान तथा जोखिम पक्ष ८१

५.३ खानेपानी तथा सरसफाइ ८२

५.३.१ पृष्ठभूमि ८२
५.३.२ समस्या तथा चुनौती ८३
५.३.३ संभावना तथा अवसर ८३
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८३
५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ८६
५.३.६ अनुमान तथा जोखिम पक्ष ८७

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ८८

५.४.१ पृष्ठभूमि ८८
५.४.२ समस्या तथा चुनौती ८८
५.४.३ संभावना तथा अवसर ८९
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८९
५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ९२
५.४.६ अनुमान तथा जोखिम पक्ष ९४

५.५ युवा तथा खेलकुद ९५

५.५.१ पृष्ठभूमि ९५
५.५.२ समस्या तथा चुनौती ९५
५.५.३ संभावना तथा अवसर ९६

५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ९६
५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ९८
५.५.६ अनुमान तथा जोखिम पक्ष ९९

**५.६ कला, भाषा, साहित्य र संस्कृति १००**
५.६.१ पृष्ठभूमि १००
५.६.३ संभावना तथा अवसर १००
५.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १००
५.६.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १०२
५.६.६ अनुमान तथा जोखिम पक्ष १०३

*परिच्छेद ६: पूर्वाधार क्षेत्र १०४*

**६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण १०४**
६.१.१ पृष्ठभूमि १०४
६.१.२ समस्या तथा चुनौती १०४
६.१.३ संभावना तथा अवसर १०५
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १०५
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १०७
६.१.६ अनुमान तथा जोखिम पक्ष १०८

**६.२ सडक, पुल तथा यातायात १०९**
६.२.१ पृष्ठभूमि १०९
६.२.२ समस्या तथा चुनौती १०९
६.२.३ संभावना तथा अवसर १०९
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ११०
६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १११
६.२.६ अनुमान र जोखिम पक्ष ११२

**६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा ११३**
६.३.१ पृष्ठभूमि ११३
६.३.२ समस्या तथा चुनौती ११३
६.३.३ संभावना तथा अवसर ११४
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ११४
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ११५
६.३.६ अनुमान तथा जोखिम पक्ष ११६

**६.४ सूचना, सञ्चार तथा प्रविधि ११७**
६.४.१ पृष्ठभूमि ११७

६.४.२ समस्या तथा चुनौती ११७
६.४.३ संभावना तथा अवसर ११८
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ११८
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ११९
६.४.६ अनुमान तथा जोखिम पक्ष १२०

*परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र* *१२१*

७.१ वन तथा जैविक विविधता **१२१**
७.१.१ पृष्ठभूमि १२१
७.१.२ समस्या तथा चुनौती १२१
७.१.३ संभावना तथा अवसर १२२
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२२
७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १२४
७.१.६ अनुमान तथा जोखिम पक्ष १२५

७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन **१२६**
७.२.१ पृष्ठभूमि १२६
७.२.२ समस्या तथा चुनौती १२७
७.२.३ संभावना तथा अवसर १२७
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२७
७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १२९
७.२.६ अनुमान तथा जोखिम पक्ष १२९

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन **१३०**
७.३.१ पृष्ठभूमि १३०
७.३.२ समस्या तथा चुनौती १३०
७.३.३ संभावना तथा अवसर १३१
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १३१
७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १३३
७.३.६ अनुमान तथा जोखिम पक्ष १३४

७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता **१३५**
७.४.१ पृष्ठभूमि १३५
७.४.२ समस्या तथा चुनौती १३५
७.४.३ संभावना तथा अवसर १३६
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, आयोजना १३६
७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १३८

७.४.६ अनुमान तथा जोखिम पक्ष १३९

*परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र* ***१४०***

८.१ संस्थागत विकास तथा सुशासन **१४०**

८.१.१ पृष्ठभूमि १४०

८.१.२ समस्या र चुनौती १४०

८.१.३ सम्भावना/अवसर १४१

८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १४१

८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १४३

८.१.६ अनुमान तथा जोखिम पक्ष १४५

*परिच्छेद ९: कार्यान्वियन व्यवस्था* ***१४६***

९.१ संस्थागत संरचना तथा मानव संसाधन **१४६**

९.१.१ पृष्ठभूमि १४६

९.१.२ समस्या/चुनौती १४६

९.१.३ सम्भावना/अवसर १४६

९.१.४ दीर्घकालीन  लक्ष्य र उद्देश्य १४६

९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट १४८

९.४ क्षेत्रगत बजेट विनियोजनको अनुमानित खाका १४९

९.५ स्रोत अनुमान तथा प्रक्षेपण १५०

९.६ वित्तीय स्रोत परिचालन तथा सहकार्य **१५२**

९.७ वित्तीय स्रोत परिचालनका रणनीति तथा कार्यनीति **१५२**

९.८ आवधिक योजना कार्यान्वियन **१५२**

९.८.१ वर्तमान अवस्था १५३

९.८.२ कार्यान्वयन कार्ययोजना १५३

९.८.३ मार्गदर्शन तयारी १५३

९.८.४ कार्यान्वियन विधिको छनौट १५३

९.८.५ अख्तियारी १५३

९.८.६ वार्षिक कार्यान्वयन कार्ययोजना १५४

९.८.७ अनुगमन प्रतिवेदन र समीक्षा १५४

९.९ अनुगमन तथा मूल्याङ्कन योजना **१५४**

९.९.१ अनुगमन तथा मूल्याङकनको आवश्यकता १५४

९.९.२ अनुगमन तथा मूल्याङकनका लागि जिम्मेवार निकाय १५५

*अनुसूची १: गाउँपालिका स्तरीय गौरबका योजना* ***१५७***

*अनुसूची २ : वडागत आयोजना* १५८

*अनुसूची ३ : प्रारम्भिक कार्यशालाको उपस्थिती* १८४

*अनुसूची ४: तिन दिने योजना तर्जुमा कार्यशालाको उपस्थिती* १८८

*अनुसूची ५: प्रमाणीकरण योजना तर्जुमा कार्यशालाको उपस्थिती* १९०

*अनुसूची ६: भूउपयोगका आधारमा चम्पादेवी गाउँपालिकाको नक्सा* १९२

*अनुसूची ७: भूउपयोगका आधारमा चम्पादेवी गाउँपालिकाको वडागत जिआइएस नक्सा* १९४

*अनुसूची ८: आवधिक योजना निर्माणका सञ्चालित क्रियाकलपाहरुको एक भलक* २०४

# तालिका सूची


| विवरण | पेज नं. |
|---|---|
| तालिका १: जनसांङ्खिक अवस्था | ८ |
| तलिका २: वित्तिय संस्थाहरुको विवरण | १२ |
| तालिका ३: विद्यालयको भौतिक संरचना सम्बन्धि विवरण | १४ |
| तालिका ४: दिगो विकास लक्ष्य तथा सूचक | २३ |
| तालिका ५: दीर्घकालीन राष्ट्रिय लक्ष्य तथा सूचक | २४ |
| तालिका ६: राष्ट्रिय तथा कोशी प्रदेशको लक्ष्य | २६ |
| तालिका ७ : चम्पादेवी गाउँपालिकाको परिमाणात्मक लक्ष्य | २९ |
| तालिका ८ : क्षेत्रगत बजेट विनियोजन | १४१ |
| तालिका ९: चम्पादेवी गाउँपालिकाको आगामी पाँच वर्षको प्रक्षेपण अनुमान | १४२ |
| तालिका १०: कार्यान्वयन कार्ययोजनाका चरण | १४३ |
| तालिका ११: आवधिक गाउँविकास योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया | १४७ |

## शब्द संक्षेप

| | | |
|---|---|---|
| अ.मू. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.वि. | : | आधारभूत विद्यालय |
| मा.वि | : | माध्यमिक विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलो मिटर |
| न पा | : | नगरपालिका |
| गा पा | : | गाउँपालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मे टन | : | मेट्रिक टन |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि | : | लिटर |
| दिविल | : | दिगो विकास लक्ष |
| दिराल | : | दिगो राष्ट्रिय लक्ष्य |
| हे. | : | हेक्टर |

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

योजना भविष्यको समग्र खाका हो । वि.सं. २०१३ सालदेखि नै नेपालले योजनाबद्ध विकास प्रणालीको अवधारणा अंगिकार गर्दै आएको छ । राजनीतिक व्यवस्थामा योजना प्रणालीले निश्चित समयाबधिको तत्कालीन अवस्थाको आधारमा भविष्यमा प्राप्त हुने नतिजाको निर्दिष्ट प्रक्रियाको खाका प्रस्तुत गरेको हुन्छ । राज्यको भौगोलिक सिमाना भित्र बसोवास गर्ने नागरिकको हकहित, कल्याण र समृद्धिका लागि योजना निर्माणले महत्वपूर्ण भूमिका खेल्दछ । नेपालमा अहिलेसम्म पञ्चवर्षिय तथा त्रिवर्षिय गरि १४ वटा आवधिक योजना सम्पन्न भईसकेका छन् भने पन्ध्रौं योजना कार्यान्वयनको चरणमा छ । आर्थिक वर्ष २०७६/७७ देखि २०८०/ ८१ सम्मको लागि तय गरिएको पन्ध्रौं योजनाले नेपालको संविधान र दीगो विकास लक्ष्य २०३० को मूल मर्मलाई आत्मसात गर्दै प्रदेश र स्थानीय तहको योजना निर्माणको निर्दिष्ट खाका प्रस्तुत गरेको छ । नेपालको संविधानले लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही सुशासन, विकास र समृद्धि हाँसिल गर्ने राष्ट्रिय कार्यसूची निर्धारण गरेको छ । संविधानले प्रत्याभूत गरेको मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वका उल्लिखित प्रावधानहरुलाई आवधिक योजना मार्फत कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, नेपाल सरकार र प्रदेश सरकारले विभिन्न समयमा जारी गरेका परिपत्र तथा मार्गदर्शन, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ लगायतका ऐन तथा नीति नियमले स्थानीय सरकारहरुले आवधिक योजना तर्जूमा गरी त्यसका आधारमा वार्षिक तथा रणनीतिक योजना निर्माण गर्नुपर्ने कुरालाई जोड दिएको छ । यसै सन्दर्भमा आर्थिक वर्ष २०८०/८१ देखि २०८४/ ८५ सम्मका चम्पादेवी गाउँपालिकाको यो आवधिक योजना निर्माण गरिएको हो । यो आवधिक योजना मूलतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आधारित छ । ऐनको दफा २४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत  विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । यस्ता योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिन निर्देश गरेको छ । यस्ता योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाहरूको सहभागीता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा  लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समूदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सर्म्वद्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने जस्ता विषयलाई प्राथमिकता दिनु पर्ने व्यवस्था गरेअनुसार यो आवधिक योजना निर्माणका क्रममा उल्लिखित विषयलाई मूल आधारको रुपमा

लिइएको छ भने राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को खाकाको आधारका यो आवधिक योजना तयार गरिएको छ ।

## १.२ आवधिक योजनाको उद्देश्य

सामान्यत यो आवधिक योजना निर्माण उद्देश्य चम्पादेवी गाउँपालिकाको वस्तुस्थिति तथा साधन श्रोतको पहिचान र विश्लेषण गरी स्थानीय सरकारको मूल्य मान्यता तथा स्थानीय आवश्यकताका आधारमा गाउँपालिकाको समष्टिगत विकासको खाका तयार गर्ने रहेको छ । यसका अतिरिक्त यो आवधिक योजना निर्माणका विशेष उद्देश्यहरु यस प्रकार रहेको छन् ।

- नेपाल सरकारको पन्ध्रौं पञ्चबर्षीय योजना, कोशी प्रदेशको प्रथम पञ्चबर्षीय योजना तथा संयुक्त राष्ट्रसंघका दीगो विकासका लक्ष्यहरु प्राप्तिका लागि योगदान पुऱ्याउने,
- चम्पादेवी गाउँपालिकाको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति, प्राथमिकता तथा आयोजना निर्धारण गर्ने,
- आवधिक योजनाको कार्यान्वयनकालागि मध्यमकालीन तथा वार्षिक कार्यान्वयन कार्ययोजना, अनुगमन र समीक्षा सूचकहरुको खाका तयार पार्ने,
- भविष्यमा विषय क्षेत्रगत रणनीतिक योजना तथा विकास प्राथमिकता प्राप्त कार्यक्रमहरु तर्जुमा गर्न मार्ग निर्देशित गर्ने,
- समष्टि र विषय क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न मध्यकालीन खर्च संरचना तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रर्वद्धनका लागि मार्गचित्र पेश गर्ने,
- चम्पादेवी गाउँपालिकाले अंगिकार गरेको नीति तथा कार्यक्रम, दीर्घकालीन सोच, लक्ष्य तथा क्षेत्रगत उद्देश्यलाई मूर्तरुप दिनसक्ने रणनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्ने ।

## १.३ आवधिक योजना पूर्वतयारी क्रियाकलाप तथा चरण

यस चम्पादेवी गाउँपालिकाको आवधिक योजना तर्जुमाका लागि राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को खाका अनुसार निम्नानुसारको चरण पार गर्दै यो आवधिक योजना तयार गरिएको हो ।

### १.३.१ सन्दर्भ सामाग्रीको अध्ययन

आवधिक योजना तर्जुमाका लागि गाउँपालिकासँग सम्बन्धित अभिलेख, उपलब्ध लेख रचना, गाउँपालिकाले विभिन्न समयमा प्रकाशित गरेको प्रतिवेदनहरुको अध्ययन गरी गाउँपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको समीक्षा गरिएको छ । यसका अतिरिक्त गाउँपालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषणका साथै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोग अन्तर्गतका ऐन, कानून तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोग अन्तर्गतका आवधिक योजना तर्जुमा निर्देशिका तथा अन्य सम्बन्धित स्रोत सामाग्रीको अध्ययन गरिएको छ ।




### १.३.२ बहुसरोकारबालाहरुसँगको प्रारम्भिक छलफल तथा अभिमुखीकरण

प्रारम्भिक चरणमा गाउँपालिका कार्यालयको सहयोगमा गाउँपालिका स्थित बहुसरोकारबालाहरुसँग योजना निर्माणको सैद्धान्तिक पक्षलाई समेटेर गाउँपालिकाका सरोकारबाला (राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, कृषक समूह, महिला तथा आमा समूह, लक्षित वर्गका प्रतिनिधि आदि) को सहभागितामा भएको उक्त छलफलमा संघीय संरचना अन्चर्गतस्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा अन्तरक्रिया गरिएको थियो ।

### १.३.३ तथ्याङ्क संकलन तथा वस्तुस्थिती विश्लेषण

आवधिक योजना तर्जुमा पूर्व गाउँपालिकाको जनसांखिक, आर्थिक, समाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धि आधारभूत तथ्याङ्क संकलनका लागि संस्थागत सर्वेक्षण गरिएको छ । आवधिक योजना तर्जुमाको प्रयोजनाका लागि भएको तथ्याङ्क संकलनका लागि आवश्यक सूचकहरु तथा प्रश्नावली तयार गरि सूचकमा उल्लिखित सूचनाहरु गाउँपालिकाको शाखाहरुबाट संकलन तथा प्रश्नावली अनुसार तयार गरिएको  सूचनाहरु वडागत छलफल भई सहभागी तथा जनप्रतिनिधिको सहयोग संकलन कार्य सम्पन्न भएको हो ।

### १.३.४ वडा स्तरीय परामर्श भेला

गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानवीय र प्राकृतिक श्रोतको वर्तमान अवस्थाको आँकलन गर्दै आवधिक योजना तर्जुमा कार्यका लागि वडा वडाको वस्तुस्थिति विश्लेषणका प्रत्येक वडासँग सम्बन्धित राजनीतिक दलका प्रतिनिधि, निर्वाचित जनप्रतिनिधि, स्थानीय जानकार, विभिन्न संघ संस्थाका प्रतिनिधि, निजी क्षेत्र, उद्यमी, आमा/महिला समूह प्रतिनिधि, कृषक समूह आदिको उपस्थितिमा १० वटै वडामा वडास्तरीय परामर्श भेला आयोजना गरिएको थियो ।

### १.३.५ आवधिक योजना तर्जुमा कार्यशाला

गाउँपालिकाका आर्थिक, सामाजिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानवीय र प्राकृतिक श्रोतको वर्तमान अवस्थाको वस्तुपरक विश्लेषण, सोको आधारमा दीर्घकालीन सोंच, आवधिक लक्ष्य, बिषय  क्षेत्रगत उद्देश्य, रणनीति, समष्टिगत लक्ष्य सहित कार्यक्रमहरु तर्जुमा गर्ने उद्देश्यले राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, विभिन्न संघ संस्थाका प्रतिनिधि, निजी क्षेत्र, उद्यमी, आमा/महिला समूह प्रतिनिधि, कृषक समूह आदिको उपस्थितीमा तीन दिवसीय योजना तर्जुमा कार्यशालामा प्रस्तुत गरिएको थियो ।

### १.३.६ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी

गाउँपालिका स्तरीय कार्यशालाले निर्धारण गरेको दुरदृष्टी, लक्ष्यलाई दृष्टिगत गरि बिषयगत क्षेत्रहरुका अवसर र चुनौतीको विश्लेषणका आधारमा समूहबाट आएका विषयगत उद्देश्य, रणनीति र प्रमुख कार्यक्रमहरु, उपलब्ध मापनका सूचकहरुलाई समूह छलफल गरी अन्तिम रुप दिईएको थियो । यसको अतिरिक्त अन्तरपालिका, प्रदेश तथा संघीय सरकारसँग सरोकार राख्ने योजनाहरु, गाउँपालिकाले सेवाग्राहीलाई सेवा प्रदान गर्न आवश्यक पर्न जाने गाउँपालिकाको प्रशासनिक भौतिक पूर्वाधार, संस्थागत विकास र मानव श्रोत संसाधनको विकास र व्यवस्थापनलाई पनि छलफल गरिएको थियो । यसको साथै आवधिक योजनाको लागि आवश्यक पर्ने जिआईएस नक्साहरु तयार गरिएको छ । साथै गाउँपालिकाको पार्श्वचित्र तथा कार्यशालाबाट निर्माण गरिएका दस्ताबेजको सहयोगमा गाउँपालिकाको पाँचबर्षे ( २०८०/८१-२०८४/८५) मस्यौदा योजना तयार गरिएको हो ।

### १.३.७ प्रमाणीकरण कार्यशाला

माथि उल्लिखित प्रक्रिया पूरा गरि आवधिक योजना सम्बन्धि तयार पारिएको प्रारम्भिक खाकाको प्रमाणीकरणका लागि गाउँपालिकाका सम्बन्धित सरोकारबालाहरुको सहभागितामा प्रतिवेदन प्रमाणीकरण गोष्ठीको आयोजना गरिएको थियो । प्रमाणीकरण गोष्ठीमा गाउँपालिकाको आवधिक योजनामा समावेश हुने सम्पूर्ण विषयवस्तु तथा अध्ययनको सम्पूर्ण प्रारुप प्रस्तुत गरी सरोकारबालाबाट प्राप्त सुझावलाई समेटेर परिमार्जन समेत गरिएको छ ।

### १.३.८ अन्तिम प्रतिवेदन पेश

प्रतिवेदनको मस्यौदा खाकामा भएको छलफल तथा सुझावहरुको सम्बोधन गरी अन्तिम प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरिएको छ ।

## १.४ सीमा, जोखिम तथा पूर्वानूमान

- आवधिक योजना तर्जुमाका क्रममा प्रयोग गरिएका परिमाणात्मक लक्ष्य प्रस्तावित हुन जसले यथार्थ अवस्थाको प्रतिनिधित्व नगर्न पनि सक्छन् ।
- पार्श्वचित्रमा प्रस्तुत कतिपय तथ्याङ्क द्वीतिय स्रोत (शाखा, गाउँपालिका योजना पुस्तिका) बाट लिइएको हुनाले यसले वर्तमान अवस्थाको चित्रण नगर्न पनि सक्छ ।
- आवधिक योजनामा प्रस्तुत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिको सहज प्रतिफल संघीय व्यवस्थाको प्रभावकारी कार्यान्वयन, स्थीर सरकार तथा अन्य कुनै प्राकृतिक तथा अकल्पनीय घटना नभएको अवस्थामा मात्र प्राप्त हुनेछ ।

- **आवधिक योजनाको सफल कार्यान्वयनका निमित्त देहायका अवस्थाहरुको सहयोग अपरिहार्य हुनेछः**
  - संघीयताका मर्म बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचनात्मक विकास भएको हुनेछ ।
  - संघ, प्रदेश र स्थानीय तहका आवश्यक कानूनहरुको निर्माण भएको हुनेछ ।
  - स्थानीय सरकारले संवैधानिक रुपमा प्रदत्त अधिकारको प्रयोग गर्न पाउनेछन ।
  - स्थानीय आवश्यकताका आधारमा कानून निर्माण भएको हुनेछ ।

- सरकारी, सहकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।
- गाउँपालिकाले रणनीतिक कार्यक्रमको कार्यान्वयन लाभ लागत विश्लेषणका आधारमा गर्नेछ ।
- जलवायु परिवर्तन वा अन्य कुनै प्रकारले हुने प्राकृतिक विपद्‌को अवस्था सामना गर्नु पर्ने छैन ।

# परिच्छेद २: गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ गाउँपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

चम्पादेवी गाउँपालिका ओखलढुङ्गा जिल्लाको सदरमुकामबाट पश्चिम दिशामा अवस्थित छ । यो गाउँपालिका २७.१५ देखि २७.२० डिग्री उत्तरी अक्षांस र ८६.१५ देखि ८६.२० पूर्वी देशानतरमा फैलिएको छ । चम्पादेवी गाउँपालिकाको सीमाना पूर्वमा सुनकोशी गाउँपालिका, पश्चिममा लिखु गाउँपालिका र रामेछाप जिल्ला, उत्तरमा लिखु, खिजिदेम्बा र मोलुङ गाउँपालिकालाई छुँदै दक्षिण तर्फ सिन्धुली जिल्लासम्म फैलिएको छ । श्री चम्पादेवीको तीनतले, ककनी, सेरलुङ थिनल, फेन्दीछोक, टाँसी छोलिङ सोनाम गुम्बा, सिद्धपोखरी, कवासे थुम्का, थामडाँडा, थामचुरी, थलारी डाँडा, डल्ली डाँडा, चमेरे गुफा, वन झाक्रीँ गुफा, इसाई गुफा, कार्जु दमार, मालिङ्गेडाडाँ, भिमल दुलो आदि यस क्षेत्रको पर्यटकीय सम्भावना रहेको क्षेत्र हो ।



कोशी प्रदेशको १४ वटा जिल्लाहरु मध्येको एक ओखलढुङ्गा जिल्लामा ७ गाउँपालिका र १ नगरपालिका गरी ८ वटा स्थानीय तह रहेका छन् । चम्पादेवी गाँउपालिकामा साविकका पलापु, कालिका, फेदिगुठ, फूलबारी, रानीवन र विलन्दु गाँउविकास समितिलाई समेटी १० वटा वडामा विभाजित यस गाउँपालिकाको क्षेत्रफल १२६.९१ वर्ग कि.मि र जनगणना २०७८ अनुसार कुल १६,३१२ जनसंख्या रहेको छ । यस चम्पादेवी गाउँपालिकाको कालिकामा गाउँकार्यपालिकाको केन्द्र रहेको छ। भौगोलिक सिमानाको हिसावले हेर्दा पूर्वमा सुनकोशी गाउँपालिका पश्चिममा लिखु गाउँपालिका र रामेछाप जिल्ला उत्तरमा लिखु, खिजिदेम्बा र मोलुङ गाउँपालिकालाई छुँदै दक्षिण तर्फ सिन्धुली जिल्लासम्म फैलिएको छ ।

स्थानीय तहको सरकार सञ्चालनको लागि राजनीतिक संरचना अपरिहार्य छ । संघीयता कार्यान्वयन पश्चात भएको दोस्रो स्थानीय तहको निर्वाचनमा यस चम्पादेवी गाउँपालिकामा २०७९ बैशाख ३० भएको गाउँकार्यपालिकाको निर्वाचन सम्पन्न भएको थियो । उक्त निर्वाचनबाट यस चम्पादेवी गाउँपालिकाको अध्यक्षमा श्री नवराज के.सी र उपाध्यक्षमा श्री दिलामाया मगर निर्वाचित हुनु भएको छ । स्थानीय तहको निर्वाचनबाट ५५ सदस्य भएको गाउँ सभा बनेको छ । गाउँसभाले स्थानीय शासनको मार्गदर्शन, शासनको नेतृत्व, शासनको अन्तिम उत्तरदायित्व, नीति तथा कानून निर्माण, संगठन निर्माण तथा विस्तार, सरकारी सेवाको गठन, प्रशासनीक संरचनालाई चुस्तदुरुस्त बनाउने `, बजेट स्वीकृत, कर प्रणालीको व्यवस्थापन, तथा परिचालन जस्ता कार्य गर्दछ । राजनीति संरचना जनताको प्रतिनिधीमूलक संस्था हो । जनताले मतदान मार्फत गाउँ कार्यपालिकाको निर्माण भएको छ । गाउँ कार्यपालिकामा १८ जना सदस्य रहेका छन् । कार्यपालिकाको कार्यसम्पादनलाई चुस्त र दुरुस्त र प्रशासनिक संरचनालाई मार्गनिर्देश गर्न कार्यपालिका सदस्यहरुको नेतृत्वमा आर्थिक विकास समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, विधायन समिति जस्ता समितिहरु क्रियाशिल रहेका छन् । यस बाहेक उपाध्यक्षको संयोजकत्वमा न्यायीक समिति, राजश्व परिचालन तथा बजेट निर्माण समितिको समेत गठन गरिएको छ । यस बाहेक प्रत्येक १० वटै वडाहरुको राजनीतिक नेतृत्व वडाध्यक्षहरुको रहेको छ ।

गाउँपालिकाको राजनीतिक संरचनालाई प्रभावकारी कार्यसम्पादनको लागि प्रशासनिक संरचनाको भूमिका महत्वपूर्ण हुन्छ । प्रशासनिक संरचना शासन प्रणालीको आधारभूत संरचना हो । प्रशासनिक संरचना राजनीतिक संरचनाको कार्यसम्पादनको सहयोगी संरचना पनि हो । यो संरचनाले जनता र सरकारको सेतुको रुपमा कार्य गर्दछ । नीतिनियमको परिपालना गर्दै राजनीतिक दलको प्रतिवद्धताको कार्यान्वयन तथा राजनीतिक संरचनाले लिएको दृष्टिकोणलाई सार्थक बनाउने कार्य गर्दछ। चम्पादेवी गाउँपालिकाको प्रशासनिक संरचनाको नेतृत्व प्रमुख प्रशासकीय अधिकृत (अधिकृत स्तर) को निजामती सेवाको कर्मचारीको रहेको छ भने पूर्वाधार, कृषि, पशुसेवा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, महिला बालबालिका, सामाजिक सुरक्षा र पञ्जीकरण अन्य विषयगत कर्मचारीहरुको व्यवस्था छ । यस बाहेक प्रत्येक १० वटै वडाहरुको प्रशासनिक नेतृत्व वडा सचिवको रहेको छ ।

### २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

यस गाउँपालिका प्राकृतिक र साँस्कृतिक सम्पदाले भरिपूर्ण छ । श्री चम्पादेवीको तीनतले, ककनी, फेन्दीछोक, टाँसी छोलिङ,सोनाम गुम्बा, सिद्धपोखरी, कवासे थुम्का, थामडाँडा, थामचुरी, थलारी डाँडा,

डल्ली डाँडा, चमेरे गुफा, वन झाँक्री गुफा, इसाई गुफा, कार्जु दमार, मालिङ्गेडाडाँ, भिमल दुलो आदी यस क्षेत्रको पर्यटकीय सम्भावना रहेको क्षेत्र हो ।

यस गाउँपालिका भएर बग्ने सबैभन्दा ठूला नदीहरुमा सुनकोशी, लिखु र शेरा खोला पर्दछन भने साना मध्येका पत्ताले खोला, फेदीखोला, सिम्ले खोला, कालो खोला, घ्याङ्ले खोला, पात्ले खोला लगायतका खोला गाउँपालिकाका प्राकृतिक जल सम्पदा हुन र कमीलेचौर, सिद्धपोखरी, कवासे थुम्का, थामडाँडा, थामचुरी, थलारी डाँडा, डल्ली डाँडा, लगायतका पहाडी थुम्का र डाँडाहरु पर्दछन भने चमेरे गुफा, वनझाँक्री गुफा जस्ता गुफा साथै लोभलाग्दा फाँटहरु, रमणीय डाँडा पाखाहरु रहेका छन जसले आन्तरिक तथा बाह्य पर्यटकको गन्तब्य स्थलको रुपमा यस क्षेत्रलाई पर्यटकीय प्रवर्द्धन, विकास र व्यवस्थापन गर्न सकिने प्रचुर सम्भावना छ ।

### २.१.३ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १६ हजार ३ सय ११ जना रहेका छन् भने महिलाको जनसङ्ख्या ८ हजार ४ सय ५३ र पुरुषको जनसंख्या ७ हजार ८ सय ५८ मात्र रहेको छ । महिलाको जनसंख्या ५२ प्रतिशत छ भने पुरुषको जनसंख्या ४८ प्रतिशत छ। औषत परिवार संख्या ४.०४ जना रहेको छ । वडा अनुसारको जनसंख्या यस प्रकार रहेको छ ।




वडागत रुपमा ७% देखि १५ % जनसंख्याको वसोवास छ । सबै भन्दा बढि १५% जनसंख्या वडा नं २ मा छ भने कम जनसंख्या वडा नं ८ र ९ मा ७/७% छ । यस मध्ये २.४% जनसंख्यामा कुनै न कुनै प्रकारको आपङ्गता छ । आपङ्गता भएका मध्ये ४६.४% शारीरिक, ५.९% दृष्टिविहिन, १४.९% न्यून दृष्टियुक्त, ८.२% बहिरा, ३.८% मनोसामाजिक, ७.७% सुस्त श्रवण, ०.८% बहिरा एवं दृष्टिविहिन, ३.1% मानसिक, १.०३% बौद्दिक अपाङ्गता, १.५% हेमोफेलिया, ०.८% अटिज्म र ५.९% बहुअपाङ्गता पाइएको छ ।

तालिका नं १ : जनसांखिक अवस्था

| वडा नं | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ९८९ | ११७४ | २१६३ |
| २ | ११४५ | १३०० | २४४५ |
| ३ | ७४७ | ७६२ | १५०९ |
| ४ | ८८० | ८६६ | १७४६ |
| ५ | ६८३ | ७२७ | १४१० |
| ६ | ९६१ | १०५७ | २०१८ |
| ७ | ६१९ | ६२७ | १२४६ |
| ८ | ५६६ | ५८५ | ११५१ |
| ९ | ५३५ | ५५७ | १०९२ |
| १० | ७३३ | ७९८ | १५३१ |
| जम्मा | ७८५८ | ८४५३ | १६३११ |

स्रोत: राष्ट्रिय जनगणना २०७८




राष्ट्रिय जनगणना २०७८ अनुसार जातजातिगत रुपमा यस गाउँपालिकाको जनसंख्याको विवरण यस प्रकार रहेको छ। जसमध्ये क्षेत्रीहरुको जनसंख्या निकै धेरै रहेको छ।




यस गाउँपालिकामा ८७.४० प्रतिशत हिन्दु, ९.१ प्रतिशत बौद्ध, २.१९ प्रतिशत किराँत १.३२ क्रिष्चियनहरुको बसोवास छ।



मातृभाषाका आधारमा चम्पादेवी गाउँपालिकामा कूल जनसङ्ख्याको ७१.२६ प्रतिशत अर्थात सबैभन्दा बढी नेपाली खस पर्वते भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्ने गरेको देखिन्छ, भने मगर भाषीको सङ्ख्या १३.१९ प्रतिशत रहेका छन । त्यसैगरी तामाङ्ग मातृभाषा बोल्नेको सङ्ख्या ७.४६ प्रतिशत, नेवारी बोल्नेको संख्या ४.७५ प्रतिशत रहेको देखिन्छ ।

## २.२ आर्थिक विकास अवस्था

गाउँपालिकाको आर्थिक विकास आधारको रुपमा कृषि तथा खाद्य सुरक्षा, पर्यटन तथा सस्कृति, उद्योग, व्यापार, व्यवसाय र आपूर्ति, आम्दानी, रोजगारी र वित्तिय सेवा, तथा सहकारी जस्ता क्षेत्रहरुलाई लिन सकिन्छ । यस क्षेत्रको अवस्थाले समग्र गाउँपालिकाको आर्थिक विकासको अवस्थालाई चित्रण गरेको हुन्छ । यस खण्डमा गाउँपालिको आर्थिक अवस्थाको विश्लेषण गरिएको छ । यस खण्डमा प्रस्तुत भएका तथ्यांक र सूचनाहरु वडा स्तरीय छलफलका क्रममा संकलन गरिएको हो ।

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

यस गाउँपालिकामा कृषि पेशामा संलग्न जनसंख्याको झण्डै ८० प्रतिशत रहेको छ । कृषि बालीमा धान, मकै, कोदो, फापर, कोसेबाली, पस्याङ्ग,मास, सिमी, जुनेलो, आलु, र गहुँ आदि रहेको छ । सबैभन्दा राम्रोसँग फस्टाउने बालीमा धान, मकै, आलु, र अलैंची पर्दछ । गाउँपालिकामा आधुनिक तथा व्यवसायिक रुपमा कृषि कर्म गर्ने कृषकको संख्या करिब १०४ जना छ । कृषि क्षेत्रमा यन्त्र उपकरणहरुमा हातेट्याक्टर र परम्परागत औजारहरु जस्तैः हलो प्रयोग गरिन्छ भने मुख्य नगदे बालीमा तोरी, आलु, गहुँ, भटमास, वेसार, खुर्सानी, बदाम, र अलैंची आदि उत्पादन गरिन्छ । तरकारी खेतीमा साग, सिमी, इस्कुस, टमाटर, काउली, फर्सी, बन्दा, प्याज, करेला, फूलकोभी आदिको उत्पादन प्रायः सबै वडामा हुने गरेको छ । खेतबारीमा प्राङ्गरिक तथा रासायनिक मल प्रयोग गरिएको पाईन्छ । कतिपय वडाहरुमा कृषि उत्पादनका लागि कृषकलाई बीउविजनको उपलव्धता भने कतिपय वडाहरुमा सहज नै छ । यस गाउँपालिबाट उत्पादिन कृषिजन्य वस्तु मध्ये आलु, अलैंची र धान निर्यात गरेको छ । यस्ता वस्तु काठमाडौं र छिमेकका गाउँपालिकामा निर्यात गर्ने गरिएको छ । आलु, टमाटर, राजमा, भटमास, तरकारी, गहत, मास, केरा, अलैंची छिमेकी देश भारत तर्फ समेत निर्यात हुने गरेको छ । चामल, नुन, तेल, दाल, तरकारी, चिनी, चियापत्ति, मसला भारतबाट आयात गरिएको पाईन्छ । उपभोगको हिसावले २० प्रतिशत घरधुरीमा स्थानीय रुपमा उत्पादित वस्तुमात्र उपभोग गर्ने गरेको पाईन्छ । स्थानीय स्तरमा आँप, मेवा, कटहर, कागती, सुन्तला, निवुवा, जुनार, केरा, नास्पती, अम्बक, आलुबखडा, आरु, किवि जस्ता फलफूल उत्पादन हुने गरेको पाईन्छ । उत्पादित फलफूल हाटबजारमा बिक्री गर्ने गरिएको छ भने धेरै मात्रामा फलफूल भारतबाट आयात गरिएको पाईन्छ । धेरै सम्भावना भएको फलफूल व्यवसायमा आँप, सुन्तला, किवि, कागती र केरा पर्दछ । पशुपालनबाट हुने उत्पादनको स्थानीय बजारको रुपमा फलाटे, पलापु, धोराखोरी, कालिका, र साधुटार जस्ता स्थानलाई लिन सकिन्छ ।

### २.२.२ पर्यटन तथा संस्कृति

पर्यटन तथा संस्कृति आर्थिक विकासको आधार हो । यस गाउँपालिका प्राकृतिक र साँस्कृतिक सम्पदाले भरिपूर्ण छ । स्थानीय ऐतिहासिक ठाउँहरुमा श्री चम्पादेवी, गोलमादेवी मन्दिर, कोजुं कालिका देवीथान, सितापोखरी, सातकन्या गुफा, मालिङगे, चाम डाँडा, कालीका देवी थान, सिंहदेवी मन्दिर, कलेस्वर महादेब,

बनढाडी दुलो, चमेरो गुफा, तामाखानी, गुम्वा, माने, ककनी मन्दिर, जम्वु चउर, लामीडाँडा आदि पर्यटकीय सम्भावना रहेको क्षेत्र हो ।

चम्पादेवी गाउँपालिका संस्कृति, भेषभुषा, भाषामा धनी छ । मगर, माझी, सुनुवार, बादी संस्कृति र तीज, पन्चेबाजा, नैमती बाजा, दोहोरी, शेर्पा नाँच, बालन नाँच, जनै पूर्णिमामा धामी नाच यस गाउँपालिकाको संस्कृतिको रुपमा लिन सकिन्छ भने मगर, नेवार, माझी, सुनुवार, तामाङ, गुरुङ्ग र शेर्पाको आफ्नै भेषभुषा र भाषा छ । यस गाउँपालिकाको धार्मिक स्थलहरुमा श्री चम्पादेवी, भिमसेनथान, दुग्देश्वर महादेब, हलेश्वर महादेव गोलमा देवी मन्दिर, कोजुं कालिका देवी थान, सानो ककनी चाडेस्वरी सिद्धपोखरी, सेतीका देवी, वायुमान, आतबारे, भिमसेन थान, जागेस्वर महादेब, मालिङ्गे देबी, सिंहदेबी, आइतबारे, चाम डाँडा, कालीकादेबी थान, सेतीदेबी, भूमेस्वर सिंहदेवी मन्दिर, कलेस्वर महादेब, तारा देवी, ककनी जलेस्वर महादेब, भिमसेन थान, रुद्राक्षेस्वर महादेव, कालिका देबी आदि प्रख्यात छन् ।

यस गाउँपालिकाको पर्यटकीय स्थलहरुमा । श्री चम्पादेबी,  पुनटार, सानो ककनी, सिद्धपोखरी, धरापे डाँडा, सातकव्या गुफा, मालिङगे पार्क, सिहदेवी मन्दिर, बनढाडी दुलो, चमेरो गुफा, चुलि डाँडा, दमाहा ढुङगो सुरुङ आदि हुन । यहाँ पर्यटकीय स्तरका होटल संख्या न्यून मात्रामा छन् भने औषतमा दैनिक र औषतमा बसोवास दिन पनि कम नै छ ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस गाउँपालिकामा आवधिक योजना तर्जुमाका क्रममा वडास्तरमा भएको छलफलको क्रममा संकलन गरिएको सूचना अनुसार करिव १३४ वटा व्यवसायहरु सञ्चालनमा छन् जस मध्ये ११ वटा मूख्या रुपमा रहेका छन् । यस्ता व्यवसायहरुमा फर्निचन, उधोग, मिल कुटनी पिसनी, साना तथा घरेलु उद्योग, सिलाईबुनाई, होटेल, किराना पसल, कपडा पसल, फर्निचर, सर्भिस सेन्टर, तथा खाजाघरहरु रहेका छन् । यद्यपी यस्ता व्यवसायहरुले न्यून दरमा रोजगारी सृजना गरेका छन् ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तिय सेवा

ग्रामीण अर्थतन्त्र तथा रोजगारीको अधिकांश हिस्सा कृषि तथा पशुपालनले धानेको छ भने पछिल्ला बर्षहरुमा बैदेशिक रोजगार पनि मुख्य हिस्साको रुपमा देखिएको छ । जनगणना २०७८ अनुसार ७०.३% जनसंख्या आथिक रुपमा सक्रिय छन् भने २९.७% जनसंख्या आर्थिक रुपमा निस्क्रिय छ । १० वर्ष र सोभन्दा माथिका अक्सर आर्थिक रुपमा सक्रिय व्यक्तिहरुको रोजगारीको अवस्था अनुसारको ८९.६% जनसंख्या रोजगारीमा संलग्न छ ।






यस गाउँपालिकामा आवधिक योजना तर्जुमाका क्रममा वडास्तरमा भएको छलफलको क्रममा संकलन गरिएको सूचनाअनुसार बैंक, सहकारी तथा वित्तिय संस्थाहरुको विवरण र अन्य अवस्था यस प्रकार रहेको छ ।

| तलिका नं २ : वित्तिय संस्थाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विवरण | वडा नं / संख्या | | | | | | | | | | |
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा |
| बैंकको संख्या | | | | | | १ | | | ० | | १ |
| माइक्रो फाइनान्स | | | | | | ३ | | | ० | | ३ |
| वीमा एवं सहकारी संस्था | | | | | | १ | | | ० | १ | १ |
| सेवा प्रवाह, ऋण उपलव्धता | | | | | | | | | ० | ५ | ० |
| वडामा मौद्रिक कारोवार गर्ने आमा समूहको संख्या | १० | ९ | १२ | ९ | ६ | ९ | ६ | ७ | ७ | १० | ७५ |
| बैंक खाता हुने घरधुरी प्रतिशत | ९५ | ८० | ६० | ७० | ६० | ९५ | ६० | ९० | ८० | ८० | ७० |
| मोबाईल वैंकिङ सेवा भएको प्रतिशत | २० | ५ | १० | ८ | १० | ४० | १५ | २० | ५ | २ | १३ |
| बैंकबाट ऋण लिएका कृषक प्रतिशत | ३ | ५ | २ | १० | ३ | ५ | ५ | ५ | १ | २० | ६ |
| विमामा संलग्न घरधुरी प्रतिशत | २० | १० | १५ | २० | २० | ५० | ३ | २५ | २ | ६० | २३ |
| कृषि विमामा संलग्न कृषक प्रतिशत | ४ | | | | | ५ | | | १ | ६ | २ |

गाउँपालिकामा ७० प्रतिशत भन्दा बढी घरधुरीको बैंक खाता रहेको पाईएको छ भने मोबाईल वैंकिङको खाता १३ प्रतिशत भन्दा कम घरधुरीमा रहेको छ । करिव ६ प्रतिशत कृषकले बैंकबाट ऋण लिएका छन्

। साथै करिव २३ प्रतिशत घरधुरी विमा कार्यक्रममा संलग्न छन् भने कृषि विमामा संलग्न कृषक २ प्रतिशत रहेको छ ।

### २.२.५ सहकारी

आर्थिक विकासको एउटा खम्वाको रुपमा सहकारीलाई लिईन्छ । सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीयस्तरमा छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समूदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरु स्थापना गरिएको हुन्छ । यस गाउँपालिका अन्तर्गत सहकारी संस्थाहरु कम मात्रामा स्थापना भएका छन् । सहकारी संघसंस्थाहरुको दर्ता तथा नियमनको लागि सहकारी ऐन तयार गरिएको छ ।

## २.३ सामाजिक विकासको अवस्था

गाउँपालिकाको समग्र विकासमा सामाजिक क्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ । गाउँपालिका अन्तर्गत स्वास्थ्य तथा पोषण, शैक्षिक विकास, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा युवा, खेलकुद तथा कलाको अवस्थाले गाउँपालिकाको सामाजिक विकासको अवस्थालाई जनाउँछ । गाउँपालिकामा उक्त क्षेत्रको वर्तमान अवस्थाको सार समीक्षा यस प्रकार रहेको छ ।

### २.३.१ स्वास्थ्य तथा पोषण

मानव विकासको महत्वपूर्ण सूचकको रुपमा स्वास्थ्य तथा पोषणलाई लिइन्छ । स्वास्थ्य र पोषणमा गरिएको लगानीले समग्र मानव विकास टेवा पुऱ्याउँछ । यस क्षेत्र अन्तर्गत खोप कार्यक्रम, गाउँघर क्लिनिक सेवा, पोषण कार्यक्रम, समूदायमा आधारित नवजात शिशु तथा बालरोग एकीकृत व्यवस्थापन कार्यक्रम, परिवार नियोजन कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम (मातृ तथा नवजात शिशु स्याहार) रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा (सूचना तथा सञ्चार) कार्यक्रम, उपचारात्मक सेवा, महिला स्वास्थ्य स्वयमसेविका कार्यक्रम, यौनरोग तथा एच.आई.भि./एडस कार्यक्रम, महामारी नियन्त्रण कार्यक्रम जस्ता सेवाहरु पर्दछन् । चम्पादेवी गाँउपालिकामा उपरोक्त स्वास्थ्य र पोषण सेवा प्रवाहका लागि स्वास्थ्य संस्थाहरु छन् । बस्ती स्तरमा सामाजिक परिचालनको लागि महिला स्वास्थ्य स्वयसेविकाहरु पनि खटाईएको छ । स्वास्थ्य उपचारको लागि नागरिकहरु सरकारी वा निजी अस्पताल जाने प्रचलन छ । खास गरी यस गाउँपालिकाका नागरिकहरुमा ज्वरो, रुघाखोकी, दम, सुगर, प्रेसर, मुटु रोग, ग्यास्टिक, मधुमेह, हाडजोर्नीको समस्या, पाठेघर सम्बन्धि समस्या हुने गरेको पाइन्छ ।

### २.३.२ शैक्षिक विकास

गुणस्तरीय शैक्षिक अवस्थाको सुधारले बहुआयामिक विकासलाई सुदृढ बनाउँछ । आवधिक योजना निर्माण गर्दा शैक्षिक अवस्था सुधार गर्ने योजना बनाउन जरुरी हुन्छ । जनगणना २०७८ अनुसार यस गाउँपालिकामा ६८.३% कूल साक्षरता दर छ भने पुरुष साक्षरता ७७% र महिलाको साक्षरता तर ६०.२% छ । ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था अनुसारको जनसंख्याको अवस्था यस प्रकार रहेको छ ।




| तालिका नं: २ | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विवरण | वडा नं/संख्या | | | | | | | | | | |
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा |
| विद्यालय संख्या | ५ | ७ | ५ | ६ | ३ | ७ | ४ | ३ | २ | ३ | ४२ |
| सामुदायिक विद्यालय | ४ | ७ | ५ | ६ | ३ | ५ | ४ | ३ | २ | ३ | ३९ |
| निजी विद्यालय | | | | | ० | २ | | ० | ० | | २ |
| क्याम्पस | | | | | ० | १ | | ० | ० | | १ |
| उच्च माध्यमिक विद्यालय | | | | | ० | १ | | ० | ० | | १ |
| माध्यमिक विद्यालय | | २ | १ | १ | ० | १ | १ | १ | १ | १ | ८ |
| आधारभूत विद्यालय | ४ | ५ | ४ | ५ | ३ | ४ | ३ | २ | १ | २ | ३१ |
| पक्की संरचना भएका शैक्षिक संस्था | ४ | २ | १ | २ | १ | १ | १ | १ | १ | १ | १४ |
| पक्की शौचालय भएका विद्यालय | ४ | २ | १ | २ | २ | ३ | २ | २ | १ | १ | १९ |
| महिलामैत्री शौचालय भएका विद्यालय | ४ | २ | १ | १ | २ | २ | १ | १ | १ | १ | १५ |
| अपाङ्गमैत्री शौचालय भएका विद्यालय | ४ | २ | १ | १ | १ | २ | १ | ० | १ | १ | १३ |
| बालमैत्री विद्यालय | ४ | २ | १ | | ० | ० | ३ | १ | १ | १ | १२ |

यस गाउँपालिकामा आवधिक योजना तर्जुमाका क्रममा वडास्तरमा भएको छलफलको क्रममा संकलन गरिएको सूचनाअनुसार शैक्षिक संस्था र सेवा प्रवाहको अवस्था यस प्रकार छ। यस गाउँपालिकामा ४१ वटा सामुदायिक तथा २ निजी विद्यालय छन्।

### २.३.३ खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाई गुणस्तरीय स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्दछ। यस गाउँपालिकामा खानेपानीको मुख्य स्रोतको रुपमा सामुदायिक पाईप धारा र सार्वजनिक धारा रहेको देखिन्छ । प्रत्येक वडामा खानेपानीका योजना सञ्चालनमा छन् । वडा नं १ मा पलापु वृहत लिफि्टङ खानेपानी योजना, वडा नं २ मा लिफि्टङ खानेपानी आयोजना, वडा नं ३ मा कमीलो चौर खानेपानी आयोजना, सिलखोला खानेपानी आयोजना, कालिका पम्पिङग खानेपानी आयोजना, वडा नं ४ मा वृहत खानेपानी योजना, ग्रामिण विकास खानेपानी आयोजना, वडा नं ५ मा भोटेखोला, गोपेखोला खानेपानी योजना, महावीर खानेपानी आयोजना, वडा नं ६ मा निगुरे खानेपानी आयोजना, काडोबारी खानेपानी आयोजना, चुच्चे खोला खानेपानी आयोजना, जल्किनी खानेपानी आयोजना, वडा नं ७ मा लने खोला खानेपानी आयोजना, धोक खोला खानेपानी आयोजना, गुँरासे खोला खानेपानी आयोजना, टाउके खोला खानेपानी आयोजना, असारे खोला खानेपानी आयोजना, कोलचौर खोला खानेपानी आयोजना, वडा नं ८ मा विलन्दु खानेपानी आयोजना, वडा नं ९ मा ढोढने खानेपानी आयोजना, भस्मे खानेपानी आयोजना र वडा नं १० मा खरीभित्ता खानेपानी आयोजना, लहनी खानेपानी आयोजना, जम्वु चौर खानेपानी आयोजना, ध्याङले् खानेपानी आयोजना रहेका छन् । खानेपानी आयोजनाले ७३ प्रतिशत गाउँवासीको माग सम्बोधन गरेको छ । यस गाउँपालिका भित्र सरसफाई र फोहोरमैला व्यवस्थापन सन्तोसजनक रहेको छ । सरसफाईका सन्दर्भमा टोल टोलमा आफैं व्यवस्थापन, चोक चोकमा टोकरी राखिएको पाइन्छ भने निश्चित स्थानमा जलाउने अभ्यास छ ।

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

गाउँपालिकाको समग्र विकासमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको भूमिका महत्वपूर्ण रहन्छ । गाउँपालिकाका वडाहरुमा अपाङ्ग, महिला तथा बालबालिका मैत्री संरचना निर्माण भएको छन् । समाजमा भेदभाव, हिंसा, घटना, बालविबाह जस्ता घटनाहरु हुने गरेको पनि पाईएको छैन् । आदिवासी जनजातिका सन्दर्भमा मगर, नेवार, भुजेल, सुनवार, माझी, तामाङ, गिरी शेर्पाहरुको नेपालहरुको बसोवास छ भने उनीहरुको मूख्य पेशा कृषि, मादल बनाउने, ज्यालादारी रहेको छ । यस गाउँपालिकामा झण्डै १७ सय घरधुरी आदिवासी जनजातिहरुको रहेको छ । दलित समूदायमा सार्की, दमाई, कामी, बिक, दर्जीको करिव ६ सय घरधुरी छ भने वडामा बाहुन र क्षेत्री समूदायका घिमिरे, वाग्ले, खत्री, सुबेदी, रोका, कार्की, बुढाथोकी, लुइटेल, थापा, कटुबाल, खड्का, लामीछाने, नेउपाने, अधिकारी, कटेल, कार्की, थापा, धमला, बस्नेत, वराल, फयाल, पोखरेल, मिश्र, बस्नेत, वराल, फुयाल, बडाल, ढुंगेल, बोगटीहरुको करिव १ हजारभन्दा बढि घरधुरी रहेको छ ।

### २.३.५ युवा, खेलकुद तथा कला

युवा शक्ति राष्ट्रको अमूल्य सम्पत्ति हो । युबालाई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवतर्नका संवाहक शक्तिको रुपमा लिईन्छ । राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समूहलाई युवा अवस्थाको रुपमा परिभाषित गरिएको छ जसलाई राष्ट्र निर्माणको प्रमुख स्रोतसमेत मानिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकामा युवाको जनसंख्या ३८ प्रतिशत रहेको छ ।

मानव शरीरलाई क्रियाशील, सक्रिय र दुरुस्त राख्न खेलकुदको महत्वपूर्ण भूमिका रहेको हुन्छ । खेलकुदले शारीरिक, मानसिक तथा संवेगात्मक विकासको लागि योगदान पुऱ्याउँदछ । खेलकुदलाई एउटा सौख र मनोरञ्जनका रुपबाट मात्र नहेरी खेलको महत्व र त्यसका लाभलाई बुझेर सबै उमेर समूहका व्यक्तिहरु सामेल र सहभागी हुन आवश्यक छ । यद्यपी यस गाउँपालिकामा युवा लक्षित क्लवहरुको स्थापना गरिएको छ । गाउँपालिकाका युवाहरु बैदेशिक रोजगारी, व्यापार, कृषि, ड्राइभिङ्ग, सेना प्रहरी, निजामती, शिक्षक, व्यवसायी र अन्य क्षेत्रमा सहभागी भएको पाइन्छ । स्थानीय स्तरमा ३ प्रतिशत युवा रोजगार प्राप्त गरेका छन् भने करिव ३० प्रतिशत युवा वैदेशिक रोजगारमा गएका पाईएको छ ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

पूर्वाधार तथा शहरी विकासको महत्वपूर्ण अवयवहरुमा बस्ती विकास, आवास, भवन तथा सार्वजनिक निर्माण, सडक, पुल तथा यातायात, विद्युत् तथा वैकल्पिक ऊर्जा र सूचना, सञ्चार तथा प्रविधि पर्दछ । यस्ता पक्षहरुको विकास तथा प्रवर्द्धनले गाउँपालिकाको समग्र विकासको चित्रण गर्दछ ।

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

यस गाउँपालिकामा आवधिक योजना तर्जुमाका क्रममा वडास्तरमा भएको छलफलको क्रममा संकलन गरिएको सूचनाअनुसार सबै वडाहरुको आफ्नै वडा कार्यालय छैन । १० वटा वडा मध्ये ५ वटा वडाको वडा कार्यालय, ९ वटा स्वास्थ्य चौकीको भवन, २६ वटा विद्यालयका भवन र एउटा सामुदायिक भवन रहेको छ । साथै गाउँपालिकामा १ वटा मनोरन्जन पार्क बालउद्यान, ३ वटा सार्वजनिक शौचालय र १० वटा खेल मैदान तथा रंगशाला निर्माण भएको छ । सामुदायिक उद्दार केन्द्र छैन । साना शहर बस्ती विकासका लागि पलापु, नवलपुर धार, कमीले चौर, फलाटे, धोराखोरी, बिलन्दु गाउँ, चम्पादेबी ऐतिहासिक नमूना बस्ती र पोखरी भञ्ज्याङ्ग उपयुक्त बस्तीहरु हुन । तर, गाउँपालिकामा सुरक्षित आवास तथा बस्ती विकास र औद्योगिक क्षेत्ररुपमा भएको छैन । भविश्यमा व्यवस्थित आवास तथा बस्ती बनाउनको लागि कमीले चौर, पोखरे, धोराखोरी, भदैरे, चित्रे पाखा, पाल्ले, जब्मु चौर, थापा आहाल जस्ता स्थानहरु उपयुक्त छन् ।

### २.४.२ सडक, पुल तथा यातायात

सडक, पुल तथा यातायातको प्रवन्ध आधुनिक विकासको सूचक हो । यस गाउँपालिकामा आवधिक योजना तर्जुमाका क्रममा वडास्तरमा भएको छलफलको क्रममा संकलन गरिएको सूचनाअनुसार कुनै पनि वडामा कालोपत्रे सडक छैन भने ६१ किमी ग्राभेल, ३१३ किमी कच्चि सडक रहेको छ । पलापु कालिका, पलापु पुनटार, पलापु जलकीनी (लागे भञ्याङ्ग, पलापु भञ्याङ्ग), नवलपुरदेखि पलापु, लिखु एकवार, नवलपुरदेखि फलाटे ओखलढुङा, चिपलिङग, सुन्दरपुर, हुलाकी राजमार्ग, फलाटेदेखि अरुण ढाडसम्म, रानीबन, धोराबारी, जलबनी, चिप्लेढुङगा, बतासे भदैरे, डदुवा सडक, साधुरे, घोराखोरी, काबेल भञ्ज्याङ्ग, घोराखोरी देखि ओखलढुङ्गा, बिलन्दुदेखि श्रीचउर, पाल्ले खोला, डल्लिडाडा, साघुरेदेखि धोराखोरी मूख्य सडकहरुमा पर्दछन् । आगामी बर्ष गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सडकहरुको विस्तार र स्तरोन्नती गर्नुपर्ने देखिन्छ । यस्ता सडकको न्यूनतम चौडाई २.५ मिटर बढीमा ८ मिटरसम्मको रहेको छ । सडक विस्तारसँगै सडक छेउमा घर निर्माण गर्नेको संख्या पनि बढ्दै गएको पाईन्छ । पक्की तथा कच्चि सडक छेउमा करिव ५

सय ८० घर निर्माण भएको पाइन्छ । सडक नपुगेको विकट भौगोलिक क्षेत्रमा आवतजावतको लागि सहज र सरल माध्यम झोलुङ्गे पुलको प्रयोग गर्ने गरेका छन् ।

### २.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

सडक, पुल तथा यातायातको प्रवन्ध जस्तै विद्युत् तथा वैकल्पिक ऊर्जा आधुनिक विकासको सूचक हो । यस गाउँपालिकामा आवधिक योजना तर्जुमाका क्रममा वडास्तरमा भएको छलफलको क्रममा संकलन गरिएको सूचनाअनुसार वडा नं २ मा ५ प्रतिशत, वडा नं ३ मा २ प्रतिशतमा विद्युत पहुँच छ । अन्य वडामा ८० प्रतिशत भन्दा बढि पहुँच भने वडा नं ५ र ९ अझै पनि विद्युत पहुँच पुगेको छैन । विद्युत नपुगेको वडाहरुमा सोलार, बायो ग्याँस जस्ता वैकल्पिक उर्जाको प्रयोग भएको पाइन्छ। बडहरे, सुर्तीबारी, दलाङ डाँडा, सिद्धपोखरी, सिडाँडा, थाम डाँडा, डाँडा गाउँ, बतासे, चित्रे पाखा, पोखरी डाँडामा सौर्य उर्जा उत्पादन गर्न मिल्ने ठाउँ छ ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

आजको युग सूचना र प्रविधिको हो । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग अपरिहार्य छ । यस गाउँपालिकाको वडा कार्यालयहरुमा इन्टरनेट सेवाको व्यवस्था छ। स्वास्थ्य चौकी, विद्यालयहरु, सार्वजनिक सेवा प्रदायकहरु पनि सूचना प्रविधिको व्यवस्था गरिएको छ । सूचना प्रविधिको प्रयोगले HMIS, DHIS2, EMIS र केट मार्फत अभिलेखिकरण र प्रतिवेदन हुने गरेको छ । यस गाउँपालिकाका विद्यालयहरु पनि प्रविधिमैत्री छन् । ६ वटा विद्यालयमा सूचना प्रविधिका प्रयोग गरिएको छ । गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग गरिएको छ ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

वन तथा जैविक विविधता मानव जीवनको आधार हो । वन तथा जैविक विविधताको संरक्षण गाउँपालिकाको जिम्मेवारी भित्र पर्दछ । यस गाउँपालिका भित्र २५ वटा सामुदायिक वन, १४ वटा कबुलियती वन रहेको छ भने निजी वन छैन । यस गाउँपालिकामा विभिन्न वन्यजन्तु जस्तैः चितुवा, बाँदर, घोरल, मृग, कालिज, खरायो, मयुर, मृग, दूम्सी, स्याल आदि पाइन्छ। शीलाजीत, हर्रो बर्रो, अमला, चिराइतो, निम, कुरिलो, पाखन बेद, तीन तले, बोझो, टिम्मुर, सिन्काउले, खोंसाने, तितेपाती, भुइचम्पा, वाँको, सिन्काउले, तितेपाती, लोल्सल्ला जस्ता जडिवुटीमा पाइन्छ ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

नेपालको भू-बनौट धेरै भिरालो, कमजोर भौगर्भिक अवस्था, छोटो समयमा हुने अधिक मनसुनी वर्षा, अनुपयुक्त भू-उपयोग र संरक्षणलाई ख्याल नगरी जथाभावी गरिने विकास-निर्माणका कामले हरेक वर्ष बाढी, पहिरो र नदी कटानबाट मुलुकले ठूलो मानवीय तथा भौतिक क्षति बेहोर्दै आएको छ। गाउँपालिकाले समेत विभिन्न प्राकृतिक एवं मानव सिर्जित कारणबाट हुने गरेको भयावह क्षतिलाई सकभर हुनै नदिने वा न्यून क्षति पुग्ने गरी ग्रामीण एवं जोखिमयुक्त स्थानमा बसोबास गरेका जनतालाई संरक्षण गर्नु र विपद् बाट जोगाउनु पहिलो दायित्व हो । यस गाउँपालिकाका वडा अन्तर्गत अधेरी खोला, मकुवा खोला, जलकिनी खोला, पूण खोला, लिखु, सुनकोसी लिखु, फेदै खोला, सिल्खु खोला, मकुवा खोला, रामचा खोला, भुन्टी खोला, चिलाउने खोला, भागे खोला, फेदिगुठ खोला, काली खोला, गोपे खोला, ठूलो खोला, आइतबारे

खोला, डुडे खोला, सेरा खोला, सिम्ले खोला, खहरे खोला, चुने खोला, सेरा खोला, पताले खोला, चित्रे खोला, बिलन्दु खोला, धारा खोला, दुवले खोला, पात्ले खोला, दुम्से खोला, सिम्ले खोला, भालु खोला, कालो खोला, ह्याङले खोला छन् । यस्ता खोलाहरुको व्यवस्थापन आवश्यक छ । यस गाउँपालिकामा झण्डै ३ हजार हेक्टर सार्वजनिक जमिन छ । यस्ता पाखा वा क्षेत्रहरुमा वृक्षारोपण, पहिरो नियन्त्रण, खहरे खोला किनार संरक्षण, पोखरी ताल तलैया संरक्षण, पहिरो जस्ता संवेदनशीलक्षेत्र पहिचान एवं नक्शाङ्कन, सिमसार क्षेत्र, पोखरी क्षेत्रहरु संरक्षण एवं वैज्ञानिक व्यवस्थापन जस्ता महत्वपूर्ण काम गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा पहिरो नियन्त्रणका लागि पहल कदमी लिइएको छ । थिपलिङ्ग पहिरो, तोरी पहिरो, मकुवा पहिरो, रान्या पहिरो, साउने पहिरो, ओखरबोटे पहिरो, साइदवा पहिरो, फेदिगुठ, विसमुरे, सिरु डाँडा, जलकिनी, डडुवा, अम्वोरे, डिटी, धोराखरी, सानढुङगा पोखरी, देबीटार, भेडाखोर, नाके डाँडो, चुच्चे ढुङगा, कुभिन्डो तेर्सो, खहरे पहिरो, केराबारी, कालिखोला जस्ता पहिरो तथा खहरे खोला किनार संरक्षण र व्यवस्थापन जरुरी छ । पूणाटार, मोलमा देबी पोखरी, सिमल डाँडा पोखरी, सोले डाँडा पोखरी, सिद्धपोखरी, पोखरे भञ्ज्याङ्ग, नाग पोखरी जस्ता पोखरी र ताल तलैया संरक्षण गर्नुपर्ने देखिन्छ ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

गाउँपालिकाले वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको प्रतिकार्यको लागि योजना बनाउन जरुरी छ । गाउँपालिकाको क्षेत्रभित्र वनजंगल र जलाधार क्षेत्र भएका र औद्योगिक कलकारखानाको संख्या नभएका कारण स्वच्छ हावापानी पाइन्छ । वडामा भू-कम्प प्रतिरोधात्मक सार्वजनिक संरचना निर्माण खासै भएको पाइदैन भने केही मात्रा विद्यालय, स्वास्थ्य संस्था भने भूकम्प प्रतिरोधात्मक बनेको छ । गाउँपालिकाले हालसम्म पनि आपतकालीन कोष व्यवस्थापन, वडामा विपद् पूर्व तयारी तथा पूर्वसूचना प्रणालीको व्यवस्था, वडामा आपतकालिन उद्धारका लागि भवन निर्माण भएको पाईएको छैन । यस गाउँपालिकामा जलवायु परिवर्तनको अनुकूलनको योजना निर्माण तथा सोही अनुसारका कार्य गर्न आवश्यक देखिन्छ ।

### २.५.४ महामारी तथा विपद्‌ व्यवस्थापन

गाउँपालिकाले सम्भावित महामारी तथा विपद्‌ व्यवस्थापनको तयारी, प्रतिकार्य तथा पुर्नलाभका लागि पर्याप्त योजना तर्जुमा गर्न जरुरी छ । आपतकालीन प्रतिकार्य संचालन केन्द्रको स्थापना, वडामा बिपदका लागि आवश्यक सामाग्रीहरुको व्यवस्था, प्राथमिक उपचार केन्द्र एवं रक्त संचार केन्द्रको निर्माण, समूदायमा आधारित विपद् जोखिम व्यवस्थापन समिति, वडामा विपद् जोखिम न्यूनीकरण सम्बन्धि जनचेतना कार्यक्रम सञ्चालन, भूकम्प प्रतिरोधात्मक सार्वजनिक संरचना निर्माण, आपतकालीन कोष, विपद् पूर्व तयारी तथा पूर्वसूचना प्रणाली, आपतकालीन भवन निर्माण जस्ता कार्य महामारी तथा विपद् व्यवस्थापनको पूर्वाधार हो ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

स्थानीय तहले संविधान प्रदत्त एकल र साझा अधिकार सूचीमा उल्लेख भएका विषयहरुलाई कानून बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । एकल र साझा अधिकार सूचीमा उल्लेख भएका विषयहरुका सन्दर्भमा यस गाउँपालिकाले ऐन, नियामावली, कार्यविधि, मार्गदर्शन र निर्देशिका निर्माण गरेको छ । यस

अन्तर्गत सार्वजनिक खरिद नियमावली, आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, सार्वजनिक लेखा समितिको कार्यविधि, पुरस्कार तथा सम्मान सम्बन्धि मापदण्ड, सहकारी ऐन, आर्थिक ऐन, विनियोजन ऐन, आधारभूत तथा माध्यमिक शिक्षा ऐन, स्वास्थ्य बीमा संयोजन समिति गठन तथा सञ्चालन कार्यविधि, ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम कार्य सञ्चालन कार्यविधि, प्रारम्भिक वातावरणीय परीक्षण, कार्य सञ्चालन निर्देशिका, सामाजिक समावेशीकरण नीति, कन्टिजेन्सी रकम व्यबस्थापन तथा खर्च सम्बन्धि कार्यविधि, सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धि कार्यविधि, सूचना तथा अभिलेखीकरण स्थापना तथा सञ्चालन कार्यविधि, विषयगत समिति कार्यसञ्चालन कार्यविधि, भवन निर्माण तथा घर नक्सा नियमन कार्यविधि, सञ्चित कोषको आन्तरिक लेखा परीक्षण कार्यविधि, कर्मचारी कल्याणकोष सञ्चालन कार्यविधि घर बहाल कर व्यवस्थापन कार्यविधि, मर्मत सम्भार कोष सन्चालन सम्बन्धि कार्यविधि लगायत अन्य ऐन नियमको निर्माण गरेको छ । ऐन नियमको निर्माण तथा कार्यान्वयनले जनतामा सन्तुष्टीको मात्रा पनि बढेको पाइन्छ । सबै वडाहरुमा ७० प्रतिशत बढी सेवाग्राहीहरु सेवाबाट सन्तुष्ट भएको पाईन्छ । सडक, शिक्षा, कृषि, विद्युत, सिंचाइ, स्वास्थ्य, खानेपानी तथा प्रशासनीक क्षेत्रका सेवाहरु प्रवाहमा आम नागरिकको सन्तुष्टी रहेको पाईएको छ । यद्यपी सेवा प्रवाहमा उचित अनुगमन तथा सहयोगको आवश्यकता भने देखिन्छ ।

### २.६.२ सङ्गठनात्मक विकास

संगठनात्मक विकास निरन्तर रुपमा गरिने सकारात्मक परिवर्तन हो । यसले समयसापेक्ष  वैज्ञानिकिकरण तथा प्रभावकारी कार्यसम्पादन गर्न सहयोग गर्दछ ।  यसका लागि सांगठनिक संरचनामा विकास, नीतिगत सुधार, कार्यप्रक्रियामा गरिने विकास, स्रोत व्यवस्थापनमा गरिने विकास, संस्कृति र सम्वन्धमा सुधार जस्ता विषयहरु पर्दछन् । यस गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्रशासनीक संरचना छ । यस अन्तर्गत प्रशासन, योजना, लेखा, राजश्व, पञ्जीकरण तथा अन्य विषयगत शाखा रहेको छ भने प्रत्येक वडामा सचिव, प्राविधिक, सामाजिक परिचालन तथा अन्य कर्मचारी रहेका छन् ।

### २.६.३ श्रोत परिचालन

नेपाल सरकार, कोशी प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान बाहेक स्थानीय स्तरमा राजश्व स्रोतहरुको कमी नै देखिन्छ । गाउँपालिका भित्र व्यवसाय दर्ता र घरबाहल तिर्नेको संख्या कम छ भने सीफारीस, पञ्जीकरण, नवीकरण तथा मालपोत नै राजश्वको सामान्य स्रोत हुन । वडाहरुमा सामाजिक सुरक्षा वापत जाने रकमको मात्रा निकै छ । चालु आर्थिक बर्ष २०७९/०८० मा गाउँपालिकाको कुल बजेट रु ६४ करोड रहेकोमा ८ करोड सामाजिक सुरक्षा वापत विनियोजन गरिएको छ ।

### २.६.४ योजना व्यवस्थापन

यस गाउँपालिकाले नियमति वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दै आएको छ । सहभागितात्मक योजना तर्जुमा बस्तीस्तरबाट आएका योजनाहरुको प्राथमिकीकरण, नेपाल सरकार तथा प्रदेश सरकारको प्राथमिकता प्राप्त योजनाहरुको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन हुँदैआएको छ । गाउँपालिकाबाट नियमित योजना अनुगमनको कार्य गर्दैआएको छ  ।

# परिच्छेद ३: सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

कानून बमोजिम राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तह तीनै तहले गर्ने व्यवस्था नेपालको संविधानमा गरेको छ । गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धि विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्थासमेत संविधानले गरेको छ । संविधानको अनुसूची ८ अनुसार २२ वटा एकल अधिकारका विषय; अनुसूची ९ अनुसार १५ वटा साझा अधिकारका विषय; संविधानको मौलिक हक र राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीति सम्बन्धि थप १४ वटा अधिकारका विषय; र नेपाल सरकार कार्य विभाजन नियमावली र अन्य ऐन कानून अन्तर्गत थप ५ बटा विषय स्थानीय तहको कार्यजिम्मेवारी रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाइ लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस सन्दर्भमा यस गाउँपालिकाले संघ, प्रदेशको प्राथमिकतालाई ध्यानमा राखेर सहकार्य, समन्वय तथा सहअस्तित्वको मर्मलाई आत्मसात गर्दै स्थानीय तहकाको निर्वाचनमा अभिव्यक्त भएको भावना र प्रतिवद्धता पूरा गर्न नेपाल सरकारको पन्ध्रौ योजना, दिगो विकास लक्ष्य, र कोशी प्रदेशको लक्ष्यलाई आधार बनाई यो प्रथम पञ्चवर्षिय आवधिक योजना तयार गरिएको छ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

नेपालको संविधानले गाउँपालिकालाई व्यवस्थापिका, कार्यपालिका र न्यायीक अधिकार दिएको छ । प्राप्त अधिकार सूची तथा अन्य कार्यजिम्मेवारीले गाउँपालिकाको क्षेत्राधिकार तथा कार्यदायरा समेत फराकिलो बनेको छ । गाउँपालिका आफैंमा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भएकोले जनताको आवश्यकता पनि फरक फरक छ । नागरिकका आवश्यकता र आकांक्षा अनुसार गाउँपालिकाको आर्थिक तथा व्यवस्थापकीय क्षमता कम छ । आन्तरिक आय न्यून भएको मूलरुपमा यो गाउँपालिका संघीय तथा प्रदेश सरकारको विभिन्न अनुदानमा आधारित योजना तर्जुमा र व्यवस्थापनमा निर्भर हुनु परेको छ । गाउँपालिकाका सबै वडा सडक सञ्जालले जोडिएको छ । जोडिएका सडकको स्तरोन्नती, विस्तार, ग्राभेल तथा कालोपत्रे बनाउन आवश्यक छ । पूर्वाधारमात्र होइन सामाजिक, आर्थिक, भौतिक, वन वातावरण तथा संस्थागत विकासमा उत्तिकै लगानी गर्नुपर्ने अवस्था छ । गाउँपालिकाका नागरिकलाई प्रत्यक्ष्यरुपमा सेवा प्रदान गर्ने वडा कार्यालय तथा अन्य सेवा केन्द्रहरुका स्तरोन्नती, शिक्षा, स्वास्थ्य र पोषण, उत्पादन र रोजगारी सिर्जनाका लागि उद्योग व्यवसाय सञ्चालन गर्नका लागि थप लगानीको आवश्यकता देखिएको छ । समग्र मानवपुँजी निर्माणमा विकासका हरेक अवयवहरुको क्षमता विकास र परिचालन अपरिहार्य छ । आवश्यकता भन्दा आपूर्ती अवस्था कमजोर भएकोले तत्कालै सबै विषयलाई समेट्न नसकिने अवस्था छ । यद्यपी आवश्यकताहरुको प्राथमिकीकरण र सोही अनुसार योजनाबद्ध विकास प्रयास जरुरी छ ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

यस चम्पादेवी गाउँपालिकामा समस्या तथा चुनौतीमात्र होइन उत्तिकै सम्भावना र अवसर भएको स्थानीय तह हो । यस गाउँपालिका प्राकृतिक रुपले मनोरम र सम्पदाले भरिपूर्ण छ । यसले पर्यटकीय सम्भावनालाई

समेत उजागर गरेको छ। यसका अतिरिक्त वन, वन्यजन्तु, तथा जडिबुटीको व्यवसायीक उत्पादन तथा बजारव्यवस्थापनले गाउँपालिकाको आर्थिक अवस्थालाई सुदृढ बनाउन सक्दछ।

### ३.४ आवधिक योजना तयारीका सिद्धान्त




#### क) प्रकृति, संस्कृति र पहिचान

प्रकृति प्रदत्त स्रोत तथा साधनको पहिचान र उच्चतम तथा सन्तुलित प्रयोगले दिगो विकासलाई सुनिश्चित गर्छ। त्यसै गरी सामाजिक पूजीका रुपमा स्थापित संस्कृति र पहिचानको उच्चतम प्रयोगले विकास प्रति सम्बन्धित समूदायमा अपनत्व भाव पैदा गराउँछ जसले अन्ततगोत्वा दिगो विकासमा योगदान पुऱ्याउँछ। तसर्थ प्रस्तुत आवधिक योजनाले गाउँपालिकाको पाँचवटा विकासका मूल्य मान्यता मध्ये प्रकृति, संस्कृति र पहिचानलाई एउटा खम्बाको रुपमा अंगिकार गरेको छ।

#### ख) सहकार्य, सहअस्तित्व र समन्वय

नेपालको संविधानले तीन तहका सरकारहरु बीच सहकार्य, सहअस्तित्व र समन्वयको सम्बन्ध स्थापित गराएको छ। संविधानको धारा २०६ (१) (ट) मा संघ, प्रदेश, र स्थानीय तहलाई संघीय इकाई भनी परिभाषित गरेको छ भने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ ले राजस्व र अनुदान सीफारिस र प्राकृतिक स्रोतको परिचालन गर्दा लिईने अधिकार र हिस्साको निर्धारण गर्ने व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदेश समन्वय परिषदको व्यवस्था गरी प्रदेश र स्थानीय तहले गर्ने काममा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारको प्रयोग तथा प्राकृतिक स्रोतको उपयोग तथा बाँडफाँड सम्बन्धि व्यवस्था गरेको छ। यसर्थ गाउँपालिकाको आवधिक योजनाले विकासको खाका कोर्दा उल्लेखित संवैधानिक व्यवस्थाको मर्मलाई अंगिकार गरेर अघि बढनु पर्ने भएकाले संघीय तथा प्रदेश सरकार सहित निजी क्षेत्र, गैरसरकारी संस्था,

सामुदायिक संस्था, कृषक समूह, महिला तथा विपन्न वर्ग आदिसँगको सहकार्य, सहअस्तित्व र समन्वयलाई गाउँपालिकाको विकासको खम्बाको रुपमा लिईने छ ।

### ग) स्थानीय आवश्यकता

स्थानीय सरकारको मुख्य जिम्मेवारी समन्यायीक, समतामूलक तथा कल्याणकारी समाजको विकासमा योगदान पुऱ्याउनु हो जसले समाजका सबै तह, तप्का र वर्गक्षेत्रका नागरिकको आवश्यकतालाई सम्बोधन गर्न सक्छ । सहभागितामूलक, समावेशीमूलक तथा उत्प्रेरणात्मक विकास प्रक्रियाले मात्र महिला, पछाडि पारिएका वर्ग, आदिवासी जनजाती, दलित, लगायतका समूदायको आवश्यकतालाई सम्बोधन गर्ने भएकाले गाउँपालिकाले अंगिकार गर्ने विकास प्रक्रियाले ती स्थानीय सम्भावनाहरुको पहिचानमा ध्यान पुऱ्याउनेछ ।

### घ) लैंगिक समानता र सामाजिक समावेशीकरण

लोकतान्त्रिक शासन व्यवस्थाको सुन्दर पक्ष भनेकै समाजका सबै तह र तप्काका नागरिकको राज्यमा समान र सहज पहुँच सहितको सहभागितामूलक शासकीय व्यवस्थापन गर्नु हो । तसर्थ प्रस्तुत आवधिक योजनाले गाउँपालिकाको योजनाबद्ध विकासका लागि लैंगिक समानता र सामाजिक समावेशीकरणका सबै आयामलाई समावेश गर्ने छ ।

### ङ) सुशासन तथा संस्थागत विकास

संघीय लोकतान्त्रिक राज्य प्रणालीमा वर्तमान राजनीतिक व्यवस्था रुपान्तरित भैसकेको अवस्थामा स्थानीय तहको संरचनालाई मजबूत बनाउनु आवश्यक छ । तसर्थ प्रस्तुत आवधिक योजनाले गाउँपालिकाको संस्थागत संरचनालाई प्रभावकारी र चुस्त बनाउन अपनाउनु पर्ने कार्यनीति तर्फ ध्यान केन्द्रित गर्नेछ ।

### च) स्रोतको दिगो व्यवस्थापन

संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न सरकारको रुपमा परिकल्पना गरेको परिप्रेक्षमा पालिकाले आफना नागरिकमा सरकारको प्रत्याभूति दिन सक्नेगरी काम गर्नुपर्ने आवश्यकता भएकाले प्रस्तुत आवधिक योजनाले गाउँपालिकालाई दिगो श्रोतको व्यवस्थापनको योजनाबद्ध खाका प्रस्तुत गर्ने छ ।

### छ) गुणस्तरीय पूर्वाधार

विकासको आधार नै गुणस्तरीय पूर्वाधार भएकाले प्रस्तुत आवधिक योजनाले गुणस्तरीय पूर्वाधार निर्माणको योजनाबद्ध व्यवस्थापनलाई ध्यान दिने छ ।

### ज) बजारअर्थतन्त्रसँगको सम्बन्ध

उदारीकरण, निजीकरण र बजारप्रतिस्पर्धामा आधारित आजको विश्व, अनि त्यसैबाट निर्देशित नेपाल सरकारको नीतिबाट गाउँपालिका अछुतो रहने कुरै भएन । तसर्थ गाउँपालिकाको विकास क्षेत्रीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारअर्थतन्त्रको विकास, उत्पादन, उद्यमशीलता, तथा रोजगारी जस्ता जोडिन सक्नुपर्छ । त्यसका लागि गाउँपालिकाको उत्पादित वस्तु तथा सेवामा गुणस्तरीयता कायम हुन आवश्यक हुन्छ

भने स्थानीय उद्यमीमा वित्तिय पहुँचको सहजता पनि उत्तिकै आवश्यक हुन्छ । तसर्थ प्रस्तुत आवधिक योजनाले गाउँपालिकालाई त्यस दिशातर्फ उन्मुख गराउनेछ ।

### झ) लाभको न्यायोचित वितरण

स्थानीय सरकारको मुख्य कर्तव्य नागरिकको सन्तुष्टीको स्तरलाई उच्च बनाउनु भएकाले प्रस्तुत आवधिक योजनाले गाउँपालिकाका त्यस्ता पक्षहरुको विकास र प्रवर्द्धनमा जोड दिने छ जसले लाभको न्यायोचित वितरणलाई टेवा पुऱ्याउने छ ।

## ३.५ दिगो विकास, राष्ट्रिय र प्रदेश लक्ष्यसँग आवधिक योजनाको तादाम्यता

गाउँपालिकाको विकास लक्ष्य, दिगो विकास, राष्ट्रिय तथा प्रदेश लक्ष्य बीच तादाम्यता कायम गर्दै संघीय सरकारले परिकल्पना गरेको समृद्ध नेपाल सुखी नेपालीको परिकल्पनालाई विक्रम संवत २१०० सम्ममा पुरा गर्न सकिने भएकाले चम्पादेवी गाउँपालिकाको प्रस्तुत आवधिक योजनाले दीगो विकास लक्ष्य तथा राष्ट्रिय तथा प्रदेश लक्ष्य बीच तादाम्यता कायम गरेको छ ।

**तालिका नं ४: दिगो विकास लक्ष्य तथा सूचक**

| दिगो विकास लक्ष्य (दिविल) | सूचक नं. |
|---|---|
| हरेक क्षेत्रमा रहेका सबै स्वरुपका विषम गरीबीको अन्त्य | १ |
| भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दिगो कृषिको प्रवर्द्धन | २ |
| सबै उमेर समूहका व्यक्तिको स्वस्थ जीवनको सुनिश्चितता | ३ |
| समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा | ४ |
| लैङ्गिक समानता हाँसिल गर्ने | ५ |
| खानेपानी तथा सरसफाईको उपलब्धता र यसको दिगो व्यवस्थापन | ६ |
| खर्चले धान्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच | ७ |
| स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण उत्पादनशील रोजगारी र मर्यादित श्रम | ८ |
| उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकिकरण र नव प्रवर्तन | ९ |
| मुलुक भित्र र अन्य मुलुक बीचको असमानता कम गर्ने | १० |
| शहर र मानव बस्ती लाई समावेशी, शुरक्षित, उत्थानशील र दिगो बनाउने | ११ |
| दिगो उपभोग र उत्पादन | १२ |
| जलवायु परिवर्तन | १३ |
| स्थानीय तहका लागि असान्दर्भिक | १४ |
| पारिस्थितिकीय प्रणालीको दिगो उपयोग | १५ |
| दिगो विकासका लागि शान्ति र समावेशी समाजको विकास गर्ने, सबैका लागि न्यायको पहुँच, प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाको निर्माण गर्ने | १६ |
| दिगो विकासका लागि विश्व व्यापी साझेदारीलाई जीवन्त तुल्याउने | १७ |

## तालिका नं ५ : दीर्घकालीन  राष्ट्रिय लक्ष्य तथा सूचक

| दीर्घकालीन  राष्ट्रिय लक्ष्य (दिराल) | सूचक नं. |
|---|---|
| समृद्धिका सूचक | १ |
| उच्च समता मूलक **राष्ट्रिय आय** | १ |
| मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपभोग | २ |
| सर्वसुलभ आधुनिक पूर्वाधार एवम सघन अन्तर आबद्धता | ३ |
| उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | ४ |
| सुखका दीर्घकालीन  **राष्ट्रिय लक्ष्य** | |
| परिष्कृत तथा मर्यादित जीवन | ५ |
| सुरक्षित सभ्य र न्याय पूर्ण समाज | ६ |
| स्वस्थ र सन्तुलित पर्यावरण | ७ |
| सुशासन | ८ |
| सबल अर्थतन्त्र | ९ |
| राष्ट्रिय एकता, सुरक्षा र सम्मान | १० |

### ३.५.१ राष्ट्रिय पन्ध्रौं योजनाको सोच

**दीर्घकालीन  राष्ट्रिय सोच :** **समृद्ध नेपाल सुखी नेपाली**

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक ।

| **दीर्घकालीन राष्ट्रिय लक्ष्य** | |
|---|---|
| **क) समृद्ध नेपाल** | **ख) सुखी नेपाली** |
| १. सर्वसुलभ आधुनिक पूर्वाधार एवम सघन अन्तरआबद्धता | १. परिष्कृत तथा मर्यादित जीवन |
| २. मानवपुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | २. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| ३. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | ३. स्वस्थ र सन्तुलित पर्यावरण |
| ४. उच्च र समतामूलक राष्ट्रिय आय | ४. सुशासन |
| | ५. सबल लोकतन्त्र |
| | ६. राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

### ३.५.२ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य

कोशी प्रदेशले पन्ध्रौं राष्ट्रिय योजनाको मूलमर्मलाई आत्मसात गर्दै स्वच्छ, सुखी र समुन्नत प्रदेशको दीर्घकालीन  सोच लिएको छ । कोशी प्रदेशको प्रथम योजनाको सोच र लक्ष्य यस प्रकार रहेको छ ।

**सोच :** स्वच्छ, सुखी र समुन्नत प्रदेश

**लक्ष्य :** सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माण हुने

प्रदेशले स्वस्छ, सुखी र समुन्नत तीन मूल स्तम्भलाई निम्नानुसार वर्गीकरण गरेको छ।

| **स्वच्छ** | **सुखी** | **समुन्नत** |
|---|---|---|
| स्वस्थ र सन्तुलित पर्यावरण | परिष्कृत तथा मर्यादिन जीवन | उच्च र समतामूलक आय |
| आधारभूत सरसफाइ सुविधा | सभ्य र न्यायपूण समाज | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग |
| नवीकरणीय ऊर्जा | सुशासन | सर्वसूलभ तथा आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता |
| जैविक कृषि | जीवनस्तर | उच्च र दिगो उत्पादन र उत्पादकत्व |

नेपालको पन्ध्रौं राष्ट्रिय योजना र कोशी प्रदेशको प्रथम योजनाको मूलमर्मलाई आत्मसात गर्दै यस चम्पादेवी गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य र उद्धेश्य यस प्रकार रहेको छ।

### ३.६ चम्पादेवी गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य

| | |
|---|---|
| **दीर्घकालीन सोच :** | श्री चम्पादेवी हाम्रो शान “समृद्धिका लागि पूर्वाधार, पर्यटन र कृषि विकास हाम्रो अभियान” |
| **समष्टिगत लक्ष्य :** | पूर्वाधार, पर्यटन र कृषि विकास मार्फत समृद्ध गाउँपालिका हुने |
| **समष्टिगत उद्देश्य :** | (क) व्यवसायिक कृषि विकास तथा यथोचित बजारीकरण मार्फत आत्मनिर्भरता र रोजगारी प्रवर्द्धन गर्नु।<br>(ख) पूर्वाधार, धार्मिक पर्यटन, र प्राकृतिक एवं सांस्कृतिक विविधताको संरक्षण गरी दिगो विकास गर्नु।<br>(ग) गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको पहुँचमा बृद्धि गर्दै सवल र सक्षम नागरिक तयार गर्नु। |

### ३.७ रणनीति तथा प्राथमिकता

गाउँपालिकाले लिएको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न निम्नानुसारका रणनीति अवलम्वन गर्ने छ।

(क) कृषि विकासमा व्यवसायिकरण तथा बजारीकरण गर्ने।

(ख) पूर्वाधार विकास गर्ने।

(ग) सांस्कृतिक तथा जैविक विविधताको संरक्षण गरी दिगो विकास गर्नु।

(घ) सवल र सक्षम नागरिक तयार गर्ने।

(ङ) सुशासनको प्रत्याभूत गर्ने।

गाउँपालिकाले अङगिकार गरेको दीर्घकालीन सोच, आवधिक विकास योजनाले निर्धारण गरेको लक्ष्य र बृहत तथा क्षेत्रगत उद्देश्य हाँसिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ। (क) व्यवसायिक कृषि तथा पशुपंछीपालन, (ख) उद्यम विकास, (ग) स्वास्थ्य, शिक्षा, (घ) समावेशी दिगो पूर्वाधार।

## ३.७ परिमाणात्मक लक्ष्य

पन्ध्रौं योजनाको समृद्धि र सुख  तथा कोशी प्रदेशको स्वच्छ, सुखी र समुन्नतका लक्ष्यका आधारमा चम्पादेवी गाउँपालिकाको आवधिक परिमाणात्मक लक्ष्यको अवस्था चित्रण गरिएको छ। यस तालिकामा राष्ट्रिय तथा कोशी प्रदेशको लक्ष्य प्रस्तुत गरिएको छ।

**तालिका ६ : राष्ट्रिय तथा कोशी प्रदेशको लक्ष्य**

| क स | सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | | कोशी प्रदेश | |
|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष आ.व. | | वि सं. २१०० | आधार वर्ष आ.व. | |
| | | | ०७५/७६ | ०८०/८१ | | ०७५/७६ | ०८०/८१ |
| | समृद्धिका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्य | | | | | | |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | ६।८ | ९।६ | १०।५ | ६।५ | १०।४ |
| २ | प्रति व्यक्ति वार्षिक आय | डलर | १०४७ | १५९५ | १२१०० | ९३४ | १६२० |
| ३ | कृषि क्षेत्रको योगदान | प्रतिशत | २७ | १९।४ | ९ | | |
| ४ | उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५।२ | १६।७ | ३० | १९।०६ | २३।६१ |
| ५ | सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७।८ | ६४।२ | ६१ | | |
| ६ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात | अनुपात | १.३ | १ | १ | १।०१ | ०।९० |
| ७ | सम्पत्तिमा आधारित गिनी गुणक | गुणक | ०।३१ | ०।२९ | ०।२५ | ०।३५ | ०।३२ |
| ८ | अपेक्षित आयु (जन्म हुँदाको) | प्रतिशत | ६९।७ | ७२ | ८० | ७०।७० | ७३।१० |
| १० | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा | संख्या | २३९ | ९९ | २० | | |
| ११ | पाँच वर्ष मुनिका बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा | संख्या | ३९ | २४ | ८ | ३६ | २२ |
| १२ | साक्षरता (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९० | ९८ | ७९।१ | ९९ |
| १३ | युवा साक्षरता दर (१५ देखि २४ वर्ष | प्रतिशत | ८५ | ९९ | १०० | | |
| | ९ देखि १२ कक्षाको खुद भर्ना दर | | | | | ४५ | ७० |
| १४ | आधारभूत तहमा (१ देखि ८ कक्षा) खुद भर्ना दर | प्रतिशत | ९२।३ | ९९।५ | १०० | ९१।८५ | १०० |
| १५ | श्रम शक्ति सहभागिता दर | प्रतिशत | ३८.५ | ४८।५ | ७२ | ३७।८ | ४७।६ |

| क स | सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | | कोशी प्रदेश | |
|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष आ.व. | | वि सं. २१०० | आधार वर्ष आ.व. | |
| | | | ०७५/७६ | ०८०/८१ | | ०७५/७६ | ०८०/८१ |
| १६ | बेरोजगार दर | प्रतिशत | ११.४ | ६ | ३ | १०।२ | ५।४ |
| १७ | रोजगारीमा औपचारिक क्षेत्रको अंश | प्रतिशत | ३६.५ | ५० | ७० | ३५।२(अनौ) | ४८।२(अनौ) |
| १८ | राष्ट्रिय र प्रादेशिक लोक मार्ग (कालोपत्रे) | किमी | ६९६९ | १५००० | ३३००० | | |
| १९ | रेल मार्ग | किमी | ४२ | २०० | २२०० | ० | २५ |
| २० | ३० मिनेटको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | ७८।९ | ९५ | ९९ | | |
| २० | १ घन्टाको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | | | | ७८ | ९५ |
| २१ | विद्युत सेवामा पहुँच भएको जनसंख्या | संख्या | ९०।७ | ९९ | १०० | ९१।४ | १०० |
| २२ | आधारभूत खानेपानीको पहुँच पुगेका घरपरिवार | प्रतिसत | ९४.९ | ९९ | १०० | | |
| २३ | इन्टरनेट प्रयोग कर्ता | प्रतिसत | ५५.४ | ७५ | १०० | | |
| २४ | जलविद्युत उत्पादन जडित क्षमता | मेवा | १०७४।१ | ५००० | ४०००० | | |
| २५ | प्रति व्यक्ति प्रतिवर्ष विद्युत उपभोग | कि वा | १९८ | ७०० | ३५०० | | |
| २६ | कषि उत्पादकत्व (धान मकै गहुँ | टन /हे | २.९७ | ४ | ६ | | |
| २७ | गरीबीको रेखा मुनी रहेको जनसंख्या | प्रतिशत | १८.७ | ११ | १ | | |
| २८ | वहुआयामिक गरीबीमा रहेको जनसंख्या | प्रतिशत | २८।६ | १३ | ३ | | |
| २९ | ५ वर्ष मुनीका कम तौल भएका बालबालिका | प्रतिशत | २७ | १५ | २ | | |
| ३० | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०।५७ | ०।६२ | ०।७६ | | |
| ३१ | आफनै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८५।३ | ८९ | | | |
| ३२ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २६।३ | १३ | | | |

| क स | सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | | कोशी प्रदेश | |
|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष आ.व. | | वि सं. २१०० | आधार वर्ष आ.व. | |
| | | | ०७५/७६ | ०८०/८१ | | ०७५/७६ | ०८०/८१ |
| ३३ | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | प्रतिशत | ९६।५ | १०० | १०० | | |
| ३४ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | ६० | १०० | | |
| ३५ | हेलो सरकारमा प्राप्त उजुरीको फरछ्यौंट | प्रतिशत | ४८।१३ | ९८ | ९९ | | |
| ३६ | राष्ट्रिय परिचय पत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ० | १०० | १०० | | |
| ३७ | पाँच वर्ष मुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ५६ | १०० | १०० | | |
| ३८ | आधारभूत खाद्य सुरक्षाको स्थितीमा रहेका जनसंख्या | प्रतिशत | ४८.२ | ७० | १०० | | |

**तालिका ७: चम्पादेवी गाउँपालिकाको परिमाणात्मक लक्ष्य**

| नतिजाको तह | सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव :** उच्च दीगो र समावेशी आर्थिक बृद्धि सहितको समृद्ध गाउँपालिका निर्माण | **आर्थिक विकास** | | | | | | | प्रस्तुत परिमाणात्मक प्रक्षेपण गाउँपालिका संघ, प्रदेश तथा स्थानीय सरकार बीच सहकार्य भएको अवस्थामा, कुनै दैवी प्रकोप नआएको अवस्थामा र सहज आर्थिक तथा सामाजिक गतिविधि भएको अवस्थामा |
| | मानव विकास सूचकाङ्क* | | | | | | प्रदेश नीति तथा योजना आयोग[1] | |
| | वहुआयामिक गरीबी* | | | | | | | |
| | कृषि क्षेत्रको रोजगारीको दर | प्रतिशत | १.१५ | १.६ | २.० | २.५ | कृषि सर्वेक्षण | |
| | साक्षरता दर | प्रतिशत | ६८.३ | ७५ | ८० | ८५ | साक्षरता दर | |
| | | | | | | | | |
| **असर - १ (आर्थिक विकास क्षेत्र)** रोजगारी अवसरहरु श्रृजना एवं आय वृद्धि | **आर्थिक विकास** | | | | | | | |
| | कृषि क्षेत्रको रोजगारीको दर | प्रतिशत | १.१५ | १.६ | २.० | २.५ | कृषि सर्वेक्षण | |
| | उद्योग क्षेत्रको रोजगारी दर | प्रतिशत | १ | १ | २ | ४ | पार्श्वचित्र | |
| | सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | संख्या | | | | | | |
| **असर- २ (सामाजिक विकास क्षेत्र)** | **सामाजिक विकास** | | | | | | | |
| | माध्यामिक तह ( ९-१२) को खूद भर्नादर | प्रतिशत | ९१ | ९३ | ९८ | १०० | EMIS | |

[1] प्रदेश नीति तथा योजना आयोग, प्रथम पञ्चवर्षिय योजना २०७६/७७–८०/८१

| नतिजाको तह | सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| समन्यायीक, समतामूलक एवं सुसंस्कृत समाज निर्माण | साक्षरता दर | प्रतिशत | ६८.३ | ७५ | ८० | ८५ | EMIS | मात्र लागु हुनेछ । |
| | औसत आयु | वर्ष | ७० | ७० | ७१ | ७१ | पार्श्वचित्र | प्रस्तुत परिमाणात्मक प्रक्षेपण गाउँपालिका संघ, प्रदेश तथा स्थानीय सरकार बीच सहकार्य भएको अवस्थामा, कुनै दैवी प्रकोप नआएको अवस्थामा र सहज आर्थिक तथा सामाजिक गतिविधि भएको अवस्थामा |
| | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | प्रतिशत | ७५ | १०० | १०० | १०० | पार्श्वचित्र | |
| | २५०० ग्राम भन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | - | ५ | ५ | <५ | HMIS | |
| **असर - ३ (पूर्वाधार विकास क्षेत्र)** आधारभूत पूर्वाधारमा सुविधामा पहुँच अभिवृद्धि | **पूर्वाधार विकास** | | | | | | | |
| | महिलामैत्री, बालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना | संख्या | ६८ | १०० | १२० | १४५ | वडा सर्भेक्षण | |
| | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | ६० | ७० | ७५ | ८० | वडा सर्भेक्षण | |
| | नियमित सिंचित क्षेत्र | हेक्टर | | | | | वडा सर्भेक्षण | |
| | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | संख्या | २३८५ | २५०० | ३५०० | ४०३४ | वडा सर्भेक्षण | |

| नतिजाको तह | सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| | वन तथा जैविक विविधता क्षेत्रको रोजगारीता | प्रतिशत | ५ | ७ | १० | १५ | वडा सर्वेक्षण | मात्र लागु हुनेछ । |
| **असर - ४ (संस्थागत विकास तथा सुशासन क्षेत्र)** सुशासनको अनुभूति | **सुशासन र संस्थागत विकास** | | | | | | | |
| | पालिकाको सेवा प्रवाहबाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ६७ | ७० | ७५ | ८० | वडा सर्वेक्षण | |

## ३.८ समष्टिगत रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यक्रम तथा आयोजना |
|---|---|
| चम्पादेवी गाउँपालिका र अन्य बजारक्षेत्र तथा पालिकाबीचको सडक सम्वन्धलाई सहज बनाउने | प्रत्येक वडामा बाह्रै मास सञ्चालन हुन सक्ने सडकको स्तरोन्नती कार्यक्रम |
| | गाउँपालिकादेखि अन्य पालिकाका मुख्य बजारकेन्द्रसम्म पुग्न सहज सडक पूर्वाधारको व्यवस्थापन कार्यक्रम |
| आवास तथा बस्ती विकासलाई व्यवस्थित तथा दीगो बनाउने | जोखिमयुक्त बस्ती व्यवस्थापन कार्यक्रम आवास तथा बस्ती विस्तारकालागि मापदण्डको निर्माण कार्यक्रम |
| सहकार्य तथा समन्वयको पद्दतिलाई सुदृढ बनाउने | गाउँपालिका तथा अन्य गाउँ तथा नगरपालिका विच विकासका साझा सरोकारका क्षेत्रको पहिचान र कार्यान्वयनको नीतिगत व्यवस्था कार्यक्रम |
| स्थानीय अर्थतन्त्रको सुदृढिकरणमा जोड दिने | सडक पहुँच विस्तार, भू उपयोग योजनाको कार्यान्वयनका लागि नीतिगत व्यवस्था कार्यक्रम |
| रोजगार प्रवर्द्धन र गरीवी निवारण | कृषिमा आधारित साना तथा घरेलु उद्योग, पर्यटन व्यवसाय, तथा खनिज पदार्थ उत्खनन प्रशोधन कार्यक्रम |

## ३.९ लगानी, स्रोत अनुमान र बाँडफाँट

गाउँपालिकाले विगतमा प्राप्त गरेको वित्तिय स्रोतको प्रवृत्तिलाई ध्यानमा राखेर आगामी पाँच वर्षका लागि गाउँपालिकाले संघ र प्रदेश सरकारबाट नियमित रुपमा प्राप्त गर्ने अनुदानका आधारमा चालु आ.व २०७९/८० को बजेट रु ६८ करोड ७५ लाख लाई आधारमानी आ.ब. २०८४/८५ सम्मका लागि यो प्रक्षेपण गरिएको हो जस अनुसार प्रतिवर्ष गाउँपालिकाले प्राप्त गर्ने वित्तिय स्रोतमा १० प्रतिशतका दरले बृद्धि हुने अनुमान गरिएको छ भने समपुरक, सशर्त र विशेष अनुदान पनि थप हुने अपेक्षा गरिएको छ। यही अनुमानका आधारमा आ.ब. २०८४/८५ सम्ममा गाउँपालिकामा कुल ४ अर्व ३ करोड १२ लाख बराबरको बजेट परिचालन हुने देखिन्छ। उक्त परिचालित बजेटमा प्रशासनिक खर्च बापतको ५७ करोड ७८ लाख घटाउँदा गाउँपालिकाले लगानी गर्न सक्ने लगानी योग्य राजस्व रु ४ अर्व २५ करोड ४३ लाख हुन आउने देखिन्छ।

# परिच्छेद ४: आर्थिक क्षेत्र

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

कृषि क्षेत्र आर्थिक समृद्धि हाँसिल गर्ने प्रमुख आधार हो । नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको करिव २७ प्रतिशत योगदान रहेको छ भने ६०.४ प्रतिशत जनसंख्या आवद्ध रहेको छ । कोशी प्रदेशको कुल ग्रार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिव ३६.७५ प्रतिशत रहेको छ। भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषण उपलब्धता, दिगो कृषि प्रवर्द्धन गर्न दिगो विकास लक्ष्यले मार्गनिर्देश गरेको छ । नेपालको कृषि विकास रणनीति (सन् २०१५-२०३५) ले पोषण र खाद्य सुरक्षाको मार्गचित्र पेश गरेको छ । नेपालको संविधानले कृषि र भूमिसुधार सम्बन्धि नीतिमा किसानको हक हित संरक्षण र सम्बर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने जस्ता विषयलाई समावेश छ । साथै खाद्य सम्बन्धि अधिकार मौलिक हकका रुपमा प्रत्याभूत भएको छ । उच्च र समावेशी आर्थिक वृद्धिमा योगदान पुऱ्याउने क्षेत्र भएकोले कृषि क्षेत्रलाई बैज्ञानिक ढंगले सुधार तथा रुपान्तरण गर्ने प्रयासलाई सघन बनाई उत्पादन र उत्पादकत्व बृद्धि गर्नु जरुरी छ। कृषि तथा पशुपन्छी क्षेत्रको विकासमा तीनै तहको सरकारको भूमिका छ । स्थानीय तहले कृषि तथा पशुपन्छी सम्बन्धि स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमनको कार्य गर्ने व्यवस्था छ । साथै स्थानीय तहले कृषि तथा पशुपन्छी बजारव्यवस्थापन, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास, प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण, पशुपन्छी सम्बन्धि बीमा र कर्जा सहजीकरण जस्ता क्षेत्रमा कार्य गर्नु पर्दछ ।

यस गाउँपालिकामा कृषि जमीन तथा सार्वजनिक पर्ती जग्गाको उचित व्यवस्थापन, साना सिँचाइ आयोजनाको निर्माण तथा सुधार, यातायात पूर्वाधारको सुदृढीकरण तथा स्थानीय खाद्य सञ्जालको प्रवर्द्धन र कृषकहरुलाई कृषि प्रसार सेवा उपलब्ध गराएर गाउँपालिकाले कृषि उत्पादन र स्थानीय आर्थिक बृद्धि हाँसिल गर्न सहयोग पुऱ्याउन सक्दछ । कृषि क्षेत्रको विकासले खाद्यान्नको उपलब्धता र पहुँचले महिला र बालबालिकामा हुने कुपोषण न्यूनीकरणमा योगदान दिई चरम गरीबी, शिक्षा, स्वास्थ्य, वातावरण तथा असमानतासँग सम्बन्धित अन्य लक्ष्य प्राप्त गर्न पनि सहयोग पुग्दछ । यस गाउँपालिकाले कृषि तथा पशुपन्छी क्षेत्रको समग्र विकासमा संघ, प्रदेश सरकार तथा निजी क्षेत्रसँगको सहकार्यमा लगानी परिचालन गर्नेछ ।

### ४.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा कृषि तथा पशुपंछीपालनको पूर्वाधारको कमी रहेको छ । सिँचाईको अभाव, आधुनिक यन्त्र तथा उपकरणको अभाव, सक्रिय जनशक्ति बाहिरिनु, लगानीको अभाव, प्रयाप्त सिँचाइ नहुनु, मल, बजार, बिउ, प्राविधिक जनशक्ति, बजारीकरण नहुनु, उन्नत जातको बिउविजन मलखादको अभाव जस्ता समस्याले गाउँपालिकाको कृषि क्षेत्रको विकास हुन सकेको छैन् । उत्पादित वस्तु स्थानीय स्तरमा खपत नहुनु, उत्पादित वस्तु बजारसम्म लैजानका लागि यातायातको अभाव, विभिन्न रोग किरा, हावाहुरीले

उत्पादित वस्तु विनास हुनु, प्रयाप्त मात्रामा बजेटको व्यवस्थापन नभएको, कृषकहरुमा कृषि सम्बन्धि चेतनाको कमी, बजेटको अभावका कारण कृषकको मागमा आधारीत उपकरण वितरणमा कमी, कृषकहरुले प्राङ्गारिक मलभन्दा रसायनिक मलमा जोड दिएको, बजारसम्म लैजानको लागि यातायातको अभावले पैदल लैजादा समय खर्च अवधी धेरै लाग्ने जस्ता समस्याहरु यस गाउँपालिकाको कृषि क्षेत्रको विकासको अवरोधको रुपमा रहेको छ ।

गाउँपालिकामा कृषि तथा पशुपंछीपालनको लागि दक्ष कृषि तथा पशुसेवा प्राविधिकहरुको उपलब्धता सुनिश्चिता गर्नु, परम्परागत कृषि प्रणालीलाई आधुनिक कृषि तर्फ लैजानु, भूक्षेत्रको अवस्था अनुसार आधुनिक यन्त्र तथा उपकरण उपयोग गर्नु, सक्रिय जनशक्ति गाउँपालिकामा राख्नु, कृषि क्षेत्रमा लगानी बढाउनु, माग अनुसार सिँचाइ सेवाको उपलब्धता गराउनु चुनौतीको रुपमा रहेको छ । यसै गरी जैविक तथा प्राङ्गारिक मल तथा बिउ व्यवस्थापन गर्नु, उत्पादित वस्तुको स्थानीय बजारव्यवस्थापन गर्नु, यातायातको व्यवस्था गर्नु यस गाउँपालिकाको चुनौतीको रुपमा रहेको छ ।

### ४.१.३ संभावना तथा अवसर

गाउँपालिकामा कृषि तथा पशुपंछीपालनको क्षेत्रमा केही समस्या र चुनौती भएतापनि उत्तिकै संभावना तथा अवसर रहेको छ । नेपालको संविधानले कृषि र भूमिसुधार सम्बन्धि नीतिलाई राज्यको नीतिहरुमा समावेश गर्नु, संविधानले किसानको हक हित संरक्षण र सम्बर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने जस्ता विषयलाई समावेश गरेको छ । यसका अतिरिक्त संविधानले खाद्य सम्बन्धि अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । साथै यस्ता व्यवस्थाहरु गाउँपालिकाले आत्मसात गर्नुले यस गाउँपालिकामा कृषि क्षेत्रको संभावना अझ मजवुत गरेको छ । गाउँपालिकाले सिँचाई, कुला, पोखरी निर्माणमा ध्यान दिनु, विभिन्न वडाहरुलाई कृषि पकेट क्षेत्र घोषणा हुनु, एक क्षेत्र एक उत्पादन घोषणा हुनु र १०० वटा भन्दा वढी कृषक समूह सक्रिय रहनु कृषि क्षेत्रमा प्रसस्त अवसरहरु रहेको छ ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

- कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण गर्दै कुल गार्हस्थ्य उत्पादनमा बृद्धि गर्ने ।

**उद्देश्य**

- कृषि तथा पशुपालनको उत्पादन र उत्पादकत्व बृद्धि गरी कृषि उपजमा आत्मनिर्भर गर्नु ।
- निर्वाहमुखी कृषि प्रणालीलाई नाफामूलक, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण गरी रोजगारी नयाँ अवसर सृजना गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| कृषि तथा पशुपालन क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने । | कृषि तथा पशुपालन क्षेत्रको पूर्वाधारको विकास गरिनेछ । |
| | बेमौसमी तरकारी खेतीमा आधुनिकीकरण तथा आवस्यक सामग्री व्यवस्थापन गरिनेछ । |
| | व्यवसायीक किसानहरुको लागि प्रोत्साहन योजना लागू गरिनेछ । |
| तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभूत खाद्य वस्तुको उत्पादनमा आत्मनिर्भरता हाँसिल गर्ने । | घरयासी खाद्यान्न उत्पादन तथा करेशाबारी कार्यक्रम मार्फत कृषकको पोषण तथा आर्थिक विकासमा जोड दिने कार्यक्रम ल्याइनेछ । |
| | नगदेबाली तथा पशुपंछी विकास कार्यक्रम लागू गरिनेछ । |
| | कृषि तथा पशुपंछी विकासका लागि सेवा प्रदायकहरुलाई क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । |
| | धान पकेट क्षेत्र विकास कार्यक्रम लागू गरिनेछ । |

| कार्यक्रम तथा आयोजना |
|---|
| चिस्यान केन्द्रको स्थापना |
| सामुदायिक बीउ बैंक स्थापना |
| टमाटर खेतिको लागि प्लास्टिक घर निर्माण तथा खरिद |
| बेमौसमी तरकारी खेतीमा आधुनिकीकरण तथा आवस्यक सामग्री व्यवस्थापन |
| दन्ते ओखर तथा स्याउ खोती लगायत अन्य कागती लगायत फलफूल खेती लगाउने कार्यक्रम |
| आलु पकेट क्षेत्र कार्यक्रम |
| आधुनिक औजार व्यवस्थापन कार्यक्रम |
| आधुनिक फलफूल खेती तथा विरुवा वितरण कार्यक्रम |
| अलैची खेती प्रवर्धन |
| नगदे बालिको पकेट क्षेत्र सञ्चालन |
| फलफूलका नर्सरी व्यवस्थापन तथा फलफूलका विरुवा वितरण |
| पशुपंछी विकास कार्यक्रम |
| बाखा तथा बंगुर व्यवसायिक पालन, नस्ल सुधार तथा खोर निर्माण |
| उन्नत जातका बिउ विजन तथा मल, औजार खरिद |
| कृषक समूहलाई हाते ट्याक्टर वितरण कार्यक्रम |
| कृषि सम्बन्धि तालिम तथा औषधीको व्यवस्थापन |
| कृषि आधुनिकीकरण (विषादी खरिद, बजारव्यवस्थापन, उपकरण खरिद) |
| कृषि तथा पशुपंछी विकास तालिम एवं पकेट कार्यक्रम सञ्चालन |
| कुखुरा पालनको लागि संरचना निर्माण कार्यक्रम |
| धान पकेट क्षेत्र विकास कार्यक्रम |
| ***अनुमानित लागत: ४३ करोड ११ लाख*** |

### ४.१.५ कृषि क्षेत्रको अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** युवा उद्यमशीलता बृद्धि गर्दै व्यवसायिक पशुपालनबाट रोजगारी सृजना गरी गरीबी न्यूनीकरण भएको हुने | | | | | | | |
| कृषि क्षेत्रको रोजगारीको दर | प्रतिशत | १.१५ | १.६ | २.० | २.५ | कृषि सर्वेक्षण | गापा |
| **असर तह :** कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरण गर्दै कृषकहरुको दिगो आयश्रोतको रुपमा स्थापित भई गरीबी न्यूनीकरण भएको हुने | | | | | | | |
| व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक | संख्या | ३००० | ३५०० | ४००० | ४५०० | कृषि सर्वेक्षण | गापा |
| सुचारु सामुदायिक खेती तथा करार खेतीले ओगटेको भूमि | हेक्टर | ५०० | ५०० | ५०० | ५०० | कृषि सर्वेक्षण | गापा |
| अगुवा वा व्यवसायिक कृषक | संख्या | ३००० | ३५०० | ४००० | ४५०० | कृषि सर्वेक्षण | गापा |
| सक्रिय व्यवसायिक कृषक समूह | संख्या | १०४ | १३० | १४० | १५० | कृषि सर्वेक्षण | गापा |
| क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | संख्या | २० | ३० | ४० | ५० | कृषि सर्वेक्षण | गापा |
| विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषिक | संख्या | १५० | २०० | २५० | ३५० | कृषि सर्वेक्षण | गापा |
| स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | ५० | १०० | १५० | २५० | कृषि सर्वेक्षण | गापा |
| कम्पोष्ट र जैविक मल उत्पादन | मे.टन | २०००० | २५००० | २७५०० | ३०००० | कृषि सर्वेक्षण | गापा |
| व्यवसायिक कृषि नर्सरी | संख्या | ५ | ७ | १० | १५ | कृषि सर्वेक्षण | गापा |
| व्यवसायिक कृषिबाट प्रदान भएको प्रत्यक्ष रोजगारीता | संख्या | ५० | १५० | २५० | ३५० | कृषि सर्वेक्षण | गापा |
| कृषि उपज संकलन केन्द्र, बजारप्रवर्द्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्र | संख्या | १ | ५ | ७ | १० | कृषि सर्वेक्षण | गापा |
| कृषि सहकारी संस्था | संख्या | ३ | ५ | ७ | १० | कृषि सर्वेक्षण | गापा |
| कृषि सहकारीमा आवद्ध कृषक | संख्या | १५०० | २००० | २५०० | ३००० | कृषि सर्वेक्षण | गापा |
| कोल्ड स्टोर तथा रष्टिक स्टोर क्षमता | मे.टन | | | | | कृषि सर्वेक्षण | गापा |
| उन्नत बिउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषक | संख्या | २४०० | ३५०० | ४००० | ४५०० | कृषि सर्वेक्षण | गापा |
| कृषिबालीमा लाग्ने किराबाट भएको क्षति | रु. | १००००००० | ५०००००० | १००००० | ५०००० | कृषि सर्वेक्षण | गापा |

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| जलवायु परिवर्तन, अतिवृष्टी, अनावृष्टि वाढी पहिरोबाट कृषिबालीमा भएको क्षति | रु. | २५००००० | २०००००० | १५००००० | १०००००० | **गाउँ कार्यपालिका** | गापा |
| किसान क्रेडिट कार्डबाट लाभान्वित कृषकहरु | संख्या | - | | | ५० | | गापा |
| कृषि वीमा सेवाबाट लाभान्वित कृषक | संख्या | ५०० | ३५०० | ४००० | ४५०० | कृषि सर्वेक्षण | गापा |
| आधुनिक कृषि औजारहरु प्रयोग गर्ने कृषकहरु (आधुनिक औजारहरुः पावर टिलर, मिनि टिलर, ड्रम सिडर, रिपर, हाते ट्याक्टर, थ्रेसर, सिड ड्रिल आदि) | | ५०० | १००० | १२०० | १५०० | कृषि सर्वेक्षण | गापा |
| प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनाबाट लाभान्वित किसान | संख्या | ६०० | ८०० | १००० | १२०० | कृषि सर्वेक्षण | गापा |
| कृषि व्यवसायमा सहुलियत ऋण, कृषि सामानमा अुदान तथा यान्त्रिकीकरणमा पुँजीगत अनुदानबाट लाभान्वित कृषिक | संख्या | ५०० | ६०० | ७०० | ८०० | कृषि सर्वेक्षण | गापा |
| वित्तिय संस्थाहरुबाट परियोजना धितोमा सहुलियतपूर्ण कृषि कर्जा प्रवाह रकम | रु. | ५ करोड | ७ करोड | ८ करोड | १० करोड | कृषि सर्वेक्षण | गापा |
| संचालनमा रहेको कृषिबजार, हाटबजारतथा कृषि थोकबजार | संख्या | ५ | ५ | ७ | १० | कृषि सर्वेक्षण | गापा |
| कृषि सूचना तथा बजारमूल्य जानकारीका लागि वनाइएको मोवाइल एप्सबाट लाभान्वित कृषिक | संख्या | ० | १०० | १५० | ३०० | कृषि सर्वेक्षण | गापा |
| संचालनमा रहेको कृषि ब्लक, पकेट, जोन तथा सुपरजोन | संख्या | ४ | ५ | ७ | १० | कृषि सर्वेक्षण | गापा |
| कृषि उपजहरु विक्रीका लागि नजिकको बजारक्षेत्रमा पुग्न लाग्ने समयावधि | मिनेट | ६० | ३० | ३० | ३० | कृषि सर्वेक्षण | गापा |
| तरकारी व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | ५ | १० | १५ | २० | कृषि सर्वेक्षण | गापा |

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| तरकारी उत्पादन | मे.टन | २५ | ३० | ३५ | ४० | कृषि सर्वेक्षण | गापा |
| तरकारी उत्पादन विक्री | रु. | ५० लाख | ७० लाख | ८० लाख | १ करोड | कृषि सर्वेक्षण | गापा |
| फलफूल उत्पादन | मे.टन | | ३० | ३५ | ४० | कृषि सर्वेक्षण | गापा |
| फलफूल उत्पादन विक्री | रु. | १० लाख | १५ लाख | २० लाख | २२ लाख | कृषि सर्वेक्षण | गापा |
| आलु खेतीले ओगटेको भूभाग | हेक्टर | २० | २५ | ३० | ३६ | कृषि सर्वेक्षण | गापा |
| आलु खेतीबाट वार्षिक उत्पादन | मे.टन | १०० | १०० | १०० | १०० | कृषि सर्वेक्षण | गापा |
| आलुको वार्षिक विक्री | रु. | ३० लाख | ३५ लाख | ४० लाख | ४५ लाख | कृषि सर्वेक्षण | गापा |
| अदुवा, लसुन लगायत मसलाजन्य उत्पादन | मे.टन | २५ | ३० | ३५ | ४० | कृषि सर्वेक्षण | गापा |
| अदुवा, लसुन लगायत मसलाजन्य विक्री | रु. | ३० लाख | ३५ लाख | ४० लाख | ४५ लाख | कृषि सर्वेक्षण | गापा |
| नगदे बालीले ओगटेको क्षेत्र | हेक्टर | २० | २५ | ३० | ३६ | कृषि सर्वेक्षण | गापा |
| नगदेबाली वार्षिक उत्पादन | मे.टन | २५ | ३० | ३५ | ४० | कृषि सर्वेक्षण | गापा |
| नगदेबालीको वार्षिक निकासी | रु. | ३० लाख | ३५ लाख | ४० लाख | ४५ लाख | कृषि सर्वेक्षण | गापा |
| **प्रतिफल तह** | | | | | | | |
| कृषि क्षेत्रको आकार र लगानीमा बृद्धि भई व्यवसायिकता, बजारीकरण र स्वरोजगारमा सहयोग पुगेको हुने । | | | | | | | गापा |
| कृषि तथा पशुपन्छी जन्य उत्पादनको सुरक्षित बजारीकरण भएको हुने । | | | | | | | गापा |
| कृषि तथा पशुपन्छीजन्य उत्पादन बृद्धि, सुरक्षण तथा व्यवस्थापनका लागि आधुनिक प्रविधि तथा सेवाको प्रयोग भएको हुने । | | | | | | | गापा |
| कृषि तथा पशुपन्छीपालन क्षेत्रमा संलग्न विपन्न तथा सिमान्तकृत समूदायको आर्थिक क्षमता अभिबृद्धि भएको हुने । | | | | | | | गापा |

## ४.१.६ पशुपन्छीपालन क्षेत्रको अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण २०८०/८१ | २०८२/८३ | २०८४/८५ | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| **प्रभाव तह** : व्यवसायिक पशुपन्छी क्षेत्रको प्रवर्धनबाट आर्थिक बृद्धि गर्ने | | | | | | | |
| पशुपंक्षी वीमा सेवाबाट लाभान्वित कृषक | संख्या | ३०० | ४०० | १००० | १५०० | कृषि सर्वेक्षण | गापा |
| **असर तह :** कृषकहरुको दिगो आयश्रोतको रुपमा पशुपन्छी व्यवसायको आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरण गर्दै आर्थिक विकासमा योगदान पुचाउने । | | | | | | | |
| व्यवसायिक पशुपंक्षीपालनमा संलग्न घरपरिवार | संख्या | ५१ | १०० | २०० | ३०० | कृषि सर्वेक्षण | गापा |
| सुचारु व्यवसायिक पशुपंक्षीजन्य फर्म | संख्या | ५१ | १०० | २०० | ३०० | कृषि सर्वेक्षण | गापा |
| भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | २ | ५ | १० | १५ | कृषि सर्वेक्षण | गापा |
| सक्रिय पशुपंक्षीजन्य समूह | संख्या | ५१ | ६० | ७० | ८० | कृषि सर्वेक्षण | गापा |
| व्यवस्थित चरन क्षेत्र | संख्या | १ | ३ | ५ | ७ | कृषि सर्वेक्षण | गापा |
| नश्ल सुधार तथा प्राथमिक उपचार केन्द्र | संख्या | ६ | ८ | १० | १२ | कृषि सर्वेक्षण | गापा |
| पशुपंक्षी वीमा सेवाबाट लाभान्वित कृषक | संख्या | ३०० | ४०० | १००० | १५०० | कृषि सर्वेक्षण | गापा |
| क्रियाशील ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | ८ | | | | कृषि सर्वेक्षण | गापा |
| पशुपंक्षीपालन सम्बन्धि उपलब्ध प्रविधि (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन....) उपयोग गर्ने कृषक | प्रतिशत | ९० | ९२ | ९५ | ९५ | कृषि सर्वेक्षण | गापा |
| सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | | १ | १ | १ | कृषि सर्वेक्षण | गापा |
| दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | | २ | | २ | कृषि सर्वेक्षण | गापा |
| पशुपंक्षीजन्यबाट प्रदान भएको प्रत्यक्ष रोजगारी | संख्या | १०२ | १५० | १७५ | २०० | कृषि सर्वेक्षण | गापा |
| पशुपंक्षी जन्य वस्तु विक्रीका लागि नजिकको बजारक्षेत्रमा पुग्न लाग्ने औषत समयावधि | मिनेट | ६० | ३० | ३० | ३० | कृषि सर्वेक्षण | गापा |
| दुध तथा दुधजन्य उत्पादन | मे.टन | ०.७ | ०.७ | ०.८ | ०.९ | कृषि सर्वेक्षण | गापा |
| दुध तथा दुधजन्य उत्पादनको वार्षिक विक्री | रु. | ५ लाख | १० लाख | १५ लाख | २० लाख | कृषि सर्वेक्षण | गापा |
| खसी बोकाको मासु वार्षिक उत्पादन | मे.टन . | ४ | ६ | ८ | १० | कृषि सर्वेक्षण | गापा |
| खसी बोकाको मासु वार्षिक विक्री | रु. | ३ करोड | ४ करोड | ४ करोड | ४ करोड | कृषि सर्वेक्षण | गापा |

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| सुंगुर वंगुरको मासु वार्षिक उत्पादन | मे.टन . | २ | ३ | ४ | ५ | कृषि सर्वेक्षण | गापा |
| सुंगुर वंगुरको मासु वार्षिक विक्री | रु. | ७ लाख | ८ लाख | १० लाख | १२ लाख | कृषि सर्वेक्षण | गापा |
| कुखुराको अण्डा बार्षिक उत्पादन | संख्या | ९ लाख | १० लाख | १२ लाख | १४ लाख | कृषि सर्वेक्षण | गापा |
| कुखुराको अण्डा बार्षिक विक्री | रु. | १ करोड | १.५ करोड | १.७५ करोड | २ करोड | कृषि सर्वेक्षण | गापा |
| राँगा भैसीको मासु वार्षिक उत्पादन | मे.टन | ८ करोड | ९ | १० | ११ | कृषि सर्वेक्षण | गापा |
| राँगा भैसीको मासु वार्षिक विक्री | रु. | २ करोड | २.५ करोड | २.७ करोड | ३ करोड | कृषि सर्वेक्षण | गापा |
| मौरीघार उत्पादन संख्या | संख्या | ५०० | ७०० | ८०० | १००० | कृषि सर्वेक्षण | गापा |
| मह वार्षिक विक्री | रु. | २५ लाख | ३० लाख | ४० लाख | ५० लाख | कृषि सर्वेक्षण | गापा |
| **प्रतिफल तह :** | | | | | | | |
| पशुपन्छी क्षेत्रको आकार र लगानीमा बृद्धि भई व्यवसायिकता, बजारीकरण र स्वरोजगारमा सहयोग पुगेको हुने । | | | | | | | गापा |
| पशुपन्छीजन्य उत्पादन व्यापार प्रवर्द्धनमा सरोकारबालासँग सहकार्य भएको हुने । | | | | | | | गापा |

### ४.१.७ अनुमान तथा जोखिम पक्ष

गाउँपालिकाको ऐन नियमहरूमा समय सापेक्ष सुधार र अन्तर निकाय समन्वय प्रभावकारी भएमा सोही अनुसारको लगानी, अनुकुल मौसम, रोग तथा संक्रमणमा कमी, पूर्वाधारहरुको विकास र विस्तार एवं उपयुक्त बजारव्यवस्थापन, दूध, मासु र अन्डा उत्पादन गर्ने पशुपन्छीका रोगको अस्वाभाविक प्रकोप नदेखिएमा, सिँचाइको सहज व्यवस्थापन भएमा उपरोक्त लक्ष्य प्राप्त हुन सक्दछ । यद्यपी बजेटको सिमितता, रोगको अस्वाभाविक प्रकोपको संभावना तथा दिगो सिँचाइ असहज व्यवस्थापनको जोखिम पक्षलाई विशेष ध्यान दिइनेछ ।

## ४.२ सिँचाइ

### ४.२.१ पृष्ठभूमि

आर्थिक क्षेत्र विकासको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको पूर्वाधार सिँचाइ हो । नेपाल सरकारले 'सिंचित कृषि क्षेत्रको अभिवृद्धि, संघीय नेपालको समृद्धि' भन्ने नारा तय गरको छ । यो नारालाई सार्थक बनाउन कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्दै खाद्यान्नमा आत्मनिर्भर हुने गरी सिँचाइ विकासका कार्यक्रमहरु तथा राष्ट्रिय गौरवका विभिन्न आयोजनाहरु सञ्चालन हुँदै आएका छन् । सीमित क्षेत्र र बढ्दो जनसङ्ख्याका कारण कृषि उत्पादकत्व बढाउन सिँचाइ पूर्वाधारको विकास अपरिहार्य छ । सिँचाइ पूर्वाधार निर्माणमा रणनीतिक महत्वका ठूला सिँचाइका आयोजना संघबाट, मझौला सिँचाइका आयोजना प्रदेशबाट र साना सिँचाइका आयोजना स्थानीय तहबाट लगानी परिचालन हुने व्यवस्था छ । स्थानीय तहले सिँचाइ सम्बन्धि नीति, कानून, मापदण्ड, तथा सो सम्बन्धि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन, सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नतिका विविध पक्षमा काम गर्नेछ ।

### ४.२.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा प्रर्याप्त नियमित सिँचाइको अभावले गर्दा व्यवसायिक कृषिमा असर परेको छ । सिँचाई मुहानको अभाव तथा पर्याप्त लगानीको अभाव, नहरहरुको राम्रो व्यवस्थापन हुन नसकेको, प्राकृतिक र पुराना ढाँचाका सिँचाइ रहेकोले वर्षै भरी एकैनासको भरपर्दो सिँचाइ उपलब्धता नहुनु, सिँचाइ गर्न सम्भव योग्य भुमिको खण्डीकरण सिँचाइका पूर्वाधारहरु कच्ची र स्तरोन्नती गर्नुपर्ने, परम्परगत सिँचाइमा निर्भरता, सिँचाइमा आधुनिकिकरण नहुनु, सिँचाइ गुरुयोजना बनाई योजनाबद्ध विकास तथा व्यवस्थापन गर्न नसक्नु, दिगो सिँचाइको व्यवस्था गर्न नसक्दा उत्पादकत्व कम हुने र खाद्यान्न उत्पादन प्रति कृषक तथा समूदायको उत्साहजनक आकर्षण नहनु, र बहुउद्देश्यीय सिँचाइ आयोजनाहरू विस्तार गर्न नसक्नु, आदि सिँचाइ क्षेत्रका समस्याहरू र चुनौतीका रुपमा लिन सकिन्छ ।

### ४.२.३ संभावना तथा अवसर

यस गाउँपालिकामा सिँचाइ कुलो/नहर निर्माण एवं दीगोपनको लागि सिँचाइ श्रोत पहिचान तथा संरक्षण एवं पानी वितरण व्यवस्थापनमा सिँचाइ उपभोक्ता समूहहरुको सहभागिता रहेको छ । सिँचाइ व्यवस्थापनमा उपभोक्ता परिचालन गर्न सकिने संभावना रहेको छ । सिँचाइ विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच बढ्दै जानु, कृषि क्षेत्रको उत्पादन र उपादकत्व बढाई कृषि उपजमा आत्मनिर्भर बनाउन सिँचाइको भरपर्दो र दिगो लगानी व्यवस्थापनमा उपभोक्तालाई सहभागी गराउन सकिने अवसर छ ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

- कृषियोग्य भूमिमा भरपर्दो र दिगो सिँचाइ सेवामार्फत कृषि उत्पादकत्व तथा उत्पादन वृद्धिमा सहयोग गर्ने ।

**उद्देश्य**

- विकसित सिँचाइ प्रणालीमा व्यवस्थापन सुदृढीकरण गरी दीगोपन बढाउनु ।
- सिँचाइको आवश्यकता भएको स्थान र समयमा निर्वाध रूपमा पानीको उपलब्धता बढाउनु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
| --- | --- |
| सिँचाई सम्बन्धि नीति तर्जुमा तथा योजना कार्यान्वयन | नीति, कानून, मापदण्ड तर्जुमा गरी गुरुयोजना निर्माण, त्यसको कार्यान्वयन र नियमन गरिनेछ । |
| | उपभोक्ता समिति गठन गरी लक्षित वर्गलाई प्राथमिकता दिई उक्त समितिको आवश्यकता अनुरुप क्षमता अभिवृद्धि गरिनेछ । |
| विद्यमान सिंचाई पूर्वाधारको स्तरोन्नती तथा पुनर्स्थापना गर्ने । | आयोजना निर्माणका लागि सम्भाव्यता अध्ययन तथा DPR निर्माण गरिनेछ । |
| | विद्यमान सिंचाइ पूर्वाधारको स्तरोन्नती तथा पुनर्स्थापना गरिने छ । |
| कृषि उत्पादकत्व वृद्धिको लागि जलाधारको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने । | प्रयोगमा आएका सिंचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट, आकासे पानी संकलन, प्लाष्टिक पोखरी) विस्तार गरिनेछ । |
| | सिंचाइका आधुनिक पूर्वाधार निर्माणबाट सिंचाइ क्षेत्र विस्तार गरिनेछ |
| | परम्परागत कूलो तथा पोखरी मर्मत |
| कृषक अभिमुखिकरण तथा क्षमता विकास | संघ र प्रदेश सरकारसँगको लागत सहभागितामा सिंचाई आयोजना संचालन गरिनेछ । |
| | विपन्न महिला, पिछडिएको वर्ग तथा दलित समूदायलाई सिंचाई समाग्री खरिदमा विशेष अनुदानको व्यवस्था गरिनेछ । |

| **कार्यक्रम तथा आयोजना** |
| --- |
| नीति, कानून, मापदण्ड तर्जुमा गरी गुरुयोजना निर्माण, त्यसको कार्यान्वयन र नियमन |
| उपभोक्ता समिति गठन गरी लक्षित वर्गलाई प्राथमिकता दिई उक्त समितिको आवश्यकता अनुरुप क्षमता अभिवृद्धि |
| आयोजना निर्माणका लागि सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन निर्माण |
| वर्षाको आकाशे पानीमा भण्डारण |
| खोला तथा मुहान संरक्षण |
| सिंचाई आयोजना निर्माण |
| पानिको मुहान संरक्षण तथा बाँध निर्माण |
| लिफि्टङ तथा धोपा सिँचाईको व्यवस्था |
| प्रयोगमा आएका सिंचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट, आकासे पानी संकलन, प्लाष्टिक पोखरी) विस्तार |
| सिंचाइका आधुनिक पूर्वाधार निर्माणबाट सिंचाइ क्षेत्र विस्तार |
| परम्परागत कूलो तथा पोखरी मर्मत |

| |
|---|
| संघ र प्रदेश सरकारसँगको लागत सहभागितामा सिंचाई आयोजना संचालन |
| पानीको मुहान संरक्षण सम्बन्धि अभिमुखिकरण कार्यक्रम |
| वैकल्पिक सिँचाई प्रणालीमा जोड तथा अनुदान |
| विपन्न महिला, पिछडिएको वर्ग तथा दलित समूदायलाई सिंचाई समाग्री खरिदमा विशेष अनुदानको व्यवस्था |
| **अनुमानित लागत रु.३४ करोड** |

### ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तहः** सिँचाइ पूर्वाधारमा विकास गरी कृषि उत्पादकत्व बृद्धिमा टेवा पुचाउने । | | | | | | | |
| खेतीयोग्य जमिन मध्ये सिंचित भूमि | हेक्टर | १२०० | १४०० | १६०० | २००० | वडा सर्वेक्षण | गापा |
| **असर तहः** सिँचाइ पूर्वाधार क्षेत्रमा लगानीमा समतामूलक पहुँच पुग्नेछ । | | | | | | | |
| वर्षाको आकाशे पानीमा निर्भर सिँचाइ भूमि | हेक्टर | २५०० | २८०० | २९०० | ३००० | वडा सर्वेक्षण | गापा |
| खोला तथा मुहानहरुबाट सिंचित भूमि | हेक्टर | १२०० | १३०० | १५०० | १८०० | वडा सर्वेक्षण | गापा |
| प्रयोगमा आएका सिँचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट, आकासे पानी संकलन, प्लाष्टिक पोखरी) | संख्या | ८० | १५० | ३०० | ४५० | वडा सर्वेक्षण | गापा |
| सिँचाइका आधुनिक पूर्वाधार निर्माणबाट सिँचाइ क्षेत्र विस्तार | हेक्टर | ० | १२० | १५० | २०० | वडा सर्वेक्षण | गापा |
| परम्परागत कूलो तथा पोखरीबाट भएको सिँचाइ भूमि | हेक्टर | १००० | ११०० | ११५० | १२०० | वडा सर्वेक्षण | गापा |
| **प्रतिफल तह** | | | | | | | |
| विद्यमान सिँचाइ पूर्वाधारको स्तरोन्नती तथा पुनर्स्थापना भएको हुने । | | | | | | | गापा |
| सिँचाइ पूर्वाधार क्षेत्रमा लगानीमा समतामूलक पहुँच पुगेको हुने । | | | | | | | गापा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| कृषि उत्पादकत्व वृद्धिको लागि जलाधारको दिगो तथा प्रभावकारी व्यवस्थापन भएको हुने । | | | | | | | गापा |

### ४.२.६ अनुमान तथा जोखिम पक्ष

गाउँपालिकाले प्रर्याप्त नीतिगत व्यवस्था तथा बजेट बिनियोजन, सिँचाइमा आधुनिकिकरण, सिँचाइ गुरुयोजना तयार तथा आवश्यक बजेट उपरोक्त लक्ष्य प्राप्त गर्न सहज हुनेछ । कुनै दैवी प्रकोप भएमा, संघीय तथा प्रदेश सरकारबाट अनुदान कटौती भएमा लक्ष्य प्राप्तिमा जोखिम हुने देखिन्छ ।

## ४.३ पर्यटन, सँस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

पर्यटन क्षेत्र नेपालको समग्र अर्थतन्त्र विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्रको रुपमा लिईन्छ। नेपालको संविधानले पर्यटन सम्बन्धि नीतिमा ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता हुने विषय व्यवस्था गरेको छ। पर्यटन क्षेत्र तीनै तहको अधिकार सूचीमा समेटिएको छ। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रकोको योगदान २.०५ प्रतिशत रहेको छ। पर्यटन क्षेत्रको आयमध्ये ५७ प्रतिशत आन्तरिक पर्यटन र ४३ प्रतिशत बाह्य पर्यटनको योगदान रहेको छ। यसै गरी कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा १.९३ प्रतिशत योगदान पर्यटन क्षेत्रको रहेको छ। प्रदेश सरकारले कुनै गाउँपालिका वा नगरपालिकाको ऐतिहासिक महत्व, पुरातात्विक वस्तु, कला वा संस्कृतिको संरक्षण वा पर्यटन प्रबर्द्धन गर्न उपयुक्त देखेमा त्यसको लागि मापदण्ड तोकी कुनै गाउँपालिका वा नगरपालिका वा सोको कुनै क्षेत्रलाई चार किल्ला खोली साँस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था छ। सोको लागि विशेष कार्यक्रम तथा बजेटको व्यवस्था समेत गरि पर्यटन क्षेत्रको विकास गर्न सकिने छ। यद्यपी गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका कुनै स्थानलाई सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा तथा पर्यटन क्षेत्रको विकास, विस्तार र प्रबर्द्धन सम्बन्धि आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमनको कार्य गर्दछ। यस गाउँपालिकाले प्राकृतिक रुपमा नै प्राप्त भएको सौन्दर्यता, मनमोहक दृश्य, सांस्कृतिक सम्पदा पर्यटन विकासका स्रोत लिन सकिन्छ। यस्ता स्थल, सम्पदा र संस्कृतिको प्रवर्द्धनले पर्यटन क्षेत्रको विकास गरी गाउँपालिकाको कुल गार्हस्थ्य उत्पादनमा बृद्धि गर्न सकिने अवस्था छ।

### ४.३.२ समस्या तथा चुनौती

यस गाँउपालिका यथेष्ठ पर्यटकीय हिसाबले महत्वपूर्ण पर्यटकीय गन्तव्य भएता पनि पूर्वाधारको कमि, छोटो समयमा पुग्न मोटरबाटो नहुनु र बास बस्नको लागि होटेल तथा होमस्टे नहुनु, संचालनमा रहेको होटल व्यवसायहरु पनि सिमित र पूर्णरुपमा व्यवसायिक नहुनु, तालिम प्राप्त पथप्रदर्शक, भरिया होटल कर्मिहरुको कमि प्रचार प्रसारको कमि हुनु पनि पर्यटन क्षेत्रको समस्याको रुपमा लिन सकिन्छ। पर्यटन क्षेत्रको विकासको लागि स्थानीय नीतिगत तथा कानूनी व्यवस्था, मोटर बाटोको पहुँच, स्थानीय टुरिष्ट गाइड गर्ने दक्ष व्यक्तिको व्यवस्था तथा प्रचारप्रसार गर्न नसक्नु चुनौतीको रुपमा रहेको।

### ४.३.३ संभावना तथा अवसर

श्री चम्पादेवीको तीनतले, ककनी, सेरलुङ थिनल, फेन्दीछोक, टाँसी छोलिङ सोनाम गुम्बा, सिद्धपोखरी, कवासे थुम्का, थामडाँडा, थामचुरी, थलारी डाँडा, डल्ली डाँडा, चमेरे गुफा, वन झाक्रीँ गुफा, इसाई गुफा, कार्जु दमार, मालिङ्गेडाडाँ, भिमल दुलो आदी यस क्षेत्रको पर्यटकीय सम्भावना रहेको क्षेत्र हो। यस गाउँपालिका भएर बग्ने सबैभन्दा ठूला नदीहरुमा सुनकाशी, लिखु र शेरा खोला पर्दछन भने साना मध्येका पत्ताले खोला, फेदीखोला,फेदीखोला, सिम्ले खोला, कालो खोला, घ्याङले खोला, पात्ले खोला लगायतका खोला गाउँपालिकाका प्राकृतिकजल सम्पदाहुन र कमिलेचौर, सिद्धपोखरी, कवासे थुम्का, थामडाँडा,

थामचुरी, थलारी डाँडा, डल्ली डाँडा, लगायतका पहाडी थुम्का र डाडांहरु पर्दछन भने चमेरे गुफा, वनझाक्री गुफा जस्ता गुफा साथै लोभलाग्दा फाँटहरु, रमणीय डाँडा पाखाहरु रहेका छन जसले आन्तरिक तथा बाह्य पर्यटकको गन्तब्य स्थलको रुपमा यस क्षेत्रलाई पर्यटकीय प्रवर्द्धन, विकास र व्यवस्थापन गर्न सकिने अवसर छ ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

- पर्यटन, सँस्कृति तथा सम्पदाको प्रवर्द्धन गर्ने ।

**उद्देश्य**

- पर्यटन स्थल, सँस्कृति तथा सम्पदाको प्रचार प्रसार गर्नु ।
- आन्तरिक तथा बाह्य पर्यटकको पूर्वाधार तयारी गरि बसाई दरमा बृद्धि गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने | पर्यटन विकासका लागि दीर्घकालीन योजना, नीति तथा रणनीति निर्माण गरिनेछ । |
| | सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षणको लागि आवश्यक कार्य गरिनेछ । |
| पर्यटकीय पूर्वाधारको आधार तयार पार्ने | स्थानीय पर्यटकीय पूर्वाधार निर्माण गरिनेछ । |
| | आन्तरिक तथा बाह्य पर्यटकको बसाई दरमा बृद्धि हुने क्रियाकलापहरु सञ्चालन गरिनेछ । |
| **आयोजना** | |
| पर्यटन विकासका लागि दीर्घकालीन योजना, नीति तथा रणनीति निर्माण | |
| दमाहा ढुंगा गुफा संरक्षण तथा व्यवस्थापन | |
| रुद्राक्षेश्वर महादेव मन्दिर पुर्ननिर्माण र गेटमा सेतो बाघको २ वटा मूर्ति निर्माण | |
| सिद्ध पोखरी वरिपरि गाउँमा होमस्टे सञ्चालन र पूर्वाधार निर्माण | |
| सौरेनी डाकघर खरानी डाँडा ककनी पदमार्ग निर्माण | |
| मालिङ्गे पार्क, सहिद पार्क, सोनाम गुम्बा निर्माण | |
| गायत्रादेवी पार्क निर्माण | |
| बनझाँक्री गुफा, चमेरे गुफा, भिमलदुलो संरक्षण तथा पूर्वाधार विकास | |
| कल्पेश्वर, तोरी छरे, पोखरी डाँडा, छिरु कवासे देउराली पदमार्ग निर्माण | |
| तीनतले तालाखर्क पर्यटकीय पदमार्ग निर्माण | |
| ***अनुमानित लागत: ११ करोड २५ लाख*** | |

## ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** साँस्कृतिक तथा प्राकृतिक श्रोतहरुको सम्बर्धन गरी गाउँपालिकाको आर्थिक अवस्था सुधारमा योगदान पुचाउने । | | | | | | | |
| पर्यटकीय गन्तव्यको पहिचान र प्रर्वद्धन | संख्या | ० | ० | ५ | ५ | वडागत सर्वेक्षण | गापा |
| **असर तह :** स्थानीय साँस्कृतिक प्राकृतिक, धार्मिक र ऐतिहासिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन हुनेछ । | | | | | | | |
| व्यवस्थित, सुविधायुक्त, आकर्षक, सुरक्षित, मनोरम पर्यटकीय गन्तव्य | संख्या | ३ | ३ | ३ | ८ | वडागत सर्वेक्षण | गापा |
| सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल (सुरक्षा, होटेल, यातायात) | संख्या | १ | १० | १५ | २० | वडागत सर्वेक्षण | गापा |
| व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | ० | १ | १ | ३ | वडागत सर्वेक्षण | गापा |
| स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा | संस्था | १ | १ | १ | ९ | वडागत सर्वेक्षण | गापा |
| संचालित तथा व्यवस्थित पदमार्गको लम्बाई | कि.म. | ० | ० | ० | २० | वडागत सर्वेक्षण | गापा |
| कृषि पर्यटन संचालन स्थान | संख्या | ० | १ | १ | २ | वडागत सर्वेक्षण | गापा |
| धार्मिक पर्यटन संचालन स्थान | संख्या | २ | ४ | ६ | ९ | वडागत सर्वेक्षण | गापा |
| व्यवस्थित वनभोज तथा पार्क | संख्या | १ | १ | १ | ५ | वडागत सर्वेक्षण | गापा |
| तालिम प्राप्त टुर गाइड | संख्या | ० | १० | ५० | १०० | वडागत सर्वेक्षण | गापा |
| तालिम प्राप्त कुक तथा वेटर | संख्या | १० | १०० | १५० | २०० | वडागत सर्वेक्षण | गापा |
| सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटकको संख्या | संख्या | १ लाख | २ लाख | ३ लाख | ५ लाख | वडागत सर्वेक्षण | गापा |
| सालभरी भ्रमण गर्ने वाह्य पर्यटकको | संख्या | १० | ५०० | ७०० | १००० | वडागत सर्वेक्षण | गापा |

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| भ्रमण गर्ने पर्यटकहरुको औषत वसाई | दिन | २ | ४ | ५ | ७ | वडागत सर्वेक्षण | गापा |
| पर्यटकहरुको औषतमा दैनिक खर्च | रु. | ५०० | १५०० | २५०० | ३५०० | वडागत सर्वेक्षण | गापा |
| पर्यटन व्यवसायबाट कूल रोजगारीता प्रदान | संख्या | ० | ५० | ७० | १०० | वडागत सर्वेक्षण | गापा |
| पर्यटनबाट राजस्व संकलन | रु. | ० | ३ करोड | ४ करोड | ५ करोड | वडागत सर्वेक्षण | गापा |
| **प्रतिफल तह :** | | | | | | | |
| आन्तरिक तथा बाह्य पर्यटन प्रर्वद्धनका आयोजना तथा कार्यक्रम सञ्चालन भएको हुने । | | | | | | | गापा |
| सास्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण भएको हुने । | | | | | | | गापा |
| पर्यटकीय पूर्वाधारको आधार तयार भएको हुने । | | | | | | | गापा |
| आन्तरिक तथा वाह्य पर्यटनको आकर्षण अभिबृद्धि भएको हुने । | | | | | | | गापा |

### ४.३.६ अनुमान तथा जोखिम पक्ष

गाउँपालिकाले प्रर्याप्त नीतिगत व्यवस्था तथा बजेट बिनियोजन, पर्यटन पूर्वाधारको विकास, होटेल तथा होमस्टेको विस्तार, तालिम प्राप्त पथप्रदर्शक तथा धार्मिक क्षेत्रको प्रचार प्रसारले पर्यटन क्षेत्रको विकास हुने अनुमान गरिएको छ । यद्यपी गाउँपालिकाको अन्य क्षेत्रमा लगानी बृद्धि गर्दा लक्ष्य अनुरुप श्री चम्पादेवी र तीनतले लगायत अन्य क्षेत्रको विकासमा साधन स्रोत परिचालन गर्न तथा आन्तरिक तथा बाह्य पर्यटकलाई गन्तब्य स्थलको रुपमा पर्यटकीय प्रवर्द्धन, विकास र व्यवस्थापन जोखिम हुने सम्भावना पनि छ ।

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

उद्योग क्षेत्र आर्थिक विकासको इन्जिन हो । औद्योगिक विकासले रोजगारी सिर्जना, वस्तु र सेवाको मूल्य अभिवृद्धि, तथा आवश्यक वस्तु र सेवाको उपलब्धता गराउन सहयोग पुऱ्याउँदछ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताद्वारा दिगो एवम् बृहत् आधारसहितको औद्योगिक विकासमार्फत रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्नमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका छ । औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय स्रोतसाधन र प्रविधिको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ । त्यस्तै निजी क्षेत्रलाई लगानीको वातावरण बनाई र वैदेशिक लगानीलाई नवीनतम प्रविधिका साथ भित्र्याउँदै मुलुकको उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हाँसिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ । पन्ध्रौं योजनाले कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको अंश १५.२ प्रतिशतबाट ३० प्रतिशत पुग्ने लक्ष्य लिएको छ । संविधानले औद्योगीकरणलाई प्रदेशको एकल अधिकार तथा संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ । दिगो विकासको लक्ष्यमा समावेशी एवम् दिगो औद्योगिकरण तथा साना उद्योग एवम् अन्य व्यवसाय विस्तार गर्ने विषयलाई मार्गनिर्देश गरेको छ । सो लक्ष्य प्राप्त गर्न सन् २०३० सम्ममा कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान २५ प्रतिशत र उत्पादनमूलक उद्योगले कुल रोजगारीमा १३ प्रतिशत योगदान हुने लक्ष्य लिएको छ । स्थानीय तहले घरेलु उद्योग, व्यवसायको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने, घरेलु उद्योगको प्रवर्द्धन गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गरी कुल गार्हस्थ्य उत्पादनमा योगदान दिन सक्दछ ।

### ४.४.२ समस्या तथा चुनौती

यस गाउँपालिकाले उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिको क्षेत्रमा प्रर्याप्त प्रगती गर्न सकेको छैन । स्थानीय उत्पादनको प्रशोधन सुविधाको अभाव, लगानीको कमी, बिक्रि वितरणको लागि बजारव्यवस्थापनको अभाव, तथा बजारीकरण हुन सकेको छैन । चालु रहेका व्यापार व्यवसाय पनि गाउँपालिकाको दर्ताको दायरामा नआउनु, स्थानीय वासिन्दामा उद्यमशीलताको भावना नहुनु, औद्योगिक पूर्वाधारको कमी, दक्ष जनशक्तिको अभाव रहेको छ । स्थानीय पूर्वाधारको कमी तथा बाह्य बजारसँग पहुँचको अभाव भएकोले उद्योग व्यापारको क्षेत्रमा समस्या रहेको छ । स्थानीय स्तरमा उद्यमशीलता विकास गर्न नसक्नु, प्रतिपर्धात्मक क्षमताको पहिचान र विकास नहुनु, युवा जनशक्तिलाई उद्यमशीलता तर्फ आर्कषण गर्न नसक्नु, उत्पादित बस्तुले बजारमा प्रतिस्पर्धा गर्न नसक्नु समस्या र चुनौतीको रुपमा रहेको छ ।

### ४.४.३ संभावना तथा अवसर

यस गाउँपालिका पर्यटन क्षेत्रमा सम्भावना भएकोले पर्यटन सम्बन्धित उद्योग तथा व्यवसायहरुको बजारविकासमा जोड दिन जरुरी छ । होटल रेष्टुरेन्ट तथा होमस्टेहरुको व्यापारमा बृद्धि हुँदा युवाहरुको रोजगारी सिर्जना हुने र पर्यटकहरुको आगमन र बसाई लम्वाई विस्तार गर्न सकेमा गाउँपालिकाको आयश्रोतमा बृद्धि हुने सम्भावना छ । स्थानीय स्तरमा कच्चा पदार्थको उपलव्धता भएको, धागो उद्योगको स्थापना, डोको डालो बुनाई, नाङ्लो, गुन्द्री आदी उद्योगहरु संचालन फर्निचर उद्योग, धागो उत्पादन उद्योगहरुको स्थापना/संचालन गर्न सकिने अवसर रहेको छ ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य,**

- उद्योग व्यवसायको विकास र विस्तारद्वारा रोजगारीमा बृद्धि तथा आयआर्जनमा टेवा पुऱ्याउने ।

**उद्देश्य,**

- स्थानीय कच्चा पदार्थमा आधारित गुणस्तरीय तथा प्रतिस्पर्धात्मक वस्तुको उत्पादन गरी स्थानीय स्तरमा रोजगारी सृजना गर्नु ।
- स्थानीय सीप शैली, प्रविधिमा आधारित उद्योग व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रुपमा स्थापित गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | आयोजना |
|---|---|
| आवश्यक पर्ने पूर्वाधार व्यवस्था गर्न नीतिनिर्माण र कार्यान्वयनमा जोड दिने । | उद्योग तथा व्यवसाय लक्षित गाउँपालिका लक्षित नीति तर्जुमा |
| | उद्योग तथा व्यापार व्यवसायको अध्ययन, नियमन तथा निरीक्षण गर्ने संयन्त्रको विकास |
| स्थानीय पहिचानमा आधारित उद्योग विस्तारमा जोड दिने | धागो उत्पादन कार्यक्रम |
| | थुक्पा, चाउमिन उद्योग |
| | ढाका सिलाई बुनाई उद्योग |
| | लघु उद्यम विकास कार्यक्रम |
| | जडिबुटी प्रवर्धन तथा प्रशोधन केन्द्र |
| | बजारव्यवास्थापन |
| | सिलाई कटाई तालिम |
| | सीप विकास तालिम, औजार उपकरण र बजारीकरणमा अनुदान, |
| | उद्योग र कृषि जन्य उद्यमका उद्योग ग्राम सञ्चालनको जग्गाको उपलब्धता |
| | स्थानीय सीप शैली, प्रविधिमा आधारित उद्योग व्यवसाय |
| | काठ मिल, प्लाईउड उद्योग, बाँस तथा निगालोबाट उत्पादन गरिने सामाग्र जन्य उद्योग |
| | कोदोबाट उत्पादन हुने घरेलु रक्सीलाई प्रशोधन गरि बजारीकरण गर्ने । |
| | बाँस, अल्लो, केरा जस्ता वनस्पतिजन्य रेशामा आधारित उद्योग व्यवसाय |
| | विपन्न समूदायको सीप तथा ज्ञान सर्वेक्षण |
| ***लागत*** | ***८ करोड २५ लाख*** |

### ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचकहरु | इकाइ | आधार वर्ष | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** स्थानीय स्रोत र कच्चा पदार्थमा आधारित उद्योगको स्थापनाबाट रोजगारीको वृद्धिसँगै जीवनयापनको आधार सिर्जना हुने । | | | | | | | |
| उद्योग क्षेत्रको रोजगारी दर | प्रतिशत | १ | १ | २ | ४ | वडा सर्वेक्षण | गापा |
| **असर तह :** औपचारिक तथा अनौपचारिक रुपमा सञ्चालित उद्योग तथा व्यवसायलाई सार्वजनिक, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा विस्तार गरी रोजगारीका अवसर सिर्जना भएको हुने | | | | | | | |
| औपचारिक र अनौपचारिक क्षेत्रका चालु लघु, घरेलु तथा साना उद्योग (रु.१ करोड सम्मको) | संख्या | ० | ५ | ७ | १० | वडा सर्वेक्षण | गापा |
| औपचारिक र अनौपचारिक क्षेत्रका चालु मझौला उद्योग (रु.१५ करोड सम्मको) | संख्या | ० | १ | १ | २ | वडा सर्वेक्षण | गापा |
| कानून अनुसार सम्वन्धित निकायमा कर चुक्ता गर्ने उद्योगहरु | संख्या | १ | २० | २० | २० | वडा सर्वेक्षण | गापा |
| सुचारु व्यापार व्यवसाय | संख्या | १०३ | २०० | ६०० | १००० | वडा सर्वेक्षण | गापा |
| स्थानीय सीप शैली, प्रविधिमा आधारित उद्योग व्यवसाय | संख्या | २५ | ५० | १०० | ३०० | वडा सर्वेक्षण | गापा |
| वाँस, अल्लो, केरा जस्ता वनस्पतिजन्य रेशामा आधारित उद्योग व्यवसाय | संख्या | २५ | १०० | २०० | ३०० | वडा सर्वेक्षण | गापा |
| निकासीजन्य कच्चा पदार्थको उपलव्धता | क्विन्टल | ५० | १०० | १२५ | १५० | वडा सर्वेक्षण | गापा |
| जडिवुटीमा आधारित उद्योग व्यवसाय | संख्या | ० | १ | १ | ३ | वडा सर्वेक्षण | गापा |
| स्थानीय हस्तकलामा आधारित उद्योग | संख्या | ० | ५ | ७ | १० | वडा सर्वेक्षण | गापा |
| उद्यम सिर्जना, व्यवसायिक विकास सम्बन्धि तालिम प्राप्त उद्यमीहरु | संख्या | ३०० | ४०० | ५०० | ८०० | वडा सर्वेक्षण | गापा |
| सीपमूलक व्यवसायिक तालिम आर्जन गरेका व्यक्तिहरु | संख्या | ३५०० | ५००० | ८००० | १०५०० | वडा सर्वेक्षण | गापा |

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| महिलाद्वारा संचालित उद्योग व्यवसायहरु | संख्या | २० | १०० | १५० | २०० | वडा सर्वेक्षण | गापा |
| **प्रतिफल तह :** | | | | | | | |
| उद्योग तथा व्यवसाय प्रवर्द्धनका आयोजना तथा कार्यक्रम सञ्चालन भएको हुने । | | | | | | | गापा |
| उद्योग तथा व्यापार व्यवसायको नीतिगत तथा संरचनात्मक सुदृढीकरण भएको हुने । | | | | | | | गापा |
| स्थानीय पहिचानमा आधारित उद्योग विस्तार भएको हुने । | | | | | | | गापा |
| लक्षित समूदायको आर्थिक क्षमता अभिबृद्धि भएको हुने । | | | | | | | गापा |

### ४.४.६ अनुमान तथा जोखिम पक्ष

गाउँपालिकाले उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिको क्षेत्रमा उल्लेख्य उपलब्धि गर्न लगानीमा बृद्धि, स्थानीय उत्पादनको प्रशोधनको व्यवस्था तथा बजारव्यवस्थापन हुने र स्थानीय स्तरमा उद्योग तथा व्यवसाय सञ्चालन हुने अनुमान छ । यद्यपी होटल रेष्टुरेन्ट तथा होमस्टेहरुको व्यापारमा उल्लेख्य युवाहरुको सहभागिता नहुने र कमजोर पूर्वाधार तथा सीप विकास नभएका कारण स्थानीय स्तरमा कच्चा पदार्थको प्रयोगबाट उत्पादित बस्तु विक्रि तथा बजारव्यवस्थापन जोखिममा रहेको छ ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

गरिबी न्यूनीकरण र मानव सुरक्षाको श्रम, रोजगारी र सामाजिक सुरक्षाको भूमिका महत्वपूर्ण साधन हो । नेपालको संविधानले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाहरूको प्राप्तिमा बल पुऱ्याउन सामाजिक सुरक्षाले महत्वपूर्ण योगदान गर्न सक्छ । आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, विपन्न एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारीलगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालनमा छन् । यसका अतिरिक्त अवकाश प्राप्त निजामती कर्मचारी, शिक्षक, प्रहरी तथा नेपाली सेनाका सकल दर्जाका व्यक्तिहरूलाई समेत सामाजिक सुरक्षाका रूपमा निवृत्तिभरण प्रदान गरिँदै आएको छ । नेपालको संविधानले सम्मानपूर्ण श्रम र रोजगारी तथा सामाजिक सुरक्षाको हकको प्रत्याभूत गरेको छ । नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक बृद्धि हाँसिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्यको रुपमा लिएको छ । श्रम, रोजगारी, सामाजिक सुरक्षा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार हो ।

### ४.५.२ सम्भावना अवसर

यस गाउँपालिकामा पर्यटन, कृषि, पूर्वाधार विकास, रोजगार केन्द्रित विकासको अवधारणाले प्राथमिकता पाउनु, शिक्षित जनशक्ति बढनु, रोजगारबाट फर्किएका व्यक्तिहरू सीपयुक्त र कामप्रति समर्पित हुनु, दिगो विकासको लक्ष्यजस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धता जाहेर गरिनु, सूचना र प्रविधिमा भएको विकासले रोजगारी र स्वरोजगारीका विषयमा जनचेतनाको विस्तार हुनु, कुल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय जनसङ्ख्याको हिस्सा बढ्नु र श्रम बजारमा दक्ष जनशक्तिको माग बढ्दै जानु श्रम तथा रोजगारका लागि अवसर हुन् । श्रम, रोजगारी र सामाजिक सुरक्षाको लागि बैंक वित्तिय संस्था तथा सहकारीको क्षेत्र विस्तार गर्न सक्ने अवसर छ । गाउँपालिकाका सबै बासिन्दाहरुलाई बैंक सेवामा पहुँच पुऱ्याउने र सरकारी सेवाका कारोवार बैङ्किक प्रणाली मार्फत गर्न सक्ने सम्भावना छ । बैंकको सेवा विस्तारको लागि एक वडा एक बैंकिङ शाखाको तथा उचित ऋण प्रवाह गराउने वित्तिय संस्थाको स्थापना मार्फत उत्पादनमुलक व्यवसाय सञ्चालन गर्न सकिने सम्भावना छ । जनताको सहज पहुँच र नजिकमा बैङ्किक सेवा प्रदायक भएमा स्थानीयहरुमा बचत गर्ने बानीको विकास भई आयश्रोत तथा जीवनस्तरमा सुधार हुने सम्भावना छ । सहकारी वा बैंकबाट सहुलियत ऋण, कृषि अनुदान लगायतका कार्यमा सञ्चालन गर्न सक्ने सम्भावना छ ।

### ४.५.३ समस्या चुनौती

यस गाउँपालिकामा श्रम बजारमा प्रवेश गर्ने युबालाई पर्याप्त रोजगारी सिर्जना गर्नु, वैदेशिक रोजगारीबाट फर्किएकाहरुलाई कृषि पशुपंक्षीपालन लगायत स्थानीय तह रोजगारी सिर्जना गर्न चुनौती छ । नेपाल सरकारको सामाजिक संरक्षण बाहेक अन्य सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्नु बजेट अभावका कारण चुनौतीपूर्ण छ । स्थानीय स्तरमा भएका सिमित बैंक वित्तिय संस्था तथा सहकारीले आवश्यकता अनुसारको रोजगारी सिर्जना गर्नु पनि चुनौती रहेको पाईन्छ । यस गाउँपालिकामा पर्याप्त मात्रामा वित्तिय संस्थाको अभाव रहेको, बैङ्किक वा वित्तिय साक्षरता नभएको, बचत गर्ने प्रवृत्ति नरहेको र अनौपचारिक मौद्रिक लेनदेन धेरै हुने गरेको पाईन्छ । वित्तिय पहुँच नभएको अवस्थामा जनताको बचत गर्ने बानीको विकास गर्नु चुनौतीपूर्ण रहेको छ ।

### ४.५.३ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

- वित्तिय पहुँच अभिबृद्धि रोजगारी तथा सामाजिक सुरक्षा सुनिश्चित गर्ने ।

**उद्देश्य**

- समूदायमा रहेको स्रोतसाधनको सङ्गठित संस्थामार्फत परिचालन गरी सामाजिक रूपान्तरण, समावेशी आर्थिक बृद्धि गर्ने

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| वित्तिय क्षेत्रको संरचनात्मक तथा नीतिगत अवस्थालाई प्रभावकारी बनाउने | वित्तिय निकाय परिचालन तथा सहकार्यको नीतिगत व्यवस्था गरिनेछ । |
| | कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणको व्यवस्थापनमा सहकारीसँग सहकार्य गरिनेछ । |
| स्थानीय वित्तिय तथा सहकारी संस्थाको संरचनात्मक क्षमता अभिबृद्धि गर्ने | सहकारी तथा वित्तिय संस्थाको वित्तिय प्रभाव, दायरा र ऋण प्रवाहको नियमन गरिनेछ । |
| | स्थानीय स्तरमा दर्ता भएका सहकारी संस्थाहरुको जोखिम लेखाजोखा तथा अवस्था सार्वजनिकीकरण गरिनेछ । |
| | सहकारीले तोकिएको क्षेत्रमा लगानी गरे नगरेको अनुगमन तथा निरिक्षण गरिनेछ । |
| विपन्न समूदायको वित्तिय पहुँच सुदृढ गर्ने | विपन्न समूदाय लक्षित सहुलियत ऋण प्रवाह कार्यक्रम सञ्चालन गरिनेछ । |
| | विपन्न लक्षित समूदायको लागि सहकारी मार्फत सीपमुलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | युवा लक्षित कृषि/पशुपालन कार्यक्रम सञ्चालनका लागि कृषि कर्जाको व्याजमा अनुदानको व्यवस्था गरिनेछ । |

| आयोजना |
|---|
| गाउँपालिका–बैंक–सहकारी वित्तिय सहकार्यको नीतिगत व्यवस्था |
| आमा समूह लगायतका अनौपचारिक रुपमा सञ्चालित वित्तिय संस्थाको परिचालन निर्देशिका |
| गाउँपालिका भित्र रहेका सहकारीहरुको एकीकरण गरी विषयगत सहकारी निर्माण |
| निजी तथा सहकारी क्षेत्रको वित्तिय परिचालन नियमन |
| तरकारी, फलफूल  खेति तथा पशुपंछिपालनमा सहुलियतपूर्ण ऋणको व्यवस्था |
| वडागत घुम्ती बैंकिङको व्यवस्था (विशेष गरी सामाजिक सुरक्षा भत्ताका लागि) |
| स्थानीय विषयगत सहकारी तथा गाउँपालिका बीच वित्तिय सहकार्य |
| कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणको व्यवस्थापनमा सहकारीसँग सहकार्य |
| कृषि क्षेत्रको विकासका लागि गाउँपालिका–बैंक–सहकारी संयुक्त कोषको स्थापना |
| बैंक बाट ऋण लिने कृषकको अभिलेखकीकरण |
| वैंकिङ बचत अभियान |
| स्थानीय सहकारी तथा वित्तिय संस्थाको अभिलेखीकरण |
| सहकारी तथा वित्तिय संस्थाको क्षमता अभिबृद्धि कार्यक्रम |
| सहकारी तथा वित्तिय संस्थाको वित्तिय प्रभाव, दायरा र ऋण प्रवाहको नियमन |
| स्थानीय स्तरमा दर्ता भएका सहकारी संस्थाहरुको जोखिम लेखाजोखा तथा अवस्था सार्वजनिकीकरण |
| सहकारीले तोकिएको क्षेत्रमा लगानी गरे नगरेको अनुगमन तथा निरिक्षण |
| सहकारी वचत तथा ऋण परिचालन सम्बन्धि स्थानीय मापदण्ड निर्धारण र नियमन |
| कृषि क्षेत्रमा भएको लगानीको नियमन |
| कृषि बिमा संलग्न कृषकको अभिलेखीकरण |
| सहकारी संस्थाको ऋणकर्जाबाट उद्योग व्यापार,व्यवसाय संचालन गर्नेहरु अभिलेखीकरण |
| सहकारी संस्थाबाट भएको कूल कर्जा लगानी, निक्षेप अभिलेखीकरण, क्षमता अभिबृद्धि, अनौपचारिक मौद्रिक कारोवार गर्ने समूहको नियमन तथा सहकार्य |
| विपन्न समूदाय लक्षित सहुलियत ऋण प्रवाह कार्यक्रम |
| सामुहिक खेती, साना तथा घरेलु उद्योग प्रबर्द्धन तथा बजारीकरणमा सहुलियत कार्यक्रम |
| विपन्न लक्षित समुदायको लागि सहकारी मार्फत सीपमुलक कार्यक्रम सञ्चालन |
| युवा लक्षित कृषि/पशुपालन कार्यक्रम सञ्चालनका लागि कृषि कर्जाको व्याजमा अनुदानको व्यवस्था |
| ***अनुमानित लागत: १५ करोड*** |

### ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | **२०८०/८१** | **२०८२/८३** | **२०८४/८५** | | |
| **प्रभाव तह :** वित्तिय पहुँच अभिवृद्धिसँगै जनताको बचत गर्ने बानीको विकास गर्दै सरकारले लागु गरेको प्रत्येक नेपालीको बैङ्क खाता, सहुलियत ऋण, कृषि अनुदान लगायतका कार्यमा बैङ्क तथा वित्तिय संस्थाहरुसँगको सहकार्यबाट सम्मुन्नत पालिकाको निर्माण भएको हुने । | | | | | | | |
| वैकिङ पहुँच | प्रतिशत | ४० | ४५ | ५० | ५५ | पार्श्वचित्र | गापा |
| **असर तह :** आर्थिक समृद्धिकालागि स्थानीय साधन, श्रोत, सीप तथा रोजगारीको सदुपयोग, विकास एवं प्रवर्द्धनमा सहयोग पुग्ने क्षेत्रहरुमा वित्तिय श्रोतहरु परिचालन भएको हुने | | | | | | | |
| सुचारु बैंक तथा वित्तिय संस्था | संख्या | १० | २० | ४० | ५० | पार्श्वचित्र | गापा |
| बैंक तथा वित्तिय संस्थाहरुमा संकलित निक्षेप रकम | रु. | ३० करोड | ४५ करोड | ५५ करोड | ६६ करोड | गाउँकार्यपालिका | गापा |
| बैंक तथा वित्तिय संस्थाहरुबाट भएको कूल कर्जा प्रवाह | रु. | ५ करोड | ६ करोड | ८ करोड | १५ करोड | गाउँकार्यपालिका | गापा |
| आर्थिक रुपमा सक्रिय जनसंख्याको (१५-६४) बैंक खाता | संख्या | २००० | २४०० | २७०० | ३५०० | वडा सर्वेक्षण | गापा |
| बचत तथा ऋण समेतको कूल सहकारी संस्था | संख्या | ५ | १० | १२ | १४ | वडा सर्वेक्षण | गापा |
| महिलाद्बारा संचालिन सहकारी संख्या | संख्या | २ | १० | १५ | २५ | वडा सर्वेक्षण | गापा |
| कृषि क्षेत्रका कूल सहकारी संस्था | संख्या | ३ | ८ | १२ | १२ | वडा सर्वेक्षण | गापा |
| सहकारी संस्थामा आवद्ध सदस्यहरु | संख्या | ३०० | ६०० | ९०० | १००० | वडा सर्वेक्षण | गापा |
| सहकारी संस्थाको ऋणकर्जाबाट उद्योग, व्यापार व्यवसाय संचालन गर्नेहरु | संख्या | १२० | १३५ | १७० | २२० | पार्श्वचित्र | गापा |
| सामाजिक सुरक्षा कार्यक्रममा सहभागी | | १०० प्रतिशत | १०० प्रतिशत | १०० प्रतिशत | १०० प्रतिशत | गापा | |
| | | | | | | | |

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | **२०८०/८१** | **२०८२/८३** | **२०८४/८५** | | |
| **प्रतिफल तहः** | | | | | | | |
| स्थानीय साधन, श्रोत, सीप तथा रोजगारीको सदुपयोग, विकास एवं प्रवर्द्धनमा वित्तिय श्रोतहरु प्रभावकारी रुपमा परिचालन भएको हुने । | | | | | | | गापा |
| वित्तिय क्षेत्रको संरचनात्मक तथा नीतिगत अवस्थालाई प्रभावकारी भएको हुने । | | | | | | | गापा |
| समूदायमा बैंकिङ पहुँच अभिबृद्धि भएको हुने । | | | | | | | गापा |
| स्थानीय वित्तिय तथा सहकारी संस्थाको संरचनात्मक क्षमता अभिबृद्धि भएको हुने । | | | | | | | गापा |
| अनौपचारिक क्षेत्रको वित्तिय कारोबारलाई मूलप्रवाहीकरण भएको हुने । | | | | | | | गापा |
| विपन्न समूदायको वित्तिय पहुँच सुदृढ भएको हुने । | | | | | | | गापा |

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

पर्यटन, कृषि, पूर्वाधार विकासमा रोजगार केन्द्रित विकास शिक्षित जनशक्ति र रोजगारबाट फर्किएका व्यक्तिहरूको सीप स्वरोजगारीका विषयमा उपयोग भई आर्थिक रूपले सक्रिय जनसङ्ख्याको हिस्सा र श्रम बजारमा दक्ष जनशक्ति मागको आपूर्ति भई श्रम, रोजगारी र सामाजिक सुरक्षा योगदान भएको अनुमान गरिएको छ । साथै स्थानीय तहमा उद्योग, व्यवसाय तथा अन्य आर्थिक क्रियाकलापहरु आवश्यकता अनुसार सञ्चालन कुरामा जोखिम रहेको देखिन्छ ।

# परिच्छेद ५: सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

सामाजिक क्षेत्रको विकासमा स्वास्थ्य र पोषण क्षेत्रको भूमिका महत्वपूर्ण छ । संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँचको विषयलाई मौलिकहकको रूपमा प्रत्याभूत गरेको छ। नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिबृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ्य जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ । दिगो विकास लक्ष्य नं ३ आधारभूत स्वास्थ्य सेवासँग सम्बन्धित रहेको छ । यो विषय स्थानीय तहको अधिकार सूचीमा समेत पर्दछ । यस सम्बन्धि दीगो विकास लक्ष्यमा मातृ मृत्युदर, नवजात शिशु तथा अन्य सर्ने र नसर्ने रोगहरूको नियन्त्रण लगायतका विषयहरू पर्दछन् । सन् २०३० सम्ममा सबैखाले कुपोषणको घटाउने र २०२५ सम्म ५ वर्ष मुनिका बालबालिकाहरुमा तौल कम हुने र दुब्लो पातलो हुने जस्ता रोगसम्बन्धि अन्तर्राष्ट्रिय लक्ष्य हाँसिल गर्ने तथा किशोरी, गर्भवती र सुत्केरी महिला र वृद्धवृद्धाहरुको पोषणसम्बन्धि आवश्यकता सम्बोधन गर्ने लक्ष्य छ । अहिलेपनि ५ वर्ष मुनिका बालबालिका मध्ये २५ प्रतिशतमा पुड्कोपन, ८ प्रतिशतमा ख्याउटेपन, १५ प्रतिशतमा र ४३ प्रतिशतमा रक्तअल्पता रहेको छ । बालबालिकामा हुने कुपोषणले दीर्घकालमा मानव पूँजी निर्माणमा गम्भीर असर गर्दछ । नेपालको संविधानमा स्वास्थ्य र पोषण तीनै तहको सरकारको कार्यजिम्मेवारीमा रहेको छ । तसर्थ तीनै तहका सरकारको सहकार्य र समन्वयमा स्वास्थ्य र पोषणका योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने देखिन्छ । स्वस्थ्य रूपमा बाँच्ने वातावरणका साथै प्रतिरोधात्मक तथा उपचारात्मक जनस्वास्थ्य सेवा उपलब्ध गराउन स्थानीय तहको भूमिका महत्वपूर्ण छ । सबैका लागि स्वस्थ जीवनको वातावरण सुनिश्चित गर्न फोहरमैला व्यवस्थापनको साथसाथै स्वच्छ खानेपानी एवम् सरसफाइ आवश्यक पर्दछ। वायु प्रदूषण कम गर्न, स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न, सडक यातायात दुर्घटना रोक्न स्थानीय तहले शहरी यातायात योजना, सडक सुरक्षालगायतका दुर्घटना न्यूनीकरणको व्यवस्थासहित यातायात गुरुयोजना तयार गरी कार्यान्वयन गर्न सक्दछ । आम नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँचले (निजी स्वास्थ्य सेवाको नियमनसमेतबाट) जनस्वास्थ्यको अवस्थामा सुधार भई नवजात शिशु, बालबालिका तथा मातृ मृत्युमा कम हुन पुग्दछ। नेपाल सरकारले कुपोषणलाई सम्बोधन गर्न बहुक्षेत्रीय पोषण योजना समेत ल्याएको छ । उक्त योजनाको खाका अनुसार स्थानीय तहले योजना बनाउनुपर्ने देखिन्छ।

### ५.१.२ समस्या तथा चुनौती

संघीयता कार्यान्वयन पश्चात स्वास्थ्य सेवा स्थानीय तहको अधिकार सूचीमा रहेको छ। स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा जनशक्ति अभावका कारण सेवा प्रवाहमा संकुचन आएको छ । स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको दक्ष जनशक्ति अभाव हुनु, भैतिक सामाग्री र आधुनिक उपकरण जस्ता सामान्य पूर्वाधारको अभाव रहेको छ। यसका कारण स्वास्थ्य सेवा प्रवाहमा अवरोध देखा परेको छ। आवश्यकता अनुसारको जनशक्ति आपूर्ति नहुनु, गुणस्तरीय स्वास्थ्यको पँहुच र एकरुपता कायम हुन नसक्नु, प्राथमिक बाहेक अन्य अत्यावश्यक स्वास्थ्य उपचारको लागि गाउँपालिका बाहिर जानुपर्ने जस्ता समस्या छ। भएका स्वास्थ्य संस्थाहरुमा खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श सेवा प्रभावकारी भएको छैन ।

गाउँपालिका भित्रका स्वास्थ्य चौकी/केन्द्रमा पुग्न औषतमा आधा घण्टा समय लाग्ने, स्वास्थ्य संस्थाको भौतिक पूर्वाधारहरु प्रयाप्त नहुनु, संस्थाहरुमा उपलव्ध औषधी, उपकरणहरु एवं दक्ष जनशक्तिको व्यवस्था प्रयाप्त नहुनु चुनौतीको रुपमा देखा परेको छ। एम्बुलेन्स सेवा भएता पनि सडक सञ्जाल उपयुक्त नहुनु, कम संख्यामा स्वास्थ्यकर्मीहरु भएका कारण गाउँघर क्लिनिक, खोप केन्द्रबाट सेवा प्रवाह गर्न पचि चुनौतीको रुपमा रहेको छ। गाउँपालिका भित्र ६ वटा मात्र वर्थिङ सेन्टर भएकोले गुणस्तरीय प्रसुती सेवा प्रदान गर्न चुनौती छ।

### ५.१.३ संभावना तथा अवसर

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र तोकेको छ। यस गाउँपालिकाको क्षेत्राधिकार भित्रको नागरिकको स्वास्थ्य र पोषणको जिम्मा पनि यसै गाउँपालिकाको हो। विगतमा स्वास्थ्य क्षेत्रमा देखिएको दक्ष प्राविधिक जनशक्तिको कमीलाई व्यवस्थापन गरी आधारभूत स्वास्थ्य सेवा र सुविधामा पहुँच बढाउने, वडास्तरमा रहेका स्वास्थ्य चौकीहरूबाट रोग लाग्न नदिने गरी प्रतिरोधात्मक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सकिने संभावना छ। साथै गाउँपालिका अवस्थित अस्पतालबाट उपचारात्मक सेवा सहज उपलब्ध गराइने व्यवस्था मिलाउने, सर्वसुलभ, गुणस्तरीय र अत्यावश्यक स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा विकास तथा विस्तार गर्ने, स्वास्थ्य सूचना तथा स्वास्थ्य सेवामा सबै सर्वसाधारणको पँहुच र उपभोग बृद्धि गर्दै लग्ने, विशेषज्ञ सेवा सहितको अस्पताल निर्माण गर्ने, स्वास्थ्य चौकमीा डाक्टर, कर्मचारी, औषधी र भौतिक उपकरण आदिको उपलब्धता सुनिश्चित गर्ने, स्वास्थ्य क्षेत्रमा सरकारी र गैह्र सरकारी क्षेत्रको समन्वयन र सहकार्य अभिवृद्धी गर्ने, स्थानीय क्षेत्रमा उपलब्ध जडीबुटीहरुको व्यवस्थापन गरी आर्युवेद चिकित्सा प्रणालीलाई विकसित गर्ने जस्ता अवसरहरु छन्।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

- हरेक नागरिकको स्वस्थ तथा पोषणयुक्त जीवनशैली सुनिश्चित गर्दै मानव पुँजीको निर्माण गर्ने।

**उद्देश्य**

- स्वास्थ्य तथा पोषण सेवाको सहज पुहँचको लागि पूर्वाधारको निर्माण तथा विस्तार गर्नु।
- स्वास्थ्य संस्थाको क्षमता अभिबृद्धि गरी सेवा प्रवाह प्रभावकारी गर्नु।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| स्वास्थ्य क्षेत्रको संरचनात्मक तथा नीतिगत सुधार गर्ने | स्वास्थ्य तथा पोषण नीति तर्जूमा गरिनेछ। |
| | सबै स्वास्थ्य चौकमी न्यूनतम मापदण्ड (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) तयार गरी आधारभूत औजारहरु तथा सामग्रीहरु व्यवस्थापन गरिनेछ। |
| | सबै वडामा वर्थिङ सेन्टर सहितको न्यूनतम पूर्वाधार विस्तार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| स्वास्थ्य सुविधामा आम नागरिकको पहुँच अभिबृद्धि गर्ने | जेष्ठनागरिकका लागि घर घरमा स्वास्थ्य सुविधा तथा आरोग्यताका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १५ शैयाको आधारभूत सेवा सहितको अस्पताल निर्माण तथा सञ्चालन गरिनेछ । |
| | गैरसरकारी क्षेत्रसँगको सहकार्यमा घुम्ती स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ । |
| गाउँपालिका बासीको खानपानमा पोषण अभिबृद्धि गर्ने | गर्भवती महिला र शिशुको पोषण सुधारका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | पूर्ण संस्थागत सुत्केरी, पोषण मैत्री स्वास्थ्य र पोषण मैत्री वडा तथा गाउँपालिका घोषणा गरिनेछ । |
| स्वास्थ्य सेबालाई प्रभावकारी बनाउने ` | स्वास्थ्य बिमामा आवद्ध नागरिकको अभिलेखीकरण तथा दायरा विस्तार गरिनेछ । |
| | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकासको क्षमता अभिबृद्धि गरिनेछ । |
| | स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| | महामारी, भाइरसको संक्रमण तथा आपतकालीन उपचारका लागि आवश्यक न्यूनतम पूर्वाधारको व्यवस्था गरिनेछ । |

| कार्यक्रम तथा आयोजना |
|---|
| स्वास्थ्य तथा पोषण नीति तर्जूमा |
| सवै वडामा राष्ट्रिय मापदण्ड अनुसारको स्वास्थ्य भवन निर्माण |
| सवै स्वास्थ्य चौकमीा न्यूनतम मापदण्ड (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) तयार गरी आधारभूत औजारहरु तथा सामग्रीहरु व्यवस्थापन |
| दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापन |
| आयुर्वेदिक तथा प्राकृतिक चिकित्साको अभिलेखीकरण र विकास |
| विद्यार्थीलाई योग शिक्षा सम्बन्धि तालिम |
| सवै वडामा वर्थिङ सेन्टर सहितको न्यूनतम पूर्वाधार विस्तार |
| विद्यार्थी (किशोर किशोरी) लाई योग तथा प्राकृतिक चिकित्सा सम्बन्धि तालिम |
| अन्तरपालिका सहकार्यमा टेलिमेडिसिनको व्यवस्था |
| वृद्ध बृद्धाका लागि घर घरमा स्वास्थ्य सुविधा कार्यक्रम |
| १५ शैयाको आधारभूत सेवा सहितको अस्पताल निर्माण तथा सञ्चालन |
| गैरसरकारी क्षेत्रसँगको सहकार्यमा घुम्ती स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन |
| परिवारको खानपानको प्रबृत्तिको अध्ययन अभिलेखीकरण |
| गर्भवती महिला र शिशुको पोषण सुधार उपाध्यक्ष पोषण कार्यक्रम |
| स्थानीय स्तरमा उत्पादित खाद्यान्नमा आधारित पोषणयुक्त आहारको उत्पादन र प्रयोग |
| स्वास्थ्य तथा पोषण शिक्षा सम्बन्धि सचेतनामूलक कार्यक्रम |
| पूर्ण संस्थागत सुत्केरी, पोषण मैत्री स्वास्थ्य र पोषण मैत्री वडा तथा गाउँपालिका घोषणा |
| स्वास्थ्य बिमामा आवद्ध नागरिकको अभिलेखीकरण तथा दायरा विस्तार |

| **कार्यक्रम तथा आयोजना** |
|---|
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि |
| क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु रोग, क्षयरोग, एडस, कुष्ठरोगको निशुल्क स्वास्थ्य परीक्षणका लागि घरभेट |
| महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकासको क्षमता अभिबृद्धि |
| स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रम |
| झाडापखाला, संक्रमण दर, स्वासप्रश्वासको संक्रमण (ARI) रोकथाम |
| घुम्ती लगायत स्वास्थ्य शिविर |
| खोप कार्यक्रमको विस्तार तथा गाउँघर क्लिनिकको स्तरोन्नती |
| नागरिक आरोग्य कार्यक्रम सञ्चालन |
| महामारी, भाइरसको संक्रमण तथा आपतकालीन उपचारका लागि आवश्यक न्यूनतम पूर्वाधारको व्यवस्था |
| स्वास्थ्य संस्था व्यवस्थापन समिति परिचालन |
| ***अनुमानित लागत: १३ करोड ३५ लाख*** |

## ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह** : नागरिकको स्वस्थ तथा पोषणयुक्त जीवनशैली सुनिश्चित गर्दै मानव पुँजीको निर्माण गर्ने । | | | | | | | |
| औसत आयु | आयु | ७० | ७० | ७१ | ७१ | वडा सर्वेक्षण | गापा |
| **असर तह** : स्वास्थ्य सेवा प्रदायक संस्थाको क्षमता अभिबृद्धि भई स्वास्थ्य सुविधाको पहुँच सहज हुनेछ । | | | | | | | |
| विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | वडा सर्वेक्षण | गापा |
| नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल) पुग्न लाग्ने औषत समय | मिनेट | ३० | ३० | ३० | १५ | वडा सर्वेक्षण | गापा |
| २५०० ग्राम भन्दा कम जन्मतौल भएका शिशुहरु | प्रतिशत | | ५ | ५ | <५ | वडा सर्वेक्षण | गापा |
| कुपोषणका कारण ५ वर्षमुनीमा पुड्कोपन | प्रतिशत | ३३ | २५ | २२ | २० | वडा सर्वेक्षण | GoN |
| कुपोषणका कारण ५ वर्ष मुनीका बालबालिकामा उचाई अनुसारको कम तौल भएकाहरु | | १३ | १३ | १३ | १३ | वडा सर्वेक्षण | GoN |
| स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | प्रतिशत | ९० | १०० | १०० | १०० | वडा सर्वेक्षण | गापा |
| ४ पटक प्रसूति सेवा प्राप्त गर्ने महिला | प्रतिशत | ८० | ८० | ९० | ९५ | वडा सर्वेक्षण | गापा |
| प्रसुति सेवा उपलव्ध भएका स्वास्थ्य संस्थाहरु | प्रतिशत | ९ | १० | १२ | १५ | वडा सर्वेक्षण | गापा |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | ४३ | ६० | ६० | ६० | वडा सर्वेक्षण | गापा |
| भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | वडा सर्वेक्षण | गापा |
| परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ८० | ९० | १०० | १०० | वडा सर्वेक्षण | गापा |
| स्वास्थ्य वीमा गर्ने नागरिक | प्रतिशत | ४० | ४५ | ६० | ८० | वडा सर्वेक्षण | गापा |
| स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रममा सहभागि | संख्या | ५५ | ६० | ७० | ९० | वडा सर्वेक्षण | गापा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| घुम्ती लगायत स्वास्थ्य शिविर पटक | संख्या | ५ | ७ | ९ | १५ | वडा सर्वेक्षण | गापा |
| नागरिक आरोग्य कार्यक्रम संचालन | संख्या | २ | ४ | ६ | १० | वडा सर्वेक्षण | गापा |
| आधारभूत स्वास्थ्य सेवाहरु उपलव्ध भएका वडाहरु | संख्या | १० | १० | १० | १० | वडा सर्वेक्षण | गापा |
| आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध भएका स्वास्थ्य संस्था | संख्या | ६ | १० | १५ | २० | वडा सर्वेक्षण | गापा |
| क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ७७ | ७७ | ७७ | ७७ | वडा सर्वेक्षण | गापा |
| योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा (आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची) उपचार पद्धति संचालन गर्ने संस्था | संख्या | ० | ५ | ७ | १० | वडा सर्वेक्षण | गापा |
| सामुदायिक संस्थाको सहभागितामा संचालित आरोग्य केन्द्र, योगा केन्द्र तथा व्यायामशाला | संख्या | ० | ५ | ७ | १० | वडा सर्वेक्षण | गापा |
| गाउँघर /शहरी स्वास्थ्य क्लिनिकको संख्या | संख्या | ३० | ४० | ५० | ६० | वडा सर्वेक्षण | गापा |
| संचालनमा रहेको पालिका स्तरीय अस्पतालमा उपलव्ध शैया संख्या | संख्या | १ | | | २ | वडा सर्वेक्षण | गापा |
| महामारी, भाइरसको संक्रमण तथा आपतकालीन उपचारको अभावमा मृत्यु हुने | संख्या | ० | ० | ० | ० | वडा सर्वेक्षण | गापा |
| महामारी, भाइरसको संक्रमण तथा आपतकालीन उपचारका लागि उपकरण एवं जनशक्ति सहितको क्वारेण्टीन, आइसोलेशन कक्ष तथा आश्रयस्थल | संख्या | १ | १० | १० | १० | वडा सर्वेक्षण | गापा |
| **प्रतिफल तहः** | | | | | | | |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि विभिन्न आयोजना तथा कार्यक्रम सञ्चालन भएको हुने । | | | | | | | गापा |
| स्वास्थ्य क्षेत्रको संरचनात्मक तथा नीतिगत सुधार भएको हुने । | | | | | | | गापा |
| स्वास्थ्य सुविधामा आम नागरिकको पहुँच अभिबृद्धि भएको हुने । | | | | | | | गापा |
| गाउँपालिका बासीको खानपानमा पोषण अभिबृद्धि भएको हुने । | | | | | | | गापा |
| स्वास्थ्य सेबालाई प्रभावकारी भएको हुने । | | | | | | | गापा |

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

स्वास्थ्य तथा पोषणका कार्यक्रम सञ्चालन गर्न जनशक्ति प्रर्याप्त उपलब्धता, भैतिक सामग्री र आधुनिक उपकरण जस्ता सामान्य पूर्वाधार, गुणस्तरीय स्वास्थ्यको पहुँच हुने अनुमान गरिएको छ । प्राकृतिक प्रकोप, कोभिड १९, भूकम्प जस्ता महामारी र अन्य भवितव्यले लक्ष्य प्राप्तिमा जोखिम हुने देखिन्छ ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

गुणस्तरीय शिक्षा नै समृद्धिको आधार हो । नेपालको संविधानले शिक्षा क्षेत्रलाई नागरिकको आधारभूत आवश्यकताको रुपमा परिभाषित गरेको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, राज्यको लगानी अभिबृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने नीति लिएको छ। प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने व्यवस्था छ। नेपाल सरकारले शिक्षा सम्बन्धि मौलिक हकको कार्यान्वयनका लागि अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धि ऐन समेत जारी गरेको छ । माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको दायित्वभित्र पर्दछ । प्रत्यक्ष रूपले स्थानीय तहको जिम्मेवारीभित्र पर्ने भएकाले दिगो विकास लक्ष्य ४ मा उल्लेख भएको सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने लक्ष्य हाँसिल गर्न स्थानीय तहले धेरै महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन्। सन् २०३० सम्ममा झण्डै शत प्रतिशतले प्राथमिक शिक्षामा भर्ना भई प्राथमिक शिक्षा पूरा गरेका हुने, ९५ प्रतिशत विद्यार्थी कक्षा आठसम्म पुग्ने ध्येयले कक्षा एकमा भर्ना भएका हुने र ९० प्रतिशत केटाकेटीहरू पूर्व प्राथमिक विद्यालयमा अध्ययनरत हुने दिगो विकासको लक्ष्य रहेको छ। स्थानीय तहलाई आफ्नो क्षेत्रका शिक्षाको अवसरबाट वञ्चित सीमान्तकृत व्यक्ति एवम् समूदायसम्म पुग्न सहज हुनाले उनीहरूको आवश्यकताअनुसार तालिम तथा शिक्षामा पहुँच सुनिश्चित गर्न सक्दछन्।

### ५.२.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा शिक्षा क्षेत्रको विकासका लागि बालमैत्री विद्यालयका आवश्यक पूर्वाधार अपर्याप्त रहेको छ। सबै सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल शिक्षा सञ्चालन गर्न सकिएको छैन भने सवै विद्यालयहरुमा सूचना प्रविधिमैत्री कक्षाहरु सञ्चालनमा छैनन् । गुणस्तरीय शिक्षाको लागि निरन्तर शिक्षकहरुको क्षमता अभिबृद्धि गर्न सकिएको छैन् । यस्ता समस्याहरुका कारण गुणस्तरीय शिक्षा दिने विषय यो आवधिक योजनाले चुनौतीका रुपमा लिएको छ।

### ५.२.३ संभावना तथा अवसर

यस गाउँपालिकामा पूर्वप्राथमिक, प्राथमिक तथा माध्यमिक शिक्षाका साथै अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, लामो/निरन्तर सिकाइ तथा समावेशी शिक्षाको नीति, कानून, मापदण्ड, योजना तथा नियमन तयार गरी शैक्षिक क्षेत्रको विकासलाई बढावा दिन सकिन्छ। गाउँपालिकाले राष्ट्रिय तथा प्रादेशिक लक्ष्य तथा स्थानीय अवस्था सुहाउँदो गरी शिक्षामा पहुँच तथा शैक्षिक प्रतिफल प्राप्त गर्नेसम्बन्धि उद्देश्य तथा लक्ष्य तय गरी स्थानीय स्तरमा नै शिक्षा योजना (Education Plan) तयार गरी कार्यान्वयन गर्ने अवसर छ । साथै सार्वजनिक विद्यालयहरूको (आधारभूत तथा माध्यमिक) स्थापना, निर्माण तथा व्यवस्थापन, शिक्षक तथा कर्मचारीहरूको व्यवस्थापन, शैक्षिक सामग्री तथा पाठ्यक्रमको खरिद तथा

वितरण एवम् शैक्षिक पूर्वाधारहरूको निर्माण एवम् सम्भार, प्राविधिक शिक्षा व्यावसायिक तालिम तथा उच्च शिक्षाका सम्भावनाहरूमा स्थानीय पहुँच प्रवर्द्धन, निजी विद्यालयहरू तथा शैक्षिक सुविधाहरू, शैक्षिक परामर्श सेवाका स्वीकृति तथा नियमन सम्बन्धमा दर्ता तथा नियमन एवम् अनुगमन, विद्यार्थीहरूको प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन, र स्थानीय पुस्तकालय तथा अध्ययन कोठाहरूको सञ्चालन तथा व्यवस्थापन गर्न सकिन्छ ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

- गुणस्तरीय अनिवार्य शिक्षा पूर्वाधारमा लगानी सवल र सक्षम नागरिक उत्पादन गर्ने ।

**उद्देश्य**

- विद्यालयहरुमा सुलभ र गुणस्तरीय शिक्षाका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नु ।
- प्राविधिक र व्यवसायिक शिक्षा विस्तार गरी स्वरोजगारीको अवसर सृजना गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्रको नीतिगत तथा संरचनात्मक आधार तयार गर्ने | शिक्षा, विज्ञान तथा नवप्रवर्तन सम्बन्धि नीति तर्जुमा गरिनेछ । |
| | विद्यालयमा न्यूनतम आधारभूत संरचनाको मापदण्ड निर्माण तथा व्यवस्थापन (बालमैत्री, छात्रामैत्री, अपाङगतामैत्री र भूकम्प प्रतिरोधात्मक संचरना) गरिनेछ । |
| | विद्यालयमा सूचना प्रविधि सिकाई, उत्पादन तथा नवप्रवर्तन सिकाई कक्षाको स्थापना तथा व्यवस्थापन गरिनेछ । |
| | शिक्षकको क्षमता, सीप तथा विज्ञतामा अभिबृद्धि गरिनेछ । |
| शैक्षिक कृयाकलापलाई गुणस्तरीय, व्यवहारिक तथा आकर्षक बनाउने ` | शिक्षण सिकाइलाई व्यवहारिक ज्ञान तथा रोजगारमूलक क्रियाकलाप सञ्चालन गरिनेछ । |
| | प्रारम्भिक बालविकास कार्यक्रम तथा अभिभावक शिक्षालाई प्रभावकारिरुपमा कार्यान्वयन गरिनेछ । |
| | विद्यालयलाई अनुसन्धानमुलक प्राज्ञिक केन्द्रको नमूनाको रुपमा विकास गरिनेछ । |
| विद्यालयमा न्यूनतम पूर्वाधारको व्यवस्था | सूचना प्रविधि, विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्थित गरिनेछ । |
| | विद्यालयमा दिवा खाजा, सेनीटरी प्याड र नर्सिङ्ग सेवा सहितको पूर्वाधारको विकास गरिनेछ । |

| कार्यक्रम तथा आयोजना |
|---|
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन सम्बन्धि नीति तर्जुमा |
| विद्यार्थीको सीप तथा क्षमता सर्वेक्षण |
| विद्यालयको नक्शांकन |
| गाउँपालिकाको शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन |

| **कार्यक्रम तथा आयोजना** |
|---|
| प्रत्येक विद्यालयमा न्यूनतम आधारभूत संरचनाको मापदण्ड निर्माण तथा व्यवस्थापन (बालमैत्री, छात्रामैत्री, अपाङगतामैत्री र भूकम्प प्रतिरोधात्मक संचरना), |
| विद्यालयमा सूचना प्रविधि सिकाई, उत्पादन तथा नवप्रवर्तन सिकाई कक्षाको स्थापना तथा व्यवस्थापन |
| शिक्षकको क्षमता, सीप तथा विज्ञता अभिलेखीकरण |
| पढ्दै कमाउदै कार्यक्रमको शुरुवात |
| प्रारम्भिक बालविकास सञ्चालन |
| एक वडा एक नमूना बालविकास केन्द्रको व्यवस्था |
| बाल तथा आधाभूत तहमा तालिम प्राप्त महिला शिक्षिकाको व्यवस्था |
| अन्तर तथा जिल्ला विद्यालय शिक्षक आदान प्रदान कार्यक्रम |
| नमूना आवासिय विद्यालय प्रवर्द्धन |
| नमूना विद्यालयलाई अनुसान्धान मुलक प्राज्ञिक केन्द्रको रुपमा विकास |
| विभिन्न पत्र पत्रिकामा लेख, रचना, अनुसन्धनात्मक कार्यपत्र प्रकाशन गर्ने शिक्षक शिक्षिकालाई पुरस्कृत गर्ने |
| शैक्षिक गतिविधि आदान प्रदान कार्यक्रम |
| आइसिटि सेवा तथा व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था |
| श्रममा आधारित शैक्षिक प्रणाली |
| दिवा खाजा, सेनीटरी प्याड र नर्स सेवा सहितको विद्यालय |
| सूचना प्रविधिका माध्यमबाट अध्यापनको व्यवस्था गर्न सक्ने विद्यालयको विकास |
| बाल तथा किशोर किशोरी क्लवको गठन र व्यवस्थापन |
| कला तथा साहित्य समूह गठन |
| श्रम समूह सहितका विद्यालय |
| खेलकुद समूह सहितका विद्यालय |
| सामुदायिक विद्यालयमा प्राविधिक धारको अध्यापन |
| आधारभूत तहमा स्थानीय पाठ्यक्रम पठनपाठन |
| ***अनुमानित लागत: २३ करोड ३० लाख*** |

## ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तहः** गुणस्तरीय अनिवार्य शिक्षा पूर्वाधारमा लगानी सवल र सक्षम नागरिक उत्पादन योगदान दिने । | | | | | | | |
| साक्षरता दर | प्रतिशत | ६८.३ | ७५ | ८० | ८५ | CBS | गापा |
| **असर तहः** सुलभ र गुणस्तरीय शिक्षाका लागि प्राविधिक र व्यवसायिक शिक्षा विस्तार गरी स्वरोजगारीको अवसर सृजना हुनेछ । | | | | | | | |
| विद्यालय वाहिर रहेका ५-१५ वर्ष उमेर समूहका बालबालिका | प्रतिशत | २ | १ | १ | ० | EMIS | गापा |
| आधारभूत तह सम्मको उत्तिर्ण दर | प्रतिशत | १०० | १०० | १०० | १०० | EMIS | गापा |
| माध्यामकि तह (९-१२) को खूद भर्नादर | प्रतिशत | ८२ | ८५ | ९० | १०० | EMIS | गापा |
| कक्षा १२ को निरन्तरता दर | प्रतिशत | ६० | ८० | ९० | १०० | EMIS | गापा |
| कक्षा ८ सिकाई उपलब्धि दर | प्रतिशत | ८५ | ८० | ९० | १०० | EMIS | गापा |
| कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ९० | ८० | ९० | १०० | EMIS | गापा |
| बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | EMIS | गापा |
| बालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय | संख्या | ३२ | ३५ | ४० | ४१ | EMIS | गापा |
| बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र भूकम्प प्रतिरोधात्मक संचरना भएको विद्यालय | संख्या | ३८ | ४० | ४० | ४१ | EMIS | गापा |
| आइसिटि सेवा उपलव्ध भएको विद्यालय | संख्या | ८ | १८ | ४१ | ४१ | EMIS | गापा |
| व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | ९ | ९ | ९ | १० | EMIS | गापा |
| छात्रवृत्ती पाउने विद्यार्थी संख्या | संख्या | ३३० | ३९० | ४२० | ५०० | EMIS | गापा |
| बालक्लव गठन भएका विद्यालय | संख्या | ८ | २० | ३० | ४१ | EMIS | गापा |
| महिला शिक्षकको अनुपात (शिक्षकसंग) | संख्या | ३७ | ५० | ५० | ५० | EMIS | गापा |
| महिलामैत्री विद्यालय | संख्या | ९ | २० | ३० | ४० | EMIS | गापा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| अपाङ्ग मैत्री विद्यालय | संख्या | ९ | २० | ३० | ४० | EMIS | गापा |
| बालमैत्री विद्यालय | संख्या | ९ | २० | ३० | ४० | EMIS | गापा |
| विषयगत तालिम प्राप्त शिक्षकहरु | संख्या | | | | | EMIS | गापा |
| दिवा खाजा प्रदान गर्ने विद्यालयहरु | संख्या | ४० | ४० | ४० | ४० | EMIS | गापा |
| सेनेटरी प्याड र नर्स सेवा उपलव्ध भएको विद्यालय | संख्या | ९ | ९ | ९ | ९ | EMIS | गापा |
| विपद् , महामारी लगायत विविध कारणबाट भौतिक दूरी कायम राख्दै सूचना प्रविधिका माध्यमबाट अध्यापन गर्ने विद्यालय | संख्या | ० | २ | ५ | ९ | EMIS | गापा |
| उच्च शिक्षा अध्यापन गर्ने (क्याम्पस) शिक्षण संस्था | संख्या | १ | २ | ३ | ३ | EMIS | गापा |
| सिटिइभिटिबाट सम्वर्द्धनमा संचालित प्राविधिक विद्यालय | संख्या | १ | २ | ३ | ३ | EMIS | गापा |
| सामुदायिक विद्यालयमा प्राविधिक धारको अध्यापन गराउने विद्यालय | संख्या | १ | १ | ३ | ३ | EMIS | गापा |
| आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय | संख्या | ० | १ | २ | ५ | EMIS | गापा |
| नियमित अध्ययन गर्न नसक्ने विद्यार्थीका लागि माध्यामिक तहसम्मको खुल्ला शिक्षा वा अनौपचारिक दिने विद्यालय | संख्या | ० | ० | ० | १ | EMIS | गापा |
| राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट लाभान्वित विद्यालय | संख्या | ३ | २० | ३० | ४० | EMIS | गापा |
| जनसंख्या वनौट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी समायोजन तथा एकीकरण भएका विद्यालय | संख्या | २ | ० | ० | ० | EMIS | गापा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रतिफल तहः** | | | | | | | |
| गुणस्तरीय शिक्षाका लागि विभिन्न आयोजना तथा कार्यक्रम सञ्चालन भएको हुने । | | | | | | | गापा |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्रको नीतिगत तथा संरचनात्मक आधार तयार भएको हुने । | | | | | | | गापा |
| शैक्षिक कृयाकलापलाई गुणस्तरीय, व्यवहारिक तथा आकर्षक भएको हुने । | | | | | | | गापा |
| विद्यालयमा न्यूनतम पूर्वाधारको व्यवस्था भएको हुने । | | | | | | | गापा |

### ५.२.६ अनुमान तथा जोखिम पक्ष

यो आवधिक योजनाको अवधिमा गाउँपालिकाले शिक्षा, प्रविधि र नवप्रर्वतन क्षेत्रको पूर्वाधारमा आवश्यक नीतिगत व्यवस्था र यस क्षेत्रमा लगानी बढाउने, सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल शिक्षा, सूचना प्रविधिमैत्री कक्षाहरु सञ्चालन तथा शिक्षकहरुको क्षमता अभिबृद्धि भई शैक्षिक गुणस्तरमा उल्लेख्य सुधान हुने अनुमान गरिएको छ । यद्यपी शैक्षिक सेवा प्रवाहका लागि अप्रर्याप्त पूर्वाधार, विद्यालय छोड्ने दर जस्ता पक्षहरु शैक्षिक विकासका जोखिमको रुपमा लिईएको छ ।

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेबाले मानव जीवनमा बहुआयमिक प्रभाव पार्दछ। नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुने विषय प्रत्याभूत गरेको छ। खानेपानी तथा सरसफाइ मुलत संघ र प्रदेशको कार्यजिम्मेवारीमा रहेको छ। सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने दिगो विकास लक्ष्य रहेको छ। सन् २०३० सम्मको प्रस्तावित लक्ष्यअनुसार ९५ प्रतिशत घरधुरीमा पाइपद्वारा वितरित खानेपानी तथा सुधारिएको सरसफाइ सुविधा पुऱ्याउने र सबै समूदाय खुला दिसामुक्त भएका हुने तथा शहरी क्षेत्रका सबै घर ढल निकाससँग जोड्ने लक्ष्य लिएको छ। कम्तीमा १५ प्रतिशत नेपालका घरधुरीमा यस्ता सेवा अझै पुग्न बाँकी छ र सबै खानेपानी वितरणका आयोजनाहरूमध्ये करिब आधाजसोले मात्र पूर्ण रूपमा काम गर्दैछन्। खानेपानीको वितरण, मर्मत तथा अनुगमनलाई व्यापक बनाउन ठूलो प्रयत्नको आवश्यक छ। खानेपानी तथा सरसफाइको सुनिश्चितता प्रायः स्थानीय तहको उत्तरदायित्व भित्र पर्दछ। यो कार्य स्थानीय शासनको प्रभावकारिता, प्राकृतिक स्रोतको व्यवस्थापन तथा स्थानीय योजनामा निर्भर गर्दछ। खानेपानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्न ग्रामीण तथा शहरी क्षेत्रका चुनौतीहरूमा ठूलो भिन्नता पाइन्छ। यद्यपी प्रायः स्थानीय तहले खानेपानी तथा सरसफाइको पहुँच एवम् सुधार कार्यमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। स्थानीय तह कतै समूदायले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ काममा सहयोगीको रूपमा रहेका छन् भने कतै स्थानीय तह आफैं खानेपानी तथा सरसफाइ सेवा प्रदायक भएकोपनि पाइन्छ। खानेपानी तथा सरसफाइको सुविधा उपलब्ध गराउन नसकिने स्थानहरूमा स्थानीय तहले बसोबास तथा व्यापार विस्तारलाई सीमित तथा नियनत्रण पनि गर्न सक्दछन्। दिगो रूपले फोहरमैला व्यवस्थापन गरेर तथा वातावरण संरक्षणका उपायहरू अपनाएर स्थानीय तहले खानेपानीको गुणस्तरको सुधार गर्न पनि सक्दछन्। स्थानीय स्तरमा खानेपानी तथा सरसफाइसम्बन्धि कार्यजिम्मेबारी स्थानीय तहको हो। खानेपानीको विस्तार र गुणस्तर बृद्धि गर्ने, सहरी र अर्धसहरी खानेपानी प्रणालीको निर्माण तथा सुदृढीकरणका साथै सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षात्को पानी सङ्कलन गर्ने पद्धति विकास गर्नु आवश्यक छ। खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने र मुलुकलाई खुला दिसामुक्तलाई दिगो बनाई वातावरणीय सरसफाइमा विशेष जोड दिन आवश्यक छ। यी सबै प्रयासबाट खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हाँसिल गर्ने अपेक्षा गरिएको छ। यस नागरपालिकाले स्थानीय स्तरमा खानेपानी तथा सरसफाइका सम्बन्धि नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन जस्ता कार्यहरु सम्पादन गर्न जरुरी छ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक प्रत्याभूत गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले खानेपानी तथा सरसफाइसम्बन्धि कार्यजिम्मेबारी स्थानीय तहको हो। खानेपानीको पहुँचकालागि खानेपानीको प्रणाली विस्तार र गुणस्तर वृद्धि, खानेपानी प्रणालीको निर्माण तथा सुदृढीकरणका साथै सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षातको पानी सङ्कलन गर्ने पद्धति विकास गर्नु आवश्यक छ। प्रस्तुत आवधिक योजनामा खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने र गाउँपालिकालाई पूर्णसरसफाइ क्षेत्रको घोषणा गरी वातावरणीय सरसफाइमा विशेष जोड दिइएको छ। यी सबै प्रयासबाट खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हाँसिल गर्ने अपेक्षा गरिएको छ। यस गाउँपालिकाले स्थानीय स्तरमा खानेपानी तथा सरसफाइका सम्बन्धि

नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन जस्ता कार्यहरु सम्पादन गर्न जरुरी छ ।

### ५.३.२ समस्या तथा चुनौती

यस गाउँपालिकाको प्रत्येक घरधुरीमा खानेपानी सुविधा पुगेको छैन । सुरक्षित खानेपानी स्वस्थ्य जीवनको आधार हो । प्रत्येक घरधुरीमा शौचालयको सुविधा नहुनु, जनचेतनाको कमी, मापदण्ड अनुसार खानेपानी वितरण व्यवस्था नहुनु, स्वच्छ खानेपानीको व्यवस्था नहुनु, पानीका मुहान संरक्षण नहुनु र समूदाय तहमा सरसफाई अभ्यास नुहुन खानेपानी तथा सरसफाई क्षेत्रको समस्याको रुपमा रहेको छ । गाउँपालिकाले एक घर एक धारा नीति र खानेपानी गुणस्तर मापन, खानेपानी योजनाहरुको दिगोपना र सुचारु कायम गर्न मर्मत सम्भार, कार्यविधि र खानेपानी तथा सरसफाईका योजना बनाउनु पर्ने अवस्था देखिन्छ । वातावरणीय प्रभाव, जलवायु परिवर्तन, र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु, स्वास्थ्यलाई खानेपानी तथा सरसफाइ सुविधाको अभिन्न अङ्गका रूपमा लैजान नसक्नु, निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्न नसकिनु, अत्यधिक माग रहनु, सहरी बस्तीमा ढलनिकास व्यवस्थित गरी नदीनाला, पोखरी आदिको संरक्षण र स्वच्छता कायम गर्न कठिनाइ हुनु एवम् खानेपानी तथा सरसफाइका क्षेत्रमा संलग्न सरोकारबालाहरूबीच प्रभावकारी समन्वय हुन नसक्नु, खानेपानी तथा सरसफाइ क्षेत्रमा सवल संरचना तथा प्रणाली विकास नहुनु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ५.३.३ संभावना तथा अवसर

खानेपानी तथा सरसफाइ सेवा एवम् संरचनाको विकास तथा विस्तारमा स्थानीय तहको अधिकारसूची स्पष्ट भईआएको, साझेदारी संघसंस्थाको सहभागितमा बृद्धि, स्थानीय उपभोक्ता समितिहरू र नागरिकको सहभागिता बढ्दै जानु, विभिन्न तहमा खानेपानी तथा सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू क्रियाशील रहनु र सरसफाइ कार्यक्रमले सामाजिक अभियानको रूप लिनु आदि कारणहरूले खानेपानी तथा सरसफाइ क्षेत्रको विकास र प्रबर्द्धन गर्ने अवसरको रुपमा लिन सकिन्छ ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

खानेपानी तथा सरसफाइ सुविधामा पहुँच बृद्धि भएको हुने ।

**उद्देश्य**

- आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु ।
- मध्यम तथा उच्च स्तरको खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्नु ।

## रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यनीति |
|---|---|
| खानेपानी व्यवस्थापनका लागि संरचनात्मक व्यवस्थाको विकास गर्ने | एकीकृत खानेपानी व्यवस्थापन ऐन लागू गरिनेछ। |
| | खानेपानी उपभोक्ता समितिको क्षमता अभिबृद्धि गरिनेछ। |
| | एक घर एक धाराको व्यवस्थापन भएको गरिनेछ। |
| शुद्ध तथा प्रशोधित खानेपानी प्रणालीको व्यवस्था गर्ने | पानीको परम्परागत स्रोतको संरक्षण, शुद्धिकरण तथा व्यवस्थापन गरिनेछ। |
| | लिफ्टिङ सहितको प्रविधि मैत्री खानेपानी वितरण प्रणालीको विकास गरिनेछ। |
| | खानेपानी संयन्त्रको मर्मत संभारमा उपभोक्ता समितिको क्षमता अभिबृद्धि गरिनेछ। |
| फोहोरमैला व्यवस्थापन प्रणालीको विकास गर्ने | बजारक्षेत्रको फोहोर मैला व्यवस्थापनकालागि उपयुक्त क्षेत्रको विकास गरिनेछ। |
| | प्रत्येक घरधुरीमा शौचालयको व्यवस्थापन गरिनेछ। |
| | बजारक्षेत्रबाट निस्कासित फोहोरको वर्गीकरण गरी संकलन तथा व्यवस्थापन गरिनेछ। |
| | घर आँगन तथा शौचालयबाट निस्कने जैविक फोहोरलाई प्रांगारिक मलका रुपमा व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन गरिनेछ। |

| कार्यक्रम तथा आयोजना |
|---|
| एकीकृत खानेपानी व्यवस्थापन ऐन तयारी |
| खानेपानी व्यवस्थापनको न्यूनतम मापदण्ड निर्माण |
| खानेपानी वितरणको तथ्याङ्क अद्यावधिक |
| खानेपानी उपभोक्ता समितिको क्षमता अभिबृद्धि |
| खानेपानी वोर्डको स्थापना |
| एक घर एक धाराको व्यवस्था |
| खानेपानीको स्रोत व्यवस्थापन तथा शुद्धिकरणको व्यवस्था |
| पानीको परम्परागत स्रोतको संरक्षण, शुद्धिकरण तथा व्यवस्थापन |
| बस्ती स्तरमा सामुदायिक पाइपमा आधारित खानेपानी व्यवस्थापन |
| मर्मत सम्भार कोषको स्थापना |
| लिफ्टिङ सहितको प्रविधि मैत्री खानेपानी वितरण प्रणालीको विकास |
| खानेपानी संयन्त्रको मर्मत संभारमा उपभोक्ता समितिको क्षमता अभिबृद्धि |
| बजारक्षेत्रको फोहोर मैला व्यवस्थापनकालागि उपयुक्त क्षेत्रको विकास |
| फोहोर व्यवस्थापनका लागि नीतिगत व्यवस्था |
| साधारण खाल्टे शौचालय घरधुरी प्रयोग गर्ने घरधुरीका लागि प्यान भएको शौचालय निर्माणमा अनुदान |
| बजारक्षेत्रबाट निस्कासित फोहोरको वर्गीकरण गरी संकलन तथा व्यवथापन |

| कार्यक्रम तथा आयोजना |
| --- |
| घर आँगन तथा शौचालयबाट निष्कृत जैविक फोहोरलाई प्रांगारिक मलका रुपमा व्यवस्थापन |
| बजारक्षेत्रमा उत्पादित जैविक फाहोरलाई ग्रामिण क्षेत्रमा मलको रुपमा प्रयोग गर्ने प्रणालीको विकास |
| प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्ने कार्यक्रम |
| बजारक्षेत्रमा व्यवस्थित ढल निकासको व्यवस्था |
| सडक, भू उपयोग लगायतका योजनामा खानेपानी तथा सरसफाईको योजना |
| ***अनुमानित लागतः २६ करोड ६० लाख*** |

## ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तहः** खानेपानी तथा सरसफाई सुविधामा पहुँच बृद्धि भएको हुने । | | | | | | | |
| उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ६० | ८० | ९० | १०० | पार्श्वचित्र | गापा |
| **असर तहः** आधारभूत स्तरको खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउनु मध्यम तथा उच्च स्तरको खानेपानी तथा सरसफाइ सेवा विस्तार हुनेछ । | | | | | | | |
| पाइपलाइनको निजी धारा उपलब्ध भएका घरधुरी | प्रतिशत | २३.६ | ४० | ७० | ८० | पार्श्वचित्र | गापा |
| पाइपालाइनबाट वितरित खानेपानी उपभोग गर्ने घरधुरी (निजी तथा सामुदायिक धारा समेत) | प्रतिशत | ६९.३ | ८० | ९० | १०० | पार्श्वचित्र | गापा |
| उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ६० | ८० | ९० | १०० | पार्श्वचित्र | गापा |
| कुवा, मुल, ढुङ्गेधाराको पानी उपभोग गर्ने घरघुरी | प्रतिशत | ३.४ | २ | २ | १ | पार्श्वचित्र | गापा |
| नदी, खोला, कुलोको पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | ०.२ | ०.२ | ० | ० | पार्श्वचित्र | गापा |
| खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | १० मिनेट | ५ मिनेट | ५ मिनेट | ५ मिनेट | पार्श्वचित्र | गापा |
| स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ४०.५ | ७० | ८५ | ९० | पार्श्वचित्र | गापा |
| खाल्डे शौचालय भएको घरधुरी | प्रतिशत | ५३.६ | ३० | २० | १५ | पार्श्वचित्र | गापा |
| शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी | प्रतिशत | १.६ | ० | ० | ० | पार्श्वचित्र | गापा |
| सार्वजनिक शौचालयहरु | संख्या | १२ | २० | ३० | ३८ | पार्श्वचित्र | गापा |
| जोखिमयुक्त अवस्थामा साबुनपानीले हातधुने जनसंख्या | प्रतिशत | | ७० | ८० | ९० | पार्श्वचित्र | गापा |
| फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | ५० | ७० | ८० | १०० | पार्श्वचित्र | गापा |
| सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | | | | | पार्श्वचित्र | गापा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| घर आँगन तथा शौचालयबाट निष्कृत फोहोरलाई व्यवस्थित गर्ने घरपरिवार | प्रतिशत | ५० | | | १०० | पार्श्वचित्र | गापा |
| **प्रतिफल तहः** | | | | | | | |
| आधारभूत स्तरको खानेपानी तथा सरसफाई सेवा उपलब्ध भएको हुने | | | | | | | गापा |
| मध्यम तथा उच्च स्तरको खानेपानी तथा सरसफाई सेवा उपलब्ध भएको हुने । | | | | | | | गापा |
| खानेपानी व्यवस्थापनका लागि संरचनात्मक व्यवस्थाको विकास भएको हुने । | | | | | | | गापा |
| शुद्ध तथा प्रशोधित खानेपानी प्रणालीको व्यवस्था भएको हुने । | | | | | | | गापा |
| फोहोरमैला व्यवस्थापन प्रणालीको विकास भएको हुने । | | | | | | | गापा |

### ५.३.६ अनुमान तथा जोखिम पक्ष

यस गाउँपालिकाको प्रत्येक घरधुरीमा खानेपानी सुविधा तथा शौचालयको सुविधा, पानीका मुहान संरक्षण, समूदाय तहमा सरसफाई अभ्यास भएको हुने अनुमान गरिएको छ । यद्यपी वातावरणीय प्रभाव, जलवायु परिवर्तन, र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु जोखिम पक्ष हुन ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधानले महिला, बालबालिका तथा लक्षित वर्गको सहभागिता र हक अधिकारको सम्बन्धि व्यवस्था गरेको छ । सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि विशेष व्यवस्था गर्न सकिने व्यवस्था छ । नेपालको कुल जनसङ्ख्यामध्ये ३२ प्रतिशत १६ वर्षसम्मका बालबालिका रहेका छन् । त्यसैगरी १०-१९ वर्ष समूहका बालबालिका तथा किशोरकिशोरी २० प्रतिशत रहेका छन् । बालबालिका तथा किशोरकिशोरीको लागि बाल बचावट, संरक्षण, सहभागिता र विकाससम्बन्धि रणनीति लिई विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । बालअधिकारसम्बन्धि संयुक्त राष्ट्र सङ्घीय महासन्धि, १९८९ को अनुमोदन र अन्य बाल अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र इच्छाधीन आलेखहरूमा गरेको प्रतिबद्धताअनुसारका कार्यक्रमहरुसमेत सञ्चालन हुँदै आएको छ। नेपाल सरकारले लैङ्गिक समानता हाँसिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने दीगो विकास लक्ष्यमा प्रतिवद्धता गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले संविधान प्रदत्त अधिकारसूचीलाई स्थानीय तहको काम कर्तब्य र अधिकारको रुपमा व्यवस्था गरेको छ । महिलाहरूको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा महिलाको हक प्रत्याभूत गरिएको छ । लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा छन् । नेपालको संविधानले प्रदत्त क्षेत्रगत विकास नीतिहरुमा बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेअनुरूप उनीहरूका हक-अधिकारहरूको उपभोगका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक रहेको छ । गाउँपालिकाक्षेत्रभित्रका महिला, बालबालिका, दलित, जनजाती, सीमान्तकृत र अपाङ्गता भएका जनसंख्या लक्षित कार्यक्रम सञ्चालन गर्न जरुरी छ ।

नेपालको संबिधानले महिला, बालबालिका तथा लक्षित वर्गको सहभागिता र हक अधिकारको सम्बन्धि व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले संबिधान प्रदत्त अधिकारसूचीलाई गाउँपालिकाको काम कर्तब्य र अधिकारको व्यवस्था गरेको छ। महिलाहरूको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा महिलाको हक प्रत्याभूत गरिएको छ । लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा आएका छन् । बालबालिका तथा किशोरकिशोरीको लागि बाल बचावट, संरक्षण, सहभागिता र विकाससम्बन्धि रणनीति लिई विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । नेपालको संविधानले क्षेत्रगत विकास नीतिहरु बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेअनुरूप उनीहरूका हक-अधिकारहरूको उपभोगका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक रहेको छ । गाउँपालिका क्षेत्रभित्रका महिला, बालबालिका, दलित, जनजाती, सीमान्तकृत र अपाङ्गता भएका जनसंख्या लक्षित कार्यक्रम सञ्चालन गर्न जरुरी छ ।

### ५.४.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा महिला, बालबालिका, दलित, असहाय, पिछाडी परेका समुदायमा लक्षित वर्ग विकास कार्यक्रम सञ्चालन गरी जीवनउत्थानका विषयमा अगाडि बढाउन सकिएको छैन । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि ऐन नियम तथा कानूनको प्रभावकारी रुपमामा कार्यान्वयन गर्ने चुनौती छ । अपाङ्ग, महिला र बालमैत्री संरचना तथा पूर्वाधारको अभाव रहेको छ । समावेशीकरण तथा जनचेतना सम्बन्धि कार्यक्रमको अभाव रहेको पाइन्छ । कतिपय सन्दर्भमा भेदभावका केही घटना भईहाले पनि

त्यसलाई ढाकछोप गरेर सतहमा आउन नदिने प्रवृत्ति रहेको पाइन्छ । साथै बढदो रुपमा रहेको बालविवाह लाई अन्त्य गरी त्यस्ता कार्यलाई कानूनी दायरामा ल्याउने चुनौती रहेको छ । शिक्षा स्वास्थ्य लगायत सेवामा महिलाको पहुँच नपुगेको, महिला नेतृत्व विकास नसकेको, महिला लक्षित कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसकेकोले समग्र महिला, बालबालिका तथा लक्षित वर्गको उत्थानमा चुनौती थपिएको छ ।

### ५.४.३ संभावना तथा अवसर

संविधानमा बालबालिका, दलित, असहाय, पिछाडी परेका समूदायमा लक्षित वर्गको हकसम्बन्धि व्यवस्थालाई मौलिक हकको रूपमा राखिएको र स्थानीय सरकार सञ्चालन ऐनले समेत सो वारे स्पष्ट रुपमा उल्लेख गरेको व्यवस्थालाई अवसरका रूपमा लिन सकिन्छ । गाउँपालिकाका बालमैत्री स्थानीय शाासन स्थापना, अपाङ्ग र जेष्ठ नागरिक मैत्री पूर्वाधारको विकास, तथा सामाजिक विकासका कार्यक्रम गरी बालबालिका, दलित, असहाय, पिछाडी परेका समूदायमा लक्षित वर्गको उत्थान र प्रवर्द्धन गर्न सकिने संभावना छ ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

महिला, बालबालिका दलित, अपांग, पिछडिएका समूदाय, अल्पसंख्यक समूदायको सामाजिक र आर्थिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण गर्ने ।

**उद्देश्य**

- महिला र लक्षित वर्गका समूदायहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै मुलभूत अधिकार सुनिश्चित गर्नु ।
- बालबालिकाको सर्वाङ्गिण विकास गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| महिला र लक्षित वर्गका समूदायहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै मुलभूत अधिकार सुनिश्चित गर्ने । | आर्थिक तथा सामाजिक सशक्तीकरणको लागि समूदाय तहमै सामाजिक परिचालन गरिनेछ । |
| | महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ । |
| | महिला र बालबालिकाहरुमा हुने हिंसा विरुद्ध मनोसामाजिक परामर्श र कानूनी उपचारका लागि पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ । |
| | अपाङ्गता भएका व्यक्तिको व्यवसायिक सीप तथा क्षमता अभिलेखीकरण तथा तद्अनुरुपको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| बालबालिकाको सर्वाङ्गिण विकास गर्ने । | विद्यालयमा बालमैत्री संरचना, प्रारम्भिक बालविकासमा आधारित सिकाई, खेल उद्यान, पोषणयुक्त खाना र खाजाको व्यवस्थापन गरिनेछ । |
| | सूचना प्रविधि मैत्री शिक्षण सिकाइको व्यवस्था भएको हुनेछ । |
| किशोर किशोरीको व्यवसायिक क्षमता अभिबृद्धि गर्ने | विद्यालय स्तरका किशोर किशोरीलाई व्यवसायिक कृषि तथ उद्यम विकासका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | बाल विवाह, बाल हिंसा, बेचबिखन, दुर्व्यवहार, घरेलु हिंसा विरुद्धका कार्यक्रम सञ्चालन गरिनेछ । |

| कार्यक्रम तथा आयोजना |
|---|
| आर्थिक तथा सामाजिक सशक्तीकरणको लागि समूदाय तहमै सामाजिक परिचालन |
| महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रम |
| महिला संजाल तथा आमा समूहहरुको क्षमता अभिबृद्धि |
| महिला सहकारी संस्था तथा आवद्ध सदस्यको उद्यमशीलता अभिबृद्धि |
| हिंसापीडित महिलाको उद्धार, राहत, मनोसामाजिक परामर्श र कानूनी उपचारका लागि पुनर्स्थापना केन्द्रको स्थापना |
| बाल विवाह, बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, दुर्व्यवहार, घरेलु हिंसा आदि घटनाको अभिलेखीकरण |
| रोजगारमूलक सीप विकाससम्बन्धि तालिम तथा क्षमता अभिबृद्धि । |
| तालिम पश्चात नवपर्वतन उद्यमका लागि कोषको स्थापना |
| क्रियाशील अपाङगता क्लवको गठन तथा विस्तार |
| अपाङगताा भएका व्यक्तिको व्यवसायिक सीप तथा क्षमता अभिलेखीकरण तथा तदअनुरुपको क्षमता विकास |
| अपाङ्गता सुरक्षण कोषको स्थापना |
| अपाङ्गता तथ्यांक संकलन र बर्गीकरण कार्यक्रम |
| सम्पूर्ण जेष्ठ नागरिक, असहाय, अशक्त, वेवारिसे ज्येष्ठ नागरिकको तथ्याङ्क अद्यावधिक गर्ने |
| स्थानीय संस्थाबाट संचालित ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा क्लवको क्षमता अभिबृद्धि |
| सामाजिक सुरक्षा भत्ताको प्रयोगको नियमन |
| ज्येष्ठ नागरिक मिलन केन्द्रको स्तरोन्नति तथा १ वडामा १ स्याहार केन्द्र स्थापना |
| जेष्ठ नागरिकलाई घरमा स्वास्थ्य सुविधा तथा स्याहार कार्यक्रम |
| विद्यालयमा बालमैत्री संरचनाको यिनिर्माण |
| प्रारम्भिक बालविकासमा आधारित सि<br>सासस<br>काईको अवलम्बन |
| बालबालिका मैत्री खेल उद्यान संरचनाको निर्माण |

| कार्यक्रम तथा आयोजना |
|---|
| बालबालिका मैत्री पोषण युक्त खाना र खाजाको व्यवस्थापन |
| वडास्तरीय बालसंजाल, समूह, क्लव गठन |
| सूचना  प्रविधि मैत्री शिक्षण सिकाइको व्यवस्था |
| किशोर किशोरीको सीप, रुचि, क्षमता अभिलेखीकरण |
| विद्यालय स्तरका किशोर किशोरीलाई व्यवसायिक कृषि तथ उद्यम विकास |
| पढ्दै कमाउदै कार्यक्रम सञ्चालन |
| प्राविधिक रुचि भएका किशोर किशोरीलाई तालिमको व्यवस्था |
| पूर्वाधार निर्माण सम्बन्धि आयोजनामा युवाको श्रम अभियान |
| किशोर किशोरी लक्षित अन्तरपालिका कार्यक्रम |
| किशोर किशोरी लक्षित प्राज्ञिक कार्यक्रम सञ्चालन |
| बाल विवाह, बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, दुर्व्यवहार, घरेलु हिंसा आदि घटनाको अभिलेखीकरण |
| ***अनुमानित लागतः १० करोड*** |

## ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :**सामाजिक र आर्थिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरणमा सुनिश्चित गराउने । | | | | | | | |
| महिलाको औषत आयु | प्रतिशत | ७१ | ७१ | ७२ | ७४ | पार्श्वचित्र | गापा |
| **असर तह** : महिला र लक्षित वर्गका समूदायहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण हुनेछ । | | | | | | | |
| महिलाको औषत आयु | प्रतिशत | ७१ | ७१ | ७२ | ७४ | पार्श्वचित्र | गापा |
| रोजगारी, पेशाा, व्यवसायमा महिलाको उपस्थिति | प्रतिशत | | | | | पार्श्वचित्र | गापा |
| महिला साक्षरता दर | प्रतिशत | ६०.२ | ७० | ७५ | ८० | पार्श्वचित्र | गापा |
| राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट लाभान्वित महिला | प्रतिशत | ० | ५ | १० | १५ | गा पा | गापा |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | १५० | २०० | २३० | ५०० | गा पा | गापा |
| महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रमका लागि बजेट व्यवस्था | रु. | ५ लाख | ७ लाख | १० लाख | १६ लाख | गा पा | गापा |
| सम्पत्ति माथिको स्वामित्व भएका महिला | प्रतिशत | १२.२ | ३० | ५० | ६० | पार्श्वचित्र | गापा |
| घरव्यवहार तथा कारोबार सम्बन्धि निर्णयमा महिला सहभागी हुने परिवार | प्रतिशत | १२.२ | ३० | ४० | ५० | पार्श्वचित्र | गापा |
| महिला संजाल तथा आमा समूहहरु | संख्या | ६९ | ७० | १०० | १२० | पार्श्वचित्र | गापा |
| अन्तरपाटी महिला संजाल | संख्या | ० | ० | १ | १ | पार्श्वचित्र | गापा |
| बहुविवाह दर | प्रतिशत | ० | ० | ० | ० | | गापा |
| एकल महिला सुरक्षा कोषमा जम्मा भएको रकम | रु. | - | ५ लाख | ७ लाख | १० लाख | गा पा | गापा |
| कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ लगायत क्षेत्रमा महिला प्राविधिक | संख्या | २ | ८ | १२ | १५ | पार्श्वचित्र | गापा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| हिंसापीडित महिलाको उद्धार, राहत, मनोसामाजिक परामर्श र कानूनी उपचारका लागि पुनर्स्थापना केन्द्र | संख्या | ० | २ | २ | ६ | पार्श्वचित्र | गापा |
| बाल विवाह (कूल जनसंख्याको) | प्रतिशत | ० | | | | पार्श्वचित्र | गापा |
| बालवालिका विरुद्ध हुने हिंसा, बेचबिखन, दुर्व्यवहार, घरेलु हिंसा आदि घटना | संख्या | ० | ० | ० | ० | पार्श्वचित्र | गापा |
| वडास्तरीय बालसंजाल, समूह, क्लव गठन | संख्या | ० | १० | १५ | १९ | पार्श्वचित्र | गापा |
| बालश्रम तथा शोषण रहेका बालवालिका | संख्या | ० | ० | ० | ० | पार्श्वचित्र | गापा |
| असहाय, वेसहारा तथा आश्रयहीन बालवालिका | संख्या | १५ | ० | ० | ० | पार्श्वचित्र | गापा |
| बाल सहभागिता भएका समितिहरुको संख्या (विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, आदि) | सख्या | १७ | ३० | ४५ | ५९ | पार्श्वचित्र | गापा |
| क्रियाशील अपाङ्गत क्लव | संख्या | ० | ० | १ | २ | पार्श्वचित्र | गापा |
| अपाङ्गतको शिक्षा, स्वास्थ्य, सीप तथा क्षमता विकास र रोजगारी वृद्धिका लागि संचालित कार्यक्रमहरु | रु. | १ | ५ | ८ | १० | पार्श्वचित्र | गापा |
| व्यवसायिक सीप तथा क्षमता विकास भएका अपाङ्गता | संख्या | ५ | ३५ | ४५ | ५० | पार्श्वचित्र | गापा |
| असहाय, अशक्त, बेवारिसे ज्येष्ठ नागरिकको संख्या | संख्या | ० | ० | ० | ० | पार्श्वचित्र | गापा |
| स्थानीय संस्थाबाट संचालित ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा क्लवबाट लाभान्वित ज्येष्ठ नागरिक | संख्या | ० | ० | ० | ० | पार्श्वचित्र | गापा |
| सामाजिक सुरक्षाबाट लाभान्वित जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | पार्श्वचित्र | गापा |
| गरिवसंग विश्वेश्वर कार्यक्रमबाट लाभान्वित समूह | संख्या | ० | ० | ० | ० | पार्श्वचित्र | गापा |
| परिवर्तित स्थानीय संरचना तथा कानून अनुसार समावेशी समिति, संयन्त्र तथा संजालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ३३ | ४० | ४५ | ५० | पार्श्वचित्र | गापा |

| **सूचक** | **इकाइ** | **आधार वर्ष २०७९/८०** | **अर्थिक वर्ष : लक्ष्य परिमाण** | | | **पुष्ट्याईको आधार** | **जिम्मेवार निकाय** |
|---|---|---|---|---|---|---|---|
| | | | **२०८०/८१** | **२०८२/८३** | **२०८४/८५** | | |
| लैङ्गिक हिंसा निवारण कोषमा जम्मा भएको रकम | रु. | १००००० | ३००००० | ४००००० | ५००००० | पार्श्वचित्र | गापा |
| लैंगिक हिंसा र छुवाछुत सम्बन्धि घटना (कूल वार्षिक घटनाको) | प्रतिशत | ० | ५ | ४ | २ | पार्श्वचित्र | गापा |
| **प्रतिफल तहः** | | | | | | | |
| महिला र लक्षित वर्गका समूदायहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण भएको हुने । | | | | | | पार्श्वचित्र | गापा |
| महिला र लक्षित वर्गका समूदायहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण भएको हुने । | | | | | | पार्श्वचित्र | गापा |
| बालबालिकाको सर्वाङ्गिण विकासमा टेवा पुगेको हुने । | | | | | | पार्श्वचित्र | गापा |
| किशोर किशोरीको व्यवसायिक क्षमता अभिबृद्धि भएको हुने । | | | | | | पार्श्वचित्र | गापा |

### ५.४.६ अनुमान तथा जोखिम पक्ष

यस गाउँपालिकामा महिला, बालबालिका, दलित, असहाय, पछाडी परेका समूदाय, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नियम तथा कानून तयार भई प्रभावकारी रुपमामा कार्यान्वयन भएको हुने अनुमान गरिएको छ । यद्यपी अपाङ्गता, महिला र बालमैत्री संरचना तथा पूर्वाधार, सामाजिक तथा सांस्कृतिक अभ्यास, महिलाको कम पहुँच जस्ता विषय लक्ष्य प्राप्तिका लागि जोखिम पक्षको रुपमा लिइएको छ ।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

युवा अवस्थालाई आर्थिक हिसाबले सक्रिय जनसंख्याको रुपमा लिइन्छ । नेपालको संविधानले सामाजिक न्याय र समावेशीकरण सम्बन्धि नीति कार्यान्वयनमा युवाहरुको भूमिका आत्मसात गरेको छ । राष्ट्रिय विकासमा युवा सहभागिता अभिबृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सवार्ङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने व्यवस्था गरेको छ । राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवावर्गको भूमिका महत्वपूर्ण रहेको हुन्छ । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण यो वर्गलाई राष्ट्र निर्माणको प्रमुख स्रोतसमेत मानिएको छ । नेपालको जनगणना २०७८ अनुसार १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ४३ प्रतिशत रहेको छ । शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवाशक्ति विकास गरी यो जनसाङ्ख्यिक लाभको प्रवृत्तिलाई पुँजीकृत गर्दै राष्ट्र निर्माणमा लगाउन सकिएमा युवाहरूले देशको सामाजिक एवम् आर्थिक विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्दछन् । यसलाई मध्यनजर गरी राष्ट्रिय युवा नीति, २०७२ एवम् राष्ट्रिय युवा परिषद्को गठन गरिएको छ । राष्ट्रिय युवा नीति, २०७२ को प्रभावकारी कार्यान्वयन गर्दै युवाशक्तिले विकासका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुभवहरूबाट सिकेका पाठहरूलाई समेत मनन गर्दै उनीहरूलाई देशको सामाजिक आर्थिक रूपान्तरणमा मूलप्रवाहीकरण गर्नुपर्ने देखिन्छ । दिगो विकास लक्ष्य सन् २०३० सम्ममा रोजगारी, मर्यादित काम तथा उद्यमशीलताका लागि प्राविधिक तथा व्यावसायिक सीप लगायतका सान्दर्भिक सीपहरू हाँसिल गरेका युवा तथा प्रौढहरूको संख्यामा उल्लेख्य बृद्धि गर्ने, युवा र अपाङ्गता भएका व्यक्ति लगायत सबै महिला र पुरुषका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित काम र समान प्रकृतिको कामका लागि समान ज्याला हाँसिल गर्ने, युवा रोजगारीका लागि विश्वव्यापी रणनीतिको विकास र संचालन गर्ने र अन्तर्राष्ट्रिय श्रम संगठनको विश्व रोजगारी सम्झौतालाई लागू गर्ने जस्ता प्रतिवद्धताहरु कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । युवाहरुलाई आर्थिक तथा सामाजिक कार्यमा संलग्न गराउन स्थानीय तहको भूमिका महत्वपूर्ण रहेको छ । स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन तथा खेलकुद क्षेत्रको विकासमा युवा जनशक्ति परिचालन गर्न सकिन्छ ।

युवा अवस्थालाई आर्थिक हिसाबले सक्रिय जनसंख्याको रुपमा लिइन्छ । युवाहरुको कृषि, व्यापार, नोकरी तथा वैदेशिक रोजगारमा संलग्नताले गाउँपालिकाको समग्र टेवा दिन सक्दछ । यस गाउँपालिकाका ९ वटा युवा क्लव स्थापना भई परोपकार तथा सामाजिक सेवामा क्रियाशिल भएको पाइन्छ । युवाहरुको वेरोजगार दर निकै छ । आयमूलक व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हाँसिल गरेको युवा संख्या एक सय भन्दा पनि कम छन् भने आयमूलक व्यवसायिक सीप विकास तालिमबाट रोजगार तथा स्वरोजगार युवाको संख्या करिब ८५ जना छ । उद्योग, व्यापार व्यवसायमा युवाहरुको आवद्धता भएको संख्या करिव १३ प्रतिशत छ ।

### ५.५.२ समस्या तथा चुनौती

यस गाउँपालिकाका युवाहरुमा व्यापक शैक्षिक बेरोजगारी, आयमूलक व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हाँसिल गरेको युवा संख्या न्यून रहेको छ । उद्योग, व्यापार व्यवसायमा युवाहरुको

आवद्धता कम छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रबाट सिमित युवाहरु लाभान्वित भएका छन् भने युवा स्वरोजगार कोष अन्तर्गत स्वरोजगार कर्जा कार्यक्रमबाट युवाहरु हुन नसक्नु यो गाउँपालिकाको युवा क्षेत्रको समस्याको रुप लिन सकिन्छ । स्थानीय तहको संरचनामा युवाहरुको कम संलग्नता, युवा क्लव, संजाल तथा संस्थाको अभाव, युवा खेलकुद अभ्यास प्रशिक्षण केन्द्रहरु पनि सिमित मात्राहुनुले समग्र युवा तथा खेलकुद विकासको चुनौती हुन् । साथै गाँउपालिकामा खेलकुद प्रतियोगिता संचालन नहुनु, खेलकुदको लागि पूर्वाधारहरुमा निर्माणमा कम लगानी, युवाहरु गाँउबाट पलायन हुनु यस क्षेत्रको समस्या हुन ।

### ५.५.३ संभावना तथा अवसर

सङ्घीय सरकारी निकाय, प्रादेशिक सरकारी निकाय, दातृ निकाय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट युवा तगा खेलकुद क्षेत्रमा लगानी बढाउन गरीबी निवारणसम्बन्धि कार्यक्रम सञ्चालन गर्ने संभावना छ । साथै बेरोजगार युवाहरुको लगत राख्ने, विवरण तयार गरी आवश्यकता पहिचान र सोही अनुसार सीप तथा रोजगारमूलकरुपमा कार्यक्रम सञ्चालन गर्ने, युवा मैत्री लगानीका अवसर बनाई युबालाई सशक्तरुपमा आर्थिक क्षेत्रमा परिचालन गर्न र सामाजिक क्षेत्रमा परिचालन गर्न सकिने अवसर छ । साथै खेलकुदमा व्यवसायिकता विकास, खेलकुद पूर्वाधारको निर्माण, व्यवसायिक खेलकुदको निर्माण अवसरको रुपमा लिन सकिन्छ ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

- युबालाई आर्थिक, सामाजिक तथा खेलकुदमा संलग्न गराई उद्यमशीलता र रोजगारी सिर्जना गर्ने ।

**उद्देश्य**

- युवाहरुको सर्वाङ्गिण विकासका लागि उद्यमशीलता र रोजगार प्रवर्द्धन गर्नु ।
- युवाहरुलाई खेलकुद क्षेत्रमा संलग्न गरी सिर्जनशीलता र प्रचारप्रसार गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| युवा परिचालन रणनीति तयार गर्ने | युवा परिचालन नीति तर्जुमा गरिनेछ । |
| | गाउँपालिकासँग सम्बन्धित दक्ष तथा बिभिन्न क्षेत्रमा बौद्धिकता भएका युवाको सञ्जाल निर्माण गरिनेछ । |
| युवा रोजागारीलाई व्यवस्थित र पुँजीनिर्माण युक्त बनाउने | गाउँपालिकाबाट देश भित्र वा देश बाहिर रोजगारीको शिलशिलामा तथ्यांक संकलन गरिनेछ । |
| | वैदेशिक रोजगारमा जाने युवाको रोजगारी अनुसारको सीप तथा तालिमको व्यवस्था गरिनेछ । |
| खेलकुद विकासको आधार तयार पार्ने | गाउँपालिकाको पहिचान दिने विशेष खेलको अभ्यास तथा प्रशिक्षण शुरुवात गरिनेछ । |

| **कार्यक्रम तथा आयोजना** |
|---|
| युवा परिचालन नीति तर्जुमा |
| उमेर समूह, शैक्षिक योग्यता, सीप, दक्षता तथा रुचिका आधारमा युवा वर्गीकरण |
| गाउँपालिकासँग सम्बन्धित  दक्ष तथा बिभिन्न क्षेत्रमा वौद्धिकता भएका युवाको सञ्जाल निर्माण |
| गाउँपालिकाको पूर्वाधार निर्माण, स्तरोन्नती जस्ता कृयाकलापमा युवाको परिचालन |
| विद्यालय स्तरबाट नै किशोर किशारीलाई आयमूलक व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षाको व्यवस्था |
| वैदेशिक रोजगारीमा जाने युवाको लगत संकलन |
| गाउँपालिकाबाट देश भित्रै वा देश बाहिर रोजगारीको शिलशिलामा जाने युबाले अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गर्नु पर्ने अभ्यासको शुरुवात |
| वैदेशिक रोजगारमा जाने युबालाई उसको रोजगारी अनुसारको तालिमको व्यवस्था |
| विप्रेशणको उत्पादनशील प्रयोगका लागि युवा वर्गलाई प्रशिक्षण कार्यक्रम |
| उत्पादनशील तथा आयमुलक क्षेत्रमा युवा विप्रेशण तथा गाउँपालिका सहलगानी कार्यक्रम |
| एक विद्यालय एक खेलकुद मैदान |
| गाउँपालिका स्तरीय कबडहलको स्थापना |
| एक विद्यालय एक खेलकुद शिक्षक |
| खेलाडी विद्यार्थीको पहिचान र विशेष प्रशिक्षण |
| गाउँपालिकाको पहिचान दिने विशेष खेलको अभ्यास तथा प्रशिक्षण |
| तालिम केन्द्रको स्थापना |
| अन्तर विद्यालय खेलकुद कार्यक्रम |
| अन्तरपालिका खेलकुद कार्यक्रम |
| अन्तर प्रदेश खेलकुद कार्यक्रम |
| ***अनुमानित लागतः ७ करोड ५ लाख*** |

### ५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** युबालाई आर्थिक, सामाजिक तथा खेलकुदमा संलग्न गराई उद्यमशीलता र रोजगारीमा योगदान दिने । | | | | | | | |
| युवाहरुको रोजगारीको अवस्था | प्रतिशत | ४० | ५० | ६० | ७० | पार्श्वचित्र | गापा |
| **असर तह :** युवाहरुको सर्वाङ्गिण विकास भएको हुनेछ । | | | | | | | |
| युवाहरुको कूल वेरोजगारीता | प्रतिशत | ६० | ५० | ४० | ३० | पार्श्वचित्र | गापा |
| शिक्षित युवा वेरोजगारी (एइइ वा सो भन्दा माथिको शिक्षा आर्जन) | संख्या | २० | १५ | १० | ५ | गा पा | गापा |
| आयमूलक व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हाँसिल गरेको युवा | संख्या | १७०० | ४००० | ५०० | ५७०० | पार्श्वचित्र | गापा |
| आयमूलक व्यवसायिक सीप विकास तालिमबाट रोजगार तथा स्वरोजगार युवा | संख्या | ३७५ | ७०० | १२०० | १५०० | पार्श्वचित्र | गापा |
| उद्योग, व्यापार व्यवसायमा युवाहरुको आवद्धता | प्रतिशत | २ | १० | १५ | २५ | पार्श्वचित्र | गापा |
| प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रबाट लाभान्वित युवाहरु | संख्या | ७६ | १०० | १२५ | २१५ | रोजगार केन्द्र | गापा |
| युवा स्वरोजगार कोष अन्तर्गत स्वरोजगार कर्जा कार्यक्रमबाट युवाहरु | संख्या | ० | १० | ४० | ५० | रोजगार केन्द | गापा |
| स्थानीय तहको संरचनामा युवाहरुको संलग्नता | प्रतिशत | ७५ | ७८ | ८० | ८० | पार्श्वचित्र | गापा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| युवा क्लव, संजाल तथा संस्था | संख्या | १२ | १५ | १८ | २० | वडगत सर्वेक्षण | गापा |
| युवा खेलकुद अभ्यास प्रशिक्षण केन्द्र | संख्या | ० | २ | २ | ५ | पार्श्वचित्र | गापा |
| कवर्डहल तथा खेलकुद मैदान | संख्या | १२ | १५ | १८ | ३० | पार्श्वचित्र | गापा |
| पालिका स्तरीय खेलकुद प्रतियोगिता | संख्या | १ | ३ | ६ | १० | पार्श्वचित्र | गापा |
| **प्रतिफल तह :** | | | | | | | |
| युवाहरुको सर्वाङ्गिण विकासमा योगदान भएको हुने । | | | | | | | गापा |
| युवा परिचालन रणनीति तयार भएको हुने । | | | | | | | गापा |
| खेलकुद विकासको आधार तयार भएको हुने । | | | | | | | गापा |

### ५.५.६ अनुमान तथा जोखिम पक्ष

यस गाउँपालिकाका युवाहरुमा रोजगारी, आयमूलक व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हाँसिल, उद्योग, व्यापार व्यवसायमा युवाहरुको आवद्धता भएको हुने अनुमान गरिएको छ भने शैक्षिक र व्यवसायिक पूर्वाधार तथा अवसरका कमी जोखिम पक्षको रुपमा लिइएको छ

## ५.६ कला, भाषा, साहित्य र संस्कृति

### ५.६.१ पृष्ठभूमि

कला, भाषा, साहित्य र संस्कृतिले राष्ट्रको ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक अवस्था झल्काउँछ। कला, भाषा, साहित्य र संस्कृतिको सन्दर्भमा नेपाल समृद्ध छ। कला, भाषा, साहित्य र संस्कृतिले राष्ट्रिय एकतामा सहयोग पुग्दछ। परम्परागत कला, भाषा, साहित्य र संस्कृतिलाई जगेर्ना गर्दै मौलिक स्वरूपमा परिवर्तन नहुने गरी समयानुकूल परिमार्जन गर्दै भावी पुस्ताहरूलाई हस्तान्तरण गर्नु आवश्यक रहेको छ। संविधानमा नेपाललाई बहुजातीय, बहुभाषिक, बहधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त, राष्ट्रका रूपमा परिभाषित गरेको छ। नेपालमा बोलिने सबै मातभृाषालाई राष्ट्र भाषाको रूपमा अबलम्वन गर्दै आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्बर्धन र संरक्षण गर्ने हक प्रदान गरेको छ। कला, भाषा, साहित्य तथा सांस्कृतिको जगेर्ना गर्ने जिम्मेवारी तीनै सरकारको कार्यजिम्मेवारी हो। ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्बर्धन र विकासका लागि अध्ययन अनसुन्धान, उत्खनन तथा प्रचारप्रसार गर्ने,  राष्ट्रिय सम्पदा, कला, साहित्य, र सङ्गीतको विकासमा जोड दिने नीति अवलम्बन गर्नु आवश्यक छ। यस गाउँपालिकामा विद्यमान कला, भाषा, संस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति, लोपोन्मुख अवस्थामा रहेका छन्। तसर्थ नगरपालिकाले यस्ता कला, भाषा, संस्कृतिको जगेर्ना गर्न महत्वपूर्ण भूमिका खेल्न जरुरी छ।

### ५.६.२ समस्या तथा चुनौती

भाषा कला संस्कृतिमा यो गाउँपालिका धनी भएता पनि यसको संरक्षण र र अभिलेखिकरण गर्न सकिएको छैन। गाउँपालिका क्षेत्र भित्रको सबै प्रकारका कलाहरुको संरक्षण विकास र प्रवर्द्धन भएको छैन। साहित्य पढ्ने लेख्ने र प्रकाशन गर्ने कार्यहरुको प्रचलनमा कमी रहेको हुनु समस्या तथा चुनौतीको रुपमा लिन सकिन्छ।

### ५.६.३ संभावना तथा अवसर

स्थानीय भाषा, कला, र संस्कृतिको संरक्षण र अभिलेखिकरणका लागि संघ, प्रदेश र अन्य निकायहरुसँग समन्वय गर्न सकिने संभावना तथा अवसर रहेको छ। यसका लागि गाउँपालिकाको संयोजनमा कला र भाषा संरक्षण विकास र प्रवर्द्धनका लागि कार्यक्रमहरु आयोजना गर्न सकिन्छ। सामुदायिक सिकाई केन्द्रहरु र अन्य विद्यालयका पुस्तकालयहरुको प्रयोग गरी साहित्य पढ्ने, लेख्ने र प्रकाशन गर्ने कार्यहरुको प्रचलन बृद्धि गर्न सकिन्छ।

### ५.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

- लोपोन्मुख हुँदै कला, भाषा र संस्कृति संरक्षण गर्नु।

**उद्देश्य**

- स्थानीय कला, भाषा, साहित्य तथा संस्कृतिमा पहिचान र प्रर्वद्धन गर्ने ।

## रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय भाषा तथा सहित्यको संरक्षण गर्ने | स्थानीय संस्कृति, भाषा, साहित्य तथा कलाको अभिलेखीकरण गरिनेछ। |
| | विद्यालयमा भाषा साहित्य तथा कला केन्द्रको स्थापना भएको गरिनेछ। |
| कला, भाषा र संस्कृतिको पूर्वाधारको संरक्षण गर्ने | कला, भाषा र संस्कृतिको पूर्वाधारको संरक्षण गरिनेछ। |

| कार्यक्रम तथा आयोजना |
|---|
| युवा परिचालन नीति तर्जूमा |
| उमेर समूह, शैक्षिक योग्यता, सीप, दक्षता तथा रुचिका आधारमा युवा वर्गीकरण |
| गाउँपालिकासँग सम्बन्धित दक्ष तथा बिभिन्न क्षेत्रमा वौद्धिकता भएका युवाको आल्मुनाई निर्माण |
| गाउँपालिकाको पूर्वाधार निर्माण, स्तरोन्नती जस्ता कृयाकलापमा युवाको परिचालन |
| विद्यालय स्तरबाट नै किशोर किशारीलाई आयमूलक व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षाको व्यवस्था |
| वैदेशिक रोजगारीमा जाने युवाको लगत संकलन |
| गाउँपालिकाबाट देश भित्रै वा देश बाहिर रोजगारीको शिलशिलामा जाने युबाले अनिवार्य रुपा गाउँपालिकामा दर्ता गर्नु पर्ने अभ्यासको शुरुवात |
| वैदेशिक रोजगारमा जाने युबालाई उसको रोजगारी अनुसारको तालिमको व्यवस्था |
| विप्रेशणको उत्पादनशील प्रयोगका लागि युवा वर्गलाई प्रशिक्षण कार्यक्रम |
| उत्पादनशील तथा आयमुलक क्षेत्रमा युवा विप्रेशण तथा गाउँपालिका सहलगानी कार्यक्रम |
| एक विद्यालय एक खेलकुद मैदान |
| गाउँपालिका स्तरीय कबडहल को स्थापना |
| एक विद्यालय एक खेलकुद शिक्षक |
| खेलाडी विद्यार्थीको पहिचान र विशेष प्रशिक्षण |
| गाउँपालिकाको पहिचान दिने विशेष खेलको अभ्यास तथा प्रशिक्षण |
| तालिम केन्द्रको स्थापना |
| अन्तर विद्यालय खेलकुद कार्यक्रम |
| अन्तरपालिका खेलकुद कार्यक्रम |
| अन्तर प्रदेश खेलकुद कार्यक्रम |
| ***अनुमानित लागतः ७ करोड ५ लाख*** |

### ५.६.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** लोपोन्मुख हुँदै गएको कला, भाषा र संस्कृति संरक्षणमा योगदान हुने । | | | | | | | |
| लोपोन्मुख कला, भाषा र संस्कृति संरक्षणमा अध्ययन अनुसन्धान | संख्या | ० | १ | २ | ३ | वडा सर्वेक्षण | गापा |
| **असर तह :** लोपोन्मुख भाषाहरु लिपिबद्ध भई कला, भाषा, साहित्य तथा संस्कृति संरक्षण हुनेछ । | | | | | | | |
| | | | | | | | |
| कला, भाषा, संस्कृति र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | ० | ५ | ८ | १० | वडा सर्वेक्षण | गापा |
| संरक्षित कला, सँस्कृति र सम्पदा | संख्या | ५ | ८ | १० | १० | वडा सर्वेक्षण | गापा |
| संरक्षण गर्नुपर्ने स्थानीय संस्कृति तथा चाँडपर्व | संख्या | १ | ३ | ३ | ३ | वडा सर्वेक्षण | गापा |
| स्थानीय लोपन्मुख भाषाहरु | संख्या | ४ | ० | ० | ० | वडा सर्वेक्षण | गापा |
| वोलीचालीका स्थानीय भाषाहरु | संख्या | ७ | ७ | ७ | ७ | वडा सर्वेक्षण | गापा |
| स्थानीय भाषा, कला, संस्कृति झल्किने म्युजियम तथा कला केन्द्र | संख्या | ० | १ | १ | १ | वडा सर्वेक्षण | गापा |
| स्थानीय कला, भाषा र साहित्यलाई पेशाको रुपमा अवलम्बन गर्ने व्यक्ति | संख्या | ० | ५ | ५ | १० | वडा सर्वेक्षण | गापा |
| स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धि भएका अध्ययन तथा अनुसन्धान | संख्या | १ | ५ | ७ | १२ | वडा सर्वेक्षण | गापा |
| स्थानीय भाषा, कला, संस्कृति, सम्पदा, साहित्यमा आधारित नियमित प्रकाशन | संख्या | ० | ५ | ८ | १३ | वडा सर्वेक्षण | गापा |
| **प्रतिफल तह :** | | | | | | | |

| **सूचक** | **इकाइ** | **आधार वर्ष २०७९/८०** | **अर्थिक वर्ष : लक्ष्य परिमाण** | | | **पुष्ट्याईको आधार** | **जिम्मेवार निकाय** |
|---|---|---|---|---|---|---|---|
| | | | **२०८०/८१** | **२०८२/८३** | **२०८४/८५** | | |
| लोपोन्मुख भाषाहरु लिपिबद्ध भई कला, भाषा, साहित्य तथा संस्कृति जगेर्नाका लागि विभिन्न आयोजना तथा कार्यक्रम सञ्चालन भएको हुने । | | | | | | | गापा |
| स्थानीय भाषा तथा सहित्यको संरक्षण भएको हुने। | | | | | | | गापा |

### ५.६.६ अनुमान तथा जोखिम पक्ष

भाषा, कला र संस्कृतिहरुको संरक्षण, अभिलेखिकरण, प्रकाशन गर्न प्रोत्साहन तथा अभ्यास लागि संघीय, प्रादेशिक र अन्य निकायहरुसँग समन्वय हुने अनुमान गरिएको छ भने भाषा, कला र संस्कृतिहरु संरक्षणमा संलग्न हुने व्यक्ति वा संस्थाको अभाव हुने जोखिम रहेको छ ।

# परिच्छेद ६: पूर्वाधार क्षेत्र

## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले आवासको हकलाई मौलिक हकको रुपमा अंगीकार गरी सबै नागरिकको सुरक्षित, उपयुक्त र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने तथा आवासबिहिन नागरिकलाई आवास सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ । साथै, संविधानले अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न योजनाबद्ध व्यवस्थित बस्ती विकास गर्ने नीतिगत व्यवस्था समेत गरेको छ । सन् २०३० सम्ममा सवैलाई धान्न सक्ने, सुरक्षित र प्रयाप्त मात्रामा आवास तथा आधारभूत सेवाहरुको पहुँच सुनिश्चित गर्ने तथा अव्यवस्थित बस्तीहरुको स्तरोन्नति गर्न दीगो विकास लक्ष्यले मार्गदर्शन गरेको छ। नेपालको संविधानले अव्यवस्थित बसोवासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने नीतिगत व्यवस्था गरेको छ। वि.स २०७२ सालको विनाशकारी भूकम्प तथा तत्पश्चात्का पराकम्पका कारण विभिन्न १४ जिल्लाहरूमा भवन, विद्यालय तथा पुरातात्विक संरचनाहरू पूर्णतः क्षतिग्रस्त तथा उल्लेख्य सङ्ख्यामा मानवीय क्षतिको सिकाइबाट बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण सजकता हुन पर्ने देखिन्छ। नयाँ विद्यालय भवन निर्माणका नमूना डिजाइनहरू बहुप्रकारका विपद् प्रति संवेदनशील र अपाङ्गमैत्री हुने गरी बनाउनु पर्ने देखिन्छ। स्थानीय तहले नेपाल सरकार र प्रदेशबाट जारी भएको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड, अन्य प्रचलित कानूनको परिधिभित्र रही आफ्नो विस्तृत मापदण्ड तयार गर्नुपर्दछ। यस्ता विस्तृत मापदण्डलाई सर्वसाधरण विभिन्न माध्यमबाट जानकारी र मापदण्डका बारेमा वडा वडामा सचेतनामूलक कार्यक्रम गरी सबैलाई जानकारी उपलब्ध गराउनु आवश्यक देखिन्छ । स्थानीय तहले आफ्नो मापदण्डको बारेमा टोल विकास संस्था तथा अन्य सामुदायिक संस्थामार्फत अभिमुखीकरण गर्दा सुरक्षित आवास तथा बस्तीको परिकल्पना साकार गर्न सकिन्छ। शहरमा सेवा, सुविधा र अवसरहरू बढी हुने भएकाले मानिसहरूको स्वाभाविक आकर्षण शहरतर्फ हुने गर्दछ। सेवा, सुविधा र अवसरहरूको खोजी तथा नयाँ सहरहरूको वृद्धिको कारणले सहरी क्षेत्रको जनसङ्ख्या तीव्र बृद्धि हुँदै गएको छ । यसको परिणामस्वरूप सहरमा उपलब्ध सीमित आर्थिक-सामाजिक र भौतिक पूर्वाधार सेवाहरूमा अतिरिक्त चाप पर्न गएको छ । गाउँपालिकाले तसर्थ योजनाबद्ध सहरी विकासमार्फत स्वच्छ, सुरक्षित र समृद्ध पहिचानसहित सहरहरूको विकास गरी मागअनुसार नागरिकहरूलाई सर्वसुलभ र भरपर्दो तरिकाले गुणस्तरीय सहरी सेवा तथा सुविधा उपलब्ध गराई गाउँबासीको जीवनस्तरमा सुधार ल्याउनु आवश्यक देखिन्छ।

### ६.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा धेरै भिरालो जमिन भएको, धेरै ठाउँमा पहिरो गएको र भौगोलिक हिसाबले कमजोर जमिन रहेकोले बस्तीहरु जोखिमको अवस्था टड्कारो रुपमा देखिन्छ। पहिरो जोखिम रहेका स्थानमा बस्ती विकास भएको, निम्न आय भएका परिवारको लागि योजनाबद्ध जनता आवास कार्यक्रम संचालन गर्ने चुनौती रहेको छ भने नवनिर्मित संरचनाको लागि भवन निर्माण मापदण्डको पूर्ण कार्यान्वयन गर्ने समेत चुनौती रहेको छ । न्यून बजेट तथा भौगोलिक विकटताले नयाँ विद्यालय भवन निर्माणका नमूना डिजाइनहरू बहुप्रकारका विपद् प्रति संवेदनशील र अपाङ्गमैत्री, नेपाल सरकार र प्रदेशबाट जारी भएको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड अनुसारको सार्वजनिक निर्माण चुनौतीपूर्ण छ ।

### ६.१.३ संभावना तथा अवसर

यस गाउँपालिका बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणको क्षेत्रमा प्रारम्भिक अवस्था रहेकोले नयाँ निर्माणमा नयाँ मापदण्ड लागू गर्न सकिने संभावना रहेको छ । जोखिमयुक्त क्षेत्रमा बसोबास गरेका घरधुरीहरुलाई एकीकृत बस्ती वसाई सुरक्षित आवासको विकास गर्ने सकिने अवसर रहेको छ । नयाँ विद्यालय भवन निर्माणमा विपद् संवेदनशील र अपाङ्गमैत्री संरचना निर्माण हुने अवसर रहेको छ। नेपाल सरकार र प्रदेशबाट जारी भएको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड, अन्य प्रचलित कानूनको परिधिभित्र रही आफ्नो विस्तृत मापदण्ड मापदण्डका बारेमा सर्वसाधरणलाई विभिन्न माध्यमबाट जानकारी र मापदण्डका बारेमा वडा वडामा सचेतनामूलक कार्यक्रम गरी सबैलाई जानकारी उपलब्ध गराउन सकिने अवसर रहेको छ ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

वातावरणमैत्री, सुरक्षित र सुलभ सार्वजनिक भवन तथा निजी आवासको विकास गर्ने ।

**उद्देश्य**

- व्यवस्थित बस्ती विकास गरी सबैका लागि सुलभ, सुरक्षित र वातावरणमैत्री आवासको प्रवर्द्धन गर्नु ।
- भूकम्प लगायत सबै प्रकारका प्रकोप प्रतिरोधी सार्वजनिक तथा निजी भवनहरू निर्माण गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| बस्तीहरुलाई व्यवस्थित तथा सुरक्षित बनाउने | बस्तीहरुलाई व्यवस्थित तथा सुरक्षित गर्न आवश्यक नीति तर्जुमा गरिनेछ । |
| | आवास क्षेत्र तथा बस्तीहरुको नक्शांकन तथा अभिलेखीकरण गरिनेछ । |
| | भू-उपयोग सम्बन्धि विस्तृत अध्ययन गरी आवश्यक नीति तथा मापदण्ड तयार गरिनेछ । |
| आवास तथा बस्ती निर्माण प्रविधिको प्रयोग गर्ने | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धि दक्ष जनशक्ति विकास भएको हुनेछ । |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्डको विकास भएको हुनेछ । |
| व्यवस्थित बजारतथा बस्तीको क्षेत्रको विकास | व्यवस्थित बजारतथा बस्ती क्षेत्रको विकासको योजना निर्माण भएको हुनेछ । |
| | विपद् व्यवस्थापन केन्द्र निर्माण भएको हुनेछ । |
| **कार्यक्रम तथा आयोजना** | |
| बस्तीहरुलाई व्यवस्थित तथा सुरक्षित गर्न आवश्यक नीति तर्जुमा | |
| आवास क्षेत्र तथा बस्तीहरुको नक्शांकन तथा अभिलेखीकरण | |
| जोखिमयुक्त बस्तीहरुको लगत संकलन | |
| भू-उपयोग सम्बन्धि विस्तृत अध्ययन गरी आवश्यक नीति तथा मापदण्ड निर्धारण | |

| रणनीति | कार्यनीति |
|---|---|
| भवन निर्माण मापदण्ड, औद्योगिक क्षेत्र तथा बस्ती विकास सम्बन्धि नीति पहिचान पारित गर्ने तथा पूर्वाधार निर्माण । | |
| जोखिमयुक्त तथा भौगोलिक कठीनाई भएका क्षेत्रका बस्तीहरुलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण | |
| भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धि दक्ष जनशक्ति विकास | |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्डको विकास | |
| आमा समूह भवन निर्माण | |
| कमल हाट प्रतिक्षालय निर्माण योजना | |
| आमा समूह भवन तथा कुरी घर निर्माण | |
| खोपगाउँ कोर्जु मोटर बाटो तथा पूर्वाधार निर्माण | |
| वडा कार्यालय भवन निर्माण | |
| सार्वजनिक शौचालय निर्माण १ वटा गाउँपालिका केन्द्र | |
| विपद् व्यवस्थापन केन्द्र निर्माण | |
| डडुवा जलुकेनी बस्ती व्यवस्थापन | |
| सार्वजनिक शौचालय निर्माण (वी.पी. चौक, महादेवस्थान, धुसिनी) | |
| सामुदायिक भवन निर्माण | |
| वडा कार्यालय भवन निर्माण | |
| स्वास्थ्य चौकी तथा इकाई भवन निर्माण तथा व्यवस्थापन | |
| आपतकालीन भवन निर्माण | |
| ***अनुमानित लागत: २५ करोड*** | |

### ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८१ | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** वातावरणमैत्री, सुरक्षित र सुलभ सार्वजनिक भवन तथा निजी आवासको विकास अभ्यास हुने । | | | | | | | |
| महिलामैत्री, बालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना | संख्या | ६८ | १०० | १२० | १४५ | वडा सर्वेक्षण | गापा |
| **असर तह :** आधारभूत एवं सबै प्रकारका शहरी सुविधाहरुको व्यवस्था गर्दै एकीकृत आवास तथा बस्ती विकास एवं सार्वजनिक निर्माणहरु व्यवस्थित र सुरक्षित भएको हुनेछ । | | | | | | | |
| एकीकृत भौतिक सेवा सुविधा उपलव्ध बजारक्षेत्रहरु | संख्या | ३ | ५ | १० | १५ | वडा सर्वेक्षण | गापा |
| नियमित सिंचित क्षेत्र | हेक्टर | २०० | ३०० | ४०० | ५०० | वडा सर्वेक्षण | गापा |
| निःशुल्क इन्टरनेट सेवा वाइफाई उपलव्ध भएका क्षेत्रहरु | संख्या | १० | ५० | ७० | ९८ | वडा सर्वेक्षण | गापा |
| महिलामैत्री, बालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना | संख्या | ६८ | १०० | १२० | १४५ | वडा सर्वेक्षण | गापा |
| भूकम्प प्रतिरोधात्मक मापदण्ड पूरा भएका सुरक्षित सार्वजनिक संरचना | संख्या | ५० | २०० | ३०० | ४०० | वडा सर्वेक्षण | गापा |
| आधारभूत भौतिक पूर्वाधार (खानेपानी, विद्युत, सडक, संचार, विद्यालय, स्वास्थ्य चौकी) पुगेका बस्तीहरु | संख्या | ३८ | ८० | १०० | १२० | वडा सर्वेक्षण | गापा |
| बजारक्षेत्रमा बसोवास गर्ने जनसंख्या | प्रतिशत | ० | २ | ३ | ५ | वडा सर्वेक्षण | गापा |
| **प्रतिफल तह :** | | | | | | | |
| वातावरणमैत्री, सुरक्षित र सुलभ सार्वजनिक भवन तथा निजी आवासको व्यवस्था भएको हुने । | | | | | | | गापा |
| व्यवस्थित बसपार्क तथा वस स्टेशन निर्माण भएको हुने | | | | | | | गापा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८१ | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| व्यवस्थित बजारतथा बस्तीको क्षेत्रको विकास भएको हुने । | | | | | | | गापा |
| बाझो तथा न्यून कृषि उत्पादन क्षेत्रको पहिचान गरी आवास तथा बस्ती विकासको नीति निर्माण गर्ने तथा कार्यान्वयन भएको हुने । | | | | | | | गापा |

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

गाउँपालिका बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणमा नयाँ मापदण्ड, जोखिमयुक्त क्षेत्रमा बसोबास गरेका घरधुरीहरुलाई एकीकृत बस्ती बसाई सुरक्षित आवास, भवन निर्माणमा विपद् संवेदनशील र अपाङ्गमैत्री संरचनाको लागि नेपाल सरकार र प्रदेशबाट जारी भएको नीति लागू भएको हुने र सोही अनुसारको बजेट व्यवस्थापन हुने अनुमान गरिएको छ । यद्यपी यस गाउँपालिकामा भिरालो जमिन भएको, धेरै ठाउँमा पहिरो जाने र भौगोलिक हिसाबले कमजोर जमिनले जोखिमको अवस्था विद्यमान नै छ ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

सडक, पुल तथा यातायात जस्ता पूर्वाधार समग्र विकासको आधार स्तम्भ हो । नेपालको संविधानले नागरिकका आधारभूत आवश्यकता सम्बन्धि नीति अन्चर्गतसडक, पुल तथा यातायात क्षेत्रलाई समेत लिएको छ । यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिबृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपांगतामैत्री हुने व्यवस्था छ । दिगो विकास लक्ष्य सन् २०३० सम्ममा सबैको लागि सुरक्षित, धान्न सकिने, सुलभ र दिगो यातायात प्रणलीमा पहुँच प्रदान गर्ने तथा महिला, बालबालिका, अपांगता भएका ब्यक्ति र बृद्धलगायत अरु जोखिममा परेका व्यक्तिहरुका आवश्यकतालाई विशेष ध्यान दिदै उल्लेखनीय किसिमले सडक सुरक्षा सुधार गर्न सार्वजानिक यातायात विस्तार गर्न मार्गदर्शन गरेको छ । मुलुकको आर्थिक-सामाजिक विकासलाई गतिशील बनाउन, सर्वसाधारणलाई पुऱ्याइने सेबालाई सहज तथा सरल बनाउन र आर्थिक सामाजिक एकीकरण एवम् प्रादेशिक तथा भौगोलिक सन्तुलन कायम गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्वपूर्ण योगदान छ। आवधिक योजनाहरूले सडक, पुल तथा यातायातलाई उच्च प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। निर्माण भएका सडकहरूमा बाह्रै महिना यातायातलाई सञ्चालनमा ल्याउन नियमित मर्मत सम्भारको भरपर्दो व्यवस्था, सडक संरचना निर्माण, स्तरोन्नति र ट्र्याक खोल्ने, सडक गुरुयोजना तयार जस्ता कार्य गर्नु जरुरी छ । सडक, पुल तथा यातायात संघ र प्रदेशको अधिकारसूचीमा भएता पनि स्थानीय तहले आफ्नो क्षेत्रभित्रको यस्ता पूर्वाधारहरको पहिचान, व्यवस्थापन र जगेर्नामा गर्नुपर्ने देखिन्छ। स्थानीय तहले स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सम्बन्धि नीति, कानून, मापदण्ड तथा सो सम्बन्धि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमनको लागि आवश्यक योजना बनाउनु पर्दछ ।

### ६.२.२ समस्या तथा चुनौती

गाउँपालिकामा अझै पनि सडक तथा हिड्ने बाटोघाटोको समस्या छ । राम्रो सडक सञ्चाल बनाउन नसकिएकोले ढुवानी तथा यातायात सञ्चालनमा कठिनाई हुने गरेको छ । भएका सडक पनि धेरैजसो कच्ची सडक भएको र सडक स्तरोन्नती अभाव जस्ता चुनौती यस गाउँपालिकामा रहेको छ । साथै गाउँपालिकाबाट वडा कार्यालयसम्म कालो पत्रे सडक नभएकोले सेवा प्रवाहमा समेत चुनौती देखिएको छ । साथै सडक निर्माणमा लागत अत्याधिक हुनु, वातावरणीय तथा विपद् जोखिम पक्ष उपेक्षित हुनु, सडक मापदण्ड तयार नहुनु पनि समस्याको रुपमा रहेको छ ।

### ६.२.३ संभावना तथा अवसर

सडक, पुल तथा यातायात संघ, प्रदेश र स्थानीय सरकारको प्राथमिकता पर्ने क्षेत्र हो । साथै जोडिएको स्थानीय तहको पनि भूमिका महत्वपूर्ण रहेको हुन्छ । संघीय संरचनाले सडक, पुल तथा यातायातको विकास र विस्तारमा अवसर सिर्जना गरेको छ । स्थानीय तहमा जनसहभागिता जुट्ने, सबै राजनीतिक दल र जनप्रतिनिधिको प्राथमिकता पर्नुलाई पनि अवसरको रुपमा लिन सकिन्छ । सडक तथा यातायात पूर्वाधार विकासले स्थानीयबासीको बिचमा सहज पहुँच र बजारविस्तारमा सहयोग पुग्दछ। गाँउपालिकाको वरिपरिका बस्तीसँग सामाजिक अन्तरसम्बन्ध समेत अझ सघन र गाढा बढाउने अवसर प्रदान गर्दछ ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गुणस्तरीय सडक सञ्जाल मार्फत स्थानीय उत्पादनको बजारप्रबर्द्धन गरी आर्थिक उपार्जन गर्ने ।

**उद्देश्य**

- गाउँपालिकाको सबै वडा केन्द्र, बस्ती, बजारकेन्द्र, र धार्मिक तथा पर्यटक स्थलहरुमा सर्वयाम सडक पूर्वाधारको विकास गर्नु ।
- विद्यमान सडकलाई स्तरोन्नति गरी बाह्रैमास सञ्चालन हुने बनाउनु ।
- विद्यमान सडक पुल तथा झोलुङ्गे पुल सुरक्षित तथा विस्तार गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| समूदायलाई सडक सञ्जालको सहज पहुँचमा ल्याउने | समूदायलाई सडक सञ्जालको सहज पहुँच भएको हुनेछ । |
| | सडक, पुल तथा यातायात जस्ता पूर्वाधार समग्र विकास भएको हुनेछ । |
| सडकको स्तरोन्नती गर्ने | गाउँपालिका भएको सडक स्तरोउन्नती भएको हुनेछ । |
| **कार्यक्रम तथा आयोजना** | |
| सिल्खु तोरीबारी हुदै फेदिगुठ सडक | |
| सिल्खुवेसी रयलटार चिप्लिङ्ग फेदीगुठ सडक | |
| फेदिगुठ खोलामा  कलभर्ट निर्माण | |
| सिरुवानीदेखि सौरीनी भञ्ज्यांगसम्म कालोपत्रे | |
| आवास, बस्तीविकास र सार्वजनिक निर्माण | |
| प्रतिक्षालय निर्माण, वडा कार्यालय निर्माण | |
| भीमसेनथान लामिडाँडा मोटर बाटो मर्मत | |
| भाँगे पाँचसय पोखरे फलाटेभञ्ज्यांग सडक स्तरोन्नती | |
| सिलुङ साइदुवा फलाटे भञ्ज्यांग मोटरबाटो स्तरोन्नती | |
| सुन्दरपुर चिप्लिङ्ग जलकिनी घोराखोरी विलन्दु ककनी सडक स्तरोन्नती | |
| वि.पि. चोक ८ मिश्र भञ्ज्यांग, फुलवारी,  पुरानागाउँ, आत्मारा, चित्रे,  भाँगे, सुन्दरपुर सडक स्तरोन्नती | |
| सिलुङ साइदुवा फलाटे भञ्ज्यांग मोटरबाटो स्तरोउन्नती | |
| ***अनुमानित लागतः १ अर्ब ३६ करोड ८५ लाख*** | |

### ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तह :** गुणस्तरीय सडक संजाल स्थापना गरी व्यापार प्रबर्द्धनको माध्यमबाट आर्थिक उपार्जन भएको हुने | | | | | | | |
| ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | ६० | ७० | ७५ | ८० | पार्श्वचित्र | गापा |
| **असर तह :** केन्द्र, बस्ती, बजारकेन्द्र, र धार्मिक तथा पर्यटक स्थलहरु सम्म १२ महिना यातायात साधन सञ्चालन हुने सडक पूर्वाधारको विकास भएको हुनेछ । | | | | | | | |
| कालोपत्रे सडकको लम्वाई | किमी | ० | १० | ४० | ५० | पार्श्वचित्र | गापा |
| ग्राभेल सडकको लम्वाई | किमी | ० | ६० | ८० | १२० | पार्श्वचित्र | गापा |
| धुले सडक लम्वाई | किमी | ३१३ | ४०० | ४५० | ५०० | पार्श्वचित्र | गापा |
| कृषि सडकको लम्वाई | किमी | | | | | पार्श्वचित्र | गापा |
| पक्की पुल (वेलीव्रिज समेत) | संख्या | ५ | ७ | ८ | १२ | पार्श्वचित्र | गापा |
| सहायक नदीमा झोलुङ्गे पुल | संख्या | २१ | २५ | ३० | ३३ | पार्श्वचित्र | गापा |
| आंशिक रुपमा सार्वजनिक यातायात सुचारु सडक लम्वाई | किमी | ३५ | ४० | ४५ | ५० | पार्श्वचित्र | गापा |
| स्थानीय स्तरमा संचालित चारपाङ्ग्रे सार्वजनिक यातायात | संख्या | २० | ४० | ५० | ६० | पार्श्वचित्र | गापा |
| पालिका केन्द्रबाट वडा कार्यालयसम्म जोडिएको सडक | संख्या | १० | १० | १० | १० | पार्श्वचित्र | गापा |
| सडक संजालबाट नजोडिएका बस्तीहरु | संख्या | ० | ० | ० | ० | पार्श्वचित्र | गापा |
| ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | ६० | ७० | ७५ | ८० | पार्श्वचित्र | गापा |
| नजिकको पिच भएको पक्की सडकमा पुग्न लाग्ने समयावधि | घण्टा | २ | १ | १ | ३० मिनेट | पार्श्वचित्र | गापा |
| जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको सडक संजाल | संख्या | २ | २ | २ | २ | पार्श्वचित्र | गापा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| अन्तरपालिका सडक संजाल संख्या | संख्या | ४ | ५ | ५ | ५ | पार्श्वचित्र | गापा |
| सडक नाली भएको सडक लम्वाई | किमी | ० | ३ | ४ | ५ | पार्श्वचित्र | गापा |
| नियमित मर्मत संभार भएको सडकको लम्वाई | किमी | १२० | २०० | २१० | २३० | पार्श्वचित्र | गापा |
| वायो इन्जिनियरिङ्ग प्रविधि र सडक साइड वृक्षारोपण | किमी | ३५ | ४० | ५५ | ७० | पार्श्वचित्र | गापा |
| डिपिआर तयार, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरण परीक्षण आदि गरी निर्माण भएका सडक लम्वाई | किमी | १२० | १४५ | १८० | २०० | पार्श्वचित्र | गापा |
| वार्षिक सडक दुर्घटनाको संख्या | संख्या | ० | ० | ० | ० | पार्श्वचित्र | गापा |
| **प्रतिफल तहः** | | | | | | | |
| गुणस्तरीय सडक सञ्जाल विस्तारका विभिन्न आयोजना तथा कार्यक्रम सञ्चालन भएको हुने । | | | | | | | गापा |
| समूदायलाई सडक सञ्जालको सहज पहुँच भएको हुने । | | | | | | | गापा |
| सडकको सौन्दर्यीकरण तथा हरित सडकको व्यवस्था भएको हुने | | | | | | | गापा |
| उचित ढल व्यवस्थापन भएको हुने | | | | | | | गापा |
| विद्यमान सडक पुल तथा झोलुङ्गे पुल सुरक्षित तथा विस्तार भएको हुने । | | | | | | | गापा |

### ६.२.६ अनुमान र जोखिम पक्ष

गाउँपालिकामा सडक, पुल तथा यातायात जस्ता पूर्वाधारका लागि आवश्यक नीति तथा बजेट व्यवस्थापन हुने अनुमान गरिएको छ भने सडक निर्माणमा लागत अत्याधिक हुनु, वातावरणीय तथा विपद्का पक्ष जोखिमको रुपमा रहेको छ ।

## ६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा देशकै प्रचुर आर्थिक विकासको सम्भावना भएको क्षेत्र हो । संविधानले जलश्रोतको बहुपयोगी विकास गर्न, विद्युत् तथा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभुत आवश्यकता परिपूर्तिका लागि सुपथ तथा सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने कुरा निर्देशित गरेको छ। नवीकरणीय ऊर्जा भन्नाले सौर्य ऊर्जा, वायु ऊर्जा, बायोग्याँस आदिलाई प्रमुख रुपमा लिन सकिन्छ। नेपालको लागि जलविद्युत् नै ऊर्जाको महत्वपूर्ण एवम् भरपर्दो स्रोत हो । ऊर्जा मुलुकको विकासको मेरूदण्ड भएकोले नेपालका पछिल्ला आवधिक योजनाहरूमा ऊर्जा क्षेत्रले उच्च प्राथमिकता पाउँदै आएको छ। सरकारी, निजी र सामुदायिक लगानीका साथसाथै विदेशी लगानीमार्फत जलविद्युत् क्षेत्रको विकास तथा प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ । ऊर्जामा आत्मनिर्भर हुन जलविद्युत्का साना, मझौला तथा ठूला आयोजनाहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयनमा लैजान आवश्यक छ। नवीकरणीय ऊर्जाले स्थानीय तह भित्र आवश्यकता पुरा गर्न महत्वपूर्ण परिपुरकको भूमिका खेल्न सक्छ । दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा किफायती, विश्वसनीय र आधुनिक उर्जाका सेवाहरुको विश्वव्यापी पहुँच सुनिश्चित गर्न, विश्वव्यापी उर्जा मिश्रणमा नवीकरणीय उर्जाको हिस्सालाई उल्लेख्य मात्राले बृद्धि गर्न, विश्वव्यापी उर्जा दक्षता सुधारको दरलाई दोब्बर गर्न, स्वच्छ उर्जाको पहुँच, नवीकरणीय उर्जा प्रविधि, ऊर्जा दक्षता लगायत उन्नत र स्वच्छ खनिज–ईन्धन ऊर्जा प्रविधिमा अन्तर्राष्ट्रिय सहयोग बढाउने तथा ऊर्जा पूर्वाधार र स्वच्छ उर्जाको क्षेत्रमा लगानी अभिबृद्धि गर्न मार्गदर्शन गरेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार स्थानीय तहले एक मेगाबाटसम्मका जलविद्युत आयोजना सम्बन्धि स्थानीयस्तरको नीति, कानून, मापदण्ड,योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्ने, वैकल्पिक ऊर्जा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन नियमन, स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन, वैकल्पिक ऊर्जा सम्बन्धि प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिबृद्धि र प्रवर्द्धन जस्ता कार्य गर्नुपर्ने देखिन्छ ।

यस गाउँपालिकामा आवधिक योजना तर्जुमाका क्रममा वडास्तरमा भएको छलफलको क्रममा संकलन गरिएको सूचनाअनुसार वडा नं २ मा ५ प्रतिशत, वडा नं ३ मा २ प्रतिशतमा विद्युत पहुँच छ । अन्य वडामा ८० प्रतिशत भन्दा बढि पहुँच भने वडा नं ५ र ९ अझै पनि विद्युत पहुँच पुगेको छैन । विद्युत नपुगेको वडाहरुमा सोलार, बायो ग्याँस जस्ता वैकल्पिक उर्जाको प्रयोग भएको पाइन्छ। वडरे, सुतींबारी, दलाङ डाँडा, सिदपोखरी, सिडाँडा, याम डाँडा, डाँडा गाउँ, बतासे, चित्रे पाखा, पोखरी डाँडा, मोहोरी डाँडा, उकाला वेशीमा सौर्य उर्जा उत्पादन गर्न मिल्ने ठाउँ छ।

### ६.३.२ समस्या तथा चुनौती

जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाको स्पष्ट नीति तथा योजना तर्जुमा नहुनु, प्रविधि एवं प्राविधिक ज्ञानको पहुँचमा कमीले समग्र गाउँपालिका यस सम्बन्धि प्रर्याप्त काम हुन सकेको छैन। सबै घरधुरीमा विद्युत्तिकरण हुन नसक्नु, विद्युतिय वितरण प्रणालीको सहजीकरण हुन नसक्नु, र वितरण भएको विद्युतको बहुउपयोग हुन नसक्नु यस क्षेत्रको समस्याको रुपमा लिन सकिन्छ। यस गाउँपालिकामा विद्युत आयोजना

भएतापनि सबै बस्तीहरुमा विद्युत प्रशारण लाइनको व्यवस्था हुन नसक्नुलाई समस्याको रुपमा लिन सकिन्छ ।

### ६.३.३ संभावना तथा अवसर

ऊर्जालाई आर्थिक विकासको मेरूदण्डका रूपमा अङ्गीकार गरी आर्थिक समृद्धिको माध्ममका रूपमा पहिचान हुनु, ऊर्जा क्षेत्र प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहनु, लगानीका प्रशस्त अवसर देखिनु, संघ प्रदेश र स्थानीय सरकार लगायत निजी क्षेत्र तथा स्थानीय जनता अग्रसर जनताको हुन यस क्षेत्रको अवसरका रूपमा लिन सकिन्छ । यस गाउँपालिकामा पशुजन्य वस्तुहरुको पालन धेरै हुनाले यहाँ गोबर ग्याँस उत्पादन गर्न सकिने, जलविद्युत आयजनाबाट विद्युत्तिकरणको माध्यमबाट दाना पकाउनको ऊर्जाको रुपमा प्रयोग गरी वनजङ्गल तथा अन्य आयतित उर्जामा कमी ल्याउन सकिने संभावना रहेको छ । साथै सिँचाईमा विद्युतको प्रयोग गरी कृषि उत्पादन बढाउन सकिने, उद्योग तथा कलकारखानाहरु सञ्चालन गर्न सकिने संभावना रहेको छ ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

- जलविद्युत तथा ऊर्जाको विकासबाट विद्युत्मा आत्मनिर्भरता हाँसिल गरी आर्थिक तथा सामाजिक समुन्नतिमा योगदान पुऱ्याउने ।

**उद्देश्य**

- विद्युतीय पहुँच विस्तार गरी कृषि, उद्योग, व्यवसाय लगायतका क्षेत्रमा हुने आर्थिक गतिविधि अभिबृद्धि गर्ने ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय स्तरमा विद्युत आयोजना सञ्चालन गर्ने | स्थानीय स्तरमा विद्युत आयोजना सञ्चालन भएको हुनेछ । |
| वैकल्पिक उर्जा विकास गर्ने | वैकल्पिक उर्जा विकास भएको हुनेछ । |
| विद्युतीय पूर्वाधारको व्यवस्थापनलाई दीगो बनाउने | विपन्न वर्गका समूदायमा निःशुल्क विद्युत मिटर वितरण भएको हुनेछ । |
| **कार्यक्रम तथा आयोजना** | |
| ढाडेखोला जलविद्युत मर्मत योजना | |
| चित्रेखोला जलविद्युत मर्मत योजना | |
| वडाकेन्द्र सम्म जोडने सडकमा सडक सोलार बत्ति जडान | |
| प्रत्येक वडामा गोवरग्याँस प्लान्ट निर्माण | |
| विपन्न वर्गका समूदायमा निःशुल्क विद्युत मिटर वितरण | |
| विद्युतपोल तथा ट्रान्सफरमर खरिद | |
| ***अनुमानित लागत: १० करोड*** | |

## ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तहः** सबै नागरिकको उर्जामा पहुँच विस्तार योगदान हुने । | | | | | | | |
| उर्जाको पहुँचले वढेको रोजगारी | प्रतिशत | २ | २ | ३ | ५ | पार्श्वचित्र | गापा |
| **असर तह :** विद्युतीय पहुँच विस्तार गरी कृषि, उद्योग, व्यवसाय लगायतका क्षेत्रमा हुने आर्थिक गतिविधिको अभिवृद्धिमा योगदान पुगेको हुनेछ । | | | | | | | |
| स्थानीय स्तरमा विद्युत उत्पादन | कि.वा | ३ | ० | ० | ० | पार्श्वचित्र | गापा |
| विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | संख्या | २३८५ | २५०० | ३५०० | ४०३४ | पार्श्वचित्र | गापा |
| वैकल्पिक उर्जा प्रयोग गर्ने घरघुरी | प्रतिशत | ३९.१ | ४२ | ४५ | ५१ | पार्श्वचित्र | गापा |
| स्थानीय स्तरमा जलविद्युत र लघु जलविद्युतको उत्पादन गर्ने संस्था | संख्या | ० | ० | ० | ० | पार्श्वचित्र | गापा |
| सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरघुरी | संख्या | १५७१ | | | | पार्श्वचित्र | गापा |
| सुधारिएको उर्जा ( वायोग्यास, एलपि) प्रयोग गर्ने घरघुरी | संख्या | २३४ | ३२० | ४०० | ५५० | पार्श्वचित्र | गापा |
| सुधारिएको वा धुँवारहित चुल्हो जडान भएका घरधुरी | संख्या | ३४५ | ४२५ | ४९० | ६२० | पार्श्वचित्र | गापा |
| केन्द्रिय विद्युत लाइन प्रसारणबाट लाभान्वित घरधुरी | संख्या | २३८५ | ४०२४ | ४०३४ | ४०३४ | पार्श्वचित्र | गापा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती | संख्या | १० | १६ | २२ | ३० | पार्श्वचित्र | गापा |
| विद्युत सेवाबाट लाभान्वित हुन नसकेका घरधुरी | संख्या | ७१ | ० | ० | ० | पार्श्वचित्र | गापा |
| **प्रतिफल तह** | | | | | | | |
| विद्युतीय पहुँच विस्तार लागि विभिन्न आयोजना तथा कार्यक्रम सञ्चालन भएको हुने । | | | | | | | गापा |
| वैकल्पिक उर्जाको क्षेत्रमा विकास भएको हुने । | | | | | | | गापा |
| विद्युत प्राधिकरणसँगको सहकार्यमा विद्युतीय पूर्वाधारको दीगो व्यवस्थापन भएको हुने । | | | | | | | गापा |
| स्थानीय आर्थिक कृयाकलापमा विद्युतको प्रयोग भएको हुने । | | | | | | | गापा |

**६.३.६ अनुमान तथा जोखिम पक्ष**

जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाको स्पष्ट नीति तथा योजनाका लागि स्रोत व्यवस्थापन र परिचालन भएको हुने अनुमान गरिएको छ भने प्राकृतिक प्रकोप तथा विपद् जोखिम पक्षको रुपमा रहेको छ ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ। वर्तमान अवस्थामा सूचना तथा सञ्चार क्षेत्रमा भित्रिएका अत्याधुनिक प्रविधिहरूको व्यापक उपयोग गरी सर्वसुलभ रूपमा सेवा सुविधामा विविधीकरण गर्दै ग्रामीणलगायत सहरी क्षेत्रसम्म गुणस्तरीय, प्रतिस्पर्धी एवम् सर्वसुलभ रूपमा सेवा सुविधा उपलब्ध गराई देशको राजनीतिक, आर्थिक, सामाजिक लक्ष्य प्राप्तिमा योगदान गरेको छ। पछिल्लो समयमा यस क्षेत्रबाट प्रदान हुँदै आएको सेवामा सङ्ख्यात्मक बृद्धि तथा पहुँच विस्तार उत्साहजनक रहेको छ भने गुणात्मक सुधारका लागि थप प्रयास जारी रहेको छ। दिगो विकास लक्ष्यले राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्झौताहरू अनुसार सूचनामा सबैको पहुँच र मौलिक स्वतन्त्रताको संरक्षण सुनिश्चित गर्ने तथा महिला सशक्तिकरण प्रवर्द्धन गर्न सहयोगी हुने प्रविधिहरु खासगरी सूचना र सञ्चार प्रविधिको प्रयोग बढाउने लक्ष्य तय गरेको छ। सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन गर्ने तथा स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने कार्य स्थानीय तहको रहेको छ। गाउँपालिकाले सूचना, सञ्चार तथा प्रविधिको प्रयोगबाट सेवा प्रवाह तथा सूचना संप्रेषण गर्न जरुरी देखिन्छ।

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ। वर्तमान अवस्थामा सूचना तथा सञ्चार क्षेत्रमा भित्रिएका अत्याधुनिक प्रविधिहरूको व्यापक उपयोग गरी सर्वसुलभ रूपमा सेवा सुविधामा विविधीकरण गर्दै ग्रामीणलगायत सहरी क्षेत्रसम्म गुणस्तरीय, प्रतिस्पर्धी एवम् सर्वसुलभ रूपमा सेवा सुविधा उपलब्ध गराई देशको राजनीतिक, आर्थिक, सामाजिक लक्ष्य प्राप्तिमा टेवा पु्‍याउनुपरेको छ। पछिल्लो समयमा यस क्षेत्रबाट प्रदान हुँदै आएको सेवामा सङ्ख्यात्मक बृद्धि तथा पहुँच विस्तार उत्साहजनक रहेको छ भने गुणात्मक सुधारका लागि थप प्रयास जारी रहेको छ। यस गाउँपालिकाका सम्पूर्ण वडाहरुमा ईन्टरनेटको पहुँच पुगेको छ भने सार्वजनिक स्थानहरु जस्तै सबै स्वास्थ्य चौकि, वडा कार्यालय र सामुदायिक विद्यालयहरुमा ईन्टरनेटको पहुँच पुगेको छ। सूचना प्रवाह गर्न प्रविधि अन्तर्गत सामाजिक संजाल, विभिन्न सञ्चारमाध्यम, टेलिफोन तथा गाउँपालिकाको आफ्नै वेभसाईट रहेको छ।

### ६.४.२ समस्या तथा चुनौती

गाँउपालिकामा ल्यान्डलाइन र इन्टरनेट सेवा प्रदायक संस्थाहरु नपुग्नु, स्थानीय पत्रिका प्रकाशन नभएको, टेलिफोन टावर विस्तार नभएको, इन्टरनेट र वाइफाइको गुणस्तर राम्रो नहुनु समस्याको रुपमा लिन सकिन्छ। आवश्यकता अनुसारको जनशक्ति तथा प्राविधिक ज्ञानको अभाव तथा सामाजिक सञ्जालको प्रयोगबाट आउने विकृतिहरु मूख्य चुनौती हुन।

### ६.४.३ संभावना तथा अवसर

सूचना तथा सञ्चारको माध्यमबाट जनताको सुसूचित हुन पाउने संवैधानिक हकको प्रत्याभूति हुन, सेवा प्रभावकारिता बढाउन शासन संयन्त्रलाई बढी सहभागितामूलक एवम् पारदर्शी बनाउनु, सार्वजनिक प्रसारणलाई समावेशी सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ। यस गाउँपालिकामा पनि सूचना, सञ्चार तथा प्रविधिको प्रयोगले सेवा प्रवाहमा प्रभावकारी बनाउने अवसर छ। यसको प्रयोगले गाँउपालिकाबाट प्रवाह हुने सेवाहरु सरल सहज र पारदर्शी हुने, गाँउपालिकाका हुने भुक्तानी प्रणाली पारदर्शी र जसले गर्दा समय र पैसाको बचत हुने संभावना छ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

- सूचना, संचार तथा प्रविधिको विकास तथा विस्तार भई सुसुचित समाज र प्रविधियुक्त जनशक्ति निर्माण गर्ने

**उद्देश्य**

- सूचना तथा सञ्चार प्रविधिलाई नवीनतम, भरपर्दो, गुणस्तरीय र पहुँचयोग्य बनाई गाउँपालिकाको विकास र विस्तार गर्दै सूचनाको पहुँचमा बृद्धि गर्नु।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| सूचना प्रविधि मैत्री गाउँपालिका निर्माण गर्ने | सवै वडा कार्यालय सम्म फाइवरनेट विस्तार गरिनेछ। |
| | गाउँपालिका र अन्तरगतका निकायहरुको व्यवस्थापन सूचना प्रविधिको अभ्यास गरिनेछ। |
| सेवा प्रवाहलाई प्रविधिमार्फत सहज वनाईने | डिजिटल गाउँपालिका प्रोफाइल तथा डिजिटल नागरिक वडापत्र तयार गरिनेछ। |
| **कार्यक्रम तथा आयोजना** | |
| सवै वडा कार्यालय सम्म फाइवरनेट विस्तार | |
| प्रत्येक वडा कार्यालयमा ई-हाजिरी व्यवस्था | |
| विद्यालयमा ई-हाजिरी व्यवस्था | |
| प्रत्येक विद्यालयमा ईन्टरनेट विस्तार | |
| वडाका माध्यमिक विद्यालयमा ICT ल्याव स्थापना | |
| डिजिटल गाउँपालिका प्रो - फाइल तथा डिजिटल नागरिक वडापत्र | |
| टेलिफोन टावर निर्माण | |
| ***अनुमानित लागत: ५ करोड*** | |

### ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| प्रभाव तह :सुसुचित समाज र प्रविधियुक्त जनशक्ति निर्माण हुने | | | | | | | |
| सेवा प्रवाहमा प्राविधिको प्रयोग | प्रतिशत | ३० | ४० | ५० | ६० | वडासर्वेक्षण | गापा |
| **असर तह :** सूचना, संचार तथा प्रविधिको विकास तथा विस्तार हुनेछ । | | | | | | | |
| संचारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | ४०३४ | ४०३४ | ४०३४ | ४०३४ | वडासर्वेक्षण | गापा |
| संचार सेवाबाट वञ्चित घरधुरी | प्रतिशत | ० | ० | ० | ० | वडासर्वेक्षण | गापा |
| मोबाइल फोन प्रयोगकर्ता | प्रतिशत | ७० | | | ९५ | वडासर्वेक्षण | गापा |
| ल्याण्डलाइन टेलिफोन वितरण | संख्या | ० | २० | ४० | १२० | वडासर्वेक्षण | गापा |
| स्थानीय केवल नेटवर्क सेवा प्रदायक संस्था | संख्या | १ | २ | २ | ५ | वडासर्वेक्षण | गापा |
| स्थानीय पत्रपत्रिका प्रकाशन गर्ने संस्था | संख्या | ० | १ | १ | २ | वडासर्वेक्षण | गापा |
| सूचना प्रविधि सेवा पुगेको उद्योग, व्यापार, व्यवसाय संख्या | संख्या | ० | ५ | १० | २५ | वडासर्वेक्षण | गापा |
| विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा इन्टरनेट सेवा सुचारु | संख्या | १२ | ५० | ६० | ९० | वडासर्वेक्षण | गापा |
| स्थानीय स्तरमा संचालित एफएम रेडियो | संख्या | ० | ० | ० | १ | वडासर्वेक्षण | गापा |
| सार्वजनिक स्थल तथा कार्यालयहरुमा जडित सि.सि.क्यामेरा | संख्या | १ | ५ | १५ | २० | वडासर्वेक्षण | गापा |
| क्रियाशील पत्रकारहरु | संख्या | ० | ३ | ४ | ६ | वडासर्वेक्षण | गापा |
| **प्रतिफल तह :** | | | | | | | |
| सूचना, संचार तथा प्रविधिको विकास तथा विस्तारका लागि विभिन्न आयोजना तथा कार्यक्रम सञ्चालन भएको हुने । | | | | | | | गापा |
| सूचना प्रविधि मैत्री गाउँपालिका निर्माण भएको हुने । | | | | | | | गापा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| सेवा प्रवाहलाई प्रविधिमार्फत सहज सेवा प्रवाह भएको हुने । | | | | | | | गापा |

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

गाँउपालिकामा ल्यान्डलाइन र इन्टरनेट सेवा प्रदायक, टावर विस्तारका लागि सरकार र निजी क्षेत्रहरुसँग समन्वय भएको हुने अनुमान गरिएको छ भने प्राकृतिक प्रकोप तथा विपद्‌का घटना जोखिमका पक्षमा लिईएको छ ।

# परिच्छेद ७: वन, वातावरण तथा विपद्‌ व्यवस्थापन क्षेत्र

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

वन नेपालको महत्वपूर्ण प्राकृतिक सम्पदा हो। मुलुकको झण्डै आधा भाग ढाकेको वन क्षेत्रले पर्यावरणीय सुरक्षा, सांस्कृतिक, सामाजिक र आर्थिक समुन्नतिमा समेत योगदान पुऱ्याएको छ। नेपालको संविधानले प्राकृतिक साधन स्रोतको संरक्षण, संबर्द्धन र उपयोग सम्बन्धि नीति लिएको छ । उक्त नीतिमा जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धि चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने, वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने, प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने, वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने, तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने व्यवस्था गरेको छ । देशमा रोजगारीको सृजना, आय वृद्धि, स्थानीय समदुायको आधारभूत आवश्यकता जस्तैः काठ, दाउरा, घाँसपातका साथै कृषि, पशुपालन, पयर्टन र सिँचाइमा समेत वन तथा जैविक विविधताको उल्लेखनीय भूमिका रहेको छ। संविधानमा स्वच्छ वातावरणलाई मौलिक हकको रूपमा सुरक्षित गरिएको छ भने राज्यका नीतिहरूमा प्राकृतिक साधन स्रोतको संरक्षण र उपयोगको विषय उल्लेख छ। वन तथा जैविक विविधता प्रदेश सरकारको अधिकारको सूचीमा रहेको भएता पनि स्थानीय तहको भूमिका महत्वपूर्ण छ। जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ। दीगो वन व्यवस्थापनका लागि लगानी गर्न तथा विकासोन्मूख देशहरुलाई संरक्षण तथा वृक्षारोपण लगायत अरु व्यवस्थापनका लागि पर्याप्त प्रोत्साहन तथा सहयोग प्रदान गर्न सबै तहमा सबै स्रोतबाट पर्याप्त साधनस्रोत परिचालन गर्न दिगो विकास लक्ष्यले मार्गदर्शन गरेको छ। वन तथा जैविक विविधता संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा संरक्षण हुने व्यवस्था भएतापनि स्थानीय तहले वातावरण संरक्षण र जैविक विविधता सम्बन्धि स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन, वातावरणीय जोखिम न्यूनीकरण, हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन, तथा व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

### ७.१.२ समस्या तथा चुनौती

वन तथा जैविक विविधता गाउँपालिकाको अधिकार सूचीमा नपरेकोले गाउँपालिका भित्रको वन तथा जैविक विविधता संरक्षण तथा सम्बर्द्धन गर्न नसक्ने भएकोले जनशक्ति परिचालन र व्यवस्थापनमा समस्या भएको भएको छ। वन्य जन्तुको अवैध शिकार, सिमान्तकृत वर्गले स्थानीय वनबाट तुलात्मक लाभ लिन नसकेको, जलसम्पदालाई सिँचाईमा अधिकतम उपयोग गर्न नसक्नु, चोरी निकासीको नियन्त्रण गर्न नसक्नु चुनौतीको रुपमा लिन सकिन्छ । पूर्वाधार विकास र वातावरण संरक्षणबीच सन्तुलन कायम राख्नु,

सरोकारबालसँग सहकार्य गरी एकीकृत जलधार व्यवस्थापनका लागि स्थानीय तथा प्रदेश स्तरमा सहकार्य गर्न चुनौतीको रुपमा लिन सकिन्छ ।

### ७.१.३ संभावना तथा अवसर

वनले ओगटेको भूभाग बृद्धि हुँदै जानु, वनको दीगो र वैज्ञानिक व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारको व्यावसायिक उत्पादन र वितरण हुने अवस्था बन्नु, विश्व उष्णीकरण र जलवायु परिवर्तनको दरलाई न्यूनीकरण गर्न वनको अहम् भूमिका हुने भएकोले वन संरक्षण र विकासबाट कार्बन संरक्षण र सञ्चितिको फाइदा पुग्ने, वन तथा जैविक विविधता संरक्षणबाट पर्यापर्यटनलाई संस्थागत र विकास गर्ने तथा जलाधार क्षेत्रको दीगो व्यवस्थापनद्वारा भूक्षय नियन्त्रण गर्दै जलस्रोत अभिबृद्धि र कृषि विकासमा टेवा पुऱ्याउने अवसरहरू वन क्षेत्रमा रहेका छन् । जैविक तथा हरित वस्तुहरूको स्वदेश तथा विदेशमा माग बढ्दै गएकाले वन्यस्रोतमा आधारित व्यवसायहरूबाट हरित रोजगारीको सृजना हुनसक्ने र पारिस्थितिक सेवाको माग बढ्ने सम्भावना देखिन्छ। साथै वनस्रोतको घनत्व, विविधता र वन उद्यमशीलता सिर्जना गर्न सक्ने गरी वनस्रोतको उचित र दीगो व्यवस्थापन गर्नु यस क्षेत्रको अवसर हो । वन तथा जैविक विविधता संरक्षण कारण सबै प्राणीहरुको अनुकुल वातावरण सुनिश्चित गर्ने, बहुमूल्य जडिबुटि उत्पादन गर्ने, वन क्षेत्रले मानव जीवनमा वनस्पतिहरु विक्रि गरी रोजगार प्राप्त गर्न सकिने, वन क्षेत्र आफैमा एक ठुलो  उद्योग जस्तै भएकाले संरक्षित र हरियाली बनाई पर्यटन आगमन अभिबृद्धि गर्न सकिने संभावना रहेको छ । साथै यस गाउँपालिकाका सन्तुलित र पर्यापर्यटनलाई फराकिलो र दीगो बनाउने, वनको वैज्ञानिक व्यवस्थापनबाट काष्ठ र गैरकाष्ठ पैदावरको व्यवसायिक लाभ लिन सकिने अवसर छ ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

- वन तथा जैविक विविधता समुचित संरक्षण तथा संवर्द्धन गर्ने ।

**उद्देश्य**

- दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन बृद्धि गर्नु ।
- जैविक विविधता र स्रोतको संरक्षणलगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ बृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन बृद्धि गर्ने । | दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन बृद्धि भएको हुनेछ । |
| | बृक्षारोपण कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| जैविक विविधता र स्रोतको संरक्षणलगायत वातावरणीय | पर्यापर्यटन प्रवर्द्धन गर्न पर्यटक पथ, सूचना केन्द्रको स्थापना भएको हुनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| सेवाबाट प्राप्त हुने लाभ बृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्ने । | वन्यजन्तु र वासस्थानको संरक्षण र संरक्षण क्षेत्रहरूमा भौतिक पूर्वाधार निर्माण भएको हुनेछ । |

| कार्यक्रम तथा आयोजना |
|---|
| वन उपभोक्ता समितिसँगको सहकार्यमा वनक्षेत्रमा तारवार |
| वन क्षेत्रमा अग्नी रेखाको निर्माण |
| वन क्षेत्रमा रिचार्ज पोखरीको निर्माण |
| कु–काठको विस्थापन गरी आयमुलक कार्यक्रम |
| सडकको छेउछाउ बृक्षारोपण तथा पार्क, बगैंचा आदि निर्माण |
| बृक्षारोपण कार्यक्रम |
| आयमुलक निजी वनको विकास |
| तेजपात, बाँस, अमिसो, अलैची सिलकौली ब्रोका लगायतका जडिबुटिहरु पैठारीका लागि जडीवुटी पकेट क्षेत्रको विकास |
| वन्यजन्तु संरक्षणको लागि विशेष कार्यक्रमहरू घाँसे मैदान व्यवस्थापन, चोरी सिकार नियन्त्रण |
| पर्यापर्यटन प्रवर्द्धन गर्न पर्यटक पथ, सूचना केन्द्रको स्थापना |
| वन्यजन्तु र वासस्थानको संरक्षण र संरक्षण क्षेत्रहरूमा भौतिक पूर्वाधारको निर्माणका कार्यक्रम सञ्चालन |
| ***अनुमानित लागत: ८ करोड*** |

### ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| प्रभाव तहः वन तथा जैविक विविधता क्षेत्र मार्फत रोजगारीता अभिबृद्धि हुने । | | | | | | | |
| वन तथा जैविक विविधता क्षेत्रको रोजगारी | प्रतिशत | ५ | ७ | १० | १५ | वडासर्वेक्षण | गापा |
| असर तहः वन तथा जैविक विविधताको संरक्षण भएको हुनेछ । | | | | | | | |
| जैविक संरक्षणका लागि मिचाहा प्रजाति नियन्त्रण, वृक्षारोपण, रिचार्ज पोखरी, अग्नीरेखा, झाडी सफाई जस्ता कार्यहरु भएको | संख्या | ४८ | ६० | ७५ | ९० | वडासर्वेक्षण | गापा |
| सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | २००० | २५०० | २५०० | | वडासर्वेक्षण | गापा |
| सामुदायिक वन उपभोक्ता समूहमा आवद्ध सदस्य संख्या | संख्या | ३००० | | | | वडासर्वेक्षण | गापा |
| कबुलियती वनले ओगटेको क्षेत्र | हेक्टर | ३०० | ६०० | ७५० | ८०० | वडासर्वेक्षण | गापा |
| कवुलियती वनमा आवद्ध सदस्य संख्या | संख्या | ५० | १०० | १२५ | २४० | वडासर्वेक्षण | गापा |
| सरकारद्धारा व्यवस्थित वन क्षेत्र ( धार्मिक वन समेत) | प्रतिशत | ५ | ६ | ८ | १० | वडासर्वेक्षण | गापा |
| चोरी शिकारी, आगलागि, डढेलो लगायतबाट लोपोन्मुख एवं वन्य जन्तुहरुको क्षति | संख्या | ९०० | ३०० | २०० | ० | वडासर्वेक्षण | गापा |
| वन्यजन्तुहरुबाट अन्नबालीमा पुगेको वार्षिक औषत क्षति | रु. | २ करोड | १ करोड | २० लाख | २ लाख | गापा | गापा |
| वन प्रजाती प्रति हेक्टर | संख्या | ७ | ९ | १५ | २२ | गापा | गापा |
| वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | २०० | २४० | २८० | ३२० | गापा | गापा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| आयमूलक कार्य संचालित वन क्षेत्र | प्रतिशत | ० | ३ | ५ | १० | गापा | गापा |
| गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती गरिएको क्षेत्र | हेक्टर | ० | १० | २५ | ४५ | गापा | गापा |
| संरक्षित तथा चरन क्षेत्र | हेक्टर | ० | १ | १ | ३ | गापा | गापा |
| वन तथा जडीवुटीमा आधारित उद्योग,व्यवसाय | संख्या | २ | ५ | १० | १२ | गापा | गापा |
| **प्रतिफल** | | | | | | | |
| दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन बृद्धि भएको हुने । | | | | | | | गापा |
| जैविक विविधता र स्रोतको संरक्षणलगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ बृद्धि गर्दै न्यायोचित वितरण भएको हुने । | | | | | | | गापा |

### ७.१.६ अनुमान तथा जोखिम पक्ष

वन तथा जैविक विविधता गाउँपालिकाको अधिकार सूचीमा नपरेकोले गाउँपालिका भित्रको वन तथा जैविक विविधता संरक्षण तथा सम्बर्द्धन गर्न नसक्ने भएकोले जनशक्ति परिचालन र व्यवस्थापनमा जोखिम पक्षको रुपमा रहेको छ। साथै  पूर्वाधार विकास र वातावरण संरक्षण बीच सन्तुलन कायम राख्नु, सरोकारबालसँग सहकार्य गरी एकीकृत जलधार व्यवस्थापनका लागि समयमा नै स्थानीय तथा प्रदेश स्तरमा सहकार्य हुन सकेको अवस्थामा उल्लेखित लक्ष्य प्राप्त गर्न कठिन देखिन्छ ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

नेपाल जस्तो अधिकांश पहाडी भूभाग भएको मुलुकमा माटो र पानीको संरक्षण गरी दिगो विकास तथा जीविकोपार्जनमा टेवा पुऱ्याउन एकीकृत जलाधार व्यवस्थापन तथा नदी प्रणालीमा आधारित भू-जलाधार संरक्षण एवम् व्यवस्थापनको कार्यक्षेत्र तथा कार्यभारलाई विस्तारित गरिएको छ । वनस्पति संरक्षण तथा व्यवस्थापन र प्रसारका लागि समेत नयाँ सोच अघि सारिएको छ । नेपालले अवलम्बन गरेको समुदायमा आधारित वन तथा संरक्षित क्षेत्र व्यवस्थापन (सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन, संरक्षण क्षेत्र, कबुलियती वन आदि) विश्वमै उदाहरणीय रहेको छ । समूदायद्वारा व्यवस्थापन गरिएको वन क्षेत्रको हकमा निकुञ्ज तथा आरक्षहरूको थप व्यवस्थापनको लागि टेवा पुऱ्याउन समूदायमा आधारित मध्यवर्ती क्षेत्रहरूको व्यवस्थापन भइरहेको छ । सिमसार संरक्षण, नदी किनार संरक्षण, क्षतिग्रस्त भूमिको पुनर्स्थापना, पानीको मुहान संरक्षण जस्ता कार्य मार्फत बृहत् जलाधार व्यवस्थापनमा टेवा पुगिरहेको छ । भिरालो भूवनोट, कमलो तथा अस्थिर भौगर्भिक अवस्था तथा मनसुन केन्द्रीत भारी बर्षा जस्ता प्राकृतिक कारणले नै नेपाल भुक्षयको दृष्टिकोणले अत्यन्त सम्वेदनशील छ भने मानवजन्य कृयाकलाप खासगरी अनुपयुक्त भू उपयोग, वन जंगल लगायत प्राकृतिक श्रोतहरुको विनास, वातावरणीय पक्षलाई बेवास्ता गरी संचालन गरीने विकास निर्माण कार्यहरु एवं जनचेतनाको कमीका कारण भएका अन्य मानवीय क्रियाकलापहरुका कारणले प्राकृतिक रुपमा हुने भूक्षयलाई बढाई भूक्षय, पैह्रो र बाढीको समस्यालाई झनै भयावह बनाएको छ । भूक्षयको कारण बर्सेनी खेतवारीको मलिलो माटो बगाई कृषि जमिनको उत्पादकत्वमा ह्रास ल्याएको छ भने पैह्रो र बाढीको कारण खेतीयोग्य जमिन र बिकासका पूर्वाधारको बिनाश तथा जनधनको क्षति गरेको छ । क्षतिबाट बचाउन यस्ता जलाधार क्षेत्रको संरक्षण आवश्यक छ । भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि स्थानीय तहमा संरक्षित पानी मुहान क्षेत्र संरक्षण, नदी नियन्त्रण, स्पर तथा बाँध, चेकड्यामहरुको व्यवस्था, तालतलैया र सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन, जलउत्पन्न प्रकोपबाट प्रभावित घरपरिवारलाई जोगाउन वायोइञ्जिनियरिङ प्रविधि प्रयोग हुँदै आएको छ । भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि स्थानीय तहले स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन, पानी मुहानको संरक्षण, सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम र भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलनका कार्यक्रम बनाउन आवस्यक देखिन्छ ।

भिरालो भूवनोट, कमलो तथा अस्थिर भौगर्भिक अवस्था तथा मनसुन केन्द्रीत भारी बर्षा जस्ता प्राकृतिक कारणले नै नेपाल भुक्षयको दृष्टिकोणले अत्यन्त सम्वेदनशील छ भने मानवजन्य कृयाकलाप खासगरी अनुपयुक्त भू उपयोग, वन जंगल लगायत प्राकृतिक श्रोतहरुको विनास, वातावरणीय पक्षलाई बेवास्ता गरी संचालन गरीने विकास निर्माण कार्यहरु एवं जनचेतनाको कमीका कारण भएका अन्य मानवीय क्रियाकलापहरुका कारणले प्राकृतिक रुपमा हुने भूक्षयलाई बढाई भूक्षय, पैह्रो र बाढीको समस्यालाई झनै भयावह बनाएको छ । भूक्षयको कारण बर्सेनी खेतवारीको मलिलो माटो बगाई कृषि जमिनको उत्पादकत्वमा ह्रास ल्याएको छ भने पैह्रो र बाढीको कारण खेतीयोग्य जमिन र बिकासका पूर्वाधारको बिनाश तथा जनधनको क्षति गरेको छ । क्षतिबाट बचाउन यस्ता जलाधार क्षेत्रको संरक्षण आवश्यक छ

। भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि यस गाउँपालिकामा संरक्षित पानी मुहान क्षेत्र संरक्षण, नदी नियन्त्रण, स्पर तथा बाँध, चेकड्यामहरुको व्यवस्था, तालतलैया र सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन, जलउत्पन्न प्रकोपबाट प्रभावित घरपरिवारलाई जोगाउन वायोइञ्जिनियरिङ प्रविधि प्रयोग हुँदै आएको छ ।

### ७.२.२ समस्या तथा चुनौती

यस गाउँपालिकाको भुबनोट पहाडी भुभाग भएकाले भूक्षय र पहिरोको उच्च जोखिममा रहेको छ । पहिरो तथा भूक्षय नियन्त्रणको लागि गाउँपालिकाले हाल सम्म गरेको प्रयास प्रयाप्त भएको छैन । पहिरो तथा भूक्षय सम्बन्धि जनचेतनाको अभाव, विपद् परेका घर परिवार तथा समूहलाई तत्काल राहातको व्यवस्था र प्रतिकार्यका लागि आधुनिक प्रविधि र संरचना छैन । साथै मापदण्ड र आवश्यकता अनुसारको दक्ष जनशक्तिको विकास गर्ने र पहिरो तथा भूक्षय नियन्त्रणको लागि अन्तर सरकार र दातृ निकायहरुसँग सहयोग जुटाउने कार्य चुनौतीको रुपमा रहेको छ ।

### ७.२.३ संभावना तथा अवसर

गाउँपालिका क्षेत्रभित्र पहिरो तथा भूक्षय नियन्त्रण र पूर्ण तयारीको लागि नीतिगत व्यवस्था र कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्ने संभावना रहेको छ। पहिरो तथा भूक्षय नियन्त्रणका लागि प्रत्यक्षरुपमा प्रभावित हुने समूदायसँगको सहकार्यमा विभिन्न गाउँपालिकामा संरक्षित पानी मुहान क्षेत्र संरक्षण, नदी नियन्त्रण, स्पर तथा बाँध, चेकड्यामहरुको व्यवस्था, तालतलैया र सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन, जलउत्पन्न प्रकोपबाट प्रभावित घरपरिवारलाई जोगाउन वायोइञ्जिनियरिङ प्रविधि प्रयोग गर्ने अवसर रहेको छ ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

- सरोकारावाहरुसँगको सहकार्यमा पहिरो तथा भूक्षय नियन्त्रणका गर्ने

**उद्देश्य**

- बाढी, पहिरोजस्ता जल उत्पन्न प्रकोपहरू रोकथाम गर्नु ।
- बाढी, पहिरोजस्ता जल उत्पन्न प्रकोपहरूको जोखिमबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| जलाधारको संरक्षण गर्ने | भू-उपयोग तथा जलाधार क्षेत्र संरक्षण सम्बन्धि नीति निर्माण गरिनेछ । |
| | जलस्रोत तथा सार्वजनिक जग्गाको अभिलेखीकरण गरिनेछ । |
| | जलाधार क्षेत्रलाई पर्यटकीय आकर्षणको केन्द्रका रुपमा विकास गरिनेछ । |
| | बाढी पहिरोको जोखिमयुक्त क्षेत्रमा तारजाली तथा वृक्षारोपण गरिनेछ । |
| | बालुवा ढुंगा, गिटि उत्खनन नियमन तथा व्यवस्थापन कार्यक्रम |

| | |
|---|---|
| जलस्रोत तथा भूमिलाई आयमुलक क्षेत्रमा परिवर्तन गर्ने | बगेर जाने पानीको भण्डारण, सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण, हरियोहारको व्यवस्था, गरासुधार व्यवस्थापन गरी सम्भावित भूक्षयलाई न्यूनीकरण गरिनेछ । |
| | भूक्षय तथा बाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरुमा मानव बसोबासका लागि बन्देज लगाइनेछ । |
| | मासिदै गएका जलाधारहरुको पुनरुत्थान र संवेदनशील जलाधारको संरक्षण र विकासका लागि प्रदेश सरकारसँगको सहकार्यमा विशेष जलाधार क्षेत्र घोषणा गरी भू उपयोगका आधारमा व्यवस्थापन गरिनेछ । |

| **कार्यक्रम तथा आयोजना** |
|---|
| भू-उपयोग तथा जलाधार क्षेत्र संरक्षण सम्बन्धि नीति निर्माण |
| जलस्रोत तथा सार्वजनिक जग्गाको अभिलेखीकरण |
| उपयुक्त क्षेत्रमा डाले तथा बहुवर्षिय घाँसखेति को विकास |
| जलाधार क्षेत्रलाई पर्यटकीय आकर्षणको केन्द्रका रुपमा विकास |
| बाढी पहिरोको जोखिमयुक्त क्षेत्रमा तारजाली तथा वृक्षारोपण |
| भू क्षय संवेदनशील क्षेत्रको संरक्षण कार्यक्रम |
| सार्वजनिक जग्गाको उपयोग |
| बालुवा ढुंगा, गिटि उत्खनन, नियमन तथा व्यवस्थापन |
| बस्ती विस्तारका लागि जोखियुक्त क्षेत्र नक्सांकन |
| वातावरण मैत्री पूर्वाधार निर्माण कार्यक्रम |
| पहिरो जस्ता संवेदनशीलक्षेत्र पहिचान एवं नक्शाङ्कन |
| पोखरी ताल तलैया संरक्षण |
| जलाधार क्षेत्रलाई पर्यटकीय आकर्षणको केन्द्रका रुपमा विकास |
| संवेदनशील क्षेत्रको पहिरो नियन्त्रण |
| वायो इन्जिनियरिङ प्रविधिको प्रयोग |
| बालुवा ढुंगा, गिट्टी उत्खनन नियमन तथा व्यवस्थापन कार्यक्रम |
| बगेर जाने पानीको भण्डारण, सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण, हरियोहारको व्यवस्था, गरासुधार व्यवस्थापन गरी सम्भावित भूक्षयलाई न्यूनीकरण |
| भूक्षय तथा बाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरुमा मानव बसोबासका लागि बन्देज |
| मासिदै गएका जलाधारहरुको पुनरुत्थान र संवेदनशील जलाधारको संरक्षण र विकासका लागि प्रदेश सरकारसँगको सहकार्यमा विशेष जलाधार क्षेत्र घोषणा गरी भू उपयोगका आधारमा व्यवस्थापन । |
| भू तथा जलाधार क्षेत्र वृक्षारोपण कार्यक्रम । |
| जलाधार जालश्रोत तथा सिमसार संरक्षण कार्यक्रम । |
| ***अनुमानित लागत: १० करोड ८० लाख*** |

### ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| **प्रभाव तहः सरोकाराबालाहरुसँगको सहकार्यमा पहिरो तथा भूक्षय नियन्त्रणको प्रारुप तयार हुने ।** | | | | | | | |
| संरक्षित खेतबारीको क्षेत्रफल | प्रतिशत | ० | १० | २० | ३० | पार्श्वचित्र | गापा |
| **असर तहः बाढी, पहिरोजस्ता जल उत्पन्न प्रकोपहरूको जोखिमबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण भएको हुनेछ ।** | | | | | | | |
| संरक्षित पानी मुहान क्षेत्र | संख्या | ३७ | ४४ | ५३ | ६२ | गा पा | गापा |
| संरक्षित खेतबारीको क्षेत्रफल | प्रतिशत | ० | १० | २० | ३० | गा पा | गापा |
| नदी नियन्त्रण लम्बाई | किमी | २ | १० | १२ | १५ | गा पा | गापा |
| स्पर तथा बाँध, चेकड्यामहरुको लम्वाई | किमी | ० | १० | १२ | १५ | गा पा | गापा |
| संरक्षित डुवान युक्त क्षेत्र | संख्या | ० | ० | ० | ० | गा पा | गापा |
| संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | ० | ० | ० | ० | गा पा | गापा |
| संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | संख्या | १ | २ | २ | ५ | गा पा | गापा |
| जलउत्पन्न प्रकोपबाट प्रभावित घरपरिवार | संख्या | ४७ | २४ | १२ | ० | गा पा | गापा |
| वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | किमी | ० | १० | १५ | २० | गा पा | गापा |
| **प्रतिफल** | | | | | | | |
| जलाधार क्षेत्रलाई पर्यटकीय आकर्षणको केन्द्रका रुपमा विकास भएको हुने । | | | | | | | गापा |
| वायो इन्जिनियरिङ प्रविधिको प्रयोग भएको हुने । | | | | | | | गापा |
| जलाधार जलश्रोत तथा सिमसार संरक्षण भएको हुने । | | | | | | | गापा |

### ७.२.६ अनुमान तथा जोखिम पक्ष

पहिरो तथा भूक्षय नियन्त्रणको लागि गाउँपालिकाले जनचेतना, विपद् परेका घर परिवार तथा समूहलाई तत्काल राहातको व्यवस्था र प्रतिकार्यका लागि आधुनिक प्रविधि र संरचनाको व्यवस्था हुने अनुमान छ । यस गाउँपालिकाको भूबनोट पहाडी भूभाग भएकाले भूक्षय र पहिरोको उच्च जोखिममा रहेकोले मापदण्ड र आवश्यकता अनुसारको दक्ष जनशक्ति परिचालनको पक्ष जोखिपपूण रहेको छ ।

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक प्रत्याभूत गरेको छ । वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था छ । वातावरणीय सन्तुलन कायम गर्दै भूमिको प्रयोग, राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग, वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने, आयोजना कार्यान्वयन गर्दा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गर्ने व्यवस्था गरेको छ । फोहोरमैला व्यवस्थापनमा उपयुक्त प्रविधिको विकास र विस्तार गर्दै स्थानीय तहहरूको साझा ल्यान्ड फिल्ड साइटको पहिचान एवम् पूर्वाधारहरूको विकास, सार्वजनिक-निजी साझेदारीमा फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन, वातावरण संरक्षण र सहरी सौन्दर्यको प्रवर्द्धन गर्दै खुला क्षेत्र तथा मनोरञ्जनात्मक स्थलहरूको व्यवस्थापन, सबै घरपरिवारको संलग्नतामा न्यूनतम आधारभूत र क्रमशः उच्चस्तरका सूचकहरू निर्धारण गरी वातावरणमैत्री विकास र स्वच्छ वातावरण प्रवर्द्धन जोड दिनुपर्ने देखिन्छ । नेपालले सन् २०३० सम्म कार्वन उत्सर्जनलाई आधा गर्ने, Ozone Depleting Substances (ODS) (ओजोन कम गर्ने वस्तु) तथा कृषि, यातायात, उद्योग तथा व्यापारिक क्षेत्रहरूबाट उत्सर्जन हुने हरितगृह ग्यासलाई पनि आधा गर्ने लक्ष्य लिएको छ। वायुको गुणस्तर, घरेलु र अन्य फोहोर मैला व्यबस्थापन समेतमा विशेष ध्यान दिदै सन २०३० सम्ममा शहरको प्रति व्यक्ति वातावरणीय प्रतिकुल प्रभावलाई न्यून गर्ने लक्ष्य लिएको छ। वातावरण तथा फोहोरमैला व्यवस्थापन तीनै तहको सरकारको कार्यजिम्मेवारीमा रहेको छ । स्थानीय तहले वातावरण परिवर्तनका प्रभाव र फोहोरमैला व्यवस्थापनमा प्रायः अग्रपंक्तिमा रहेर काम गर्दै आएको छ । वायुमण्डलमा हुने परिवर्तनसँग जुझ्ने तथा स्थानीय तहमा चेतना जागरण गर्ने काममा तल्लो तहबाटै नेतृत्व गर्ने इतिहास रहँदै आएको पनि छ । स्थानीय तहले खासगरी अति संवेदनशील सहरहरूमा वातावरण परिवर्तन अनुकूलन गर्ने तथा यसबाट हुने प्रभाव कम गर्ने, शहरी क्षेत्रमा हुने उत्सर्जन घटाउने र तिनीहरूबाट वातावरणमा पर्ने प्रभाव कम गर्ने कार्यहरू शहरी तथा क्षेत्रगत योजनामा एकीकृत गर्नु आवश्यक पर्दछ । वायुमण्डलसम्बन्धि जोखिम तथा प्राकृतिक विपद्सँग सामना गर्दै आफ्ना समूदाय खासगरी अति संवेदनशील समूहलाई सुरक्षा प्रदान गर्नु स्थानीय तहको जिम्मेवारी हो ।

### ७.३.२ समस्या तथा चुनौती

गाउँपालिकामा वातावरण संरक्षण तथा स्वच्छता सम्बन्धि जनचेतनाको कमी, वातावरणीय स्वच्छताका लागि आवश्यक नीति तथा कार्यक्रमको अभाव, प्राकृतिक विपत्ति तथा मानव र वन्यजन्तु बीचको द्वन्द्वको विद्यमान अवस्था, जलाधार क्षेत्र संरक्षण गरी पशुपंक्षी र जलचरको संरक्षणको चुनौतीको रुपमा रहेको छ । साथै वैकल्पिक उर्जाको प्रबर्द्धन गरी उर्जाको प्रमुख स्रोतको रुपमा रहेको वनजंगलको संरक्षण, ढल निकास गर्नु, फोहोरमैला व्यवस्थापन र प्रशोधन केन्द्र स्थापना, वातावरण तथा स्वच्छता कार्यका लागि बजेटको अभाव समस्याको रुपमा रहेको छ भने वर्षेनी हुने डढेलो नियन्त्रण चुनौतीपूर्ण रहेको छ ।

### ७.३.३ संभावना तथा अवसर

दीगो विकासका लक्ष्यहरूमा अन्तर्राष्ट्रिय समूदाय र सरकारबाट प्रतिबद्धता जाहेर गर्नु, वातावरण तथा फोहोरमैला व्यवस्थापनमा स्थानीय सरकारको अधिकार सूची अन्चर्गतरहेकोले यो क्षेत्रका समस्याहरु सम्बोधन गर्न अवसर रहेको छ। व्यवस्थित शहरीकरणको नीति अवलम्बन गरी ढल निकास तथा फोरमैला व्यवस्थापन गर्न सकिने, वातावरणको दिगो व्यवस्थापनका लागि जलाधार व्यवस्थापन तथा वन क्षेत्रको संरक्षण गर्न सकिने, गोवर ग्याँस, सुधारिएको चुल्हो , विद्युतिय चुल्हो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकूल प्राविधिको प्रयोगमा जोड दिन सकिने, स्थानीय समूदायहरुसँगको सहकार्यमा प्राकृतिक पार्क, पोखरी आदिको निर्माण तथा संरक्षण गर्न सकिने, सडक निर्माण, कुलो तथा नहर निर्माण, विद्युत प्रशारण लाईन आदि वन जंगल क्षेत्रबाट नगरी वन तथा वातावरण संरक्षण गर्न सकिने संभावना रहेको छ ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य,**

- वातावरण मैत्री गाउँपालिकाको निर्माण गरी नागरिकको स्वास्थ्य र जीवनशैलीमा सुधार गर्ने।

**उद्देश्य,**

- दीगो विकासको लक्ष्य हाँसिल गर्न वातावरण संरक्षण गराउनु ।
- बढ्दो सहरीकरणबाट उत्सर्जित प्रदूषण न्यूनीकरण गराउनु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| दीगो विकासको लक्ष्य हाँसिल गर्न वातावरण संरक्षण गर्ने । | वातावरण शिक्षा, वातावरणसँग सम्बन्धित सन्देशमूलक सामग्री उत्पादन गरिनेछ । |
| | मापदण्ड अनुसार ढलनिकास निर्माण गरिनेछ । |
| | जलवायु अनुकूलित गाउँ (Climate Smart Village) को स्थापना र विकास गरिनेछ । |
| बढ्दो सहरीकरणबाट उत्सर्जित प्रदुषण न्यूनीकरण गर्ने । | वातावरण संरक्षणसम्बन्धि ऐन, नियम, निर्देशिका तथा मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ । |
| | वायु, ध्वनि, जल, फोहोरमैला लगायतका प्रदूषण नियन्त्रणका लागि अध्ययन गरिनेछ । |
| | प्लास्टिकका झोलाको प्रयोगमा नियन्त्रण एवम् नियमन गरिनेछ |

| **कार्यक्रम तथा आयोजना** |
|---|
| वातावरण शिक्षा, वातावरणसँग सम्बन्धित सन्देशमूलक सामग्री उत्पादन र प्रचारप्रसार, |
| वातावरणीय सरसफाइ, वातावरणमैत्री प्रविधि प्रयोग गर्न प्रोत्साहन |

| |
|---|
| मापदण्ड अनुसार ढलनिकास निर्माण |
| वातावरण मैत्री उद्योगलाई ग्रिन सर्टिफिकेटको व्यवस्था। |
| जलवायु अनुकूलित गाउँ (Climate Smart Village) को स्थापना र विकास। |
| वातावरण संरक्षणसम्बन्धि ऐन, नियम, निर्देशिका तथा मापदण्डको प्रभावकारी कार्यान्वयन |
| वायु, ध्वनि, जल, फोहोरमैला लगायतका प्रदूषण नियन्त्रणका लागि अध्ययन एवम् मापन। |
| प्लास्टिकका झोलाको प्रयोगमा नियन्त्रण एवम् नियमन। |
| बृक्षारोपण तथा सरसफाई (टोल, बाटो) |
| फोहोरमैला व्यवस्थापन कार्यक्रम |
| इन्सिनरेटर खरिद |
| शिशा तथा धातुजन्य फोहोर संकलन केन्द्र (चोक चोकमा) |
| **अनुमानित लागतः ८ करोड** |

### ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| प्रभाव तहः वातावरण मैत्री गाउँपालिकाको निर्माण गरी नागरिकको स्वास्थ्य र जीवनशैलीमा सुधारमा योगदान दिने । | | | | | | | |
| प्रशोधन गरिएको फोहोरमैला अनुपात | प्रतिशत | ५ | १५ | ३५ | ४० | वडा सर्वेक्षण | गापा |
| असर तहः वातावरण मैत्री गाउँपालिकाको निर्माण गरी नागरिकको स्वास्थ्य र जीवनशैलीमा सुधार भएको हुनेछ । | | | | | | | |
| मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | २ | ४ | ५ | ५ | वडा सर्वेक्षण | गापा |
| प्रयोगमा आएको फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | ० | १ | १ | १ | वडा सर्वेक्षण | गापा |
| कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | संख्या | २० | ५० | ८० | १४० | वडा सर्वेक्षण | गापा |
| निष्काशित फोहोरमैलाको औषत वार्षिक परिमाण | मे.टन | ० | १० | १२ | १५ | वडा सर्वेक्षण | गापा |
| नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ५० | ६० | ७५ | ८० | वडा सर्वेक्षण | गापा |
| प्रशोधन गरिएको फोहोरमैला अनुपात | प्रतिशत | ० | ० | ० | ० | वडा सर्वेक्षण | गापा |
| व्यवस्थित ढल निकास भएको बजारक्षेत्र | संख्या | ० | १ | ३ | ५ | वडा सर्वेक्षण | गापा |
| शौचालय, घर आँगनको कुहिने फोहोरलाई व्यवस्थित गर्ने घरधुरी | संख्या | ५० | ६० | १७५ | १८० | वडा सर्वेक्षण | गापा |
| परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९३.८ | ७० | ५५ | ४० | वडा सर्वेक्षण | गापा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | अर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| घरभित्रको धुवाँबाट मुक्त घरधुरी | प्रतिशत | ६.२ | | | १०० | वडा सर्वेक्षण | गापा |
| घर, कार्यालय एवं अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिकजन्य फोहोरलाई सुरक्षित विसर्जन गर्नेको | संख्या | ५५ | १२० | २०० | ३५० | वडा सर्वेक्षण | गापा |
| **प्रतिफल तहः** | | | | | | | |
| वातावरण मैत्री गाउँपालिकाको निर्माण गरी नागरिकको स्वास्थ्य र जीवनशैलीमा सुधार भएको हुने । | | | | | | | |
| दिगो विकासको लक्ष्य हाँसिल गर्न वातावरण संरक्षण भएको हुने । | | | | | | | |

### ७.३.६ अनुमान तथा जोखिम पक्ष

उल्लेखित लक्ष्य प्राप्त गर्नको लागि वनजंगलको संरक्षण, ढल निकास गर्नु, फोहोरमैला व्यवस्थापन र प्रशोधन केन्द्र स्थापना, वातावरण तथा स्वच्छता कार्यका लागि बजेट व्यवस्थापन हुने अनुमान गरिएको छ भने डढेलो लगायत अन्य प्राकृतिक प्रकोपको जोखिम रहेको छ ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधानले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति अवलम्बन गर्दै विपद् व्यवस्थापन सम्बन्धि कार्यलाई स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा राखेको छ। नेपाल विपद्को उच्च जोखिममा रहेकाले विपद्का कारण वर्षेनी धनजनको ठूलो क्षति हुने गरेको छ। मुख्यतः भूकम्प, अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चट्याङ, आगलागि, खडेरी, महामारी, शीतलहर र हिमताल विष्फोटन हुनसक्ने कारण विपद्को जोखिम उच्च रहेको छ। यसैगरी हैजा, बर्डफ्लु, स्वाइन फ्लुजस्ता रोगहरू पनि विपद्को कारकका रूपमा देखिएका छन्। जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने दिगो विकास लक्ष्यले मार्गदर्शन गरेको छ। सबै राष्ट्रहरुले जलवायु उत्पन्न जोखिम र प्राकृतिक प्रकोपको समानुकुलन तथा अनुकुलनको क्षमता अभिबृद्धि गर्न, राष्ट्रिय रणनीति, नीति तथा योजनाहरुमा जलवायु परिवर्तनसम्बन्धि उपायहरु समायोजन गर्न, जलवायु परिवर्तन अल्पीकरण, अनुकुलन, असर न्यूनीकरण र पूर्व सूचना सम्बन्धि शिक्षामा सुधार गर्न, चेतना अभिबृद्धि गर्ने र त्यससम्बन्धि मानवीय तथा संस्थागत क्षमता बृद्धि गर्न, महिला, युवा र स्थानीय जनजाति समूदाय लगायतलाई प्राथमिकतामा राखेर प्रभावकारी जलवायु परिवर्तनसित सम्बन्धि योजना तर्जुमा र व्यवस्थापनको लागि क्षमता बढाउने संयन्त्रको प्रवर्धन गर्न उत्प्रेरित गरेको छ।

तसर्थ गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि न्यूनिकरण, तयारी, प्रतिकार्य र पुर्नलाभका योजना तयार गर्न आवश्यक छ। विपद्को समयमा आश्रय स्थल, खुल्ला क्षेत्र हुनु जरुरी छ। गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण गर्न, खोज, उद्धार र तत्काल राहत कार्यलाई व्यवस्थित गर्न र विकास संरचना सुरक्षित गर्न विकासका सबै प्रक्रियामा विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने कार्यलाई प्रभावकारी बनाई विषयगत/क्षेत्रगत रूपमा लागु गरी दीगो र सुरक्षित विकासको अवस्था सुनिश्चित गर्नु जरुरी छ। आपतकालीन प्रतिकार्य संचालन केन्द्रको स्थापना, बिपद्का लागि आवश्यक सामग्रीहरुको व्यवस्था, प्राथमिक उपचार केन्द्र एवं रक्त संचार केन्द्र निर्माण, समूदायमा आधारित विपद् जोखिम व्यवस्थापन समिति, विपद् जोखिम न्यूनीकरण सम्बन्धि जनचेतना कार्यक्रम, भू-कम्प प्रतिरोधात्मक सार्वजनिक संरचना, आपतकालीन कोष, विपद् पूर्व तयारी तथा पूर्वसूचना प्रणाली, आपतकालिन भवन निर्माण जस्ता पूर्वाधारहरु बिपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि आवश्यक पक्ष हुन।

### ७.४.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा सबै बस्ती तथा जनसमूदायमा विपद् तथा विपद् व्यवस्थापन सम्बन्धि शिक्षा पुर्याउनु नसकिएको छैन। विपद् पछिको राहत कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न नसकिनु, सबै वडा कार्यालयमा विपद् जाखिम न्यूनिकरण समिति गठन गर्न नसकिनु, प्रतिकार्य सञ्चालन केन्द्र निर्माण गर्ने, विपद् पुर्वतयारीका कार्य गर्ने र आपतकालिन कोष स्थापना गर्ने चुनौतिको रुपमा रहेको छ। भौगोलिक विकटताका कारण विपद् व्यवस्थापन चुनौतीपूर्ण, बाढी पहिरो सम्बन्धि अग्रिम जानकारी दिने प्रविधि स्थापना नहुनु, विपद् व्यवस्थापन कार्यका लागि आवश्यक आर्थिक स्रोतको अभाव जस्ता समस्या रहेको छ।

### ७.४.३ संभावना तथा अवसर

यस गाउँपालिकामा जोखिम न्यूनीकरण तथा जोखिमबाट बच्नका लागि आवश्यक जनचेतना र शिक्षा दिन सकिने संभावना रहेको छ । विपद्मा परेका जनतालाई आवश्यक भौतिक तथा आर्थिक सहयोग प्रदान गर्न स्थानीय स्तरका सरोकारबालाहरुसँग गर्न सकिने अवसर पनि रहेको छ । वृक्षारोपण कार्यक्रम सञ्चालन तथा बाढीको अग्रिम जानकारी दिने साईरनको व्यवस्था, नदी कटान क्षेत्रमा जालि तथा तटबन्ध निर्माण गरी जोखिम न्यूनीकरण गर्न सकिने, संभावना छ । विपद् व्यवस्थापन अक्षय कोषको स्थापना, वन्यजन्तुको भयबाट बच्न प्रभावित र सम्भावित क्षेत्रमा तारवार लगाउने, भुकम्प प्रतिरोधी भवन निर्माणका लागि प्रोत्साहान तथा आर्थिक सहयोग गर्न सकिन्छ । आपतकालीन अवस्थामा प्रत्येक वडामा एम्बुलेन्स तथा बारुणयन्त्र सेवा सञ्चालन गरी विपद्मा तत्काल उद्धार गर्न सकिन्छ ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, आयोजना

**लक्ष्य**

- विपद्को जोखिममा रहेका स्थानहरुको पहिचान गरी सम्भावित प्रभावको न्यूनीकरण गर्ने ।

**उद्देश्य**

- विपद्बाट हुन सक्ने क्षति न्यूनीकरण गर्नु
- उद्धार व्यवस्थापनलाई प्रभावकारी बनाईनुका साथै जलवायु अनुकूलन योजना निर्माण गरी समूदाय स्तरमा कार्यान्वयन गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यनीति |
|---|---|
| विपद्बाट हुन सक्ने क्षति न्यूनीकरण गर्ने । | विपद् व्यवस्थापन ऐन, नीति र कार्ययोजना तयार गरिनेछ । |
| | बस्ती/समूदाय स्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरिनेछ । |
| | विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरण गर्नका लागि वडा तहसम्म जनसचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । |
| | मौसम पूर्वसूचना प्रणाली स्थापना गरिनेछ । |
| विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन योजना निर्माण गरी समूदाय स्तरमा कार्यान्वयन गर्ने । | आपतकालीन केन्द्र सञ्चालन सञ्चालन गरिनेछ । |
| | विपद् व्यवस्थापनको लागि तालिम तथा आवस्यक औजारहरुको व्यवस्थापन गरिनेछ । |

| कार्यक्रम तथा आयोजना |
|---|
| विपद् व्यवस्थापन ऐन, नीति र कार्ययोजना तयार |
| बस्ती /समूदाय स्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन |

| **कार्यक्रम तथा आयोजना** |
|---|
| विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरण गर्नका लागि वडा तहसम्म जनसचेतनामूलक कार्यक्रम सञ्चालन |
| मौसम पूर्वसूचना प्रणाली तथा जलसतह पूर्वसूचना प्रणाली स्थापना |
| खुल्ला क्षेत्र तथा स्थानहरु पहिचान |
| विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन |
| आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक |
| जलवायु परिवर्तन अनुकूलन न्यूनीकरण सम्बन्धि सचेतना लगायतका कार्यक्रम संचालन |
| आपतकालीन केन्द्र सञ्चालन सञ्चालन |
| विपद् व्यवस्थापनको लागि तालिम तथा आवस्यक औजारहरु खरिद |
| विपद् व्यवस्थापन केन्द्र सञ्चालन |
| डढेलो नियन्त्रण तथा रोकथाम |
| पहिरो नियन्त्रण |
| सुरक्षित आवास निर्माण |
| डडेलो नियन्त्रणको लागि जनचेतना कार्यक्रम |
| ***अनुमानित लागतः १२ करोड*** |

### ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण २०८०/८१ | २०८२/८३ | २०८४/८५ | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| **प्रभाव तह :** विपद्को जोखिममा रहेका स्थानहरुको पहिचान गरी सम्भावित प्रभावको न्यूनीकरण गर्ने । | | | | | | | |
| सुरक्षित, एकीकृत र व्यवस्थित बस्ती/आवास क्षेत्र | संख्या | १ | २ | ३ | ३ | वडा सर्वेक्षण | गापा |
| **असर तह :** विपद्बाट हुन सक्ने क्षति न्यूनीकरण र उद्धार व्यवस्थापनलाई प्रभावकारी बनाई जलवायु अनुकूलन योजना कार्यान्वयन भएको हुनेछ । | | | | | | | |
| सुरक्षित, एकीकृत र व्यवस्थित बस्ती/आवास क्षेत्र | संख्या | १ | ५ | १० | १५ | गापा | गापा |
| अयोग्य बस्ती वा स्थानमा बसोबास गरेका परिवार | संख्या | ० | ० | ० | ० | गापा | गापा |
| विपद् बाट भएको बार्षिक क्षती ( जग्गा, संरचना, बाली नाली, पशुपंक्षी र अन्य सम्पत्ती) | रु. | २ करोड | ५० लाख | २० लाख | १० लाख | वडा सर्वेक्षण | गापा |
| खुल्ला क्षेत्र तथा स्थानहरु | संख्या | ५० | ६० | ६० | ६० | वडा सर्वेक्षण | गापा |
| आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक | जना | ० | २० | २५ | ३० | वडा सर्वेक्षण | गापा |
| विपद् व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु. | १०००००० | १०००००० | १०००००० | १०००००० | वडा सर्वेक्षण | गापा |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु | संख्या | १० | १२ | १५ | २० | वडा सर्वेक्षण | गापा |
| विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु | संख्या | ४ | १० | १० | १० | वडा सर्वेक्षण | गापा |
| विपद् प्रतिकार्यका लागि भएको आपतकालीन नमूना अभ्यास | संख्या | ४ | १० | १० | १० | वडा सर्वेक्षण | गापा |

| सूचक | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| विपद् व्यवस्थापन सूचना प्रणाली (पूर्व चेतावनी) जडान भएका क्षेत्रहरु | संख्या | ० | ५ | १० | १० | वडा सर्वेक्षण | गापा |
| आपतकालीन उद्धारका लागि अत्यवश्यक एम्वुलेन्स तथा वरुणयन्त्रको व्यवस्था | संख्या | १ | १ | २ | २ | वडा सर्वेक्षण | गापा |
| जलवायु परिवर्तन अनुकूलन न्यूनीकरण सम्बन्धि सचेतना लगायतका कार्यक्रम संचालन | संख्या | ० | १ | १ | २ | वडा सर्वेक्षण | गापा |
| **प्रतिफल तह :** | | | | | | | |
| विपद्बाट हुन सक्ने क्षति न्यूनीकरण र उद्धार व्यवस्थापन तथा जलवायु अनुकूलन योजना तथा कार्यक्रम सञ्चालन भएको हुने । | | | | | | | गापा |
| विपद्बाट हुन सक्ने क्षति न्यूनीकरण भएको हुने । | | | | | | | गापा |

### ७.४.६ अनुमान तथा जोखिम पक्ष

यस गाउँपालिकामा विपद् व्यवस्थापन सम्बन्धि प्रर्याप्त व्यवस्था हुने अनुमान गरिएको छ। पहाडी भूगोल तथा भूक्षयको संभावना तथा भौगोलिक विकटता तथा प्राकृतिक प्रकोप जोखिम पक्षको रुपमा रहेको छ।

# परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

नेपालको संविधानमा राज्यका नीतिअन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा उल्लेख छ । सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न प्रयास भइरहेका छन् । गुनासो व्यवस्थापन, भ्रष्टाचारविरूद्धको कार्ययोजना, राष्ट्रिय गौरवका आयोजनामा नतिजामा आधारित व्यवस्थापन प्रणाली, राष्ट्रसेवक कर्मचारीहरूको आचारसंहिताजस्ता कार्यहरू थप प्रभावकारिताका साथ सुचारु गरिएको छ । दिगो विकास लक्ष्य सन् २०३० ले दीगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्न, सबैको न्यायमा पहुँच सुनिश्चित गर्न र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्न, सबै प्रकारका भ्रष्टाचार र घुसखोरी उल्लेख्य रुपमा कम गर्न, सबै तहमा प्रभावकारी जवाफदेही र पारदर्शी निकायहरू स्थापना गर्न, सबै तहमा उत्तरदायी, समावेशी, सहभागितामुलक र प्रतिनिधिमुलक नीति निर्माण सुनिश्चित गर्न मार्गदर्शन गरेको छ । स्थानीय तहको सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियामवली बनाई कार्यपालिका सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्ने व्यवस्था छ । स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ ।

संस्थागत विकासको सन्दर्भमा यो गाउँपालिका केही राम्रो देखिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रतिवेदन अनुसार यस गाउँपालिकाको औषत संस्थागत क्षमताम ५७.२५ प्रतिशत अंक प्राप्त गरेको छ । सामाजिक समावेशीकरण, सेवा प्रवाह, वित्तिय एवम् आर्थिक व्यवस्थापन लगायतका क्षेत्रमा गाउँपालिकाले गरेको काम तुलनात्मक रुपमा प्रभावकारी कमजोर पनि भौतिक पूर्वाधारमा ५० प्रतिशत मात्र देखिएको छ ।

हालसम्म गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेअनुसार ६७ वटा नीति, नियम, ऐन, मापदण्ड एवं कार्यविधिहरुको निर्माण गरीसकेको छ भने  अन्य आवस्यक कानून निर्माण गर्नुपर्ने अवस्था छ ।

### ८.१.२ समस्या र चुनौती

प्रसस्त प्रयासहरुका बाबजुद पनि गाउँपालिकाले सेवाग्राहीलाई स्थानीय सरकारको आभास दिन थप प्रयास गर्नुपर्ने आवश्यकता छ । संघ, प्रदेश र स्थानीय तह बीचको अधिकार बाँडफाँडमा पूर्णरुपमा प्रस्टता नभएकोले कतिपय विषय कार्यान्वयनमा चुनौती थपिएको छ । गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत निर्माण गर्नुपर्ने थप ऐन, नियम तथा कानूनको समयमा नै निर्माण गरी कार्यान्वयनमा ल्याउनु चुनौतिपूण रहेको छ । सुशासन तथा जवाफदेहीता प्रबर्द्धनका क्षेत्रहरुको पहिचान हुन नसक्नु र जनचाहाना अनुरुपका कार्य सञ्चालन गरी जनतालाई असल शासन तथा सुशासनको प्रत्याभूतीका लागि कार्य पनि चुनौतीपूर्ण छ ।

### ८.१.३ सम्भावना/अवसर

संविधानले गाउँपालिकालाई अनुसूची ८ अनुसार २२ वटा एकल अधिकारका विषय; अनुसूची ९ अनुसार १५ वटा साझा अधिकारका विषय; संविधानको मौलिक हक र राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीति सम्बन्धि थप १४ वटा अधिकारका विषय; र नेपाल सरकार कार्य विभाजन नियमावली र अन्य ऐन कानून अन्तर्गत थप ५ बटा विषय स्थानीय तहको कार्यजिम्मेवारी रहेको छ । यसर्थ नेपालको संविधान जारी भए पश्चात् स्थानीय तहको कार्यजिम्मेवारीको दायरा व्यापक बन्दै गइरहेको छ । यसर्थ स्थानीय सरकारको हैसियतमा सुशासन कायम गर्न आवश्यक ऐन, कानून तथा कार्यविधि निर्माण गरी लागु गर्न सकिने प्रसस्त संभावना र अवसर रहेका छन् । स्थानीय स्तरमा नै योजना तथा बजारअनुगमन समिति निर्माण गरी संचालित कार्यको नियमित अनुगमन गर्ने, आयोजनाको लागत पूर्वानुमान तथा लाभको बारेमा जनतालाई सुसुचित गराउन सकिने, वडास्तरीय मेलमिलाप समिति गठनगरी सामान्य समस्या वडा स्तरमै समाधान गर्न सकिने, सबै कार्यालयमा नागरिक वडापत्रको स्थापना गरी ताहाँबाट प्रदान गरीने सेवाबारे अवगत गराउने, आयोजनाहरुको समयमानै लेखापरिक्षण कार्य सम्पन्न गरी सुशासन र जवाफदेहीता प्रबर्द्धन गर्न सकिने, वडा स्तरीय योजना तथा आयोजनाको रेखदेख तथा सञ्चालनको जिम्मेवारी टोल विकास संस्था गठन तथा परिचालन गर्न सकिने अवसर समेत रहेको छ ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य,**

चुस्त दुरुस्त शासकीय प्रवन्ध कायम गरी गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी, प्रविधिमैत्री, जवाफदेही, परिणाममुखी, नागरिक मैत्री बनाउने ।

**उद्देश्य,**

- सुशासन कायम गर्न स्थानीय ऐन, नियम तथा कानून तर्जुमा गरी नागरिक समाज र समूदाय समेतको सहयोग र सहकार्यमा कार्यान्वयनमा ल्याउने साथै सार्वजनिक जवाफदेहिता बहन गर्नु ।
- गाउँपालिकाको प्रशासनिक संरचना प्रविधिमैत्री, पारदर्शी र मितव्ययी, जनशक्तिको क्षमता अभिवृद्धि, दिगो र फराकिलो वित्तय स्रोत व्यवस्थापनका लागि नीतिगत व्यवस्थापन गर्नु ।

## रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | आयोजना |
|---|---|
| आवश्यक नीति तथा कानूनहरु निर्माण गर्ने | एकल अधिकारसँग सम्बन्धित नीति तथा कानून तर्जुमा गरिनेछ। |
| पारदर्शिता र जवाफदेहिताका का लागि गाउँपालिकाका र सरोकारबालाहरुको क्षमता अभिबृद्धि गर्ने | सामाजिक परिक्षण, सार्बजनिक परिक्षण र सार्वजनिक सुनुवाई सम्बन्धि कार्यहरु नियमित गरिनेछ। |
| | बालमैत्री, अपांगमैत्री तथा वातावरणमैत्री संरचना निर्माण गरिनेछ। |
| अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने ` | योजना सुपरीवेक्षण तथा अनुगमनमा समावेशी सहभागिता गरिनेछ। |
| | अनुगमन तथा मूल्याङ्कनमा समूदायमा आधारित संस्था, तथा लक्षित वर्गको क्षमता अभिबृद्धि र योजना अनुगमनमा अर्थपूर्ण सहभागिता गराईनेछ। |
| समावेशी र समतामूलक समाज निमार्ण गर्ने | सहभागितामूलक महिला, दलित, जनजाती, अल्पसङ्ख्यक लगायतलाई सशक्तिकरण तालिम मार्फत क्षमता विकास गरिनेछ। |
| | विपन्नता अभिलेखीकरण तथा लक्षित वर्गको स्थानीय श्रोत साधनमा पहुँच अभिवृद्धि, स्थानीय संस्थाहरुको प्रोफाइल तयार गरिनेछ। |

| कार्यक्रम तथा आयोजना |
|---|
| एकल अधिकारसँग सम्बन्धित नीति तथा कानून तर्जुमा |
| सामाजिक परिक्षण, सार्बजनिक परिक्षण र सार्वजनिक सुनुवाई |
| बालमैत्री, अपांगमैत्री तथा वातावरणमैत्री संरचना |
| नागरिक समाज, समूदायमा आधारित संस्थाहरुको क्षमता विकास |
| सहायता कक्षाको व्यवस्था |
| गाउँपालिकाका सूचना आदानप्रदानका लागि सूचना प्रविधिको व्यवस्थापन |
| गाउँपालिकाका सवै कार्यालयहरुमा गुनासो सुनुवाई कक्ष नागरिक वडा पत्र र सि. सि. टिभि जडान |
| योजना सुपरीवेक्षण तथा अनुगमनमा समावेशी सहभागिता |
| अनुगमन तथा मूल्याङ्कनमा समूदायमा आधारित संस्थाहरु तथा लक्षित वर्गको क्षमता अभिबृद्धि |
| सहभागितामूलक महिला, दलित, जनजाती, अल्पसङ्ख्यक लगायतलाई सशक्तिकरण तालिम मार्फत क्षमता विकास |
| विपन्नता अभिलेखीकरण तथा लक्षित वर्गको स्थानीय श्रोत साधनमा पहुँच अभिवृद्धि, स्थानीय संस्थाहरुको प्रोफाइल तयार |
| ***अनुमानित लागत: ८ करोड*** |

## ८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाई | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण २०८०/८१ | २०८२/८३ | २०८४/८५ | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| **प्रभाव तहः** चुस्त दुरुस्त शासकीय प्रवन्धमार्फत सेवा प्रवाहलाई पारदर्शी, प्रविधिमैत्री, जवाफदेही, परिणाममुखी, नागरिक मैत्री बनाउने | | | | | | | |
| सेवा प्रवाहमा जनताको सन्तुष्टि | प्रतिशत | ७० | **७४** | **८५** | **९०** | पार्श्वचित्र | गापा |
| **असर तहः** सेवा प्रवाहलाई पारदर्शी, प्रविधिमैत्री, जवाफदेही, परिणाममुखी, नागरिक मैत्री भएको हुनेछ । | | | | | | | |
| सरोकारबाला एवं सहभागितात्मक ढंगबाट कार्यान्वयन भएका ऐनहरु | संख्या | ६१ | ७५ | ८८ | ९१ | पार्श्वचित्र | गापा |
| लक्षित वर्ग, सशक्तीकरण र क्षमता बिकास कार्यक्रमबाट लाभन्वित पिछडिएका तथा विपन्न वर्ग | प्रतिशत | ६० | ७५ | ८० | ९५ | गापा | गापा |
| लैङ्गिक उत्तरदायी बजेट विनियोजन | रु. | ० | १५ | २५ | ३५ | | गापा |
| उपभोक्ता समितिहरुबाट कार्यान्वयन आयोजना संख्या | प्रतिशत | ९० | ९० | ९० | ९० | गापा | गापा |
| न्यायीक समितिबाट फछ्र्यौट भएका मुद्दाहरु | प्रतिशत | ८० | ८० | ८० | ८० | गापा | गापा |
| पालिकामा क्रियाशील गैसस, विकास साझेदार संस्था | संख्या | ६ | १० | १६ | २० | गापा | गापा |
| पालिकाले स्वीकृत गरेको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड | संख्या | ६१ | ७५ | ८८ | ९१ | गापा | गापा |
| क्रियाशील नीतिगत समिति तथा संयन्त्र (विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा बजेट तर्जुमा अनुगमन आदि) | संख्या | ९ | ९ | ९ | ९ | गापा | गापा |
| नागरिक वडापत्र अनुसार सेवा प्रवाहमा क्षतिपूर्ति गरिएको | संख्या | ० | ० | ० | ० | पार्श्वचित्र | गापा |
| क्षतिपूर्ति सहितको नागरिक वडापत्र | संख्या | ११ | ११ | ११ | ११ | पार्श्वचित्र | गापा |
| सार्वजनिक सुनुवाई, | संख्या | १ | ३ | ३ | ३ | पार्श्वचित्र | गापा |

| सूचक | इकाई | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| सार्वजनिक परीक्षण, | संख्या | १ | १ | १ | १ | पार्श्वचित्र | गापा |
| सामाजिक परीक्षण | संख्या | १२० | १२० | १३५ | १५५ | वडा सर्वेक्षण | गापा |
| GESI परीक्षण | संख्या | १ | १ | १ | १ | वडा सर्वेक्षण | गापा |
| वहिरर्गमन अभिमत पत्र | संख्या | १ | | | | वडा सर्वेक्षण | गापा |
| सामाजिक मेलमिलापमा | संख्या | १ | | | | वडा सर्वेक्षण | गापा |
| वर्षभरीमा भएका सार्वजनिक सुनुवाई | संख्या | १ | ३ | ३ | ३ | वडा सर्वेक्षण | गापा |
| हेल्पडेष्कबाट लाभान्वित सेवाग्राही | संख्या | ० | | | | | गापा |
| उपलब्ध अनलाइन सेवाका प्रकारहरु ( निवेदन, सीफारिस, पञ्जीकरण....) | संख्या | १० | १० | १० | १० | वडा सर्वेक्षण | गापा |
| अनलाइन सेवाबाट लाभान्वित सेवाग्राही | संख्या | ५००० | ५५०० | ६००० | ७००० | वडा सर्वेक्षण | गापा |
| पालिकाको मोवाइल एप्स प्रयोगकर्ताहरु | संख्या | ० | | | | | गापा |
| गुनासो सुनुवाईको फर्छ्यौट (मौखिक समेत) | संख्या | २५ | १० | ५ | ० | वडा सर्वेक्षण | गापा |
| संगठन र विकास अध्ययन अनुसार वा आवश्यकता अनुसार परिपूर्ति गर्नुपर्ने कर्मचारी | संख्या | ३६ | ३६ | ३६ | ३६ | वडा सर्वेक्षण | गापा |
| एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने औषत समयावधि | घण्टा | ०.३० | ०.१५ | ०.१५ | ०.१५ | वडा सर्वेक्षण | गापा |
| क्षमता विकास कार्यक्रमबाट लाभान्वित पालिकाका पदाधिकारी, सदस्यहरु, कर्मचारी, गैसस, सरोकारबाला संघ संस्थाहरु | संख्या | १२० | १२० | १३५ | १४० | गापा | गापा |
| कार्यसम्पादन करार गरिएको तथा कार्यविवरण दिई सोही अनुसार कार्यसम्पादन गर्ने कर्मचारी संख्या | संख्या | २५ | ३५ | ३५ | ३५ | पार्श्वचित्र | गापा |

| सूचक | इकाई | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| पालिका केन्द्र तथा वडा कार्यालयको आफ्नै भबन | संख्या | ११ | ११ | ११ | ११ | पार्श्वचित्र | गापा |
| सेवा सूचारु भएका सेवा तथा श्रोत केन्द्र (स्वास्थ्य, कृषि, पशुसेवा, शिक्षा) | संख्या | १४ | १४ | १४ | १४ | स्वास्थ्य शाखा | गापा |
| **प्रतिफल तहः** | | | | | | | |
| सेवा प्रवाहलाई पारदर्शी, प्रविधिमैत्री, जवाफदेहि, परिणाममुखी, नागरिक मैत्री स्थानीय शासन लागू भएको हुने । | | | | | | | गापा |
| आवश्यक नीति तथा कानूनहरु निर्माण भएको हुने । | | | | | | | गापा |
| पारदर्शिता र जवाफदेहिताका लागि गाउँपालिकाका र सरोकारबालाहरुको क्षमता अभिबृद्धि भएको हुने । | | | | | | | गापा |
| अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी भएको हुने । | | | | | | | गापा |
| समावेशी र समतामूलक समाज निर्माण भएको हुने । | | | | | | | गापा |

### ८.१.६ अनुमान तथा जोखिम पक्ष

संघ, प्रदेश र स्थानीय तह बीचको अधिकार बाँडफाँडमा प्रस्टता हुने अनुमान गरिएको छ । आवश्यकता अनुसारको जनशक्ति तथा संरचनाको अभावले गाउँपालिकाले लिएको लक्ष्य प्राप्त नहुने जोखिम पनि रहेको छ ।

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ संस्थागत संरचना तथा मानव संसाधन

### ९.१.१ पृष्ठभूमि

यस गाउँपालिकामा अन्तर्गत १० वटा वडा कार्यालयहरु रहेका छन । गाउँपालिकाको अध्यक्षतामा गाउँपालिकाको समग्र व्यवस्थापन र वडाध्यक्षको अध्यक्षता समग्र वडाको व्यवस्थापन हुने गरेको छ । गाउँपालिकामा ५५ जना रहेको गाउँसभा, १८ जना रहेको गाउँकार्यपालिका र उपाध्यक्षको अध्यक्षतामा न्यायीक समिति रहेको छ। गाउँपालिकाको स्थायी सरकारको रुपमा रहेको कर्मचारीको नेतृत्व र परिचालन प्रमुख प्रशासकीय अधिकृतको मार्फत हुने गर्दछ । यस गाउँपालिकामा स्वीकृत दरवन्दी अनुसरका कर्मचारीहरु नभएको र उपलब्ध कर्मचार पर्याप्त मात्रमा उपलब्ध नरहेको साथै प्राविधिक तहका कर्मचारीहरु करारमा नियूक्त गरी कार्यसञ्चालन गरिएको छ ।

### ९.१.२ समस्या/चुनौती

गाउँपालिकाको सूचना तथा प्रविधि पूर्वाधारको कमीका संस्थागत संरचनालाई प्रविधिमैत्री बनाउन सकिएको छैन। निर्वाचित जनप्रतिनिधिहरु, गै.स.स, सामुदायिक संस्थाका पदाधिकारीको क्षमता विकासका कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहमा देखा परेको चुनौतीहरु सम्बोधन गर्नु पर्ने अवस्था छ। ज्ञान सीप, अनुभव, दक्ष मानव संसाधानको अभावका कारण प्रशासन प्रभावकारी हुन नसक्नु, उपलब्ध जनशक्तिको सहि व्यवस्थापन हुन नसक्नु साथै दक्ष प्राविधिक जनशक्ति प्राप्त हुन नसक्नु, स्वास्थ्य क्षेत्रको भौतिक संरचना, जनशक्ति, प्रविधी विकासको समस्या, संस्थागन संरचना तथा मानव संसाधन विकास सम्बन्धि आवश्यक नीति तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने चुनौती रहेको छ ।

### ९.१.३ सम्भावना/अवसर

विभिन्न समस्या र चुनौतीको भएतापनि गाउँपालिकामा चुस्त सेवा प्रवाहको लागि कर्मचारी प्रशासन तथा जनप्रतिनिधिको क्षमता तथा मनोवल वृद्धिका कार्यक्रम सञ्चालन गर्न सकिने अवसर छ। प्रशासनिक संरचनालाई प्रभावकारी तथा प्रविधिमैत्री बनाउने कार्यक्रम तर्जुमा गर्न सकिने, सार्वजनिक सरोकारका व्यक्तिहरुको मनोवल अभिबृद्धि गर्न विशेष कार्यक्रमहरु सञ्चालन गर्न सकिने, कर्मचारी अभाव तथा कामगर्ने जनशक्ति व्यवस्थापनका लागि करारमा कर्मचारी नियूक्त गरी कर्य सञ्चालन गराउन सकिने संभावना रहेको छ । साथै प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी संस्थागत संरचना लाई थप प्रभावकारी बनाउन सकिने र  कर्मचारी तथा जनप्रतिनिधीसँग कार्यसम्पादन करार गरी लक्ष्य अनुरुप प्रगति हाँसिल गर्न सकिने अवसर छ ।

### ९.१.४ दीर्घकालीन  लक्ष्य र उद्देश्य

लक्ष्य

- संस्थागत संरचनालाई प्रविधिमैत्री, अपांगमैत्री तथा आधारभूत सुविधा सम्पन्न बनाई उपर्युक्त र दक्ष मानव स्रोत परिचालनबाट आर्थिक विकास गर्दै संस्थागत सम्बृद्धि हाँसिल गर्ने ।

उद्देश्य

- प्रभावकारी संगठन संरचना निर्माण भएसँगै संस्थागत क्षमता विकास भई प्रविधियुक्त दक्ष मानव स्रोतको उपयोगबाट गुणस्तरीय सेवा प्रवाहमा अभिबृद्धि गर्नु ।

**रणनीति तथा आयोजना**

| **रणनीति** | **आयोजना** |
|---|---|
| संस्थागत संरचना तथा मानव संसाधन विकास नीति तय गर्ने | प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी भौतिक तथा आर्थिक सहयोग प्राप्त गरी संस्थागत संरचना निर्माण |
| | मानव संसाधन विकास सम्बन्धि स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन |
| | संस्थागत संरचना विकास सम्बन्धि पालिका स्तरिय कार्यविधी निर्माण |
| गाउँपालिकाको संस्थागत संरचनालाई चुस्त दुरुस्त बनाउने | प्रशासनीक संरचनालाई प्रभावकारी तथा प्रविधिमैत्री बनाउने कार्यक्रम |
| | बिषयगत समिति एवं न्यायीक समितिको क्षमता विकास |
| | कर्मचारी क्षमता विकास योजना तयार |
| | सेवा प्रवाहलाई गुणस्तरीय, न्यून समय लागत छिटो सेवा उपलब्ध बनाउन सम्भव भएका सेवा सुविधाहरु अनलाइनबाट प्रवाह |
| | वडा कार्यालय एवं सेवा केन्द्रबाट प्रवाह हुने सेवा प्रविधिमैत्री |
| | गाउँपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रमहरु सञ्चालन |
| | सार्वजनिक सरोकारका व्यक्तिहरुको मनोवल अभिबृद्धि गर्न विशेष |
| | गाउँपालिकामा रहेको कर्मचारी अभाव तथा कामगर्ने जनशक्ति व्यवस्थापनका लागि करारमा कर्मचारी नियूक्त |
| | विद्यालय, विषयगत कार्यालय एवं सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता र नियमित मूल्याङकन |
| | मापदण्ड निर्धारण गरी मापदण्डका आधारमा उत्कृष्टलाई पुरस्कृत गर्ने अभ्यास |
| | सहकारी, गै.स.स., नागरिक समाज, सामुदायिक संस्था, निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई तालिम, अभिमुखीकरण मार्फत क्षमता अभिबृद्धि गरी दक्ष, सबल, सक्षम जनशक्ति विकास |
| ***लागत*** | ***१० करोड*** |

## ९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट

चम्पादेवी गाउँपालिकको क्षेत्रगत बजेट विनियोजनको अनुमानित खाका तालिका नं.१० मा प्रस्तुत गरिएको छ । यस गाउँपालिकाको योजना तर्जुमा कार्यशालाले आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन तथा सुशासन तथा संस्थागत विकास अन्तर्गत परिकल्पना गरेका आयोजनाहरुको सफल कार्यान्वयनका लागि आगामी पाँच वर्षमा गाउँपालिकाले आवश्यक पर्न सक्ने कुल ३ अर्व ६६ करोड ९९ लाख बराबरको वित्तिय स्रोतको अनुमान प्रस्तुत गरिएको छ । योजना तर्जुमा गोष्ठीले तय गरेको गाउँपालिकाका प्रमुख प्राथमिक क्षेत्रहरुलाई प्रमुख प्राथमिकताका साथ लगानी अनुमान प्रस्तुत गरिएको छ ।

क्षेत्रगत रुपमा आर्थिक विकासलाई २६ प्रतिशत, पूर्वाधार विकासलाई ४१ प्रतिशत, सामाजिक विकासलाई २० प्रतिशत, वन वातावरण तथा विपद् व्यवस्थापनलाई ९ प्रतिशत र सुशासन तथा संस्थागत विकासलाई ४ प्रतिशत लगानी अनुमान गरिएको छ । त्यसै गरी उप क्षेत्रगत रुपमा कृषि तथा पशुपंछीपालनलाई १० प्रतिशत, सडक, पुल, यातायातलाई ३२ प्रतिशत लगानी आवश्यक हुने अनुमान गरिएको छ ।

## ९.४ क्षेत्रगत बजेट विनियोजनको अनुमानित खाका

**तालिका नं ८ बजेट रु लाखमा**

| विषय क्षेत्र | कुल लागत | प्रतिशत | वित्तिय सहकार्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | गापा | निजी | सहकारी | समुदाय |
| **१. आर्थिक विकास** | ११११९९ | 26% | | | | | | |
| कृषि तथा पशुपंछिपालन | 4311 | १०छ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| सिँचाइ | 3438 | 8% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| पर्यटन, सँस्कृति तथा सम्पदा | 1125 | 3% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | 825 | 2% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| श्रम, रोजगारी र सामाजिक सुरक्षा | 1500 | 3% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| **२. सामाजिक विकास** | ८६२५ | 20% | | | | | | |
| स्वास्थ्य तथा पोषण | 1335 | 3% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| शिक्षा विज्ञान तथा नवप्रवर्तन | 2330 | 5% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| खानेपानी तथा सरसफाई | 2660 | 6% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| महिला, बालबालिका र लक्षित वर्ग | 1000 | 2% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| युवा तथा खेलकुद | 705 | 2% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| भाषा, साहित्य कला | 595 | 1% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| **३. पूर्वाधार विकास** | १७६८५ | 41% | | | | | | |
| सडक पुल यातायात | 13685 | 32% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| आवास, वस्ति तथा सार्वजनिक निर्माण | 2500 | 6% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| जलस्रोत विद्युत तथा उर्जा | 1000 | 2% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| सूचना तथा संचार | 500 | 1% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| **४.वन, वातावरण तथा विपद् व्यवस्थापन** | ३८८० | 9% | | | | | | |
| वन तथा जैविक विविधता | 800 | 2% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| जलाधार तथा भुमि संरक्षण | 1080 | 3% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| वातावरण तथा फोहोरमैला व्यवस्थापन | 800 | 2% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| विपद् व्यवस्थापन | 1200 | 3% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| **५. सुशासन तथा क्षमता विकास** | १८०० | 4% | | | | | | |
| संस्थागत विकास तथा सुशासन | 800 | 2% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| संस्थागत संरचना तथा मानव संसाधन | 1000 | 2% | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| **कुल बजेट** | 43,189 | 100% | | | | | | |

## ९.५ स्रोत अनुमान तथा प्रक्षेपण

गाउँपालिकाले विगतमा प्राप्त गरेको वित्तिय स्रोतको प्रवृत्तिलाई ध्यानमा राखेर आगामी पाँच वर्षका लागि गाउँपालिकाले संघ र प्रदेश सरकारबाट नियमित रुपमा प्राप्त गर्ने अनुदानका आधारमा चालु आ.व २०७९/८० को बजेट रु ६८ करोड ७५ लाख[2] लाई आधारमानी आ.ब. २०८४/८५ सम्मका लागि यो प्रक्षेपण गरिएको हो जस अनुसार प्रतिवर्ष गाउँपालिकाले प्राप्त गर्ने वित्तिय स्रोतमा १० प्रतिशतका दरले बृद्धि हुने अनुमान गरिएको छ भने समपुरक, सशर्त र विशेष अनुदान पनि थप हुने अपेक्षा गरिएको छ। यही अनुमानका आधारमा आ.ब. २०८४/८५ सम्ममा गाउँपालिकामा कुल ४ अर्ब ३ करोड १२ लाख बराबरको बजेट परिचालन हुने देखिन्छ। उक्त परिचालित बजेटमा प्रशासनिक खर्च बापतको ५७ करोड ७८ लाख घटाउँदा गाउँपालिकाले लगानी गर्न सक्ने लगानी योग्य राजस्व रु ४ अर्ब २५ करोड ४३ लाख हुन आउने देखिन्छ।

**तालिका नं ९ (बजेट रु हजारमा)**

| क सं | आय शिर्षक | | आ.व. ०७९।८० | आ.व. ०८०।८१ | आ.व. ०८१।८२ | आ.व. ०८२।८३ | आ.व. ०८३।८४ | आ.व. ०८४।८५ | कूल राजश्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| **१** | **आय** | | **६८७,५८३** | **७९१,३४१** | **८७०,४७५** | **९५७,५२३** | **१,०५३,२७५** | **१,१५८,६०३** | **४,८३१,२१८** |
| १.२ | **आन्तरिक श्रोत** | | **१०,५००** | **११,५५०** | **१२,७०५** | **१३,९७६** | **१५,३७३** | **१६,९१०** | **७०,५१४** |
| १.३ | **राजश्व बाँडफाँड** | | **८५,८९५** | **९४,४८५** | **१०३,९३३** | **११४,३२६** | **१२५,७५९** | **१३८,३३५** | **५७६,८३७** |
| | १.३.१ | **नेपाल सरकार** | **८३,३४३** | **९१,६७७** | **१००,८४५** | **११०,९३०** | **१२२,०२२** | **१३४,२२५** | **५५९,६९९** |
| | १.३.२ | **प्रदेश सरकार** | **२,५५२** | **२,८०७** | **३,०८८** | **३,३९७** | **३,७३६** | **४,११०** | **१७,१३८** |
| १.४ | **अन्तर सरकारी वित्तिय हस्तान्तरण** | | **५०५,२९३** | **५९०,८२२** | **६४९,९०५** | **७१४,८९५** | **७८६,३८४** | **८६५,०२३** | **३,६०७,०२९** |
| | १.४.१ | **नेपाल सरकारबाट प्राप्त अनुदान** | **४०९,४००** | **४८०,३४०** | **५२८,३७४** | **५८१,२११** | **६३९,३३३** | **७०३,२६६** | **२,९३२,५२४** |
| | १.४.१.१ | समानीकरण अनुदान | ९०,९०० | ९९,९९० | १०९,९८९ | १२०,९८८ | १३३,०८७ | १४६,३९५ | ६१०,४४९ |
| | १.४.१.२ | सशर्त अनुदान | ३१८,५०० | ३५०,३५० | ३८५,३८५ | ४२३,९२४ | ४६६,३१६ | ५१२,९४७ | २,१३८,९२२ |
| | १.४.१.४ | विशेष अनुदान | ० | १५,००० | १६,५०० | १८,१५० | १९,९६५ | २१,९६२ | ९१,५७७ |
| | १.४.१.६ | समपुरक अनुदान | ० | १५,००० | १६,५०० | १८,१५० | १९,९६५ | २१,९६२ | ९१,५७७ |

2 चालु वर्ष २०७९/८० मा शसर्त अनुदानको चालु शिर्षक तथा सामाजिक सुरक्षा भत्ता समेत समावेश गरिएको छ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १.४.२ | **प्रदेश सरकारबाट** | **९५,८९३** | **११०,४८२** | **१२१,५३१** | **१३३,६८४** | **१४७,०५२** | **१६१,७५७** | **६७४,५०५** |
| | १.४.२.१ | समानीकरण अनुदान | ४,७९३ | ५,२७२ | ५,८०० | ६,३७९ | ७,०१७ | ७,७१९ | ३२,१८८ |
| | १.४.२.२ | सशर्त अनुदान | ८११०० | ८९,२१० | ९८,१३१ | १०७,९४४ | ११८,७३९ | १३०,६१२ | ५४४,६३६ |
| | १.४.२.४ | विशेष अनुदान | ० | ५,००० | ५,५०० | ६,०५० | ६,६५५ | ७,३२१ | ३०,५२६ |
| | १.४.२.६ | समपुरक अनुदान | १०,००० | ११,००० | १२,१०० | १३,३१० | १४,६४१ | १६,१०५ | ६७,१५६ |
| २ | **प्रशासनिक खर्च** | | **८५,८९५** | **९४,४८५** | **१०३,९३३** | **११४,३२६** | **१२५,७५९** | **१३८,३३५** | **५७६,८३७** |

### ९.६ वित्तिय स्रोत परिचालन तथा सहकार्य

गाउँपालिकाले संघ तथा प्रदेशबाट नियमित रुपमा प्राप्त गर्ने राजस्व तथा गाउँपालिकाको आन्तरिक राजस्वको अनुमानित प्रक्षेपण मध्ये आगामी ५ वर्षका लागि लगानी योग्य राजस्व ४ अर्व २५ करोड अनुमान गरिएको छ भने गाउँपालिका गौरव, रुपान्तरणकारी तथा क्षेत्रगत आयोजनाको सफल कार्यान्वयनका उल्लेख्य स्रोत आवश्यक पर्ने देखिन्छ । यसको अर्थ गाउँपालिकालाई योजना तर्जूमा कार्याशाला गोष्ठीले प्रस्ताव गरेका आयोजना पूरा गर्न करिब ८२ करोड बराबरको अतिरिक्त लगानी आवश्यक पर्ने देखिन्छ। उक्त लगानीको परिपूर्तिका लागि गाउँपालिकाले देहायका रणनीति तथा कार्यनीति अपनाउन सक्नेछ ।

### ९.७ वित्तिय स्रोत परिचालनका रणनीति तथा कार्यनीति

**क) संघ तथा प्रदेश सरकार :** गाउँँपालिकाले संघ र प्रदेश सरकारको प्राथमिकता क्षेत्र अन्तर्गत पर्ने आयोजनाहरुका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक पर्ने अपुग वित्तिय स्रोत जुटाउन सक्छ । यस अन्तर्गत विशेष गरी सामाजिक तथा पूर्वाधार क्षेत्र अन्तर्गतका उपक्षेत्रगत आयोजनाहरुको सूचि तयार पारी संघ र प्रदेश सरकारसँग गाउँपालिकाले सहकार्यको आधार तयार पार्नेछ ।

**ख) गाउँपालिका तथा अन्तरपालिका :** गाउँपालिकाको प्राथमिकतामा पर्ने तथा सिमाना जोडिएका स्थानीय तहहरुसँगको साझा चासोका आयोजनाहरुका लागि गाउँपालिकाले अन्तरपालिका आयोजनाको प्रारुप तयार पारी वित्तिय स्रोत व्यवस्थापनको रणनीति बनाउनेछ ।

**ग) निजी क्षेत्रसँगको सहकार्य :** निजी क्षेत्रलाई आकर्षण गर्न सकिने आयोजनाहरुको प्रारुप तयार पारी गाउँपालिकाले निजी क्षेत्रको स्रोतलाई परिचालन गर्ने वातावरण तयार गर्नेछ ।

**घ) सहकारी तथा जनसहभागिता :** सार्वजनिक चासोका आयोजनाहरुका लागि वित्तिय स्रोत जुटाउन सहकारी तथा जनसहभागिता हुने कार्यक्रमसँग सहकार्यको वातावरण तय गर्नेछ ।

### ९.८ आवधिक योजना कार्यान्वयन

| तालिका १०: | कार्यान्वयन कार्ययोजनाका चरण |
|---|---|
| पहिलो चरण | कार्यान्वयन कार्ययोजना तयारी |
| दोस्रो चरण | मार्गदर्शन तयारी |
| तेस्रो चरण | कार्यान्वयन विधिको छनौट |
| चौथो चरण | अख्तियारी |
| पाँचौ चरण | अनुगमनको प्रतिवेदन र समीक्षा |

यस गाउँपालिकाले बृहत छलफलद्वारा तयार पारेको पञ्चवर्षिय आवधिक योजनाको सफलता यसको कार्यान्वयन सँग जोडिएको छ। दिगो विकास लक्ष्यले सन २०३० सम्मका लागि सम्पूर्ण देशहरुले प्राप्त गर्नु पर्ने आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय तथा संस्थागत विकासका सूचकहरु तोकेको छ भने संघीय सरकारले पनि सन २१०० सम्ममा प्राप्त गर्ने गरी समृद्धि र सुखका लक्ष्य तोकेको छ । यी सबै लक्ष्यको व्यवहारिक प्राप्ति स्थानीय सरकारको योजना कार्यान्वयनको प्रभावकारीतामा निर्भर गर्दछ । तसर्थ गाउँपालिकाले उल्लेखित दिगो तथा राष्ट्रिय लक्ष्यको स्थानीयकरण प्रस्तुत आवधिक योजनाको कार्यान्वयनबाट गरिनेछ ।

### ९.८.१ वर्तमान अवस्था

स्थानीय तह सात चरणको वार्षिक योजना तर्जुमा प्रक्रियामा बढी अभ्यस्त भएको अवस्था छ । गाउँपालिकाको हकमा पनि यही कुरा लागु हुन्छ। तर प्रस्तुत आवधिक योजनाले कार्यक्रम कार्यान्वयनलाई प्रतिफलका रुपमा लिई प्रत्येक प्रतिफलको जाँच त्यसले आगामी पाँच वर्षमा सम्बन्धित क्षेत्रमा पार्ने असर र प्रभावद्वारा गर्ने प्रक्रियाको थालनी गरेको छ जुन गाउँपालिकाका लागि नयाँ अभ्यास हो। गाउँपालिकाका निर्वाचित जनप्रतिनिधी र प्रशासकीय जनशक्ति नयाँ योजना कार्यान्वयन पद्धतिका बारेमा जानकार हुनु पर्ने आवश्यकता छ ।

### ९.८.२ कार्यान्वयन कार्ययोजना

योजना तर्जुमा कार्यशालाले तर्जुमा गरेको आवधिक योजनालाई गाउँसभाले अनुमोदन गरी सम्बन्धित शाखा तथा वडा कार्यालयहरुलाई त्यसको अख्तियारी पठाउने गरिन्छ । शाखा तथा वडा कार्यालयहरुले आवधिक योजनामा उल्लिखित लक्ष्य, उद्देश्य, सूचकका आधारमा बनेका रणनीति तथा कार्यनीतिहरुलाई ध्यानमा राखि भावी योजना कार्यान्वयनको खाका तयार पारिनेछ ।

### ९.८.३ मार्गदर्शन तयारी

गाउँसभाबाट अख्तियारी प्राप्त कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक शाखाले आफनो शाखासँग सम्बन्धित कार्यक्रमहरुको मार्गदर्शन तयारी गरी गर्नु पर्ने हुन्छ। मार्गदर्शनका साथसाथै आवश्यकता अनुसार खर्चको अख्तियारी पनि पठाइने छ ।

### ९.८.४ कार्यान्वयन विधिको छनौट

गाउँसभाबाट अख्तियारी प्राप्त कार्यक्रमहरुको कार्यान्वयनका लागि विद्यमान संघीय तथा स्थानीय कानूनका आधारमा कार्यक्रम कायान्वयन गर्ने व्यक्ति वा संस्था (उपभोक्ता समिति, ठेकदार, करार सेवा, गैसस आदि) लाई कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक सम्झौता गरी गाउँकार्यपालिकामा पठाउनु पर्ने हुन्छ । कार्यक्रमहरु गाउँसभाबाट स्वीकृत भएपछि सोही बमोजिम कार्यान्वयन गर्नु पर्ने हुन्छ । यसरी कार्यक्रम कार्यान्वयनको प्रक्रियामा लैजादा गाउँपालिकाले कार्यक्रम कार्यान्वयन ईकाईबाट प्रगती प्रतिवेदन लिने अभ्यास अपनाईने गरिन्छ ।

### ९.८.५ अख्तियारी

आवधिक योजनाको अन्तिम प्रतिवेदनलाई गाउँकार्यपालिकाले गाउँसभाबाट पारित गरेपछि उक्त योजनाको वार्षिक कार्ययोजना बनाई कार्यान्वयन हुनेछ। वार्षिक कार्ययोजना तयार गर्न लागि गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनु पर्ने व्यवस्था छ । प्रमुख प्रशासकीय अधिकृतले मध्यमकालीन खर्चसंरचनालाई आधार बनाई क्रमागत रुपमा कार्यन्वयन गर्ने गरी आयोजनाहरुको रोलक्रम मिलाएर राख्नु पर्ने हुन्छ। प्रमुख प्रशासकीय अधिकृतले प्राथमिकता व्यवस्थापन गरिएका आयोजनाहरुको कार्यान्वनमा विषयगत शाखा तथा वडा कार्यालायहरुसँग कार्यक्रम माग गर्नुपर्ने हुन्छ। माग भई आएका कार्यक्रमहरुको कार्यान्वयनकालागि गाउँकार्यपालिकाले सम्बन्धित शाखा तथा वडा कार्यालयलाई अख्तियारी प्रदान गरिनेछ ।

### ९.८.६ वार्षिक कार्यान्वयन कार्ययोजना

आवधिक योजनाले परिकल्पना गरेका आयोजनाहरुलाई मध्यमकालीन खर्च संरचनालाई आधार बनाई गाउँपालिका प्रशासनले वार्षिक कार्यक्रम कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजानु पर्ने हुन्छ ।

### ९.८.७ अनुगमन प्रतिवेदन र समीक्षा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गाउँ कार्यपालिकाले आयोजनाहरु कार्यान्वयनको समय सापेक्ष अनुगमन गरी त्यसबाट प्राप्त तथ्यहरुको चौमासिक रुपमा समीक्षा गरी आयोजना कार्यान्वयनको प्रभावकारीता बढाउन भूमिका खेल्नु पर्ने हुन्छ ।

## ९.९ अनुगमन तथा मूल्याङकन योजना

### ९.९.१ अनुगमन तथा मूल्याङकनको आवश्यकता

स्थानीय तहको हकमा अनुगमन तथा मूल्याङकन प्रणालीलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले अध्यक्ष र उपाध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । त्यस्तै उपाध्यक्षको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ । जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानूनी व्यवस्था भएको छ । त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङकन गर्ने गराउने कानूनी व्यवस्था गरेको छ ।

**उद्देश्य**

अनुगमन तथा मूल्याङ्कन प्रणालीको नीतिगत संरचना निर्माण भई आयोजनाहरुको प्रतिफल, असर र प्रभावहरुको प्रभावकारी मापन प्रक्रियामा टेवा पुगेको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| अनुगमन तथा मूल्याङ्कनका लागि स्पष्ट नीति बनाई लागु गर्ने | अनुगमन तथा मूल्याङ्कन नीति निर्माण गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गरीने छ |
| | गाउँपालिकाका विषयगत समितिलाई प्रभावकारी बनाईने छ । |
| जनशक्तिको क्षमता विकास गर्ने | अनुगमन तथा मूल्याङ्कन मा काम गर्ने कार्यपालिका तथा अन्य विषय समिति तथा शाखाहरुको क्षमता अभिवृद्धिमा ध्यान दिईने छ । |
| आयोजनाहरुको हरेक पक्षलाई आधार मानी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने | दिगो विकास लक्ष्य तथा राष्ट्रिय र प्रदेश लक्ष्यको स्थानीयकरणसँग सम्बन्धित सूचकहरुको प्रगतीको प्रभावकारीता मापन गरीने छ । |
| नीति, कार्यक्रम, योजना तथा आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्दा सान्दर्भिकता, | दीर्घकालीन सोच, नतिजा तालिका, सूचना व्यवस्थापन प्रणाली विकास र अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा गरी तेस्रो पक्षबाट मूल्याङ्कन गरीने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रभावकारीता, कार्यकुशलता, प्रभाव, दीगोपना, समावेशीता, लैङ्गिक समता र लाभग्राही सन्तुष्टिका आधारमा गरीने छ । | अनुगमन प्रणालीलाई नियमित र प्रभावकारी बनाउन नीति कार्यक्रम, योजना वा आयोजना निर्माण तहमा नै सूचकहरु निर्धारण गरी आयोजना सञ्चालन अगावै पूर्व मुल्याङक, कार्यान्वियनको चरणमा चालु मूल्याङ्न र आयोजना सम्पन्न भएपछि उपलब्धि मापन गर्ने प्रणालीको विकास गरीने छ ।<br>प्रथम आवधिक योजनामा विकास भएको नतिजा खाकालाई प्रत्येक नीति, कार्यक्रम, योजना तथा आयोजना मूल्याङ्नको आधार मानिने छ । |

### ९.९.२ अनुगमन तथा मूल्याङकनका लागि जिम्मेवार निकाय

आवधिक गाउँविकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँकार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक गाउँविकास योजनाको अनुगमन तथा मूल्याङकनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेका छन :

- गाउँकार्यपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक गाउँविकास योजनाको अनुगमन तथा मूल्याङकनका साधन तथा विधि देहायअनुसार रहनेछन ।

- स्थलगत अनुगमन ।
- कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना ।
- नागरिक अनुगमन ।
- सहभागितामूलक मध्यावधि समीक्षा ।
- सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन) ।

आवधिक गाउँविकास योजनाको अनुमान तथा मूल्याङकन प्रक्रिया देहाय बमोजिम हुनेछ

**तालिका ११ : आवधिक गाउँविकास योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया**

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र वार्षिक | स्थलगत अनुगमन गर्ने,<br>चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, |
| प्रतिफल अनुगमन | गाउँ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधि | स्थलगत अनुगमन गर्ने,<br>वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने,<br>नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | सहभागितामूलक छलफल गर्ने,<br>नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>नमूना सर्वेक्षण गर्ने, |
| प्रभाव तह मूल्याङ्कन | सुपरिवेक्षण तथा मूल्याङ्कन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम वर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>सहभागितामूलक छलफल गर्ने,<br>अध्ययन तथा सर्वेक्षण गर्ने, |

## अनुसूची १: गाउँपालिका स्तरीय गौरबका योजना

| प्रमुख कार्यक्रम | कार्यान्वयन हुने स्थान | योजनाको प्रभाव | | अनुमानित लागत |
|---|---|---|---|---|
| | | लाभान्वित हुने घरधुरी | रोजगारी सृजना | |
| श्री चम्पादेवी ककनी क्षेत्र पूर्वाधार निर्माण | वडा नं. ८ र ९ | | ५०० | ५० करोड |
| कल्पेश्वर महादेव विराट शिवमूर्ती निर्माण | वडा नं. ८ र ९ | | १०० | १४ करोड |
| श्री चम्पादेवी रंगशाला निर्माण | वडा नं. ९ | | | ३ करोड |
| गायत्रादेवी पार्क | वडा नं. ९ | | | १ लाख ८० हजार |
| चक्रपथ निर्माण | ६५ कि.मि. | २० हजार | | ५ करोड |
| बृहद खानेपानी निर्माण आयोजना | वडा नं. १, २, ३ र ५ | २५०० | ५०० | १० करोड |
| जम्मा | | | | ८२ करोड |

## अनुसूची २ : वडागत आयोजना

| वडाका मुख्य आयोजना | सहकार्य | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गाउँपालिका | अन्तरपालिका | संघ | प्रदेश | निजी क्षेत्र | प्राथमिकीकरण | | | अनुमानित बजेट रु लाखमा |
| | | | | | | P1 | P2 | P3 | |
| **आर्थिक विकास** | | | | | | | | | |
| **कृषि तथा पशुपालन** | | | | | | | | | |
| कृषि ढुवानी साधन खरिद र भण्डारण (वडा नं. ४) | | | Y | Y | | | Y | | 100 |
| चिस्यान केन्द्र निर्माण (वडा नं. ६) | Y | | Y | Y | | Y | | | 150 |
| कृषि प्रविधि यान्त्रिकरण (वडा नं. ६) | Y | | Y | Y | | | Y | | 15 |
| हाते औजार खरिद तथा वितरण (वडा नं. ८) | Y | | Y | Y | | Y | | | 15 |
| कृषि औजार खरिद तथा वितरण (वडा नं. ९) | Y | | Y | Y | | | Y | | 15 |
| **पर्यटन विकास** | | | | | | | | | |
| चम्पादेवी ककनी धार्मिक तथा पर्यटन पूर्वाधार तथा विराट शिवजीको मूर्ती निर्माण गरी पर्यटकीय क्षेत्र विकास आयोजना (वडा नं. ९) | Y | | Y | Y | | | Y | | 1600 |
| **सामाजिक विकास** | | | | | | | | | |
| **शिक्षा** | | | | | | | | | |
| प्राविधिक शिक्षालय स्थापना (वडा नं. ४) | Y | | Y | Y | | | Y | | 30 |
| **स्वास्थ्य तथा पोषण** | | | | | | | | | |
| नयाँ स्वास्थ्य युनिट स्थापना (चिपलिङ र चित्रे) र सिल्खुवेशी स्तरउन्नति (वडा नं. ३) | | | Y | Y | | | Y | | 50 |
| **खानेपानी सरसफाई** | | | | | | | | | |
| पलापु बृहद खानेपानी लिफ्टिङ योजना (वडा नं. २) | | | Y | Y | | | | Y | 500 |
| गोपे रचने लिफ्टिंग खानेपानी | Y | | Y | Y | | Y | | | 150 |
| सिम्लेखोला पोखरी डिप बोरिङ लिफ्टिङ खानेपानी आयोजना (वडा नं. १०) | | | Y | Y | | | Y | | 300 |
| **सामाजिक समावेशीकरण** | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **संस्कृति, साहित्य, कला** | | | | | | | | | |
| संग्राहालय (सास्कृतिक) तथा बाध्यवादन संग्राहालय (वडा नं. ४) | Y | | Y | Y | | | Y | | 15 |
| **पूर्वाधार विकास** | | | | | | | | | |
| **सडक पुल** | | | | | | | | | |
| सुन्दरपुर पिपल डाँडा भर्याङ्ग सिल्खु वेसी सडक निर्माण तथा स्तर उन्नति (वडा नं. ३) | | | Y | Y | | | Y | | 100 |
| सिल्खु तोरीबारी हुदै फेदिगुठ सडक (वडा नं. ३) | Y | | Y | Y | | | | Y | 100 |
| सुन्दरपुर चिप्लिङ्ग जलकिनी घोराखोरी विलन्दु ककनी सडक स्तरउन्नति (वडा नं. ३) | Y | | Y | Y | | Y | | | 500 |
| सिल्खुवेसी रयलटार चिप्लिङ्ग फेदीगुठ सडक (वडा नं. ३) | Y | | Y | Y | | Y | | | 500 |
| वि.पि. चोक ८ मिश्र भञ्ज्यांग, फुलवारी, पुरानागाउँ आत्मारा चित्रे भाँगे सुन्दरपु सडक स्तरउन्नति ( वडा नं. ३) | Y | | Y | Y | | Y | | | 200 |
| भाँगे पाँचसय पोखरे फलाटे भञ्ज्यांग सडक स्तरउन्नति (वडा नं. ३) | | | | Y | | Y | | | 20 |
| फेदिगुठ खोलामा कलभर्ट निर्माण (वडा नं. ४ र २ जोड्ने) | | | Y | Y | | | Y | | 100 |
| सिलुङ साइदुवा फलाटे भञ्ज्यांग मोटरबाटो स्तरन्नति (वडा नं. ४) | | | Y | Y | | | Y | | 60 |
| सिरुवानीदेखि सौरीनी भञ्ज्यांगसम्म कालोपत्रे ( वडा नं. ४) | | | Y | Y | | | Y | | 200 |
| आवास, बस्तीविकास र सार्वजनिक निर्माण | | | | | | | | | |
| प्रतिक्षालय निर्माण, वडा कार्यालय निर्माण (वडा नं. ५) | Y | | Y | Y | | | Y | | 100 |
| भीमसेनथान लामिडाँडा मोटर बाटो मर्मत (वडा नं. १०) | Y | | Y | Y | | | Y | | 40 |
| **विद्युत तथा वैकल्पिक उर्जा** | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **सिंचाई** | | | | | | | | | |
| पूर्णखोला भुल्के आले गाउँ सिँचाई कुलो मर्मत तथा पोखरी निर्माण (वडा नं. १) | | | Y | Y | | | Y | | 100 |
| सिचाईको लागि पाइप खरिद (वडा नं. १) | | | Y | Y | | | Y | | 30 |
| सिचाई पोखरी निर्माण, थोपा सिंचाई सञ्चालन (वडा नं. १) | | | Y | Y | | | Y | | 60 |
| सुनकोशी रानाटोल सिंहेवारी लिफि्टङ्ग सिंचाई आयोजना (वडा नं. १) | | | Y | Y | | | Y | | 15 |
| लिखुखोला चम्पादेवी लिफि्टंग सिंचाई योजना (वडा नं. २) | | | Y | Y | | | Y | | 300 |
| लिखुखोला सुर्तिबारी लिफि्टंग योजना (वडा नं. २) | | | Y | Y | | | Y | | 150 |
| **वन वातावरण तथा विपद्् व्यवस्थापन** | | | | | | | | | |
| **जलाधार** | | | | | | | | | |
| तिपचौर, कर्कले, सिमले फ्याङल्याङ्ग, तारुके, मास्टार, डुडे, धमिले, खारखोला, सुर्तिवारी, बतासे नवलपुर आदिमा तटवन्ध तथा बाँध निर्माण योजना (वडा नं. २) | | | Y | Y | | | | Y | 500 |

# अनुसूची ५ : वडागत आयोजना

| वडाका मुख्य आयोजना | सहकार्य | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गाउँपालिका | अन्तरपालिका | संघ | प्रदेश | निजी क्षेत्र | प्राथमिकीकरण | | | अनुमानित बजेट रु लाखमा |
| | | | | | | P1 | P2 | P3 | |
| **वडा नं.१ अर्न्तगतका आयोजनाहरु** | | | | | | | | | |
| **आर्थिक विकास** | | | | | | | | | |
| **कृषि तथा पशुपालन** | | | | | | | | | |
| चिस्यान केन्द्रको स्थापना, नगदे बालीको पकेट क्षेत्र सञ्चालन | Y | | | | | | | | ४० |
| नगदे बालीको पकेट क्षेत्र | Y | | Y | Y | | | Y | | ५० |
| बाखा तथा बंगुर व्यवसायिक पालन तथा नस्ल सुधार | Y | | Y | Y | | | Y | | ५० |
| तरकारी खेती विस्तार | Y | | Y | Y | | | Y | | ३५ |
| आधुनिक औजार खरिद | Y | | Y | Y | | | Y | | १०० |
| पर्यटन विकास | | | | | | | | | |
| धार्मिक स्थल प्रवर्धन | Y | | Y | Y | | | Y | | ३० |
| **उद्योग** | | | | | | | | | |
| धागो उत्पादन कार्यक्रम | Y | | Y | Y | | | Y | | ३० |
| **सहकारी, बैंक वित्तिय संस्था** | | | | | | | | | |
| **युवा रोजगारी** | | | | | | | | | |
| **सामाजिक विकास** | | | | | | | | | |
| **शिक्षा** | | | | | | | | | |
| शैक्षिक विकास कार्यक्रम | Y | | Y | Y | | Y | | | २५ |
| खेलमैदान निर्माण तथा धेरावारा | Y | | Y | Y | | | Y | | २०० |
| सूचना तथा संचार प्रविधि विस्तार (विद्यालयमा) | Y | | Y | Y | | | Y | | ३५ |
| **स्वास्थ्य तथा पोषण** | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| टोलटोलमा स्वास्थ्य घुम्ति सेवा सञ्चालन | Y | | Y | Y | | | Y | | १५ |
| स्वास्थ्य चौकी आधुनिकीकरण र एम्बुलेन्स खरिद | Y | | Y | Y | | Y | | | ६० |
| **खानेपानी सरसफाई** | | | | | | | | | |
| **सामाजिक समावेशीकरण** | | | | | | | | | |
| सीप विकास तालिम तथा लघुउद्यम सञ्चालन (धागो कताई, ढाका बुनाई साथै उपकरण खरिद) | | | Y | | | | Y | | ८५ |
| **युवा खेलकुद** | | | | | | | | | |
| खेल मैदानको स्तरोन्नती | | | Y | Y | | | Y | | ५० |
| **संस्कृति, साहित्य, कला** | | | | | | | | | |
| नाच तथा बाजाहरुको संरक्षण | Y | | Y | Y | | | Y | | २० |
| हाङ्कगाली देवी मन्दिर पूर्वाधार निर्माण तथा घेरावार | Y | | Y | | | | Y | | ८० |
| **पूर्वाधार विकास** | | | | | | | | | |
| **सडक पुल** | | | | | | | | | |
| ढल विकास योजना -पलापु भञ्ज्याङ्ग देखि दायाँ वायाँ ३ किलोमिटर वरपर) | | | Y | Y | | | | Y | १५०० |
| सल्ले मन्टुडाँडा महारुद्र सडक स्तरोन्नती | | | Y | Y | | | Y | | १५ |
| भाँगे पुनटार घाङसाङ्ग मोटर बाटो निर्माण | | | Y | Y | | | Y | | ५० |
| पलापु भर्याङ बाटो स्तरोन्नती | | | Y | Y | | | Y | | ५० |
| मिलनचोक पुनाटार बाटो स्तरोन्नती | | | Y | Y | | | Y | | ३० |
| कोलपाखा महारुद्र स्तरोन्नती | | | Y | Y | | | Y | | १५ |
| पलापु भञ्ज्याङ्ग आलेटोल मोटरबाटो स्तरोन्नती | | | Y | Y | | Y | | | २० |
| प्लापु भञ्ज्याङ्ग खोलापारी जलकिनी सडक स्तरोन्नती | Y | | Y | Y | | | Y | | २०० |
| पलापु भञ्ज्याङ्ग आलेगाउँ चौर टोल मोटरबाटो स्तरोन्नती | | | Y | Y | | Y | | | १५ |
| महादेव मन्दिरदेखि रैदलपानी मोटरबाटो निर्माण | | | Y | | | | Y | | २० |
| पलापुभञ्ज्याङ्ग सडक स्तरोन्नती तथा ढल व्यवस्थापन | | | Y | Y | | | Y | | १०० |
| **आवास, बस्ती विकास, सार्वजनिक निर्माण** | | | | | | | | | |
| सार्वजनिक शौचालय ३ वटा | | | Y | Y | | | Y | | ५० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आमा समूह भवन निर्माण | | | Y | Y | | | | Y | ३० |
| **विद्युत तथा वैकल्पिक उर्जा** | | | | | | | | | |
| **सिँचाइ** | | | | | | | | | |
| पूर्णखोला भुल्के आले गाउँ सिँचाई कुलो मर्मत तथा पोखरी निर्माण | | | Y | Y | | | Y | | १०० |
| सिचाईको लागि पाइप खरिद | | | Y | Y | | | Y | | ३० |
| सिचाई पोखरी निर्माण, थोपा सिँचाइ सञ्चालन | | | Y | Y | | | Y | | ६० |
| पुनाखोला रातामाटा जलकेनी सिँचाइ कुलो योजना | | | Y | Y | | | | Y | १०० |
| सुनकोशी रानाटोल सिंहेवारी लिफ्टिङ्ग सिँचाइ आयोजन | | | Y | Y | | | Y | | १५ |
| **सञ्चार प्रविधि** | | | | | | | | | |
| **वन वातावरण तथा विपद् व्यवस्थापन** | | | | | | | | | |
| **जलाधार** | | | | | | | | | |
| खोला डाइभर्सन तथा बाल जालि (मकुवा, जलकिनी, घाङसाङ, आले गाउँ, धारापानी) | | | Y | Y | | | Y | | २०० |
| **वातावरणीय स्वच्छता** | | | | | | | | | |
| बृक्षारोपण तथा सरसफाई (टोल, बाटो) | Y | | Y | Y | | Y | | | २० |
| **विपद् व्यवस्थापन** | | | | | | | | | |
| **वडा नं. २ अन्तर्गतका आयोजनाहरु** | | | | | | | | | |
| **आर्थिक विकास** | | | | | | | | | |
| **कृषि तथा पशुपालन** | | | | | | | | | |
| बाखा, कुखुरा, बंगुरको आधुनिक खोर सुधार तथा पशुपालन | | | Y | Y | | | Y | | ९१ |
| उन्नत जातका बिउ विजन तथा मल, औजार खरिद | Y | | Y | Y | | | Y | | ५० |
| कृषि सम्वन्धि तालिम तथा औषधीको व्यवस्थापन | Y | | Y | Y | | Y | | | ७ |
| टमाटर खेतिको लागि प्लास्टिक घर निर्माण तथा खरिद | | | Y | Y | | Y | | | ७ |
| फलफूलका नर्सरी व्यवस्थापन तथा फलफूलका विरुवा वितरण | | | | Y | | Y | | | १५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पर्यटन विकास | | | | | | | | | |
| थामचुली ककनी मन्दिर पूर्वाधार विकास योजना | | | Y | Y | | | | Y | १०० |
| सिमलटारमा शिव मन्दिर निर्माण योजना | | | Y | Y | | | Y | | ५० |
| **उद्योग** | | | | | | | | | |
| थुक्पा, चाउमिन उद्योग | Y | | Y | Y | | Y | | | ३५ |
| **सहकारी, बैंक वित्तिय संस्था** | | | | | | | | | |
| युवा रोजगारी | | | | | | | | | |
| **सामाजिक विकास** | | | | | | | | | |
| **शिक्षा** | | | | | | | | | |
| नवलपुर मा.वि.लाई पक्की भवन तथा घेरावार योजना | | | Y | Y | | | Y | | १०० |
| सिमलटार स्कूल घेरावार योजना | Y | | Y | Y | | Y | | | २५ |
| चम्पादेवी विद्यालय भवन निर्माण र घेरावार | | | Y | Y | | | Y | | ५० |
| गोल्मादेवी मा.वि. पलापु क्याम्पस र प्रविधिक शिक्षा सञ्चालन गर्न | Y | | Y | | | | Y | | २०० |
| त्रिबेणी आ.वि. निर्माण | Y | | Y | Y | | | Y | | १०० |
| **स्वास्थ्य तथा पोषण** | | | | | | | | | |
| नवलपुरघाट स्वास्थ्य इकाई भवन निर्माण | Y | | Y | | | | Y | | ५० |
| **खानेपानी सरसफाई** | | | | | | | | | |
| सुनकाशी नवलपुर सिँचाइ  लिफि्टङ योजना | | | Y | Y | | | Y | | ३०० |
| **सामाजिक समावेशीकरण** | | | | | | | | | |
| सीपविकास सम्वन्धि तालिम सञ्चालन | Y | | Y | | | | Y | | २० |
| चेतनामूलक  कार्यक्रमहरु सञ्चालन | Y | | Y | | | | Y | | १० |
| **युवा खेलकुद** | | | | | | | | | |
| वडाका खेल मैदानलाई मर्मत तथा स्तरोन्नती | | | Y | Y | | | Y | | ५० |
| युवातथा खेलकुद विकास | Y | | Y | | | Y | | | २५ |
| **संस्कृति, साहित्य, कला** | | | | | | | | | |
| त्रिदर्शनधाम नवलपुर त्रिवेणी मन्दिर निर्माण | Y | | Y | | | | Y | | १०० |
| **पूर्वाधार विकास** | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
